# वार्षिक प्रगति प्रतिवेदन
## आर्थिक वर्ष २०८१/०८२



नेपाल सरकार

**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**

सिंहदवार, काठमाडौं

२०८१

मुद्रकः मुद्रण विभाग, सिंहदरवार, काठमाडौं

# वार्षिक प्रगति प्रतिवेदन
# आर्थिक वर्ष २०८०/०८१

नेपाल सरकार

**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**

सिंहदवार, काठमाडौं

२०८१

Website: www.mocit.gov.np

नेपाल सरकार

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सिंहदरवार काठमाडौं

## शुभकामना

यस मन्त्रालयले आमसञ्चार, दूरसञ्चार, हुलाक सेवा, चलचित्र तथा सुरक्षण मुद्रण लगायतको क्षेत्रमा आर्थिक वर्ष २०८०/०८१ मा सम्पादन गरेका कार्यक्रमहरू समावेश गरी प्रगति प्रतिवेदन प्रकाशन गर्न लागेकोमा खुसी लागेको छ।

नागरिकको संविधान प्रदत्त मौलिक हकको रूपमा रहेको सूचनाको हकको संरक्षण र संवर्द्धन गर्दै आमसञ्चारलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक व्यवस्था गर्ने राज्यको नीति हुने संवैधानिक व्यवस्था रहेको छ। सूचना र सञ्चारको माध्यमबाट सेवा प्रभावकारिता बढाउन, शासन संयन्त्रलाई बढी सहभागितामूलक एवं पारदर्शी बनाउन, सार्वजनिक प्रसारणलाई समावेशी, निष्पक्ष, स्वतन्त्र र स्वायत्त बनाई राष्ट्रिय एकता प्रवर्द्धन गर्न यस क्षेत्रको पूर्वाधारको विकास एवं विस्तार गर्दै जानु आजको आवश्यकता रहेको छ। त्यसैगरी हरेक निकायले गरेका काम कारवाहीलाई पारदर्शी बनाई जनतालाई जानकारी दिनु हामी सबैको कर्तव्य हो। अहिलेको युगमा सूचना नै शक्ति हो र नेपालको संविधानको धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकको प्रत्याभूति गरेको छ।

मन्त्रालयले एक आर्थिक वर्षभरि गरेका कार्यक्रम र आयोजनाको चौमासिक तथा वार्षिक समीक्षा गर्नुपर्ने नीतिगत प्रावधान रहेको र वार्षिक रूपमा सम्पादन भएका कार्यक्रम र प्रगति कार्यसम्पादनमा रहेका समस्या र समाधानका प्रयासहरूलाई समेटेर वार्षिक प्रगति प्रतिवेदन पुस्तिका प्रकाशन गर्दा यस विषयसँग सरोकार राख्ने व्यक्ति संस्था, विद्यार्थी, अनुसन्धानकर्ता लगायत आम नागरिकमा आवश्यक सूचना प्रदान गर्ने कार्यले नै प्रकाशनको सार्थकता रहने हुँदा त्यसतर्फ सम्बन्धित राष्ट्रसेवकहरूको उचित ध्यानाकर्षित हुनेछ भन्ने मैले पूर्ण आशा लिएको छु।

अन्तमा, यसको प्रकाशनको क्रममा प्रत्यक्ष अप्रत्यक्षरूपमा खट्नु हुने सम्पूर्ण कर्मचारीलाई धन्यवाद दिँदै आगामी दिनमा समेत आफ्नो जिम्मेवारीलाई चुस्त दुरुस्त ढङ्गले वहन गर्न राष्ट्रसेवकहरूमा थप ऊर्जा सञ्चार होस्, उत्प्रेरणा मिलोस् र यस्ता प्रकाशनहरू परिमार्जित हुँदै सार्वभौम जनताको सुसूचित हुने नैसर्गिक अधिकारसमेत प्रत्याभूति हुन सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

२०८१

**माननीय मन्त्री**
**पृथ्वी सुब्बा गुरुङ**

नेपाल सरकार

**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**

सिंहदरवार काठमाडौं

## मन्तव्य

सञ्चार तथा सूचना प्रविधिको क्षेत्रमा अन्तर्राष्ट्रियस्तरमा भएको विकास र परिवर्तन अनुरूप सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको कार्यक्षेत्र पनि व्यापक बन्दै गएको छ। यस मन्त्रालयको प्रमुख कार्यक्षेत्रमा आमसञ्चार, दूरसञ्चार, सूचना प्रविधि, हुलाक सेवा, चलचित्र, विज्ञापन र मुद्रण क्षेत्र रहेका छन्। मन्त्रालयले नेपालको संविधान र नेपाल सरकारको कार्यविभाजनअनुरूप आवधिक योजनाले लिएको लक्ष्य हासिल गर्नका लागि आफ्नो कार्यक्षेत्रभित्रका अल्पकालीन र दीर्घकालीन नीति, योजना र कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्दै आएको छ।

नेपाल सरकारबाट संघीय लोकतन्त्रिक गणतन्त्रको सुदृढीकरण गर्दै मुलुकमा सुशासन अभिवृद्धिका लागि तर्जुमा र कार्यान्वयन भइरहेका नीति तथा कार्यक्रमहरूका बारेमा व्यापक प्रचारप्रसार गरी आमजनसाधारणको पहुँचमा सत्यतथ्य सूचना पु-याउनका लागि आमसञ्चार क्षेत्रले महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ।

दूरसञ्चार तथा सूचना प्रविधिसम्बन्धी नवीन, आधुनिक र गुणस्तरीय सेवाहरूको माग दिनानुदिन बढिरहेको र सरकार तथा निजी क्षेत्रका सेवाहरू यसैमा आधारित हुँदै गइरहेको सन्दर्भमा भरपर्दो, सुरक्षित, पहुँचयोग्य र सुलभरूपमा दूरसञ्चार र सूचना प्रविधिसम्बन्धी विविध सेवाहरू उपलब्ध गराउन नीतिगत व्यवस्था गरिएको छ। यसैगरी सूचना महामार्ग (Information Highway), फोरजी सेवा (4G Service) र फाइबर टु द होम (Fiber to the Home) जस्ता सेवा विस्तार गर्नुका साथै फाइबजी सेवा (5G Service) र डिजिटल नेपाल फ्रेमवर्क (Digital Nepal Framework) को कार्यान्वयनलाई समेत अगाडि बढाइएको छ। हुलाक सेवालाई सूचना प्रविधिमैत्री र विश्वसनीय बनाई सेवाको विविधीकरण र गुणस्तर वृद्धिको पहल गरिएको छ। सबै सरकारी दस्तावेजहरू हुलाकमार्फत् ओसारप्रसार र वितरण गर्न सक्षम हुने गरी हुलाक सेवाको क्षमता विकास गर्ने कार्यक्रम अघि बढाइएको छ।

बहुभाषिक, बहुसांस्कृतिक नेपालको अमूल्य निधिको रूपमा रहेका भाषा, संस्कृति, कला, धर्म, परम्परा, मूल्य, मान्यता, रीतिरिवाज एवं संस्कारको संरक्षण र प्रवर्द्धनका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएको छ। यिनै विषयहरूमा आधारित रही मन्त्रालय र अन्तर्गत निकायहरूबाट आर्थिक वर्ष २०८०/०८१ मा कार्यान्वयन गरिएका नीति तथा कार्यक्रम एवं हासिल भएका प्रमुख उपलब्धिलगायतका विवरण समावेश गरी वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गरिएको छ। यसका लागि मन्त्रालय र अन्तर्गत निकायमा कार्यरत सबैलाई हार्दिक धन्यवाद दिन्छु। साथै चालु आर्थिक वर्षमा उत्साहपूर्ण कार्यसम्पादन गरी लक्ष्यअनुरूप उपलब्धि हासिल गर्न मन्त्रालय परिवार सफल हुने विश्वासका साथ सबैलाई शुभकामना दिन्छु।

अन्त्यमा, प्रस्तुत वार्षिक प्रगति विवरण पुस्तिका तयार गर्नका लागि निरन्तर अभिप्रेरित भई कार्य गर्नुभएका सम्पादक मण्डल, मन्त्रालयको योजना, अनुगमन तथा मूल्याङ्कन शाखालगायत सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन्छु।

२०८१

**राधिका अर्याल**
**सचिव**

# विषयसूची

१. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय १

१. परिचय १
१.१ पृष्ठभूमि १
१.२ मन्त्रालयको स्वरूप र प्रकृति १
१.३ मन्त्रालयको कार्यक्षेत्र ३
१.४ सङ्गठन संरचना ४
१.५ महाशाखा/शाखागत कार्य विभाजन ४
१.६ सम्वद्ध ऐन, नियम, नीति, गठन आदेश तथा निर्देशिका, कार्यविधि र अन्य कानून १३
१.७ मन्त्रालयको आगामी कार्यदिशा र लक्ष्य १६
२. उपलब्धि १८
२.१ मुख्य उपलब्धिहरू १८
३. प्रगति २४
३.१ मन्त्रालयको प्रगति २४
३.२ विषयगत प्रगति २७
३.३ दूरसञ्चार र सूचना प्रविधि क्षेत्रको तथ्याङ्कीय स्थिति ७०
**२. राष्ट्रिय सूचना आयोग** ७६
१. परिचय ७६
१.१ पृष्ठभूमि ७६
१.२ आयोगको स्वरूप र प्रकृति ७६
१.३ आयोगको काम, कर्तव्य र अधिकार ७७
१.४ आयोगको कार्यसम्पादनसँग सम्बन्धित कानूनहरू ७८
२. प्रगति ७८
२.१ विगत पाँच आर्थिक वर्षको वित्तीय विवरण ७८
२.२ आ.व. २०८०/०८१ को वार्षिक विनियोजन, खर्च, वित्तीय र भौतिक प्रगति ७८
२.३ आ.व. २०८०/०८१ को मुख्य मुख्य कार्यक्रम र प्रगति ८०
२.४ बेरूजू फछ्र्यौटसम्बन्धी विवरण ८०
३. राजस्व र आय ८०
**३. हुलाक सेवा विभाग** ८१
१. परिचय ८१
१.१ पृष्ठभूमि ८१

१.२ निकायको स्वरूप र प्रकृति ८२

१.३ हुलाक सेवा विभागको काम, कर्तव्य र अधिकार ८३

२. प्रगति ८४

२.१ आ.व. २०८०/८१ को वार्षिक विनियोजन, खर्च, वित्तीय र भौतिक प्रगति ८४

२.२ आ.व. २०८०/०८१ को मुख्य मुख्य कार्यक्रम र प्रगति ८५

२.३ मुख्य मुख्य उपलब्धिहरू ८६

२.४ कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या र समाधानका लागि गरिएका प्रयासहरू ८६

३. बेरूजूफर्छ्यौटसम्बन्धी विवरण ८७

४. समस्या र चुनौतीहरू ८८

५. राजस्व र आय ८८

५.१ प्राप्त राजस्वको वर्गीकरण र प्राप्त रकम ८८

**४. सूचना प्रविधि विभाग** ९०

१. परिचय ९०

१.१ पृष्ठभूमि ९०

१.२ स्वरूप र प्रकृति ९१

१.३ काम, कर्तव्य र अधिकार ९१

१.४ सङ्गठन संरचना र दरबन्दी तेरिज ९२

१.५ विभागको कार्यसम्पादनसँग सम्बन्धित नीति, कानून, निर्देशिका, मापदण्डहरू ९३

२. प्रगति ९४

२.१ विगत पाँच आर्थिक वर्षको वित्तीय विवरण ९४

२.२ आ.व. २०८०/०८१ को वार्षिक विनियोजन, खर्च, वित्तीय र भौतिक प्रगति ९४

२.३ आ.व. २०८०/०८१ को मुख्य मुख्य कार्यक्रम र प्रगति ९४

३. बेरूजूफछ्यौट सम्बन्धी विवरण ९५

४. अवसर र चुनौतीहरू ९७

५. राजस्व ९७

**५. मुद्रण विभाग** ९८

१. परिचय ९८

१.१ पृष्ठभूमि ९८

१.२ विभागको स्वरूप र प्रकृति ९८

१.३ विभागको काम, कर्तव्य र अधिकार ९९

२. प्रगति ९९

२.१ विगत पाँच आर्थिक वर्षको वित्तीय विवरण ९९
२.२ आ.व. २०८०/०८१ को वार्षिक विनियोजन, खर्च, वित्तीय र भौतिक प्रगति १००
२.३ उल्लेखनीय कार्य १०१
३. बेरूजू फछ्र्यौटसम्बन्धी विवरण १०१
४. अवसर र चुनौतीहरू १०१
५. राजस्व र आय १०२
**६. सूचना तथा प्रसारण विभाग** १०३
१. परिचय १०३
१.१ पृष्ठभूमि १०३
१.२ विभागको स्वरूप र प्रकृति १०३
१.३ निकायको काम, कर्तव्य र अधिकार १०३
१.४ सम्वद्ध ऐन, नियम, नीति, गठन आदेश तथा निर्देशिका, कार्यविधि र अन्य कानूनी व्यवस्था १०६
२. प्रगति १०७
२.१ आ.व. २०८०/०८१ को वार्षिक विनियोजन, खर्च, वित्तीय र भौतिक प्रगति १०७
२.२ आ.व. २०८०/०८१ को मुख्य मुख्य कार्यक्रम र प्रगति १०७
२.३ विभागबाट सम्पादित अन्य कार्यहरू १०८
२.४ रेडियो ऐन, २०१४ तथा रेडियो सञ्चार लाइसेन्स नियमावली, २०५९ बमोजिम जारी भएका लाइसेन्स संख्या १०९
२.५ राष्ट्रिय प्रसारण ऐन, २०४९ तथा राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम जारी भएका इजाजतपत्र/अनुमतिपत्रहरू संख्या ११०
३. बेरूजू फछ्र्यौटसम्बन्धी विवरण १११
४. अवसर र चुनौतीहरू ११२
५. राजस्व र आय ११५
**७. प्रमाणीकरण नियन्त्रकको कार्यालय** ११६
१. परिचय ११६
१.१ पृष्ठभूमि ११६
१.२ निकायको स्वरूप र प्रकृति ११६
१.३ निकायको काम, कर्तव्य र अधिकार ११६
१.४ निकायवाट प्रदान गरिने सेवाहरू ११६
१.५ सम्वद्ध ऐन, नियम, नीति, गठन आदेश तथा निर्देशिका, कार्यविधि र अन्य कानूनी व्यवस्था ११७

२. प्रगति ११७
२.१ विगत पाँच आर्थिक वर्षको वित्तीय विवरण विवरण ११७
२.२ आ.व. २०८०/०८१ को वार्षिक विनियोजन, खर्च, वितिय र भौतिक प्रगति ११८
२.३ आ.व. २०८०/०८१ को मुख्य कार्यक्रम र प्रगति ११८
२.४ समस्या र चुनौती ११८
**८. नेपाल टेलिभिजन** १२०
१. परिचय १२०
१.१ पृष्ठभूमि १२०
१.२ निकायको स्वरूप र प्रकृति १२०
१.३ निकायको काम, कर्तव्य र अधिकार १२०
१.४ निकायको संगठन संरचना र दरबन्दी तेरिज १२१
१.५ सम्बद्ध ऐन, नियम,नीति, गठन आदेश तथा निर्देशिका, कार्यविधि र अन्य कानूनी व्यवस्था १२२
१.६ सूचनाको हकसम्बन्धी ऐनअनुसार प्रकाशन गरिएको विवरण १२२
१.७ भावी योजना र कार्यक्रम १२२
२. प्रगति १२३
२.१ आ.व.२०८०/०८१ को वार्षिक विनियोजन, खर्च, वित्तीय र भौतिक प्रगति १२३
२.२ आ.व.२०८०/०८१ को मुख्य मुख्य कार्यक्रम र प्रगति १२३
२.३ यस अवधिमा सम्पादित नवप्रवर्तनीय एवम् उल्लेखनीय कार्यहरू १२४
२.४ बेरूजू फछ्यौर्टसम्बन्धी विवरण १२४
२.५ अवसर र चुनौतीहरू १२४
२.६ कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या र समाधानका लागि गरिएका प्रयास १२५
३.राजस्व र आय १२५
३.१ आन्तरिक आयको वर्गीकरण र प्राप्त रकम १२५
**९. चलचित्र विकास बोर्ड** १२६
१. परिचय १२६
१.१ पृष्ठभूमि १२६
१.२ बोर्डको स्वरूप र प्रकृति १२६
१.३ बोर्डको काम, कर्तव्य र अधिकार १२७
१.४ बोर्डसँग सम्वद्ध ऐन, नियम, नीति, गठन आदेश तथा निर्देशिका, कार्यविधि र अन्य कानूनी व्यवस्था १२७
१.५ सम्पादन गरेको कामको विवरण १२८

१.६ आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण १२९
२. प्रगति १२९
२.१ विगत पाँच आर्थिक वर्षको वित्तीय विवरण (विनियोजन र खर्च रू. लाखमा) १२९
२.२ आ.व.२०८०/०८१ को वार्षिक विनियोजन□ खर्च□ वित्तीय र भौतिक प्रगति१३०
२.३ आ.व.२०८०/०८१ को मुख्य मुख्य कार्यक्रम र प्रगति १३०
२.४ बेरूजू फछ्र्यौटसम्बन्धी विवरण १३६
३. अन्तरिक आय १३७
**१०. प्रेस काउन्सिल नेपाल** १३८
१. परिचय १३८
१.१ पृष्ठभूमि १३८
१.२ निकायको स्वरूप र प्रकृति १३८
१.३ निकायको काम, कर्तव्य र अधिकार १३८
१.४ प्रेस काउन्सिलको कार्यसम्पादनसँग सम्बन्धित कानूनहरू १३८
२. प्रगति १३९
२.१ विगत ५ वर्षको वित्तीय विवरण (विनियोजन र खर्च) १३९
२.२ आ.व. २०८०/८१ को वार्षिक विनियोजन र खर्च (वित्तीय र भौतिक प्रगतिसमेत)१४०
२.३ आ.व. २०८०/०८१ को मुख्य मुख्य कार्यक्रम र प्रगति १४०
२.४ यस अवधिमा सम्पादित नवप्रवर्तनीय एवम् उल्लेखनीय कार्यहरू १४१
२.५ बेरूजू फछ्र्यौटसम्बन्धी विवरण १४२
२.६ अवसर र चुनौतीहरू १४२
२.७ कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या र समाधानका लागि गरिएकका प्रयासहरू१४२
३.राजस्व र आय १४३
**११. न्यूनतम पारिश्रमिक निर्धारण समिति** १४४
१. परिचय १४४
१.१ पृष्ठभूमि १४४
१.२ निकायको स्वरूप र प्रकृति १४४
१.३ निकायको काम, कर्तव्य र अधिकार १४५
२. प्रगति १४५
२.१ विगत ५ वर्षको वित्तीय विवरण (विनियोजन र खर्च) १४५
२.२ आ.व. २०८०/०८१ को वार्षिक विनियोजन र खर्च (वित्तीय र भौतिक प्रगति समेत) १४५
२.३ आ.व. २०८०/०८१ को मुख्य मुख्य कार्यक्रम र प्रगति १४६

२.४ यस अवधिमा सम्पादित नवप्रवर्तनीय एवम् उल्लेखनीय कार्यहरू १४७
२.५ बेरूजू फछ्र्यौट सम्बन्धी विवरण १४७
२.६ अवसर र चुनौतीहरू १४७
**१२. राष्ट्रिय समाचार समिति** १४८
१. परिचय १४८
१.१ पृष्ठभूमि १४८
१.२ निकायको स्वरूप र प्रकृति १४९
१.३ निकायको काम, कर्तव्य र अधिकार १४९
१.४ रा.स.स.बाट प्रदान गरिने सेवाहरू १५०
२. प्रगति १५०
२.१ विगत पाँच वर्षको वित्तीय विवरण १५०
२.२ आ.व. २०८०/०८१ को वार्षिक विनियोजन र खर्च वित्तीय र भौतिक प्रगति १५०
२.३ आ.व. २०८०/०८१ को मुख्य मुख्य कार्यक्रम र प्रगति १५०
३ राजस्व र आय १५१
३.१ आन्तरिक आयको वर्गीकरण र प्राप्त रकम १५१
३.२ अवसर र चुनौतीहरू १५१
३.३ कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या र समाधानका लागि गरिएका प्रयासहरू१५३
**१३. विज्ञापन बोर्ड** १५५
१. परिचय १५५
१.१ पृष्ठभूमि १५५
१.२ विज्ञापन बोर्डको स्वरूप र प्रकृति १५५
१.३ विज्ञापन बोर्डको काम, कर्तव्य र अधिकार १५६
१.४ विज्ञापन बोर्डसँग सम्वद्ध ऐन, नियम, नीति, गठन आदेश तथा निर्देशिका, कार्यविधि र अन्य कानूनी व्यवस्था १५८
२. प्रगति १५८
२.१ विगत चार आर्थिक वर्षको वित्तीय विवरण १५८
२.२ आ.व. २०८०/०८१ को वार्षिक विनियोजन, खर्च, वित्तीय र भौतिक प्रगति १५९
२.३ नवप्रवर्तनीय एवम् उल्लेखनीय कार्यहरू १६०
२.४ बेरूजूफछ्र्यौट सम्बन्धी विवरण १६१
२.५ अवसर र चुनौतिहरू १६१
३. राजस्व र आय १६२
**१४. गोरखापत्र संस्थान** १६३

१. परिचय १६३
१.१ पृष्ठभूमि १६३
१.२ निकायको स्वरूप र प्रकृति १६३
१.३ निकायको काम, कर्तव्य र अधिकार १६३
१.४ गोरखापत्र संस्थान सम्वद्ध ऐन/ नियमहरू/नीति/गठन आदेश तथा निर्देशिका/कार्यविधि र अन्य कानूनी व्यवस्था १६५
२. प्रगति १६५
२.१ विगत पाँच आर्थिक वर्षको वित्तीय विवरण १६५
२.२ आ.व.२०८०/०८१ को वार्षिक विनियोजन र खर्च १६६
२.३ आ.व. २०८०/०८१ को मुख्य मुख्य कार्यक्रम र प्रगति १६६
२.४ बेरूजू फछ्र्यौटसम्बन्धी विवरण १६७
२.५ कार्यक्रम कार्यान्वनमा देखिएका समस्या र समाधानका लागि गरिएका प्रयासहरू१६७
२.६ यस अवधिमा सम्पादित नवप्रवर्तनीय एवम् उल्लेखनीय कार्यहरू १६७
२.७ अवसर र चुनौतीहरू १६७
३. राजस्व र आय १६८
३.१ आन्तरिक आयको वर्गीकरण र प्राप्त रकम (आ.व. २०८०/०८१) १६८
**१५. रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल)** १६९
१. परिचय १६९
१.१ पृष्ठभूमि १६९
१.२ निकायको स्वरूप र प्रकृति १६९
१.३ निकायको काम, कर्तव्य र अधिकार १७३
१.४ सम्वद्ध ऐन, नियम, नीति, गठन आदेश तथा निर्देशिका, कार्यविधि र अन्य कानूनी व्यवस्था १७४
२. प्रगति १७५
२.१ विगत पाँच आर्थिक वर्षको वित्तीय विवरण (विनियोजन र खर्च) १७५
२.२ आ.व. २०८०/८१ को वार्षिक विनियोजन, खर्च, वित्तीय र भौतिक प्रगति १७६
२.३ आ.व. २०८०/८१ को मुख्य मुख्य कार्यक्रम र प्रगति १७७
२.४ बेरूजू फछ्र्यौटसम्बन्धी विवरण १८३
२.५ अवसर र चुनौतीहरू १८३
२.६ कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या र समाधानका लागि गरिएका प्रयासहरू१८३
३.राजस्व र आय १८४
३.१ प्राप्त राजस्वको वर्गिकरण र प्राप्त रकम १८४

३.२ आन्तरिक आयको वर्गीकरण र प्राप्त रकम १८४

**१६. एकीकृत डाटा व्यवस्थापन केन्द्र (राष्ट्रिय सूचना प्रविधि केन्द्र)** १८५

१. परिचय १८५

१.१ पृष्ठभूमि १८५

१.२ निकायको स्वरूप र प्रकृति १८६

१.३ केन्द्रको काम कर्तव्य र अधिकार १८६

१.४ केन्द्रले प्रदान गर्ने सेवाहरू १८६

२. प्रगति १८७

३. राजस्व र आय १८७

**१७. सुरक्षण मुद्रण केन्द्र** १८८

१. परिचय १८८

१.१ पृष्ठभूमि १८८

१.२ काम, कर्तव्य र अधिकार १८८

२. प्रगति १८९

२.१ विगत ५ वर्षको वित्तीय विवरण (विनियोजन र खर्च) १८९

२.२ आ.व. २०७९/०८० को वार्षिक विनियोजन र खर्च (वित्तीय र भौतिक प्रगति समेत) १८९

२.३ आ.व. २०७९/०८० को मुख्य मुख्य कार्यक्रम र प्रगति १८९

२.४ बेरूजूफस्यौंटसम्बन्धी विवरण १९०

२.५ अवसर र चुनौतिहरू १९०

३.राजस्व र आय १९१

**१८. नेपाल दूरसञ्चार कम्पनी लिमिटेड** १९२

१. परिचय १९२

१.१. पृष्ठभूमि १९२

१.२ निकायको स्वरूप र प्रकृति १९२

१.३ निकायको काम, कर्तव्य र अधिकार १९३

१.४ निकायबाट प्रदान गरिने सेवाहरू/महाशाखा शाखागत कार्य बिभाजन १९५

१.५ सम्बद्ध ऐन, नियम, नीति, गठन आदेश तथा निर्देशिका, कार्यविधि र अन्य कानूनी व्यवस्था १९९

२.प्रगति २००

२.१ बिगत पाँच आर्थिक वर्षको वित्तीय विवरण २००

२.२ आ.व. २०८०/०८१ को वार्षिक विनियोजन, खर्च, वित्तीय र भौतिक प्रगति २०१

२.३ आ.व. २०८०/०८१ को मुख्य-मुख्य कार्यक्रम र प्रगति २०१
२.४ नवप्रवर्तनीय एवम् उल्लेखनीय कार्यहरू २०२
२.५ अवसर र चुनौतीहरू २०३
२.६ कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या र समाधानका लागि गरिएका प्रयासहरू२०४
३. राजस्व र आय २०६
**१९. नेपाल दूरसञ्चार प्राधिकरण** २०७
१. परिचय २०७
१.१ पृष्ठभूमि २०७
१.२ निकायको स्वरूप र प्रकृति २०९
१.३ निकायको काम, कर्तव्य र अधिकार २०९
२. प्रगति २१३
२.१ विगत ५ वर्षको वित्तीय विवरण (विनियोजन र खर्च) २१३
२.२. आ.व २०८०/०८१ को वार्षिक विनियोजन, खर्च, वित्तीय र भौतिक प्रगति २१५
२.३ आ.व. २०८०/०८१ को मुख्य मुख्य कार्यक्रम र प्रगति २१६
२.४ बेरूजू फछ्र्यौटसम्बन्धी विवरण २१७
२.५ निकायको आयसम्बन्धी विवरण २१७
२.६ दूरसञ्चार क्षेत्रका अवसर र चुनौतीहरू २१८
२.७ कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या र समाधानका लागि गरिएका प्रयासहरू २२०
**अनुसूचीहरू** २२१

# कार्यकारी सारांश

- सञ्चार तथा सूचना प्रविधिको क्षेत्रमा भएको तीव्र विकासले गर्दा आधुनिक विश्व नै एक गाउँमा परिणत भइसकेको छ। सूचना प्रविधिले मानव जीवनका हरेक क्षेत्रमा प्रभाव पारेको छ। विशेषगरी आर्थिक, सामाजिक, शैक्षिकलगायत विभिन्न क्षेत्रमा इन्टरनेट सेवाको पहुँच र प्रयोग बढेसँगै सूचना प्रविधि मानव सभ्यताको बहुआयामिक विकासको एक अभिन्न अङ्ग बनिसकेको छ।
- सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका कार्यक्रमहरू आम सञ्चारको सुदृढीकरण, सूचना प्रविधिको विकास, विस्तार र उपयोग एवम् हुलाक सेवाको समयानुकूल सुधारका लागि केन्द्रित भई कार्यान्वयन भइरहेका छन्।
- सम्वत् २१०० सम्ममा नेपाललाई उच्च आय भएको मुलुकमा पुर्‍याई समुन्नत नेपाल निर्माण गर्ने राष्ट्रिय लक्ष्य प्राप्तिमा सहयोग पुर्‍याउनेगरी सूचना प्रविधिको क्षेत्रमा विकसित नवीनतम प्रविधिहरूको अधिकतम उपयोग गर्दै आर्थिक समृद्धि हासिल गर्ने मन्त्रालयको दीर्घकालीन सोचअन्तर्गत आमसञ्चार, दूरसञ्चार, सूचना प्रविधि, हुलाक सेवा, सुरक्षण मुद्रण र चलचित्र जस्ता ६ महत्त्वपूर्ण क्षेत्र निर्धारण गरिएको छ।
- सूचना प्रविधि मार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतसँगको आवद्धता सुदृढ गर्दै मुलुकको सर्वाङ्गीण विकासमा उच्चतम उपयोग गर्ने चालु सोह्रौं योजनाको प्रथमिकता रहेको छ।
- मन्त्रालय र सम्वद्ध निकायहरूबाट आर्थिक वर्ष २०८०/०८१ का वार्षिक नीति, कार्यक्रम र बजेट कार्यान्वयन अवस्था, उपलब्धि/प्रगतिलाई यस प्रतिवेदनमा समावेश गरिएको छ। मन्त्रालय र सम्वद्ध निकायका काम कारवाहीलाई जवाफदेही, पारदर्शी तथा उत्तरदायी बनाउन सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०६४ तथा ऐ. नियमावली, २०६५ र सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम मन्त्रालय र सम्वद्ध निकायबाट आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रकाशन गरिएको छ।

- नतिजामूलक कार्यसम्पादनलाई जोड दिँदै सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउन एवम् वार्षिक नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गर्न सम्बन्धित पदाधिकारीहरूबीच सूचकसहितको कार्यसम्पादन सम्झौता गर्ने र सोको मूल्याङ्कनसमेत गर्ने परिपाटीलाई प्रत्येक आर्थिक वर्षमा निरन्तरता दिइएको छ।
- सूचना तथा प्रसारण विभागबाट प्रदान गरिने सेवाहरू पूर्णरूपमा अनलाइनमार्फत प्रवाह हुने व्यवस्था गरिएको छ। जनअपेक्षालाई मध्यनजर राख्दै सूचना प्रविधिमा आधारित सहज ढंगबाट सार्वजनिक सेवा लिन सक्नेगरी नागरिक एपको क्रमशः स्तरोन्नती गर्दै हालसम्म ६२ सेवालाई यस एपमा आवद्ध गरिएको छ भने कागजरहित सरकारको अवधारणा कार्यान्वयन गर्नका लागि नेपाल सरकारको एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (Government Integrated Office Management System, GIOMS) मा हालसम्म ७७ निकायहरू आवद्ध भइसकेका र ५८ निकायहरूले सञ्चालनमा ल्याएका छन्।
- सार्वजनिक सूचनामा जनताको सहज र सरल पहुँच वृद्धि गरी सूचनाको हकको प्रभावकारी कार्यान्वयन गर्न मन्त्रालयका समग्र गतिविधि समेटिएको ई-बुलेटिन ३/३ महिनामा सार्वजनिक गर्ने गरिएको छ।
- देशभर सूचना प्रविधिको गुणस्तरीय विकास गरी सम्पूर्ण जनसङ्ख्यामा पहुँच वृद्धि गर्न दूरसञ्चार पूर्वाधारको विस्तारलाई तीव्रता दिइएको छ। देशका ७७ जिल्लाको ७४३ स्थानीय तहमा फोरजी सेवा विस्तार भएको छ। हालसम्म २४ कोर माथिको १५,००० कि.मि. अप्टिकल फाईबर नेटवर्क विस्तार भएकोछ।
- कुल जनसङ्ख्याको ९४ प्रतिशतमा रेडियो नेपालको पहुँच र ७२ प्रतिशतमा डिजिटल टेलिभिजन पहुँच पुगेको छ।
- सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र सम्वद्ध निकायहरूको आर्थिक वर्ष २०८०/८१ मा कुल बजेट विनियोजन रू. ८ अर्ब ८१ करोड ६ लाख (वित्तीय व्यवस्था बाहेक) भएको। जसमा चालुतर्फ रू. ६ अर्ब ५० करोड ७९ लाख विनियोजन भएकोमा ७१.१६ प्रतिशत खर्च भएको छ भने पूँजीगततर्फ रू. २ अर्ब ३० करोड २७ लाख विनियोजन भएकोमा २०.७६ प्रतिशत खर्च भएको छ।

# १. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

## १. परिचय

### १.१ पृष्ठभूमि

सूचना तथा सञ्चार क्षेत्रको विकास तथा विस्तारका लागि सञ्चार मन्त्रालयको स्थापना २०२८ साल साउन १ गते भएको थियो। यस अघिसम्म सूचना तथा सञ्चार क्षेत्रका विषयहरू हेर्ने जिम्मेवारी निर्माण, यातायात तथा सञ्चार मन्त्रालयलाई सुम्पिएको थियो। प्रशासन सुधार आयोग, २०४८ को सुझावअनुसार तत्कालिन सञ्चार मन्त्रालयलाई २०४९ सालदेखि सूचना तथा सञ्चार मन्त्रालय नामाकरण गरिएको थियो। नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम साविक सूचना तथा सञ्चार मन्त्रालयमा सूचना प्रविधि क्षेत्र समेत थप गरी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको कायम गरिएको छ।

नेपालको संविधानले विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, पूर्ण प्रेस स्वतन्त्रता, सञ्चारको हक, सूचनाको हक, गोपनीयताको हकलगायतका विभिन्न हकहरूको व्यवस्था गरेको छ। साथै सञ्चार तथा सूचना प्रविधिसम्बन्धी क्षेत्राधिकार सङ्घ, प्रदेश तथा स्थानीय तहमा रहेको छ। सोसँगै आम सञ्चारलाई स्वच्छ, स्वस्थ, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यवसायिक बनाउन आवश्यक छ। सरकारी, निजी तथा सामुदायिक क्षेत्रबाट भएको लगानी र प्रयासबाट सूचना तथा सञ्चारमा जनताको पहुँच बढेको छ। सञ्चार र सूचना प्रविधिको क्षेत्रमा भएको द्रुततर विकास अनुकुल नयाँ प्रविधि ग्रहण गर्नुपर्ने आवश्यकता समेत देखिएको छ। सूचना प्रविधि तथा सञ्चारको अधिकतम उपयोग गर्दै मुलुकको सर्वाङ्गीण विकास गर्न सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित सेवाहरू प्रवाह गर्न/गराउन मन्त्रालयको अग्रणी भूमिका रहेको छ।

सूचना प्रविधिको क्षेत्रमा विकसित नवीन प्रविधिहरूको अधिकतम उपयोग गर्दै आर्थिक समृद्धि हासिल गर्ने मन्त्रालयको दीर्घकालीन सोच अन्तर्गत आमसञ्चार, दूरसञ्चार, सूचना प्रविधि, हुलाक सेवा, सुरक्षण मुद्रण र चलचित्र जस्ता ६ वटा महत्वपूर्ण क्षेत्रगत सोचमा केन्द्रित रहेर मन्त्रालयले लक्ष्यहरू निर्धारण गरेको छ। सञ्चार तथा सूचना प्रविधि मन्त्रालय राष्ट्रिय सूचना आयोगको सम्पर्क मन्त्रालयकोरूपमा रहेको छ। यस मन्त्रालय अन्तर्गत प्रेस काउन्सिल नेपाल, नेपाल दूरसञ्चार प्राधिकरण जस्ता नियामक निकायका साथै गोरखापत्र संस्थान, रेडियो नेपाल, राष्ट्रिय समाचार समिति र नेपाल टेलिभिजन जस्ता सार्वजनिक सञ्चार माध्यमहरूसमेत रहेका छन्।

संवैधानिक व्यवस्था, नेपाल सरकारले लिएको दीर्घकालीन सोच, दिगो विकासका लक्ष्य र मन्त्रालयको दीर्घकालीन सोच, क्षेत्रगत सोच र कार्यक्षेत्रलाई हृदयङ्गम गर्दै सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले विभिन्न गतिविधिहरू सञ्चालन गरिरहेको छ।

### १.२ मन्त्रालयको स्वरूप र प्रकृति

सूचना र सञ्चार प्रविधिको क्षेत्रमा विकसित नवीन प्रविधिको उपयोग गरी सञ्चार र सूचना प्रविधिमार्फत् मुलुकमा सामाजिक, आर्थिक विकाससहित समृद्धि हासिल गर्ने यस मन्त्रालयको दीर्घकालीन सोच रहेको छ। आमसञ्चार, दूरसञ्चार, सूचना प्रविधि, हुलाक सेवा, चलचित्र र सुरक्षण मुद्रण क्षेत्रमा समयानुकूल विकास एवम् विस्तार गरी मुलुकलाई समृद्धितर्फ अगाडि बढाउने कार्य यस मन्त्रालयले गर्दै आएको छ। सञ्चार तथा सूचना प्रविधि क्षेत्रको नियामक निकायकोरूपमा यस मन्त्रालयले कार्य गर्दछ।

**<u>सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसम्वद्ध निकायहरू:</u>**



## १.३ मन्त्रालयको कार्यक्षेत्र

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको कार्यक्षेत्र देहायबमोजिम रहेको छः

१. सञ्चार तथा सूचना, दूरसञ्चार, सूचना तथा सञ्चार प्रविधिसम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन;

२. दूरसञ्चार र प्रसारण फ्रिक्वेन्सी बाँडफाँट, शुल्क निर्धारण र नक्साङ्कन, प्रयोगको अनुमति, नवीकरण र नियमन;

३. सूचना र सञ्चार प्रविधिसम्बन्धी अध्ययन, अनुसन्धान, प्रवर्द्धन र नियमन;

४. माइक्रोवेभ प्रणालीको विस्तार, ब्यान्डविथको अन्तर्राष्ट्रिय कनेक्टिभिटी र रेडियोयन्त्र प्रयोग;

५. रेडियो, टेलिभिजन, छापासञ्चार र समाचार संस्थासम्बन्धी नीति, कानून र मापदण्ड;

६. राष्ट्रियस्तरका रेडियो, टेलिभिजन, प्रसारण संस्था र बहुवितरण प्रसारण प्रणालीको अनुमति, नवीकरण र नियमन;

७. विदेशी टेलिभिजन च्यानलको डाउनलिङ्क;

८. अनलाइन मिडियासम्बन्धी नीति, कानून र मापदण्ड;

९. श्रमजीवि पत्रकारको न्यूनतम पारिश्रमिकसम्बन्धी नीति, कानून र मापदण्ड;

१०. सार्वजनिक प्रसारण, छापा र प्रसारण संस्थासम्बन्धी नीति, कानून र मापदण्ड;

११. स्वदेशी तथा नेपालबाट प्रसारण गरिने विदेशी छापा प्रकाशनसम्बन्धी नीति, कानून र मापदण्ड;

१२. राष्ट्रिय विज्ञापन नीति र मापदण्ड;

१३. हुलाकसम्बन्धी नीति, कानून, मापदण्ड, सञ्चालन र नियमन;

१४. हुलाक टिकट प्रकाशन, भण्डारण तथा अभिलेख व्यवस्थापन;

१५. धनादेश सेवा, हुलाक बैंक र अन्तर्राष्ट्रिय डाँक लेखा व्यवस्थापन;

१६. चलचित्र र सिनेमा हलसम्बन्धी नीति, कानून र मापदण्ड;

१७. सुरक्षण मुद्रण;

१८. नेपाल राजपत्रको मुद्रण, वितरण तथा अभिलेख;

१९. पत्रपत्रिकासम्बन्धी आचारसंहिता;

२०. भू-उपग्रहको उपयोग;

२१. सूचना प्रविधिको प्रवर्द्धन, राष्ट्रिय सूचना प्रविधि केन्द्र र सूचना प्रविधि पार्क;

२२. साइबर सुरक्षा;

२३. राष्ट्रिय सूचना आयोग;

२४. प्रेस काउन्सिल, केन्द्रीय प्रेस रजिस्ट्रार, नेपाल दूरसञ्चार प्राधिकरण र चलचित्र विकास बोर्ड;

२५. मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय;

२६. मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन;

२७. नेपाल इन्जिनियरिङ्ग सेवाको इलेक्ट्रोनिक एण्ड टेलिकम्युनिकेसन इन्जिनियरिङ्ग समूह सञ्चालन।

## १.४ सङ्गठन संरचना

यस मन्त्रालयमा चार महाशाखा र एघार शाखाहरू रहेका छन्। मन्त्रालयको सङ्गठन संरचना र दरबन्दी तेरिज अनुसूची-१ मा संलग्न गरिएको छ। राष्ट्रिय सूचना आयोगको सम्पर्क मन्त्रालयको यस मन्त्रालयलाई तोकिएको छ। मन्त्रालयअन्तर्गत हुलाक सेवा विभाग, सूचना तथा प्रसारण विभाग, सूचना प्रविधि विभाग र मुद्रण विभाग गरी ४ वटा विभाग रहेका छन्। त्यस्तै नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ ले सूचना प्रविधिको क्षेत्रलाई यस मन्त्रालयको कार्य क्षेत्रमा समावेश गरेपश्चात विद्युतीय कारोवार ऐन, २०६३ बमोजिम गठित प्रमाणीकरण नियन्त्रकको कार्यालयसमेत यसै मन्त्रालय मातहत रहेको छ। साथै नेपाल दूरसञ्चार प्राधिकरण, प्रेस काउन्सिल नेपाल, नेपाल दूरसञ्चार कम्पनी लिमिटेड, नेपाल टेलिभिजनसहित १९ वटा निकायहरू यस मन्त्रालयको मातहतमा रहेका छन्।

## १.५ महाशाखा/शाखागत कार्य विभाजन

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको स्वीकृत सङ्गठन संरचना महाशाखा शाखाहरूको कार्यविवरण देहायबमोजिम रहेको छः

### १.५.१ प्रशासन तथा योजना महाशाखा

- मन्त्रालय र अन्तर्गतको कर्मचारी प्रशासन र सामान्य प्रशासनसम्बन्धी कार्य गर्ने।
- मन्त्रालय र अन्तर्गतको जनशक्ति योजना र व्यवस्थापनसम्बन्धी कार्य गर्ने।

- सञ्चार, सूचना, सूचना प्रविधि, दूरसञ्चार, हुलाक, मुद्रण, चलचित्र आदिसम्बन्धी वार्षिक योजना कार्यक्रम र बजेटसम्बन्धी कार्य गर्ने।
- दूरसञ्चार, हुलाक, मुद्रणसम्बन्धी नीति र कानून तर्जुमा कार्यान्वयनसम्बन्धी कार्य गर्ने।
- आवधिक योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनसम्बन्धी कार्य गर्ने।
- मन्त्रालयको कार्यक्षेत्रसम्बन्धी अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग सम्बन्ध, सम्पर्क, समन्वय, सहायतासम्बन्धी कार्य गर्ने।
- मन्त्रालयसम्वद्ध आयोग, प्राधिकरण, संस्थान, बोर्ड, समिति आदिको समन्वय, सहजीकरण, नियमनसम्बन्धी कार्य गर्ने।
- मन्त्रालयको आर्थिक र प्रशासनसम्बन्धी कार्य गर्ने।
- कर्मचारीहरूको कार्य विवरणसम्बन्धी कार्य गर्ने।
- मन्त्रालयको विषयसँग सम्बन्धित सेवा, समूह, उपसमूहको सञ्चालन।

### १.५.२ प्रशासन तथा विकास सहायता समन्वय शाखा

- मन्त्रालय रअन्तर्गतका कर्मचारी प्रशासन र सामान्य प्रशासनसम्बन्धी कार्यहरू गर्ने।
- मन्त्रालयका लागि आवश्यक सामानहरूको आपूर्ति गर्ने तथा जिन्सी व्यवस्थापन गर्ने।
- मन्त्रालयका राजपत्र अनङ्कित र श्रेणीविहीन कर्मचारीहरूको कामसम्बन्धी आवश्यक व्यवस्था मिलाउने।
- जनसम्पर्क, सोधपुछ, गुनासो व्यवस्थापन र दर्ता चलानीको व्यवस्था मिलाउने।
- मन्त्रालयमा रहेका सरकारी सम्पत्तिको संरक्षण, मर्मत, सम्भार तथा उचित प्रयोगको व्यवस्था मिलाउने।
- संवैधानिक आयोग, संसदीय समिति, सतर्कता केन्द्र आदिबाट प्राप्त उजुरीहरूको व्यवस्थापन गर्ने।
- मन्त्रालय र अन्तर्गतका विभागहरूको जनशक्ति विकास तथा सङ्गठनात्मक सुधारसम्बन्धी कार्य गर्ने।
- सूचना तथा सञ्चारक्षेत्रका अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूसँग फोकल प्वाइन्टकोरूपमा सम्पर्क राखी काम गर्ने।
- अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा अन्य दातृसंस्थाबाट सहायता उपलब्धिसम्बन्धी काम मन्त्रालयका अन्य शाखासँग आवश्यक समन्वय गरी गर्ने।

- अन्तर्राष्ट्रिय, क्षेत्रीय वा अन्य विदेशी सङ्घसंस्थासँग सम्बन्धित महाधिवेशन, सम्मेलन, गोष्ठी, सेमिनार आदिमा नेपालको सहभागीतासम्बन्धी तयारी कार्य गर्ने।
- सञ्चार क्षेत्रमा विभिन्न किसिमका उपलब्ध सहयोग/सहायताको विवरण तयार गरी अद्यावधिक राख्ने।
- विभिन्न मुलुकका दूरसञ्चार, सूचना प्रविधि, हुलाक र प्रसारणसम्बन्धी प्रशासनबाट सोधिएका विषयहरूको जानकारी र माग हुने विवरणहरू उपलब्ध गराउने कार्य गर्ने।
- मन्त्रालयसँग सम्बन्धित सेवा, समूह, उपसमूह सञ्चालनसम्बन्धी कार्य गर्ने।
- अन्य शाखामा नपरेको मन्त्रालयसम्बन्धी कार्य गर्ने।

**१.५.३ संस्थान समन्वय शाखा**

- मन्त्रालयअन्तर्गतका सम्वद्ध विभाग, संस्थान तथा समितिहरूको समन्वय, सहजीकरण, अनुगमन, नियमनसम्बन्धी कार्य गर्ने।
- मन्त्रालय र सम्वद्ध विभाग, संस्थान, बोर्ड, प्राधिकरण, समिति, कम्पनी आदि र सम्वद्ध सेवा प्रदायकहरूका लागि आवश्यक पर्ने विदेशी मुद्रा, आयात, भन्सार तथा बिक्रीकर छुटसम्बन्धी कार्य गर्ने।
- मन्त्रालय सम्वद्ध निकायका अध्यक्ष, कार्यकारी प्रमुख, सदस्यहरूको मनोनयन, नियुक्ति, कार्यसम्पादन करारसम्बन्धी काम गर्ने।
- मन्त्रालय सम्वद्ध संस्थान, बोर्ड, प्राधिकरण, समिति, कम्पनी आदिको सम्पर्क शाखाकोरूपमा कार्य गर्ने।

**१.५.४ योजना अनुगमन तथा मूल्याङ्कन शाखा**

- सूचना तथा सञ्चारसम्बन्धी नीति, योजना तथा कार्यक्रम, बजेट तथा स्रोत परिचालनसम्बन्धी कार्य गर्ने।
- विभिन्न योजनाहरूको प्रगति प्रतिवेदन तयार गर्ने।
- योजनाको उपलब्धि बारे तयार पारिएको प्रतिवेदनलाई नियमितरूपमा समीक्षा तथा मूल्याङ्कन गर्ने/गराउने।
- मन्त्रालय, विभाग र संस्थानबाट सञ्चालित आवधिक योजनाहरूका कार्यान्वयनको अनुगमन प्रतिवेदन गर्ने।
- विभिन्न निकायबाट प्राप्त नीतिको मस्यौदाउपर राय/प्रतिक्रिया दिने।
- सूचना तथा सञ्चारसम्वद्ध विषयको तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गर्ने।
- अनुगमन मूल्याङ्कनको वार्षिक कार्ययोजना स्वीकृत गराइ कार्यक्रमहरूको कार्य गर्ने।

### १.५.५ आर्थिक प्रशासन शाखा

- साधारण र विकासतर्फको अनुमानित बजेट तयार गर्ने।
- साधारण बजेटको बजेट खर्च गर्ने अख्तियारी पत्र र बजेट बाँडफाँट तयार गरी स्वीकृत गराइ पठाउने।
- विकास बजेटतर्फ कार्यक्रम स्वीकृत भएपछि बजेट बाँडफाँट गर्न सहयोग पुऱ्याई स्वीकृत कार्यक्रम बजेट बाँडफाँट एवम् स्रोत खुलाई अख्तियारी पठाउने।
- केन्द्रीयस्तरको लेखा राख्ने र आर्थिक विवरण तयार गर्ने।
- बजेट निकासा, रकमान्तर, निकासा खर्च, लेखापरीक्षण गराउने र बेरूजू फछ्यौंटसम्बन्धी कार्य गर्ने।
- राजस्व र धरौटीको अभिलेख राख्ने।
- दातृराष्ट्र/दातृसंस्थासँग भएको सम्झौताको आधारमा प्राप्त हुनुपर्ने नगद र वस्तुगत सहायतासम्बन्धी कार्य गर्ने।

### १.५.६ सञ्चार महाशाखा

- प्रेस र आमसञ्चारसम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयनसम्बन्धी कार्य गर्ने,
- प्रेस र आमसञ्चारमाध्यमहरूलाई सहयोग, समन्वय सहजीकरणसम्बन्धी कार्य गर्ने,
- श्रव्यदृश्य प्रसारण, विज्ञापन, चलचित्रसम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा नियमनसम्बन्धी कार्य गर्ने,
- सञ्चार उद्योग, चलचित्र उद्योगलाई प्रोत्साहन, छुट सुविधा सिफारिससम्बन्धी कार्य गर्ने,
- चलचित्र जाँच र नियमनसम्बन्धी कार्य गर्ने।

### १.५.७ श्रव्यदृश्य तथा प्रसारण शाखा

- चलचित्र जाँचपास र प्रदर्शनसम्बन्धी कार्य गर्ने।
- केन्द्रीय चलचित्र जाँच समितिको सचिवालयको कार्य गर्ने।
- चलचित्र प्रदर्शनसम्बन्धी सङ्घ, संस्था, उद्योग, फर्म दर्ता गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने।
- रेडियो तथा टेलिभिजन प्रसारणसम्बन्धी कार्यहरूमा नीतिगत तथा कार्यक्रमगत समन्वय गर्ने।
- प्रसारण संस्थाहरूलाई विदेशी मुद्रा सटही सुविधा दिने।
- भन्सार महसुल, कर छुटसम्बन्धी कार्य गर्ने।

- प्रसारण संस्थाबाट हुने विज्ञापनसम्बन्धी कार्य गर्ने।
- रेडियो र टेलिभिजनको प्रसारण, प्रवर्द्धन र विकाससम्बन्धी संभाव्यता अध्ययन गर्ने।
- विदेशी डकुमेन्ट्री/चलचित्र छायाङ्कन अनुमति दिने।

### १.५.८ प्रेस तथा सूचना समन्वय शाखा

- नेपाल सरकारको प्रेस र आमसञ्चारसम्बन्धी नीति र कार्यक्रमको तर्जुमासम्बन्धी कार्य गर्ने।
- प्रेस नीतिको कार्यान्वयनमा भएका कठिनाइहरूको अध्ययन गरी सुधारात्मक उपायहरूबारे राय दिने।
- सूचना विभागसँग समन्वय राखी प्रेस सूचनासम्बन्धी कार्य गर्ने।
- अनलाइन सञ्चारमाध्यमको नियमनसम्बन्धी कार्य गर्ने।
- नेपाल सरकार र प्रेसबीच सुमधुर सम्बन्ध विकसित गर्न आवश्यक तथा सामयिक उपायहरू पत्ता लगाउने।
- नेपाल सरकारको नीति र कार्यक्रम तथा विभिन्न निकायहरूको क्रियाकलापबारे राष्ट्रिय अखण्डता, साम्प्रदायिक सद्भाव, शान्ति सुरक्षा खलल हुनेगरी प्रकाशित भएका भ्रमात्मक समाचारहरूको खण्डन गराउने परिपाटीलाई विकसित गर्दै लैजाने।
- राज्यभर प्रेस सेवाको वर्तमान स्थितिको मूल्याङ्कन गरी आवश्यकताअनुसार सम्बन्धित ऐन नियमहरूमा सुधार गर्न आवश्यक व्यवस्था मिलाउने।
- विभिन्न सूचना सामग्रीहरूको योजना, उत्पादन, प्रकाशन र वितरणसम्बन्धी नीतिका लागि रायसल्लाह दिने।
- सञ्चारको हक र सूचनाको हकसम्बन्धी कार्यमा समन्वय गर्ने।

### १.५.९ कानून तथा फैसला कार्यान्वयन शाखा

- मन्त्रालय र सम्वद्ध निकायको ऐन/नियम/नीति/कार्यविधि/गठन आदेश तर्जुमा तथा समय सापेक्ष संशोधन/परिमार्जन गर्ने।
- मन्त्रालयसँग सम्बन्धित विषयमा निर्मित ऐन/नियम/नीति/कार्यविधि/गठनआदेशहरूमा कानूनी राय परामर्श दिने।
- विभिन्न तहका अदालतमा मन्त्रालयविरूद्ध परेका मुद्दामा लिखित जवाफसम्बन्धी कार्य गर्ने।
- अदालतबाट भएका मन्त्रालयसम्वद्ध फैसला कार्यान्वयन गर्ने।

### १.५.१० फ्रिक्वेन्सी व्यवस्थापन महाशाखा

- ITU Radio Regulation मा आधारित Spectrum व्यवस्थापनका लागि आवश्यक प्रणाली, नीति, नियमसम्बन्धी राष्ट्रिय योजना तथा कार्यक्रम तर्जुमा, पुनरावलोकन, परिमार्जन एवम् परिस्कृत गर्ने।
- नेपालको Orbital Slot Allocation को उपयोग सम्बन्धमा ITU सँग आवश्यक समन्वय गरी Allocated Slot प्रयोगको निम्ति आवश्यक व्यवस्था गर्ने।
- राष्ट्रिय फ्रिक्वेन्सी Allocation Table तयार गर्ने र तदनुरूप Assignment, Channeling, Reforming योजनाहरू तय गर्ने।
- फ्रिक्वेन्सीको केन्द्रीय अभिलेख राख्ने।
- रेडियो ऐन, नियमको अधीनमा रही विभिन्न रेडियो सञ्चार सेवाको लागि आवश्यक पर्ने रेडियो फ्रिक्वेन्सीको इजाजतसम्बन्धी नियमन गर्ने।
- रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिको सचिवालयको कार्य गर्ने।
- रेडियो उपकरण तथा प्रणालीको प्राविधिक गुणस्तर, उपयुक्त प्रविधि तथा प्रणाली परिष्कृत गर्ने।
- अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संस्थाहरू जस्तै ITU, ICAD, INTELSAT, APT, APSCC, ABUसँग समन्वय राखी रेडियो फ्रिक्वेन्सीहरूको प्रयोग सम्बन्धमा जानकारी गर्ने, गराउने।
- रेडियो फ्रिक्वेन्सीको प्रयोगको मनिटरिङको व्यवस्था गर्ने।
- मनिटरिङ स्टेसन, भ्यानलगायत पूर्वाधारको विस्तार गर्ने।
- स्थलगत निरीक्षण तथा जाँच गराउने।
- सबै प्रकारका उपलब्ध रेडियो सञ्चार एवम् रेडियो प्रसारण प्रविधिहरूको अध्ययन विश्लेषण गरी सुहाउँदो प्रविधि उपयोग गर्ने व्यवस्था गर्ने।

### १.५.११ फ्रिक्वेन्सी व्यवस्थापन तथा विश्लेषण शाखा

- समयानुकूल ITU Radio Regulation मा आधारित Spectrum व्यवस्थापनका लागि आवश्यक प्रणाली, नीति, नियम तथा प्रविधिसम्बन्धी राष्ट्रिय योजना तथा कार्यक्रम तर्जुमा, पुनरवलोकन, परिमार्जन एवम् परिष्कृत गर्ने।
- नेपालको Orbital Slot Allocation को उपयोगसम्बन्धमा ITUसँग आवश्यक समन्वय गरी Allocated Slot प्रयोगको निम्ति आवश्यक व्यवस्था गर्ने।
- राष्ट्रिय फ्रिक्वेन्सी Allocation table तयार गर्ने र तदनुरूप Assignment र Channeling योजनाहरू तय गर्ने।

- राष्ट्रिय फ्रिक्वेन्सी नीति निर्धारण समितिको बैठकमा पेश गर्नुपर्ने विषयहरूको पहिचान तथा अध्ययन गर्ने।
- रेडियो सञ्चार उपकरणको आयात/निर्यात/निर्माण/उत्पादन सम्बन्धमा प्राविधिक मापदण्डको सिफारिस तथा तदनुरूप गर्न विद्यमान ऐन, नीति, नियम तथा आदेशहरूको पुनरावलोकन गरी आवश्यकतानुसार संशोधनका लागि सिफारिस गर्ने।
- रेडियो उपकरण तथा प्रणालीको प्राविधिक गुणस्तर, उपयुक्त प्रविधि, प्रणाली तथा परिष्कृत गर्ने।
- सञ्चार प्रविधिको समयानुकूल विश्वव्यापी विकासलाई अन्वेषण तथा विश्लेषण गरी मुलुकका लागि तुलनात्मकरूपले उपयोगी प्रविधि पहिचान गर्ने सिलसिलामा नेपाल दूरसञ्चार प्राधिकरणसँग समन्वय राखी काम गर्ने।
- Type Approval Requirements को मस्यौदा तयार गर्ने तथा निवेदन फारमहरूको विकास गर्ने।

### १.५.१२ रेडियो फ्रिक्वेन्सी अनुगमन शाखा

- रेडियो फ्रिक्वेन्सीको प्रयोगको मनिटरिङ तथा Assigned फ्रिक्वेन्सीहरूको प्रयोगमा बाधा भए/नभएको पहिचान गर्ने।
- फ्रिक्वेन्सी प्रयोगको दैनिक Log book तथा रजिष्टर खडा गरी फ्रिक्वेन्सी प्रयोगमा Interference र Disturbances भए/नभएको निश्चित गर्ने।
- रेडियो मनिटरिङ स्टेसन तथा Mobile रेडियो मनिटरिङ प्रणालीको दैनिक सञ्चालन, संरक्षण, संवर्द्धन, परिमार्जन, परिष्कृत, स्याहार, सम्भार तथा मर्मत गर्ने।
- इजाजत पत्रमा तोकेकोस्तरअनुसार रेडियो फ्रिक्वेन्सी प्रयोग भए/नभएको जाँच गर्ने।
- फ्रिक्वेन्सीको अनधिकृत प्रयोग भएको वास्तरअनुसार प्रयोग गरे/नगरेको पत्ता लगाउने।
- फ्रिक्वेन्सीको अधिकृत/अनधिकृत प्रयोगहरूको वार्षिक, अर्धवार्षिक, मासिक प्रतिवेदन राख्ने।
- इजाजतपत्र जारी गर्नुपूर्व सञ्चार उपकरणहरूका प्राविधिक आधारसूचकहरू जाँच गर्ने।
- Type Approval गरी सञ्चार उपकरण तथा यन्त्र प्रणालीहरूको प्राविधिक Performance जाँच तथा प्रणालीहरूको अभिलेख राख्ने।

- समयानुकूल मनिटरिङ प्रणालीमा सुधार र विकास गर्न योजना/कार्यक्रमहरू तर्जुमा गर्ने।
- अन्तर्राष्ट्रिय रेडियो मनिटरिङ सम्बन्धमा समन्वय गर्ने।
- स्थलगत निरीक्षण तथा जाँच गर्ने।
- सञ्चार उपकरण, यन्त्र प्रणालीको मनिटरिङ, जाँच गर्न Latest प्रविधिको प्रयोग तथा चयन गर्ने।
- अधीनस्थ कार्यहरूको प्रतिवेदन तयार गर्ने।
- अधीनस्थ कार्यहरूको यकीन गरी वार्षिक कार्यक्रमहरूको योजना तथा बजेट तर्जुमा गर्ने तथा स्वीकृत योजना, कार्यक्रम तथा बजेटअनुसार कार्य सम्पन्न, कार्यान्वयन, अभिलेख राख्ने।
- तालिम सेमिनार, कार्यशाला, गोष्ठी आदिहरूका उपलब्धि, निर्णय कार्यक्रम तथा सिफारिसहरू कार्यान्वयन गर्ने।
- अधीनस्थ कार्यहरू पुनरवलोकन, मूल्याङ्कन तथा परिमार्जन गर्ने।
- रेडियो मनिटरिङसम्बन्धमा ITU ले तोकेको प्राविधिकस्तर कायम गर्ने।

### १.५.१३ सूचना प्रविधि महाशाखा

- सूचना तथा सञ्चार प्रविधि नीतिको कार्यान्वयनको लागि सम्बन्धित निकायहरूसँगको समन्वयमा आवश्यक कार्ययोजना तयार गर्ने र उक्त कार्ययोजनाको कार्यान्वयनको सम्बन्धित निकायहरूलाई सहजीकरण गर्ने र प्रगति अनुगमन गर्ने।
- सूचना तथा सञ्चार प्रविधि नीतिको आवधिकरूपमा विश्लेषण गरी समयानुसार पुनरवलोकन गर्न सहयोग गर्ने।
- सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकारलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी सुशासन प्रदान गर्न तथा सामाजिक तथा आर्थिक विकास गर्न आवश्यक कार्यक्रम बनाई कार्यान्वयन गर्न सहयोग पुऱ्याउने।
- सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकारका सूचना प्रविधि प्रणालीहरूको मानकीकरण (Standardize) गरी अन्तरआवद्ध (Interoperable) बनाउन आवश्यक मानक तथा निर्देशिका तयार गर्ने।
- साइबर सुरक्षाकोस्तर वृद्धि गर्न तथा साइबर अपराध नियन्त्रण गर्न उपयुक्त नीतिगत तथा कानूनी व्यवस्थाको लागि अध्ययन गरी सिफारीस गर्ने।
- नेपालमा साइबर सुरक्षाको स्तर वृद्धि गर्न आवश्यक संरचना, पूर्वाधार तथा क्षमताको विकास गर्ने

- नेपालमा साईवर सुरक्षाको क्षेत्रमा कार्यरत सङ्घ संस्थाहरूलाई समन्वय तथा अनुगमन गर्ने।
- सूचना प्रविधिमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा भएका विकासमा पहुँच पुर्‍याई प्रविधि हस्तान्तरणलाई सहजीकरण गर्ने।
- सूचना प्रविधि सम्बन्धमा अध्ययन अनुसन्धान केन्द्रको रूपमा कार्य गर्ने।

### १.५.१४ सूचना प्रविधि कार्यान्वयन तथा समन्वय शाखा

- सूचना तथा सञ्चार प्रविधि नीतिमा उल्लिखित सरोकारवाला निकायहरूको संलग्नतामा कार्यक्रमहरूको पहिचान गरी कार्ययोजना तयार गर्ने।
- e-Government, e-Commerce, Trade and Industry Promotion, e-Payment, IT Industry Promotion, e-Agriculture, e-Tourism, e-Health जस्ता क्षेत्रमा नेपालमै उपयुक्त प्रविधिको पहिचान गरी सो प्रविधि प्रयोगको क्षमता विकास गर्ने।
- नेपाल सरकारका निकायहरूले कार्यान्वयन गर्नुपर्ने सूचना प्रविधिसम्बन्धी कार्यक्रमहरूको प्रगति विवरण सङ्कलन गरी सम्बन्धित निकायमा पेश गर्ने।
- सूचना तथा सञ्चार प्रविधि नीतिको आवधिकरूपमा विश्लेषण गरी समयानुसार पुनरावलोकन गर्न सहयोग गर्ने।
- सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकारलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी सुशासन प्रदान गर्न तथा सामाजिक तथा आर्थिक विकास गर्न आवश्यक कार्यक्रम बनाई कार्यान्वयन गर्न सहयोग पुर्‍याउने।
- सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकारका सूचना प्रविधि प्रणालीहरूको मानकीकरण (Standardize) गरी अन्तरआवद्ध (Interoperable) बनाउन आवश्यक मानक तथा निर्देशिका तयार गरी कार्यान्वयन गर्ने वा गर्न सहजीकरण गर्ने।

### १.५.१५ साइबर सुरक्षा शाखा

- साइबर सुरक्षाकोस्तर वृद्धि गर्न तथा साइबर अपराध नियन्त्रण गर्न उपयुक्त नीतिगत तथा कानूनी व्यवस्थाको लागि अध्ययन गरी सिफारीस गर्ने।
- नेपालमा साइबर सुरक्षा तथा सूचना सुरक्षाको लागि आवश्यक मापदण्ड तयार गरी सो मापदण्ड कार्यान्वयन गर्ने।
- नेपालमा साइबर सुरक्षाकोस्तर वृद्धि गर्न आवश्यक संरचना तथा पूर्वाधारको विकास गर्ने।
- साइबर सुरक्षाकोस्तर वृद्धि गर्न तथा साइबर अपराध नियन्त्रण गर्न क्षमता विकास गर्ने।

- नेपालमा साईवर सुरक्षाको क्षेत्रमा कार्यरत सङ्घ संस्थाहरूलाई समन्वय तथा अनुगमन गर्ने।
- मन्त्रालयको आन्तरिक सूचना प्रविधिको व्यवस्थापन गर्ने।

## १.६ सम्वद्ध ऐन, नियम, नीति, गठन आदेश तथा निर्देशिका, कार्यविधि र अन्य कानून

### १.६.१ नीतिहरू

- भू-उपग्रह नीति, २०७७
- दूरसञ्चार नीति, २०६०
- राष्ट्रिय चलचित्र नीति, २०७१
- ब्रोडब्याण्ड नीति, २०७१
- सूचना तथा सञ्चार प्रविधि नीति, २०७२
- आमसञ्चार नीति, २०७३
- विज्ञापन रहित (Clean Feed) नीति, २०७३
- दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँट तथा मूल्य) सम्बन्धी नीति, २०८०
- राष्ट्रिय साईवर सुरक्षा नीति, २०८०
- दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी) बाँडफाँट तथा मूल्य सम्बन्धी (नीति, २०८०

### १.६.२ ऐनहरू

- रेडियो ऐन, २०१४
- आवश्यक सेवा सञ्चालन गर्ने ऐन, २०१४
- राष्ट्रिय समाचार समिति ऐन, २०१९
- गोरखापत्र संस्थान ऐन, २०१९
- हुलाक ऐन, २०१९
- आन्तरिक हुलाक वस्तु (वीमा गर्ने) ऐन, २०१९
- नेपाली भाषा प्रकाशन संस्थान ऐन, २०२१
- चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६
- सञ्चार संस्थान ऐन, २०२८
- छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८
- प्रेस काउन्सिल ऐन, २०४८
- राष्ट्रिय प्रसारण ऐन, २०४९
- श्रमजीवि पत्रकारसम्बन्धी ऐन, २०५१

- दूरसञ्चार ऐन, २०५३
- सूचनाको हकसम्बन्धी ऐन, २०६४
- विज्ञापन (नियमन गर्ने) ऐन, २०७६
- सुरक्षण मुद्रण सम्बन्धी ऐन, २०८१

### १.६.३ नियमावलीहरू

- आन्तरिक हुलाक वस्तु बीमा गर्ने नियमहरू, २०१९
- हुलाक नियमावली, २०२०
- गोरखापत्र कर्पोरेशन नियमहरू, २०२१
- धनादेश नियमावली, २०३१
- हुलाक बचत बैंक नियमावली, २०३३
- अतिरिक्त हुलाक नियमावली,२०३४
- राष्ट्रिय समाचार समिति नियमावली,२०४१
- छापाखाना र प्रकाशनसम्बन्धी नियमावली, २०४९
- प्रेस काउन्सिल (कार्य व्यवस्था) नियमावली, २०४९
- रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९
- राष्ट्रिय प्रसारण नियमावली, २०५२
- श्रमजीवि पत्रकारसम्बन्धी नियमावली, २०५३
- दूरसञ्चार नियमावली, २०५४
- मुद्रणसम्बन्धी नियमहरू, २०५५
- रेडियो प्रसार सेवा विकास समिति कर्मचारी सेवा शर्त नियमावली, २०५७
- चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७
- सूचनाको हकसम्बन्धी नियमावली, २०६५
- विज्ञापन (नियमन गर्ने), नियमावली, २०७७

### १.६.४ निर्देशिकाहरू

- सूचना प्रविधि आकस्मिक सहायता समूह सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७५
- सरकारी निकायमा विद्युतीय पत्राचार (इमेल) व्यवस्थापन निर्देशिका, २०७५
- नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रबन्ध निर्देशकको नियुक्ति र सेवा सुविधासम्बन्धी निर्देशिका, २०७२
- पत्रकार वृत्ति कोष स्थापना तथा सञ्चालन निर्देशिका, २०७५
- सूचनाको हकको कार्यान्वयनसम्बन्धी अनुगमन निर्देशिका, २०७६

- सरकारी कार्यालयको वेवसाईट निर्माण तथा व्यवस्थापनसम्बन्धी निर्देशिका, २०७८
- सरकारी निकायसम्बन्धी एकीकृत विद्युतीय प्रणाली निर्देशिका, २०७८
- नागरिक एप (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७८
- हुलाक प्रशिक्षण केन्द्रको प्रशिक्षण सञ्चालन निर्देशिका, २०७८
- तारिणी प्रसाद कोइराला स्मृति सञ्चारग्राम विराटनगर स्थापना तथा सञ्चालन निर्देशिका, २०७८
- पत्रकार दुर्घटना बिमा (व्यवस्थापन) निर्देशिका, २०७८
- ज्येष्ठ नागरिकमैत्री सञ्चार निर्देशिका, २०७८

### १.६.५ गठन आदेशहरू

- रेडियो प्रसार सेवा विकास समिति (गठन) आदेश, २०४१
- दूरसञ्चार पूर्वाधार निर्माण तथा सहप्रयोगसम्बन्धी आदेश,२०६९
- सुरक्षण मुद्रण विकास समिति गठन आदेश, २०७३
- राष्ट्रिय सूचना प्रविधि विकास समिति (गठन) आदेश, २०७८

### १.६.६ विनियमावली/कार्यविधि/मापदण्डहरू

१. विद्युतीय आमसञ्चार माध्यमहरूलाई वितरण गरिने लोक कल्याणकारी विज्ञापन वितरणसम्बन्धी कार्यविधि, २०७३

२. विशिष्टीकृत क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने रेडियो/एफ.एम. रेडियोलाई अनुदान वितरणसम्बन्धी कार्यविधि, २०७३

३. राष्ट्रिय पत्रकारिता पुरस्कार र वरिष्ठ पत्रकार सम्मानलाई व्यवस्थित गर्ने कार्यविधि, २०७३

४. पत्रकारितासँगसम्बन्धित सङ्घ संस्थाहरूलाई अनुदान तथा आर्थिक सहयोग वितरणसम्बन्धी कार्यविधि, २०७३

५. सूचना तथा सञ्चार मन्त्रालय सम्वद्ध निकायका अध्यक्ष, सदस्य र पदाधिकारीको नियुक्ति तथा मनोनयनसम्बन्धी मापदण्ड, २०७३

६. सूचना तथा सञ्चार मन्त्रालयसम्वद्ध पदाधिकारी र सदस्यहरूको नियुक्ति एवम् मनोनयनसम्बन्धी कार्यविधि, २०७३

७. चलचित्र जाँच समितिको कार्यविधि, २०७४

८. नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रबन्ध निर्देशक नियुक्ति सिफारिससम्बन्धी कार्यविधि, २०७५
९. 5G लगायत नयाँ प्रविधिको परीक्षणसम्बन्धी कार्याविधि, २०७८
१०. सांस्कृतिक संस्थान कर्मचारी सेवा शर्तसम्बन्धी विनियमावली, २०७८
११. दूरसञ्चार पूर्वाधार सहप्रयोग र सोको शुल्क निर्धारणसम्बन्धी विनियमावली, २०७८
१२. विज्ञापन उत्पादन, वितरण, प्रकाशन तथा प्रसारणसम्बन्धी आचारसंहिता, २०७९
१३. दूरसञ्चार सेवाको गुणस्तरसम्बन्धी विनियमावली, २०७९
१४. विद्युतीय अन्य अतिरिक्त सेवा सञ्चालन गर्नेसम्बन्धी कार्यविधि, २०७९
१५. विद्युतीय सञ्चारमाध्यममा लोककल्याणकारी विज्ञापन प्रसारणसम्बन्धी मापदण्ड, २०७९
१६. राष्ट्रिय समाचार समिति सेवा शुल्क निर्धारण निर्देशिका, २०७९
१७. सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८०
१८. युट्युब च्यानलको व्यवस्थापन सूचिकरण तथा अभिलेखिकरण सम्बन्धी कार्यविधि,२०८०
१९. कथा संग्रहालय (स्टोरी बैंक) सम्बन्धी कार्यविधि, २०८१
२०. सूचना प्रविधि विषयमा अध्यययनरत विद्यार्थीको लागि छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०८१

## १.७ मन्त्रालयको आगामी कार्यदिशा र लक्ष्य

सञ्चार तथा सूचना प्रविधिको क्षेत्रमा भइरहेका विश्वव्यापी विकास एवम् उपलब्धिअनुरूप सञ्चार तथा सूचना प्रविधि क्षेत्रको भावी कार्यदिशा सोह्रौं योजना, दिगो विकास लक्ष्यलगायत नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेटमार्फत् निर्धारित हुने गरेको छ।

### १.७.१ सोह्रौं योजना

सुशासन सामाजिक न्याय र समृद्धिको सोच रहेको चालु सोह्रौं योजनामा संरचनागत रुपान्तरणका क्षेत्र अन्तर्गत गुणस्तरीय भौतिक पूर्वाधार तथा सघन अन्तर आवद्धतामा तथा सूचना प्रविधि क्षेत्र समावेश छ। सूचना प्रविधि मार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतसँगको आवद्धता सुदृढ गर्दै मुलुकको सर्वाङ्गीण विकासमा उच्चतम उपयोग गर्नु सोह्रौं योजनाको प्रथमिकता रहेको छ।

### १.७.२ मन्त्रालयको दीर्घकालीन सोच

सञ्चार तथा सूचना प्रविधिको क्षेत्रमा विकसित नविन प्रविधिहरूको अधिकतम उपयोग गर्दै आर्थिक समृद्धि हासिल गर्ने।

### १.७.३ क्षेत्रगत सोच

**आमसञ्चार**ः संविधानप्रदत्त पूर्ण प्रेस स्वतन्त्रता, सञ्चारको हक र सूचनाको हक कार्यान्वयन गर्दै नागरिकमा सूचनाको पहुँच विस्तार गर्ने।

**दूरसञ्चार**ः दूरसञ्चार क्षेत्रमा उपलब्ध भएका नवीनतम प्रविधिको प्रयोग गरी देशभर सर्वसुलभरूपमा भरपर्दो गुणस्तरीय सेवा उपलब्ध गराइ रोजगारी सिर्जना र उद्यमशिलता विकासमा जोड दिने।

**सूचना प्रविधि**ः सूचना प्रविधिको सर्वव्यापी पहुँच सुनिश्चित गरी समुन्नत र आर्थिक समृद्धिमा योगदान गर्दै जाने।

**हुलाक सेवा**ः हुलाक सेवालाई व्यावसायिक, प्रतिस्पर्धी, विश्वसनीय र आत्मनिर्भर बनाउने।

**चलचित्र**ः नेपाली चलचित्र क्षेत्रलाई उद्योगकोरूपमा विकास गरी नेपालको राष्ट्रिय एकता प्रवर्द्धन र आर्थिक वृद्धिमा योगदान बढाउँदै जाने।

**सुरक्षण मुद्रण**ः राहदानी, हुलाक टिकट, अन्त:शुल्क स्टिकरलगायतका सुरक्षण कागजातहरू देशभित्रै मुद्रण गर्न सुरक्षण मुद्रण स्थापना गरी सञ्चालन गर्ने।




# २. उपलब्धि

## २.१ मुख्य उपलब्धिहरू

### २.१.१ आर्थिक वर्ष २०८०/०८१ मा भएको नीतिगत, कानूनी र संरचनात्मक सुधार

- राष्ट्रिय साईवर सुरक्षा नीति, २०८० कार्यान्वयनमा रहेको।
- सुरक्षण मुद्रण सम्बन्धी ऐन, २०८१ जारी भएको।
- आमसञ्चार सम्बन्धी विधेयक मन्त्रिपरिषद्मा पेश गर्ने अन्तिम तयारीमा रहेको।
- मिडिया काउन्सिल बिधेयक संघीय संसदमा दर्ता भई छलफल शुरू भएको।
- चलचित्र सम्बन्धी विधयेकको मस्यौदा राय सहमतिको लागि अर्थ मन्त्रालय पठाइएको।
- सूचना प्रविधि तथा साइबर सुरक्षा सम्बन्धी विधेयक रायको लागि अर्थ मन्त्रालयमा पठाइएको।
- सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धी विधेयक संघीय संसदमा पेश गर्न मन्त्रिपरिषद्मा पेश भएको।
- राष्ट्रिय प्रसारण (बाह्रौं संशोधन) नियमावली, २०८० जारी भएको।

- विज्ञापन (नियमन गर्ने)(पहिलो संशोधन) नियमावली, २०८० जारी भएको
- अतिरिक्त हुलाक (पाँचौ संशोधन) नियमावली, २०८० जारी भएको
- अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन (पहिलो संशोधन) नियमावली), २०८० जारी भएको
- सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८० कार्यान्वयनमा आएको।
- नेपालमा कृत्रिम बौद्धिकता (Artificial Intelligence) को प्रयोग एवम् अभ्याससम्बन्धी अवधारणापत्र स्वीकृत भएको। कृत्रिम बौद्धिकता (Artificial Intelligence) नीति तर्जुमा गर्नको लागि समिति गठन भई कार्य प्रारम्भ भएको।
- युट्युब च्यानलको व्यवस्थापन सूचिकरण तथा अभिलेखिकरण सम्बन्धी कार्यविधि २०८०, कार्यान्वयनमा रहेको।
- कथा संग्रहालय (स्टोरी बैंक) सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत भई कार्यान्वनमा आएको।
- सूचना प्रविधि विषयमा अध्ययनरत विद्यार्थीको लागि छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत भएको।

### २.१.२ दूरसञ्चार

- थप ३ जिल्लामा FTTH सेवा विस्तार भई ७६ जिल्लामा सेवा पुगेको।
- Highway Coverage बिस्तारको लागि २६ थान High Gain Antenna जडान भएको।
- हालसम्म ७७ जिल्लाको ७४३ स्थानीय तहमा ४G/LTE सेवा विस्तार भएको छ।
- प्रत्येक प्रदेशका कम्तिमा २ जिल्ला गरी १९ जिल्लामा नमुनाको रूपमा पूर्ण दुरसञ्चार सेवा पुर्याउनको लागि कार्यालय स्थापना भई कार्य प्रारम्भ भएको। छनौट भएका जिल्लामा १७ वटा BTS तथा ११ वटा FDC जडान भएको।
- मध्यपहाडी लोकमार्गको दूरसञ्चार पूर्वाधार अप्टिकल फाइबर नेटवर्कको कोशी प्रदेशबाट सञ्चालन शुभारम्भ भएको।
- रोयल्टी तथा ग्रामीण दूरसञ्चार विकास कोष वापतको रकम तिर्ने/बुझाउने विषयमा नेपाल दूरसञ्चार प्राधिकरण समेतलाई विपक्षी बनाइ सेवा प्रदायकले दायर भएको रिट सम्मानित अदालतबाट खारेज भएको।

### २.१.३ आमसञ्चार

- रेडियो नेपालबाट हालसम्म ३३ स्थानमा एफएम रिले प्रसारण केन्द्र स्थापना भएका।

- सातै प्रदेशमा स्थलगतरूपमा गई स्थानिय बहसमा आधारित ३३ वटा flagship कार्यक्रम प्रसारण गरिएको।
- सञ्चारग्राम विराटनगरमा ई-लाइब्रेरी स्थापना भै आम सरोकारवालाका लागि खुल्ला गरिएको।
- रेडियो नेपालबाट समावेशी कार्यक्रम अन्तर्गत बज्जीका, राजवंशी, बैतडेलि भाषामा समाचार र कार्यक्रम प्रसारण शुरू भएको।
- रेडियो नेपालका ६५८० वटा अडियो कन्टेन्टलाई डिजिटाइज्ड गरिएको, हालसम्म ५२९३८ वटा अडियो कन्टेन्ट डिजिटाइज्ड भएको।
- हालसम्म ६८ वर्षको गोरखापत्र दैनिक, ३८ वर्षको दि राइजिङ नेपाल, ४६ वर्षको मधुपर्क मासिक, ४७ वर्षको गोरखापत्र दैनिक शनिवारीय परिशिष्टाङको सूचिकरण भई डिजिटाईजेशन कार्य सम्पन्न भएको।
- गोरखापत्र दैनिकमा ४३ भाषामा समावेशी भाषाहरूमा समावेशी लेख रचना प्रकाशन भइरहेका।
- नेपाल टेलिभिजनको राष्ट्रिय च्यानलबाट विभिन्न १० तथा प्रादेशिक च्यानलहरूबाट ४ मातृ भाषाभाषीका साप्ताहिक साप्ताहिक कार्यक्रमहरू उत्पादन तथा प्रसारण गरिएको।
- नेपाल टेलिभिजनबाट समावेशी समाचार अन्तरगत विभिन्न ६ मातृभाषामा समाचार बुलेटिनहरू नियमित रूपमा उत्पादन एवम् प्रसारण भएको।
- विकास, समावेशीता, स्वास्थ्य, शिक्षा, वैदेशिक रोजगार, कानून, कृषि, साहित्य, सूचना प्रविधि, पर्यटन लगायत समसामयिक विषयका कार्यक्रमहरू नियमित रूपमा उत्पादन तथा प्रसारण भएको।
- राष्ट्रिय समाचार समिति (रा.स.स.) ले अवधि भाषामा समाचार सेवा प्रारम्भ गरेको।
- FTP मार्फत रा.स.स.को श्रव्यदृश्य (भिडियो) सेवा सम्प्रेषण सुरु भएको।
- रा.स.स. र कतार न्युज एजेन्सी (क्युएनए) बीच समाचार सामग्री आदानप्रदान गर्नेसम्बन्धी सम्झौता भएको।
| ३५८४१०११ प्रेस काउन्सिल | वार्षिकोत्सव समारोह र विधागत पुरस्कार | १०० | १४ | १३.९२ | ९९.४२ | |
| ३५८४१०११ प्रेस काउन्सिल | कर्मचारी अवकाश कोष बृद्धि | १०० | २० | २० | १०० | |
| ३५८४१०११ प्रेस काउन्सिल | अध्ययन अनुसन्धान (प्रेस संग्रालय) | १०० | १ | ०.८४ | ८४ | |

| ब.उ.शी.नं./ कार्यक्रम | क्रियाकलाप | प्रगति/कार्यान्वयनको अवस्था (भौतिक/वितीय) | | | | कै. |
|---|---|---|---|---|---|---|
| | | भौतिक प्रगतिको अवस्था (इकाई/परिमाण र प्रगति प्रतिशत) | विनियोजितबजेट | खर्च रकम | वित्तीय प्रगति प्रतिशत | |
| ३५८४१०११ प्रेस काउन्सिल | सिष्टम तथा अन्य मर्मतसंभार र सुरक्षा AMC | १०० | १४.५ | १४.२७ | १०० | |
| ३५८४१०११ प्रेस काउन्सिल | खोज तथा अनुसन्धान र पुस्तक प्रकाशन | १०० | ४ | ४.०० | १०० | |
| ३५८४१०११ प्रेस काउन्सिल | पत्रकार आचासंहिता प्रचारप्रसार सचेतना सम्बन्धी | १०० | ५ | ५.०० | १०० | |
| ३५८४१०११ प्रेस काउन्सिल | डिजिटल मिडिया साक्षरता कार्यक्रम(कार्यक्रम तर्जुमा तथा समीक्षा गोष्ठी) | १०० | २ | २.०० | १०० | |
| ३५८४१०११ प्रेस काउन्सिल | पत्रकार आचारसंहिता जागरण कार्यक्रम र मिडियाप्रतिको जनगुनासो | १०० | १० | ५.५६ | ५६ | |
| ३५८४१०११ प्रेस काउन्सिल | पत्रकार आचारसंहिता अनुगमन उजुरी र कारबाही | १०० | ४ | ५.४९ | १०० | |
| ३५८३५००४३ विज्ञापन बोर्ड | छापामाध्यममा लोककल्याणकारी विज्ञापन प्रकाशन। | ९५ | २४३० | २४२१.४५ | ९९.६२ | |
| ३५८३५००४३ विज्ञापन बोर्ड | विद्युतीय सञ्चारमाध्यममा लोककल्याणकारी विज्ञापन प्रसारण। | ९२ | ८०० | ७६९.१३ | ९६.१४ | |

➢ **पन्ध्रौं योजनाका सूचकहरूको प्रगति**

| क्र.सं. | नतिजा सूचक | एकाइ | आधार वर्ष २०७५/७६ को स्थिति | आ.व. २०८०/८१ को | |
|---|---|---|---|---|---|
| | | | | लक्ष्य | प्रगति |
| १ | सञ्चार तथा सूचना प्रविधिबाट रोजगारी सिर्जना | सङ्ख्या हजारमा | २०० | १० | - |
| २ | अप्टिकल फाइवर विस्तार (२४ कोर माथिको) | कि.मि. | ९३२० | १४७३८ | १५००० |
| ३ | फोर जी/एल.टी. ई. सेवा विस्तार | प्रयोगकर्ता प्रतिशत | ९.११ | ७५ | ७० |
| ४ | Fixed ब्रोडव्याण्ड सेवा विस्तार | प्रतिशत | १४.२० | ४१ | ४३ |
| ५ | Mobile ब्रोडव्याण्ड सेवा विस्तार | प्रतिशत | ५१.६० | ९५ | ९७ |
| ६ | मोबाइल टेलिफोन ग्राहक सङ्ख्या | जना लाख | ४२३ | ३६५ | ३४७ |
| ७ | सरकारी डाटा सेन्टर | सङ्ख्या | २ | १ (थप) | ० |
| ८ | इन्टरनेट एक्सचेञ्ज सेन्टर | सङ्ख्या | ० | १ | १ |
| ९ | रेडियोको पहुँच | प्रतिशत | ८६ | ९४ | ९३ |
| १० | डिजिटल टेलिभिजनको पहुँच | प्रतिशत | ७२ | ८२ | ७२ |
| ११ | EMS सेवा विस्तार | जिल्ला/सङ्ख्या | ६० | ४५ | २९ |
| १२ | EMS सेवा विस्तार | देश/सङ्ख्या | ३९ | ४४ | ३९ |
| १३ | अनलाइनमार्फत् सरकारी सेवा प्रवाह | सङ्ख्या | १० | ७५ | - |
| १४ | सुरक्षण मुद्रण स्थापना र सञ्चालन | सङ्ख्या | ० | १ | - |
| १५ | सञ्चारग्रामको स्थापना | सङ्ख्या | ० | १ | १ |
| १६ | डिजिटल साक्षरता | प्रतिशत | ४० | ८० | - |
| १७ | E-government Development Index | | ०.४८ | ०.६५ | - |

| क्र.सं. | नतिजा सूचक | एकाइ | आधार वर्ष २०७५/७६ को स्थिति | आ.व. २०८०/८१ को | |
|---|---|---|---|---|---|
| | | | | लक्ष्य | प्रगति |
| १८ | राष्ट्रिय साइवर सुरक्षा क्षेत्रगत CERT | सङ्ख्या | १ | ४ | १ |
| १९ | राष्ट्रिय ज्ञान पार्क | सङ्ख्या | ० | १ | ० |
| २० | सूचना प्रविधिसम्बन्धी उद्योग | सङ्ख्या | २७९६ | ३३९६ | - |

➢ **आ.व. २०८०/०८१ को बजेट वक्तव्यमा उल्लिखित सूचकको प्रगति**

| क.सं. | नतिजा सूचक | Review अवधि | भार | एकाइ | आ.व. २०८०/८१ को | |
|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | प्रगति |
| १ | इन्टरनेट ग्राहकको घनत्व | त्रैमासिक | १० | प्रतिशत | १३४ | १४० |
| २ | रेडियोको राष्ट्रिय पहुँच वृद्धि | वार्षिक | ५ | प्रतिशत | ९४ | ९३ |
| ३ | मोबाइल टेलिफोनको ग्राहक संख्या | त्रैमासिक | ५ | संख्या (लाख) | ३६५ | ३४७ |
| ४ | अप्टिकल फाइवर विस्तार (२४ कोर माथिको) | त्रैमासिक | १० | कि.मि. | १४७३८ | १५००० |
| ५ | फिक्स ब्रोडव्याण्ड सेवा विस्तार | त्रैमासिक | ५ | प्रतिशत | ४१ | ४३ |
| ६ | मोबाइल सेवा विस्तार | त्रैमासिक | ९ | प्रतिशत | ९५ | ९७ |
| ७ | डिजिटल टेलिभिजन पहुँच | वार्षिक | ५ | प्रतिशत | ८२ | ७२ |
| ८ | FTTH सेवा विस्तार | त्रैमासिक | ५ | जिल्ला संख्या | ७५ | ७६ |
| ९ | नागरिक एपमा आवद्ध सरकारी सेवा | त्रैमासिक | ५ | संख्या | ७५ | ६२ |
| १० | फोर जी/एल.टी. ई. सेवा विस्तार | त्रैमासिक | ५ | प्रतिशत | ७१ | ७० |
| ११ | रोजगारी सिर्जना | वार्षिक | ५ | कार्यदिन (हजारमा) | – | - |
| १२ | GIOMS लागु भएका सरकारी कार्यालय | मासिक | ५ | संख्या | ७७ | ५८ |
| १३ | रेडियो नेपालबाट समावेशी कार्यक्रम प्रसारण गर्ने | वार्षिक | ३ | संख्या | २४ | २४ |
| १४ | गोरखापत्र संस्थानबाट समावेशी कार्यक्रम प्रसारण गर्ने (भाषा) | वार्षिक | ३ | संख्या | ४१ | ४३ |
| १५ | बेरूजू फछ्र्यौट | मासिक | ५ | प्रतिशत | ५० | ० |
| १६ | गुनासो फछ्र्यौट | मासिक | ५ | प्रतिशत | ९५ | ९२ |
| १७ | पूँजीगत खर्च | मासिक | १० | प्रतिशत | ८० | २१ |

## ३.३ दूरसञ्चार र सूचना प्रविधि क्षेत्रको तथ्याङ्कीय स्थिति

### ३.२.१ टेलिफोन

| सेवा | आर्थिक वर्ष | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | २०७३/७४ सम्मको कुल | २०७४/७५ सम्मको कुल | २०७५/०७६ सम्मको कुल | २०७६/०७७ सम्मको कुल | २०७७/०७८ सम्मको कुल | २०७८/७९ सम्मकझ कुल | २०७९/८० सम्मको कुल | २०८०/८१ सम्मको कुल |
| आधारभूत (फिक्सड) | ८, ५९, ४६९ | ८, ६१, २७३ | ७, ९७, ७१३ | ७, ४२९ ,८३ | ८, ५२७ ,०८ | ८१४२४५ | ८, ३१, ५६६ | ५,९६,४७८ |
| मोबाइल | ३, ४१, ७२, ०५८ | ३, ८३, ३९, ५३९ | ४, ०५९, ६२५९ | ३, ,७३ ,७० ६६२ | ३, ,५१ ,८४ ९६६ | ४०८८९०३५ | ३९२१,४७,३९, | ३,५६,२७,८३० |
| अन्य | ८, ४७, ३१६ | १, ७४२ | १, ७४२ | २, ९०५ | २, ९८६ | २, ९८६ | २, ९८६ | २,९८६ |
| **जम्मा** | **३, ५८, ७८, ८४३** | **३, ९२, ०२, ५५४** | **४१, ३९५, ७१४** | **३, ७८, ५९, ९९६** | **३, ९२, ६३, ४७९** | **४, १७, १३, ०२२** | **३,४७,८२,४७३** | **३,६२,२६,८४४** |

**NTA को २०८१, असार महिनाको MIS मा आधारित।*

### ३.२.२ डाटा/इन्टरनेट सेवा

नेपाल दूरसञ्चार प्राधिकरणबाट अनुमतिपत्र प्राप्त सेवा प्रदायकहरूले Dialup, Wireless, Optical Fiber, Cable, ADSL, GPRS, CDMA मार्फत् उपलब्ध गराएको डाटा सेवा प्रयोगकर्ताहरूको सङ्ख्या।

| सेवा प्रदायक | २०७३/७४ सम्मको कुल | २०७४/७५ सम्मको कुल | २०७५/०७६ सम्मको कुल | २०७६/०७७ सम्मको कुल | २०७७/०७८ सम्मको कुल | २०७८/०७९ सम्मको कुल | २०७९/८० सम्मको कुल | २०८०/८१ सम्मको कुल |
|---|---|---|---|---|---|---|---|---|
| नेपाल दूरसञ्चार कम्पनी लिमिटेड | ८४, २०, ६५३ | ६५, ४०, ७५३ | ९४, १२, ४६७ | १, ०८, २५, ८५४ | १, ६७, २९, २२९ | २१, ०२०, ५५२ | **२,०३,६५,५३४** | २३७९४२२० |

| सेवा प्रदायक | २०७३/७४ सम्मको कुल | २०७४/७५ सम्मको कुल | २०७५/०७६ सम्मको कुल | २०७६/०७७ सम्मको कुल | २०७७/०७८ सम्मको कुल | २०७८/०७९ सम्मको कुल | २०७९/८० सम्मको कुल | २०८०/८१ सम्मको कुल |
|---|---|---|---|---|---|---|---|---|
| एनसेल प्रा.लि. | ६९, ५४, २३६ | ६१, ०९, ८०८ | ६७, ६९, ०९६ | ६७, १०, ४८८ | ७, ५, ०५, ५९४ | ८८, ५२, ८७३ | **८९,१४,०२६** | **८७८७०४५** |
| युनाइटेड टेलिकम लिमिटेड | ६३, २०३ | ६३, २०३ | - | - | - | - | - | - |
| स्मार्ट टेलिकम प्रा.लि. | १, ७१, ०३३ | ४१, ३०१ | २, १३, २४५ | २, ०३, १४८ | १, ६६, ७४६ | १५२, ३२१ | - | - |
| इन्टरनेट सेवा प्रदायकहरू | २, ५०, २४४ | २२, २६, ५१५ | ३०, ४६, ९०२ | ४४, ९८, ०७७ | ६, ६, ८२, १०१ | ८, १०७, १९६ | **१,०५,२८,४४४** | **१०९४२३२३** |
| **जम्मा** | **१, ५८, ५९, ३६९** | **१, ४९, ८१, ५८०** | **१, ९४, ४१, ७१०** | **२, २२, ३७, ५६७** | **३, १०, ८३, ६७०** | **३८, १३२, ९४२** | **३,९८,०८,००४** | **४३५२३५८८** |

**NTA को २०८१, असार महिनाको MIS मा आधारित।

***नोटः** 1 connection equal to 4. ३७ subscribers for fixed broadband (Source: cbs.gov.np)*

### ३.२.३ कुल टेलिघनत्व (२०८१ असार मसान्तसम्म)

| सेवा | घनत्व |
|---|---|
| आधारभूत (फिक्सड) सेवा | २.०५ |
| मोबाइल सेवा | १२२.१६ |
| अन्य भ्वाइस सेवा | ०.०१ |
| डाटा/इन्टरनेट सेवा | १२४.२२ |

### ३.२.४ २०८१ असार मसान्तसम्म अनुमतिपत्र प्रदान गरिएका सेवाको विवरण

| सेवा | सङ्ख्या |
|---|---|
| आधारभूत दूरसञ्चार सेवा | १ |
| आधारभूत टेलिफोन सेवा | १ |
| जि.एस.एम. मोबाइल | २ |
| नेटवर्क सेवा प्रदायक | २४ |
| भिस्याट सेवा प्रयोगकर्ता | १० |
| इन्टरनेट (ई-मेलसहित) | ११४ |
| जि.एम.पि.सि.एस. | २ |
| ग्रामीण टेलिकम सेवा | - |
| अन्तर्राष्ट्रिय ट्रङ्क टेलिफोन सेवा | १ |
| ग्रामीण भिस्याट सेवा प्रदायक | ११० |
| ग्रामीण इन्टरनेट सेवा प्रदायक | ३ |
| **जम्मा** | **२६८** |

### ३.२.५ दूरसञ्चार सेवाको अवस्था

| सेवाको किसिम | आ.व.२०७६/०७७ | आ.व.२०७७/७८ | आ.व.२०७८/०७९ | आ.व.२०७९/८० | आ.व.२०८०/८१ को असार मसान्तसम्म |
|---|---|---|---|---|---|
| कुल टेलिफोन सङ्ख्या | ३७,८५९,९९६ | ३,९७,६३,५८३ | ४१,७१३,०२२ | ३,४७,८२,४७३ | ३६२२६८४४ |
| टेलिफोन घनत्व | १२६.७२* | १२८.८५ | १४२.८७ | ११९.२६ | १२४.२२ |
| पिएसटिएन | ७८३,४२९ | ५६३४६५ | ४९५,१०० | ४,०७,३४६ | ५९६४७८ |
| मोबाइल | ३७०७३६६२ | ३८९५२०७० | ४०,८८९,०३५ | ३,३९,४७,९२१ | ३५६२७३८० |

| सेवाको किसिम | आ.व.२०७६/०७७ | आ.व.२०७७/७८ | आ.व.२०७८/०७९ | आ.व.२०७९/८० | आ.व.२०८०/८१ को असार मसान्तसम्म |
|---|---|---|---|---|---|
| लिमिटेड मोबिलिटी | - | - | - | - | |
| जिएमपिसिएस | २९०५ | २९८६ | २९८६ | २,९८६ | २९८६ |
| कुल इन्टरनेट ग्राहक | २२, २३७, ५६७ | ३१०८३६७० | ३८, १३२, ९४२ | ३,९८,०८,००४ | ४३५२३५८८ |
| कुल इन्टरनेट घनत्व | ७४.४३ | १०२.८२ | १३०.६३ | १३५.९० | १४९.२३ |
| एडीएसल इन्टरनेट# | ९, ४६, ५५९ | ७२८८३७ | ४५९, ११७ | १,९१,६४२ | २५५३४ |
| जिपिआरएस | - | - | - | - | - |
| CDMA 1x, EVDO | १, ३६, ५७३ | १३६५७३ | १३६५७३ | १, ३६, ५७३ | - |
| Wi Max # | ९०, २३७ | ९०५७८ | २७, १८६ | - | |
| Dialup (PSTN+ISDN) | - | - | - | - | - |
| Wireless Modem Optical Fiber Ethernet # | २, ३४, ८०७ | २, ११, ३१९ | १०३, ४८० | ६२,०८० (Wi Max सेवा बन्द भएको) | २९३१० |
| FTTH/Cable Modem# | ५४८२४४९ | ७१५७२५७ | ८८, ३२, ६७२ | १,१५,४५,८७३ | १२२५७५३५ |

* निश्चित समयावधिसम्म Activate नभएका सिम कार्डलाई खारेज गरिएकोले तथ्याङ्कमा घटबढ हुन गएको

# १ Connection equal to ४.३७ subscribers for fixed broadband (Source: cbs.gov.np)

### ३.२.६ दिगो विकासका लक्ष्य र नेपाल (सूचना प्रविधिसँग सम्बन्धित)

| दिगो विकास का लक्ष्य ४: **सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चित ता एवम् जीवन पर्यन्त सिकाईको अवसरहरू प्रवर्द्धन गर्ने** | |
|---|---|
| ४.४ परिणात्मक लक्ष्य: | सन् २०३० सम्ममा रोजगारी, मर्यादित रोजगार र उद्यमशिलताको निम्ति प्राविधिक एवम् व्यवसायिक दक्षतालगायतका सान्दर्भिक सीप/दक्षता भएका युवा र वयस्कहरूको सङ्ख्या वृद्धि गर्ने । |
| ४.४.१ | सीप/दक्षताको प्रकारअनुसारको सूचना तथा प्रविधिसमबन्धी सीप/दक्षता भएका युवा र वयस्कको अनुपात |

<table>
<tr><td></td><td>सन् २०३० को लक्ष्य</td><td colspan="4">हालसम्मको उपलब्धि</td></tr>
<tr><td>३. इन्टरनेट प्रयोगकर्ताहरू</td><td>९५ %</td><td colspan="4">१४९.२३%</td></tr>
<tr><td>४. क परिणात्मक लक्ष्यः</td><td colspan="5">बालबालिका, अपाङ्गता, लैङ्गिक संवेदनशील शिक्षाका संरचना/सुविधाहरू निर्माण र स्तरोन्नति गर्ने र सबैको निम्ति सुरक्षित, अहिंसात्मक समावेशी र प्रभावकारी सिकाइ वातावरण प्रदान गर्ने ।</td></tr>
<tr><td>४.क. २ इन्टरनेट पहुँच प्राप्त विद्यालयहरू( प्रतिशत)</td><td>९९%</td><td colspan="4">ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी ५३१८ सामुदायिक माध्यमिक विद्यालयमा ब्रोडब्याण्ड इन्टरनेट सेवा पुगेको छ।</td></tr>
<tr><td colspan="6">दिगो विकासका लक्ष्य ५ः लैङ्गिक समानता हासिल गर्ने तथा सबै महिला, किशोरी तथा बालिकाहरूलाई सशक्त बनाउने</td></tr>
<tr><td>५(ख) परिणात्मक लक्ष्यः</td><td colspan="5">महिला सशक्तीकरणलाई टेवा पुऱ्याउने प्रविधिलाई विशेषतः सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढवा दिने ।</td></tr>
<tr><td></td><td>सन् २०३० को लक्ष्य</td><td colspan="4">हालसम्मको उपलब्धि</td></tr>
<tr><td>५.ख.१ १५ देखि २४ वर्ष उमेरसमूहका इन्टरनेट प्रयोग गर्ने महिलाको प्रतिशत</td><td>९८%</td><td colspan="4"></td></tr>
<tr><td rowspan="2">५.ख.१ मोबाइल टेलिफोन हुने व्यात्तिहरूको अनुपात (gender wise)</td><td rowspan="2">सेवा प्रदायकहरूलाई age Wiseअनुसार विवरण तयार गर्ने निर्देशन दिनुपर्ने।</td><td>Fixed</td><td>Mobile</td><td>Other</td><td>Total</td></tr>
<tr><td>२.०५</td><td>१२२.१६</td><td>०.०१</td><td>१२४.२२</td></tr>
<tr><td colspan="6">दिगो विकासका लक्ष्य ९ः उत्थानशील (resilient) पूर्वाधार निर्माण गर्ने, समावेशी तथा दिगो औद्योगीकरणको प्रवर्द्धन गर्ने, नव–प्रवर्तनलाई प्रेरित गर्ने।</td></tr>
<tr><td colspan="6">९.५ परिणात्मक लक्ष्यः सन् २०३०<br>सम्ममा नब प्रबर्तनहरूलाई प्रोत्साहित गर्ने, प्रति १० लाख जनसङ्ख्यामा अनुसन्धान र विकास कामदारहरूको सङ्ख्या ७५% बृद्धि गर्ने र सार्वजनिक-निजी अनुसन्धान र विकास खर्च बढाउने</td></tr>
</table>

<table>
<tr><td colspan="6">लगायतका बैज्ञानिक अनुसन्धानलाई बढुवा दिने, सबै देशहरू खासगरी विकासशील देशहरूको औद्योगिक क्षेत्रमा प्रविधिको स्तरोन्नति गर्ने।</td></tr>
<tr><td></td><td>सन् २०३० को लक्ष्य</td><td colspan="4">हालसम्मको उपलब्धि</td></tr>
<tr><td rowspan="3">९.ग.१. मोबाइल नेटवर्क द्वारा समेटिएको जनसङ्ख्याको हिस्सा/अनुपात (प्रविधिअनुसार)</td><td rowspan="3">१००</td><td colspan="4">मोबाइल नेटवर्क (प्रविधि)</td></tr>
<tr><td>GSM</td><td>CDMA</td><td colspan="2">total</td></tr>
<tr><td>१२२.१६</td><td>-</td><td colspan="2">१२२.१६</td></tr>
<tr><td colspan="6">दिगो विकासका लक्ष्य १७ः दिगो विकासको लागि कार्यान्वयनका उपायहरू/साधनहरूलाई सुदृढ गर्ने र अन्तर्राष्ट्रिय साझेदारीलाई पुनः जिवन्त तुल्याउने।</td></tr>
<tr><td colspan="6">परिणात्मक लक्ष्य:१७.६ः विज्ञान प्रविधि र नव प्रवर्तनमा उत्तर-दक्षिण, दक्षिण- दक्षिण र त्रिकोणीय क्षेत्रीय अन्तर्राष्ट्रिय सहयोग र पहुँचलाई बढाउने र विद्यमान संयन्त्रहरू विशेषगरी संयुक्त राष्ट्रसङ्घको तहमा राम्रो सम्बन्ध कायम गरेर साथै विश्वस्तरीय प्रविधि सहजीकरण संयन्त्रसमेत को माध्ययमबाट आपसमा सहमति भएका सर्तहरूको अधिनमा रही ज्ञान आदान प्रदान गर्ने कार्य अगाडि बढाउने।</td></tr>
<tr><td></td><td>सन् २०३० को लक्ष्य</td><td colspan="4">हालसम्मको उपलब्धि</td></tr>
<tr><td>१७.६.२ हरेक १०० बासिन्दाहरूमा फिक्स्ड इन्टरनेट ब्रोडब्याण्ड सब्स्क्रिप्सन</td><td></td><td colspan="4">४२.३२</td></tr>
<tr><td>इन्टरनेट घनत्व(प्रति सयमा)</td><td>९५</td><td colspan="4">१४९.२३</td></tr>
</table>

*(NTA बाट प्राप्त विवरणमा आधारित।*

# २. राष्ट्रिय सूचना आयोग

## १. परिचय

### १.१ पृष्ठभूमि

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली अपनाएको मुलुक हो। नेपालको संविधानको प्रस्तावनामा समृद्ध राष्ट्र निर्माण गर्न सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्न नयाँ संविधान जारी भएको उल्लेख गरिएको छ। संविधानबमोजिम नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा नीहित रहेको छ।

नेपालको संविधानको धारा २७ मा सूचनाको हकअन्तर्गत प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था छ। नागरिकलाई सूचनाको हकको प्रत्याभूत गरिएकोले संविधानको यस धाराको कार्यान्वयनका लागि तत्कालीन व्यवस्थापिका– संसद्द्वारा सूचनाको हकसम्बन्धी ऐन, २०६४ पारित भई २०६४ श्रावण ५ गते प्रमाणीकरण भएको हो।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले नेपाली नागरिकको सूचनाको हकको संरक्षण, सम्बर्धन र प्रचलन गराउन एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहने कानूनी व्यवस्था गरेको छ।

### १.२ आयोगको स्वरूप र प्रकृति

सूचनाको हकसम्वन्धी ऐन, २०६४ अनुसार राष्ट्रिय सूचना आयोगको स्थापना भएको हो। यो आयोगमा एक जना प्रमुख सूचना आयुक्त र एक जना महिला सहित दुई जना सूचना आयुक्त रहने व्यवस्था छ। नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत आयोगको प्रशासकीय प्रमुख रहने व्यवस्था छ। आयोगले सार्वजनिक निकायमा रहेका सूचना नागरिकको पहुँचमा पुऱ्याउने, खुला र पारदर्शी संस्कृतिको विकास गर्ने, सार्वजनिक पदाधिकारीलाई जिम्मेवार तथा जवाफदेही बनाउने, सूचना सार्वजनिक गराउन सम्बन्धित निकायलाई आदेश दिने लगायतका काम गर्नुका साथै सार्वजनिक निकायका प्रमुख वा सूचना अधिकारीले त्यस्तो सार्वजनिक गर्नु पर्ने सूचना सार्वजनिक नगरे वा मागकर्तालाई नदिएमा उजुरी, पुनरावेदन सुन्ने तथा सजाय समेत गर्दछ। हाल आयोगको केन्द्रीय कार्यालय काठमाडौंको त्रिपुरेश्वरमा रहेको छ।

#### क) आयोगको दुरदृष्टि

विकास, समृद्धि र सुशासनका लागि सूचनाको हकको प्रयोगबाट सुसूचित समाजको सिर्जना गर्ने।

**ख) लक्ष्य**

व्यक्तिगत मौलिक हकको संरक्षण गर्दै सूचना माथि नागरिकको पहुँच अभिवृद्धि गर्ने।

**ग) उद्देश्य**

१. सूचनाको हकको संरक्षण, सम्बर्धन र प्रचलन गराउन राष्ट्रिय सूचना आयोगको कार्यान्वयन क्षमताको अभिवृद्धि गर्ने।

२. छनौट भएका केन्द्रीय र स्थानीय सार्वजनिक निकायहरूमा सूचनाको माग र प्राप्तिसम्बन्धी व्यवस्थालाई सुदृढ गराउदै लैजाने।

३. सूचनाको मागमा वृद्धिका लागि क्रियाशील संस्थाहरूलाई अभिप्रेरित गर्ने तथा सहजीकरण गर्दै कार्यक्षमतामा अभिवृद्धि गर्नुको साथै सहजीकरण गर्दै लैजाने र आपूर्ति पक्षसँग सहजीकरण गर्ने।

**घ) रणनीतिक प्राथमिकताहरू**

१. सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय सूचना आयोगको क्षमता अभिवृद्धि गर्ने।

२. सूचनाको हकको कार्यान्वयनको लागि उपर्युक्त वातावरण निर्माण गर्ने।

३. सूचनाको हकको कार्यान्वयनमा जवाफदेही, स्वःस्फूर्त र क्रियाशील संस्थाहरूको अभिवृद्धि गर्ने।

## १.३ आयोगको काम, कर्तव्य र अधिकार

**सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम आयोगको काम, कर्तव्य र अधिकार निम्नानुसार रहेको छः**

३.१ सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनासम्बन्धी अभिलेख, लिखत तथा अन्य सामग्रीको अध्ययन तथा अवलोकन गर्ने।

३.२ त्यस्तो निकायमा रहेको अभिलेख, लिखत वा अन्य सामग्रीसम्बन्धी सूचना सूचीकृत गरी मिलाई राख्न आदेश दिने।

३.३ नागरिकको जानकारीको लागि सूचना सार्वजनिक गर्न सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने।

३.४ समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने।

३.५ यस ऐनबमोजिमको दायित्व पालना गर्न/गराउन सम्वन्धित पक्षलाई आदेश दिने।

३.६ नेपाल सरकार तथा सूचना तथा सञ्चारसँग सम्वन्धित विभिन्न निकायहरूलाई सूचनाको हकको संरक्षण र सम्वर्द्धनका लागि आवश्यक सुझाव दिने वा सिफारिस गर्ने।

३.७ सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्नको लागि आवश्यक पर्ने उपयुक्त आदेश दिने।

**१.४ आयोगको कार्यसम्पादनसँग सम्बन्धित कानूनहरू**

- सूचनाको हकसम्बन्धी ऐन, २०६४
- सूचनाको हकसम्बन्धी नियमावली, २०६५,
- सूचनाको हक कार्यान्वयन निर्देशिका, २०६७
- सरकारी निकायले स्वतः प्रकाशन गर्नु पर्ने विवरण सम्बन्धी निर्देशिका,२०७१
- राष्ट्रिय सूचना आयोगका पदाधिकारीहरूको आचार संहिता, २०७७
- राष्ट्रिय सूचना आयोगका कर्मचारीहरूको आचारसंहिता,२०७१
- आयोगको बैठक व्यवस्था सम्बन्धी कार्यविधि, २०७२
- निवेदनको कारवाही किनारा गर्ने सम्बन्धी कार्यविधि, २०७२
- उजुरी कारवाही किनारा गर्ने सम्बन्धी कार्यविधि, २०७२
- पुनरावेदन कारवाही किनारा गर्ने सम्बन्धी कार्यविधि, २०७२
- सूचना अधिकारीको काम, कर्तव्य र अधिकार सम्बन्धी निर्देशिका, २०७३
- राष्ट्रिय सूचना आयोगको इजलास सञ्चालन सम्बन्धी निर्देशिका, २०७५
- सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन निर्देशिका, २०७६

## २. प्रगति

### २.१ विगत पाँच आर्थिक वर्षको वित्तीय विवरण

| सि नं. | आर्थिक वर्ष | विनियोजित बजेट (रू. हजारमा) | खर्च बजेट (रु हजारमा) | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८०/०८१ | ५१५०४ | ४२४१२ | ८२.३५ |
| २ | २०७९/०८० | ४७१०० | ३९४१० | ८३.६७ |
| ३ | २०७८/०७९ | ५०२२५ | ४४५५० | ८८.७० |
| ४ | २०७७/०७८ | ५२२३३ | ४३३१७ | ८२.९३ |
| ५ | २०७६/०७७ | ६२३४१ | ३९०३० | ६२.६१ |

### २.२ आ.व. २०८०/०८१ को वार्षिक विनियोजन, खर्च, वित्तीय र भौतिक प्रगति

**चालु खर्च तर्फ :** रू. हजारमा

| खर्चवित्तीय/ सङ्केतको नाम | खर्चवित्तीय/ सङ्केतको नाम | बार्षिक बजेट | खर्च रकम | बाँकी |
|---|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | १४३०००००.०० | १३४८०३०६.९६ | ८१९६९३.०४ |
| २१११२ | पारिश्रमिक पदाधिकारी | ३३०००००.०० | ३२९९५३८.०० | ४६२.०० |
| २११२१ | पोशाक | २००,०००.०० | २००,०००.०० | ० |
| २११२३ | औषधी उपचार खर्च | २००,०००.०० | २००,०००.०० | ० |
| २११३२ | महंगी भत्ता | ५००,०००.०० | ४५०१३६.०० | ४९८६४.०० |
| २११३४ | कर्मचारीको बैठक भत्ता | २००,०००.०० | ४३५००.०० | १५६५००.०० |
| २११३९ | अन्य भत्ता | १००,०००.०० | ३२२००.०० | ६७८००.०० |
| २११४१ | पदाधिकारी बैठक भत्ता | २००,०००.०० | २००,०००.०० | ० |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | १००,०००.०० | ९०८००.०० | ९२००.०० |
| २२१११ | पानी तथा बिजुली | ५००,०००.०० | ४७२४८०.०० | २७५२०.०० |
| २२११२ | सञ्चार महसुल | ९००,०००.०० | ५२४८४४.०० | ३७५१५६.०० |
| २२२११ | इन्धन (पदाधिकारी( | १००००००.०० | ८०५७४९.०० | १९४२५१.०० |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन( | ९०००००.०० | ७८६४४४.०० | ११३५५६.०० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | १२०००००.०० | ११६८६५३.५० | ३१३४६.५० |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | ५००,०००.०० | २७३५६५.०० | २२६४३५.०० |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सञ्चालन खर्च | १०००००.०० | ९९६५५.४० | ३४४.६० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | १३०००००.०० | १२९८९०४.४० | १०९५.६० |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | १०००००.०० | २१६९६.६० | ७८३०३.४० |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | १०००००.०० | ५६१२६.०० | ४३८७४.०० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २०००००.०० | १९३३८७.०० | ६६१३.०० |
| २२४११ | सेवा र परामर्श खर्च | ३०००००.०० | १८८८९०.०० | १११११०.०० |
| २२४१३ | करार सेवा शुल्क | ६५०००००.०० | ५९६६३५४.०० | ५३३६४६.०० |
| २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ३००००००.०० | २६५४५०५.०० | ३४५४९५.०० |
| २२५२२ | कार्यक्रम खर्च | ३००००००.०० | २४२२९६०.०० | ५७७०४०.०० |
| २२५२९ | विविध कार्यक्रम खर्च | ५५०००००.०० | ४८५८३३३.०० | ६४१६६७.०० |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | ८०००००.०० | ७४२६००.०० | ५७४००.०० |

| | | | | |
|---|---|---|---|---|
| २२६१२ | भ्रमण खर्च | ११०४५००.०० | ११०४५००.०० | ० |
| २२७११ | विविध खर्च | ७००,०००.०० | ५८७०४०.९० | ११२९५९.१० |
| २८१४२ | घर भाडा | ४५०००००.०० | ४६८००.०० | ४४५३२००.०० |
| | **५१३०४५००.००** | | **५१३०४५००.००** | **४२२१४५६८.७६** |

**पूजिगत तर्फः**

| खर्चीवित्तीय/ सङ्केतको नाम | खर्चीवित्तीय/ सङ्केतको नाम | बार्षिक बजेट | खर्च रकम | बाँकी |
|---|---|---|---|---|
| ३११२३ | फर्निचर तथा फिक्चर्स | २००,०००.०० | १९८३८२।०० | १,६१८।०० |

## २.३ आ.व. २०८०/०८१ को मुख्य मुख्य कार्यक्रम र प्रगति

- आ.व. २०८०/०८१ मा आयोगमा १२६५ वटा पुनरावेदन उजुरी प्राप्त भएकोमा सो मध्ये १२०० वटा फछ्र्यौट भएको।
- महिला सशक्तिकरण गर्ने सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको।
- जिल्लास्थित प्रमुख जिल्लाअधिकारीज्यू लगायत विभिन्न कार्यालयका कार्यालय प्रमुखज्यूहरू र सूचनाअधिकारीहरूसंग सूचनाको हक सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको।
- सूचनामा सर्वव्यापी पहुँच सम्बन्धी रोष्ट्रिय दिवस  तथा अन्तर्राष्ट्रिय दिवस मनाईएको।
- पालिकाका जनप्रतिनिधि, समुदाय एवम् समुहहरू संग सूचनाको हक सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको।
- नेपाल टेलिभिजन, रेडिया नेपाल र गोरखापत्र मार्फत सूचनाको हक सम्बन्धि कार्यक्रम प्रशारण र प्रकाशन भएको।
- सूचनाको हक कार्यान्वयन तथा अनुगमन सम्बन्धी कार्य भएको।
- विभिन्न जानकारीमूलक सामाग्री प्रकाशन तथा वितरण।

## २.४ बेरूजू फछ्र्यौटसम्बन्धी विवरण

आयोगको कुल बेरूजूरकम रु ६५ हजार रहेकोमा यस आ बमा.बेरूजू फस्यौट हुन नसकेको कारणले

# ३. राजस्व र आय

यस आ.व. २०८०/०८१ मा बेरूजूबापतको रकम रु ८९५४।०० राजस्व शिर्षक नम्बर १५१११ बेरूजूशिर्षकमा जम्मा भई प्राप्त भएको छ।

# ३. हुलाक सेवा विभाग

## १. परिचय

### १.१ पृष्ठभूमि

प्राचीन समयमा एक स्थानका मानिसले अर्को स्थानका मानिस समक्ष चिठ्ठिपत्रद्वारा खवर आदानप्रदान गराउने माध्यमको रूपमा हुलाकको जन्म भएको इतिहास पाइन्छ। यस पूर्व घोडा, परेवा, वाज लगायतका पशुपंक्षीद्वारा सन्देशमूलक चिठ्ठीपत्र इच्छाइएका व्यक्ति समक्ष पुऱ्याइने गरिन्थ्यो भन्ने किम्वदन्ती समेत रहेको सुनिन्छ। आदिमकालीन सभ्यता, लिपि आदि हेर्दा प्राचीनकालमा एक स्थानबाट अर्को स्थानसम्म चिठ्ठीपत्र, वस्तु र नगद पुऱ्याउने माध्यमको रूपमा हुलाकलाई प्रयोगमा ल्याइएको देखिन्छ।

हाम्रो सन्दर्भमा भन्नुपर्दा दूर दराजसम्म पहुँच रहेको र नागरिकको सबैभन्दा लोकप्रिय सञ्चारको पुरानो माध्यम हुलाक सेवा नै हो। सञ्चारको माध्यमद्वारा आपसी सद्भाव एवम् भाईचारा वृद्धि गर्दै आर्थिक एवम् सामाजिक विकासमा टेवा पुऱ्याउने उद्देश्यका साथ हामी कहाँ विक्रम संवत् १९३५ सालदेखि हुलाक सेवाको स्थापना र सञ्चालन गरिएको हो। पछिल्लो राजनैतिक परिवर्तनसंगै मुलुकले अगिंकार गरेको संघीय स्वरूपको शासकीय व्यवस्थामा हुलाक सेवाले समावेशीताको प्रबर्धन सहित नव निर्माणको क्षेत्रमा समेत महत्वपूर्ण योगदान पुऱ्याउने भएकाले यसले प्रवाह गर्दै आएका सेवाहरूमा जनचाहाना प्रतिविम्वित हुनेगरी सञ्चालन तथा व्यवस्थापन गर्नुको विकल्प छैन।

विशेष गरी सञ्चार तथा सूचना प्रविधिको क्षेत्रमा आएको युगान्तकारी परिवर्तन र त्यसबाट प्राप्त लाभमा नागरिकहरूको उल्लेख्य पहुँचका कारण हाम्रो हुलाकको मुख्य र आधारभूत सेवा वितरणलाई केन्द्रीत गरी बनाइएका मौजुदा संगठन संरचना र भौतिक पूर्वाधारहरू परम्परागत हुन पुगे। ती प्रविधिसंग अनुकुलन हुन सकेनन्। विश्वभरीनै हुलाक परम्परागत सेवा मात्र प्रवाह गर्ने संस्थाको रूपमा सीमित रहेन। पछिल्ला दशकहरूमा यो ठूलो रोजगारीका अवसर श्रृजना गर्ने व्यवसायिक उद्योगका रूपमा विकसित हुदै गएको देखिन्छ। यसर्थ हाम्रो हुलाकलाई सेवा तथा व्यवसाय सञ्चालन गर्नसक्ने गरी आफ्नो सेवा प्रवाहका तौरतरिकामा परिवर्तन गर्नुपर्ने आवश्यकता एकातर्फ छ भने अर्कोतर्फ आफ्नो कार्यक्षेत्रका अन्य निजी तथा वहुराष्ट्रिय कम्पनीद्वारा प्रवाहीत सेवासंग समग्र गुणस्तरीयताका मानकका आधारमा प्रतिस्पर्धा गर्न सक्दा मात्र सेवाग्राहीमैत्री भइने यथार्थतालाई हृदयङ्गम गर्दै तद्अनुरूप व्यवस्थापन गर्नुपर्ने अनिवार्यता भैसकेको छ।

पछिल्ला दिनहरूमा हुलाकलाई आधुनिक र व्यवसायिक बनाउन नसकिएकै कारण वितरित सेवाप्रति आम विश्वसनियतामा कमी आएको यथार्थ हो। समग्र मुलुकी प्रशासन र निजामती

प्रशासनमा रहेका कमी कमजोरी र विसंगतीहरूको दुष्परिणाम हुलाक सेवामा पनि देखिएका छन्। यस्लाई कार्यक्षेत्रमा प्रतिस्पर्धी तुल्याउनका लागि पुनःसंरचनाको आवश्यकता छ। हुलाकको दीर्घकालीन सुधारका लागि विश्वका अन्य मुलुकहरूले कार्यान्वयनमा ल्याएझै सरकारको स्पष्ट सोच, दृष्टिकोण, नीति योजना र कार्यक्रममा प्राथमिकतामा कहिल्यै पर्न नसक्नु र हुलाक चिठ्ठीपत्र ओसारपसार गर्ने माध्यममात्रै हो भन्ने परम्परागत सोचाईमा परिवर्तन आउन नसक्नु नै मुख्य समस्या हो। यद्यपि हुलाकको चलनचल्तीको वजारमा चिठ्ठिपत्रको आदानप्रदानमा ह्रास र व्यापारिक वस्तुको आयात निर्यातमा बढोत्तरी अधिक देखिदै गएको छ जुन समयको माग बन्न पुगेको देखिन्छ।

बर्तमान संवैधानिक व्यवस्था अनुसार सङ्घ अन्तर्गतको सांगठनिक संरचनामा रहेको हुलाक सेवा सञ्चालन तथा व्यवस्थापनका लागि कार्यान्वयनमा रहेका कानूनहरूको समसामयिक परिमार्जन/संशोधन र थप सेवा सञ्चालनका लागि आवश्यक पर्ने कानूनहरूको तर्जुमा, भौतिक पूर्वाधार, मानव संशाधन र श्रोत व्यवस्थापन मुख्य चुनौतीको रूपमा रहेका छन्। यसको समुचित व्यवस्थापनका लागि हुलाक सेवा विभाग अनवरत रूपमा लागि परेको छ। नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको कार्यक्षेत्र भित्र पर्ने हुलाक सेवाको संरक्षण, सम्वर्धन तथा नियमन समेत गर्नका लागि देहायका कार्यहरूको क्षेत्रगत जिम्मेवारी मन्त्रालयको हुने कानूनी व्यवस्था रहेको छ।

- हुलाक सम्बन्धी नीति, कानून, मापदण्ड, सञ्चालन र नियमन,
- हुलाक टिकट प्रकाशन, भण्डारण तथा अभिलेख व्यवस्थापन,

## १.२ निकायको स्वरूप र प्रकृति

हुलाक सेवा विभाग स्वदेशभित्र र विदेशमा समेत हुलाकवस्तुको आदानप्रदान गराउने मुख्य र जिम्मेवार निकाय हो। मुलुकभर हुलाक सेवाको सञ्चालन र व्यवस्थापन गर्ने केन्द्रीय निकायको रूपमा रहेको यस विभागले हुलाक सम्बद्ध ऐन, कानून, नीति नियमहरूको निर्माण/परिमार्जन गर्न सहयोगी भूमिका खेल्दै विश्व हुलाक सङ्घ तथा एसिया प्यासेफिक हुलाक सङ्घको सदस्य राष्ट्रका हैसियतले हुलाकीय व्यवस्थापनमा मुलुकले निर्वाह गर्नुपर्ने दायित्वको परिपालना र अवसरको उपयोग गर्दै समय सापेक्ष हुलाकबस्तुको आदानप्रदानलाई गुणस्तरीय, सुरक्षित र भरपर्दो बनाउने कार्य गर्दै आएको छ। विभागको महत्वपूर्ण कार्य भित्रको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय डाँक आदानप्रदानलाई गुणस्तरीय र प्रभावकारी वनाउन यसले आवश्यक नीतिको तर्जुमा, कार्यान्वयन, प्रशासन तथा अनुगमन गर्दछ। हुलाक वस्तुको प्राप्ती, ढुवानी

र वितरणको कार्यमा समय तथा लागत घटाउने कार्य र सेवाप्रवाहको प्रभावकारिता बृद्धितर्फ जोड दिदैं कार्यसञ्चालन गर्न मातहतका कार्यालयलाई परिचालन गर्दै आएको छ।

आफू र मातहतका कार्यालयहरूले सञ्चालन गर्ने कार्यहरूमा विशिष्टिकरण गर्दै सेवा प्रवाहमा उत्कृष्टता ल्याउन हरेक कार्यालयहरूमा कामको आवश्यक विश्लेषण गरी कार्यगत संगठनात्मक कार्यढाँचा अवलम्वन गरिएको छ। त्यस्तै विभाग र मातहतका कार्यालयहरूका मुख्य क्रियाकलापहरूलाई व्यावसायिक बनाई नमूना संगठनको रूपमा स्थापित गर्न नतिजामुखी प्रशासन अंगीकार तर्फ कारवाही शुरु गरिएको छ। ग्राहकमैत्री व्यवहारको माध्यमबाट मुलुकको आन्तरिक श्रोत परिचालनमा बढोत्तरी ल्याउने प्रमुख ध्येयका साथ सरल, सहज र प्रभावकारी रूपमा सेवा प्रवाह गरी सुशासन प्रवर्धनमा टेवा पुऱ्याउने दिशातर्फ यस विभागको भूमिका समेत महत्वपूर्ण रहदै आएको छ।

## १.३ हुलाक सेवा विभागको काम, कर्तव्य र अधिकार

प्रचलित कानून र अन्तरार्ष्ट्रिय सन्धी सम्झौताका आधारमा सेवाग्राहीलाई सिघ्र, विश्वसनीय र प्रभावकारी रूपमा चिठ्ठीपत्र /पुलिन्दाको आदानप्रदान गर्ने। साथै यस विभागका अन्य कार्यहरू देहायबमोजिम रहेका छनः

१. चिठीपत्र, पुलिन्दा र द्रुत डाँकबस्तुहरू समयमै सम्बन्धित व्यक्ति/संस्था वा निकाय समक्ष पुऱ्याउने,
२. निर्धारित समयमै हुलाक टिकट छपाई/भण्डारण/वितरण तथा अभिलेखिकरण गर्ने।
३. ऐनले दिएको अधिकार भित्र रही मातहतका कर्मचारीहरूको नियुक्ति, पदस्थापन, विदा, सरुवा, बढुवा, तालिम, विभागीय कारवाहीलगायतका कर्मचारी प्रशासनसम्बन्धी कार्य गर्ने।
४. विभाग र मातहतका कार्यालयहरूका लागि जिन्सी मालसामानहरूको खरिद एवम् सम्पूर्ति गर्ने।
५. विश्व हुलाक सङ्घ (UPU), एशिया प्यासिफिक हुलाक सङ्घ (APPU) जस्ता अन्तर्राष्ट्रिय हुलाक संस्थाहरूसँग समन्वय, सहकार्य गर्दै त्यस्ता संस्थाहरूको अभिन्न सदस्यकारूपमा रही नेपालको हुलाक सेवालाई अन्तर्राष्ट्रिय पहुँचमा निरन्तरता दिने।
६. हुलाक सेवासँग सम्बन्धित अन्तर्राष्ट्रिय प्रावधान पद्धति अनुरूप नेपालको हुलाक सेवालाई थप परिमार्जित र सुदृढ गर्न आवश्यक पहल गर्ने।
७. मातहतका कार्यालयहरूको निरीक्षण, अनुगमन, सुपरीवेक्षण मार्फत नियमन र नियन्त्रण गर्दै सुधारलाई संस्थागत गर्ने।

## २. प्रगति

### २.१ आ.व. २०८०/८१ को वार्षिक विनियोजन, खर्च, वित्तीय र भौतिक प्रगति

| क्र.स. | ब.उ.शि.नं. | निकाय | वार्षिक विनियोजन (रकम रू. हजारमा) | | | वार्षिक खर्च (रकम रू. हजारमा) | | | खर्च प्रतिशत | | | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा | |
| १ | ३५८०३०११ | हुलाक सेवा विभाग | २०४७७८ | ११६० | २०५९३८ | १२७३३१ | ११०४ | १२८४३५ | ६२.१८ | ९५.१६ | ६२.३७ | ९३.३३ |
| २ | ३५८०३०१२ | हुलाक निर्देशनालयहरू | २६८२४६ | ३७५०० | ३०५७४६ | २१५८४४ | ३६७६२ | २५२६०६ | ८०.४६ | ९८.०३ | ८२.६२ | ८३.३० |
| ३ | ३५८०३०१३ | गोश्वारा हुलाक | २२२५०५ | ६९०० | २२९४०५ | १९८४८९ | ५७४८ | २०४२३७ | ८९.२१ | ८३.३१ | ८९.०३ | ७४.८० |
| ४ | ३५८०३०१४ | जिल्ला हुलाक कार्यालयहरू | ३४९१२१३ | ४३०९० | ३५३४३०३ | २७४६१०७ | ४०५९४ | २७८६७०१ | ७८.६६ | ९४.२१ | ७८.८५ | ८६.४० |
| ५ | ३५८०३०१५ | हुलाक प्रशिक्षण केन्द्र | १८५०६ | २४८४०० | २६६९०६ | १५२४९ | १७१७६४ | १८७०१३ | ८२.४० | ६९.१५ | ७०.०७ | ९०.०० |
| **कुल जम्मा** | | | **४२०५२४९** | **३३७०५०** | **४५४२२९९** | **३३०३०२०** | **२५५९७२** | **३५५८९९२** | **७८.५५** | **७५.९४** | **७८.३५** | **८५.५६** |

## २.२ आ.व. २०८०/०८१ को मुख्य मुख्य कार्यक्रम र प्रगति

| सि.नं. | कार्यक्रम/क्रियाकलाप | प्रगति |
|---|---|---|
| १. | हुलाक सेवालाई पुनःसंरचना गरी एक स्थानीय तह एक हुलाकको अवधारणा कार्यान्वयन गर्ने | हुलाक सेवाको पुनःसंरचनाका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण मिति २०८०/१०/२५ गते मन्त्रिपरिषदबाट स्वीकृत भई ६२ कार्यालयको कार्यान्वयनमा ल्याइएको साथै १७ निकायहरूको संक्षिप्त संगठन संरचना स्वीकृतिका लागि पेश गरिएको, |
| २. | हुलाक बचत बैंकहरूलाई सरकारी स्वामित्वको बाणिज्य बैंकमा गाभ्ने | ६८ जिल्ला मध्ये धनुषा जिल्ला बाहेकका जिल्लामा रहेको हुलाक बचत बैकको बचत खाताहरू राष्ट्रिय बाणिज्य बैकमा हस्तान्तरण गरिएको |
| ३. | अन्तर्राष्ट्रिय डाँक ढुवानीको श्रेष्ता रुजु गरी दायित्व फरफारक गर्ने | अन्तराष्ट्रिय डाँक ढुवानी श्रेष्ता अध्यावधिक गरी रसिया बाहेक अन्य देशको दायित्व फरफारक गरिएको |
| ४. | आन्तरिक EMS सेवा प्रभावकारी रूपमा सञ्चालन गर्ने | २८ जिल्लामा हवाइमार्ग मार्फत र अन्य जिल्लाहरूमा सतही मार्ग मार्फत आन्तरिक EMS सेवालाई नियमित र प्रभावकारी बनाइएको |
| ५. | हुलाक कर्मचारीहरूको लागि PIS Software सञ्चालन गर्ने | हुलाक कार्यालयमा कार्यरत कर्मचारीहरूको विवरण PIS Software मा प्रविष्ट गर्न तालिम संचालन गरी तथ्यांक अध्यावधिक गर्ने कार्य भइरहेको |
| ६. | फिलाटेलिक प्रवर्धनात्मक प्रदर्शनी तथा गोष्ठी सञ्चालन गर्ने | विश्व हुलाक दिवसको अवसरमा फिलाटेलिक प्रवर्धन गोष्ठी तथा टिकट प्रदर्शनी गरिएको |
| ७. | हुलाक सेवाको आधुनिकीकरण र व्यवसायीकरण सम्बन्धि अन्तरक्रिया गर्ने | बैक तथा वित्तीय संस्थाका प्रतिनिधिहरू, कुरियर सेवाका प्रतिनिधिहरू, सरकारी निकायका प्रतिनिधिहरूवीच छलफल तथा अन्तरक्रिया गरिएको |
| ८. | सबै नीतिगत र सैद्धान्तिक बेरूजू हरू छलफल गरि फरफारक र बेरूजू को अङ्क शत प्रतिशत फर्छ्यौट गरिएको हुने | रू.२४ करोड ६६ लाख ६५ हजार बेरूजूमध्ये रू.६ करोड ९३ लाख २६ हजार संपरिक्षणका लागि पेश गरिएको |

| सि.नं. | कार्यक्रम/क्रियाकलाप | प्रगति |
|---|---|---|
| ९. | नयाँ ऐन/नियम तथा कार्यविधिहरूको तर्जुमा तथा मौजुदा ऐन नियमहरूको संशोधन/परिमार्जन गर्ने | अतिरिक्त हुलाक (पाँचौ संशोधन) नियमावली, २०३४ स्वीकृत भई कार्यान्वयनमा आएको, आन्तरिक हुलाक सञ्चालन सम्बन्धी मापदण्ड स्वीकृतिका लागि मन्त्रालयमा पेश गरिएको |
| १०. | लिलाम बिक्री सम्बन्धी कार्य सम्पन्न गर्ने | कार्यालयमा रहेका पुराना जिन्सी सामानहरूको लिलाम विक्रि सम्पन्न गरिएको |
| ११. | कर्मचारीको क्षमता विकास तथा अन्तरक्रिया कार्यक्रम गर्ने | PITS, IPS.POST, CDS.POST, LMBIS, टिकट व्यवस्थापन सम्बन्धी विषयमा १६० जना कर्मचारीलाई क्षमता विकास तालिम प्रदान गरिएको |
| १२. | कार्यालयमा प्राप्त गुनासो शतप्रतिशत फर्छ्यौट गर्ने | मातहत निकायहरूलाई गुनासो नआउने गरी कार्य गर्न निर्देशन गरिएको साथै प्राप्त गुनासाहरू समयमानै फछ्यौंट गरिएको |

## २.३ मुख्य मुख्य उपलब्धिहरू

१. अतिरिक्त हुलाक (पाँचौ संशोधन) नियमावली, २०३४ स्वीकृत भई कार्यान्वयनमा लगिएको,

२. जनक शिक्षा सामाग्री केन्द्र लि.सँग सम्झौता गरी स्वदेशमा हुलाक टिकट छपाई कार्य सम्पन्न गरिएको,

३. हुलाक सेवाको पुन:संरचना बमोजिम एक स्थानीय तह एक हुलाक कार्यान्वयनका लागि सम्पूर्ण तयारी पुरा गरिएको,

४. अन्तर्राष्ट्रिय डाँक ढुवानीका लागि थप १० देश(श्रीलंका, चीन, मकाउ, टर्की, ब्रुनाइ, ताइवान, दक्षिण अफ्रिका, बंगलादेश, हङकङ, साउदी अरेविया) गरी जम्मा ३९ देशमा नियमित डाँक ढुवानी व्यवस्था मिलाइएको,

५. केन्द्रीय धनादेश तर्फः ६८ जिल्ला मध्ये धनुषा जिल्ला बाहेक अन्य जिल्लाको हुलाक बचत बैंकमा रहेका बचतकर्ताको बचत खाताहरू राष्ट्रिय बाणिज्य बैंकमा हस्तान्तरण गरिएको,

## २.४ कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या र समाधानका लागि गरिएका प्रयासहरू

| क्र.सं. | समस्या | गरिएको प्रयास |
|---|---|---|
| १ | खारेज हुने कार्यालयका कर्मचारी व्यवस्थापन | जिल्लागत रूपमा समन्वय गरी नजिकको जिल्लामा जान चाहनेहरूलाई सहजिकरण गरिएको |

| क्र.सं. | समस्या | गरिएको प्रयास |
|---|---|---|
| २ | हुलाक महशुल तथा दररेट परिमार्जन | हुलाक महसुल तथा दररेट निर्धारण समितिबाट प्रारम्भिक मस्यौदा तयार गर्ने कार्य भएको |
| ३ | पुराना कानूनी व्यवस्थाको प्रतिस्थापनः (हुलाक ऐन, २०१९, हुलाक नियमावली, २०२०, अतिरिक्त हुलाक नियमावली, २०३४, हुलाक सेवा कार्यविधि निर्देशिका, २०६३) | अतिरिक्त हुलाक(पाँचौ संशोधन) नियमावली, २०३४ स्वीकृत |
| ४ | नयाँ संगठन संरचना कार्यान्वयन | एक पालिका एक हुलाक कार्यान्वयनका लागि जिल्लास्थित कार्यालयहरूसँग समन्वय गरिएको |
| ५ | परम्परागत डाँक रेखा | यमङ्ग संरभाम अनुसार प्रस्तावित डाँक रेखा परिमार्जन गर्न जिल्लागत विवरण संकलन भइरहेको |
| ६ | खारेज हुने जिल्लास्थित कार्यालयहरूको भौतिक सम्पत्ती व्यवस्थापन | जिल्ला हुलाक कार्यालय र हुलाक निर्देशनालयहरूको समन्वयमा भौतिक सम्पत्ति व्यवस्थापन गर्न पहल गरिएको |

## ३. बेरूजूफर्छ्यौटसम्बन्धी विवरण

| निकाय | २०८०/०८१ सम्मको कुल बेरूजूलगत (रू.हजारमा) | चालु आ.व.को फर्छ्यौंट रकम | फर्छ्यौंटको लागि लेखी पठाइएको रकम (रू.हजारमा) | फर्छ्यौंट (%) |
|---|---|---|---|---|
| हुलाक सेवा विभाग र अन्तर्गत | २४,६६,६५ | - | ६,९३,२६ | - |

## ४. समस्या र चुनौतीहरू

- ❖ उपयुक्त भौतिक पूर्वाधारको अभाव ,हुलाक कार्यालयहरूले गर्ने कार्यहरूको पुनरावलोकन र आधुनिकीकरण गरी सो अनुकुल जनशक्ति योजना र व्यवस्थापनको कार्य हुन नसक्नु,
- ❖ प्रयाप्त काम, आधुनिक प्रविधि तथा स्रोतसाधनको अभाव र सामाजिक दृष्टिकोणले समेत हुलाकमा कर्मचारी आकषिर्त हुन नसक्नु,
- ❖ जनशक्तिलाई आकषिर्त गर्न, संगठनमा टिकाई राख्न र उत्प्रेरित गर्न (Attraction, Retention and Motivation-ARM) हुन नसक्नु,
  - ❖ यातायात तथा अन्य पूर्वाधारको विकाससँग सामञ्जस्य हुने गरी डाँक रेखाको पुनरावलोकन हुन नसक्नु,
  - ❖ डाँक व्यवस्थापनको लागि आवश्यक पर्ने स्रोत साधन (आर्थिक तथा भौतिक उपकरण) पर्याप् त नहुनु।

(क) स्रोत साधन तथा दक्ष जनशक्तिको अभावका कारण सूचना तथा प्रविधिको विकासलाई हुलाक सेवामा भरपुर उपयोग गर्न नसकिनु,

(ख) लामो सरकारी कार्यप्रक्रिया र आधुनिक प्रविधिको अभावका कारण निजी क्षेत्रसंग प्रतिस्पर्धा गर्न नसक्दा बजार गुमाउदै जानु पर्ने स्थिति सृजना हुनु,

(ग) बहुराष्ट्रिय हुलाक सेवा प्रदान गर्ने कम्पनीहरूसँग प्रतिस्पर्धा गर्न नसक्नु।

## ५. राजस्व र आय

### ५.१ प्राप्त राजस्वको वर्गीकरण र प्राप्त रकम

| क्र.सं. | संकेत संख्या | शिर्षक | जम्मा राजस्व |
|---|---|---|---|
| १. | ११४२२ | अन्तः शुल्क आयात | ५८८७.०० |
| २. | ११५११ | भंसार महसुल आयात | ५२८९४१८.६५ |
| ३. | ११५६२ | भन्सार सम्बन्धी अन्य आय | ८०९२१.०० |
| ४. | ११६९१ | अन्य कर | ७३३१०.०० |
| ५. | १४१५१ | सरकारी सम्पत्तिको वहाल तथा अन्य आय | २८९७८४७.५० |

| क्र.सं. | संकेत संख्या | शिर्षक | जम्मा राजस्व |
|---|---|---|---|
| ६. | १४१५९ | अन्य स्रोतबाट प्राप्त बाँडफाँट नहुने रोयल्टी | २९११३१९.६८ |
| ७. | १४२१२ | सरकारी सम्पतीको विक्रीबाट प्राप्त रकम | ९७२२४३.०० |
| ८. | १४२१३ | अनय विक्रीबाट प्रात रकम | ६८५४०.०० |
| ९. | १४२२२ | हुलाक सेवा शूल्क | ३४८५६११४८.९६ |
| १०. | १४२२९ | अन्य प्रशासनिक सेवा शूल्क | १६३३९९४.८९ |
| ११. | १४२५१ | कम्पनी रजिष्ट्रेशन दस्तुर | ३२२०.०० |
| १२. | १४३१२ | प्रशासनिक दण्ड,जरिवाना र जफत | ७२०४३५.८५ |
| १३. | १४३१३ | धरौटी सदरस्याहा | २४०२९७.९९ |
| १४. | १४५२९ | अन्य राजस्व | २५५५८६८०६.१८ |
| १५. | १५१११ | बेरूजू | १२४१९०१.१९ |
| **जम्मा** | | | **६२०२८७२९१.८९** |

# ४. सूचना प्रविधि विभाग

## १. परिचय

### १.१ पृष्ठभूमि

सूचना प्रविधिको द्रुततर विकासले मुलुकको शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन तथा व्यापार लगायतका आर्थिक तथा सामाजिक क्षेत्रको दिगो विकास गर्ने अवसरहरू प्रदान गरेको छ। सार्वजनिक सेवाहरूको प्रवाहमा प्रभावकारिता हासिल गरी सेवाग्राहीहरूको पहुँचलाई सहज तुल्याई सुशासनलाई सुनिश्चितता प्रदान गर्नका लागि सूचना प्रविधिको उपयोगलाई बढाउनुपर्दछ। सार्वजनिक तथा निजी क्षेत्र दुवैको कार्य क्षमतामा अभिवृद्धि गर्न सूचना प्रविधिको महत्तम उपयोग अपरिहार्य भईसकेको छ। खुला अर्थतन्त्रले निम्त्याएको प्रतिस्पर्धात्मकतालाई सामना गर्न सूचना प्रविधिको प्रयोग सशक्त उपाय हुनसक्दछ। नेपालमा निजी क्षेत्रले सूचना प्रविधिको तीब्र गतिले उपयोग गर्दै आएका छन्। यसबाट निजी क्षेत्रको कार्यसम्पादनस्तरमा उल्लेख्य अनुपातमा अभिवृद्धि हुन सकेको छ। तर निजी क्षेत्रमा सूचना प्रविधिको बढ्दो प्रयोगलाई विश्वसनीय तुल्याउन नियमनको प्रभावकारी व्यवस्था भने हुन सकेको छैन। केन्द्रदेखि स्थानीय स्तरसम्म निजी क्षेत्रअन्तर्गत सूचना प्रविधिको बढ्दो उपयोगलाई व्यवस्थित रूपले प्रवर्द्धन गरी सम्भावित अपराधको जोखिमलाई न्यूनीकरण गर्न एवम् सोबाट आउन सक्ने विकृतिहरू नियन्त्रण गर्न प्रभावकारी नियमनको लागि आधिकारिक संरचनागत संयन्त्रको अभाव रहेको छ। नेपालमा सूचना प्रविधि क्षेत्रको दक्ष जनशक्तिहरू उत्पादन भइरहेकोमा यी जनशक्तिहरू अन्य विकसित देशमा पलायन हुने बढ्दो दर यस क्षेत्रको ठूलो चुनौतीको रूपमा रहेको छ। स्वदेशी सूचना प्रविधि उद्योगलाई प्रोत्साहन गर्दै विकास गर्न सकेमा देशबाट पलायन भएका दक्ष जनशक्तिलाई फिर्ता गर्न तथा छिमेकी मुलुकहरूमा जस्तै यस क्षेत्रलाई आर्थिक विकास तथा रोजगारी सिर्जनाको प्रमुख क्षेत्रको रूपमा स्थापित गर्न सक्ने प्रचुर सम्भावना रहेको छ।

सूचना प्रविधि नेपालको भौगोलिक विषमताबाट सिर्जित विकासका चुनौतीको सामना गर्ने एउटा सशक्त पूर्वाधारको रूपमा समेत स्थापित हुनसक्ने देखिन्छ। यसका लागि आउँदा वर्षहरूमा सूचना प्रविधिमा पहुँच हुने र नहुने बीचको दूरी घटाउदै जानु आवश्यक छ। सूचना प्रविधिलाई यथासम्भव समतामूलक र समावेशी हुने गरी दुर्गमक्षेत्र, दलित, जनजाति, महिला, अपाङ्ग र ज्येष्ठ नागरिकहरूको पहुँचसम्म विस्तार गरी क्षेत्रीय सन्तुलन कायम राखी प्रविधिको विकास र उपयोगद्वारा सामाजिक एवम् आर्थिक विकास, रोजगारीको सृजना, गरिबी न्यूनीकरण, सूचना एवम् ज्ञानमा आधारित समाजको निर्माण तथा विद्युतीय शासनमा रूपान्तरण गर्दै सरकारी सेवा तथा सूचनामा जनताको सहज पहुँच पुऱ्याउनु आजको आवश्यकता हो।

## १.२ स्वरूप र प्रकृति

विद्युतीय सरकार एवम् सुशासनको अवधारणालाई कार्यान्वयन गर्न नेतृत्वदायी र समन्वयकारी भूमिका निर्वाह गर्न, सूचना प्रविधिलाई ग्रामीण जनस्तरमा पुऱ्याई यसको प्रयोगबाट प्राप्त हुने लाभांशमा सबैको पहुँच सुनिश्चित गर्न, विद्युतीय स्वरूपमा रहेका सरकारी तथ्याङ्कलाई सुरक्षित राख्न, सूचना प्रविधिको क्षेत्रमा अध्ययन, अनुसन्धान कार्य गर्ने, गराउन, सूचना प्रविधि उद्योगको प्रवर्द्धन तथा विकास गर्दै रोजगारीका अवसरहरू सिर्जना गर्न, सूचना प्रविधिको अन्तराष्ट्रिय प्रयास तथा विकासमा पहुँच पुऱ्याई नेपालमा उपयोग गर्ने वातावरण सृजना गर्न, सूचना प्रविधि क्षेत्रमा नेपाल सरकारको नेतृत्वदायी निकायको रूपमा काम गर्न, सूचना प्रविधि क्षेत्रमा उपयुक्त मानव संशाधन विकास गर्न, समन्वय, सहयोग र सहजीकरण गर्नलगायतका सूचना प्रविधिको अनुसन्धान उपयोग तथा नियमनलगायतका कार्यहरू प्रभावकारी ढंगले सम्पादन गर्ने गरी महानिर्देशकअन्तर्गत तीनवटा शाखासहित जम्मा ३५ जना कर्मचारीहरू रहने गरी सूचना प्रविधि विभाग गठन भएको थियो। नेपाल सरकार मन्त्रिपरीषद्को मिति २०८०/१०/०९ को निर्णयानुसार यस विभागको संगठन संरचना परिवर्तन भई महानिर्देशक अन्तर्गत उपमहानिर्देशक, चार शाखासहित जम्मा ३९ जना कर्मचारीहरूको दरबन्दी स्वीकृत भई कार्यान्वयनमा आएको छ।

## १.३ काम, कर्तव्य र अधिकार

सूचना प्रविधि विभागको संगठनात्मक संरचना तथा कार्यविवरणका आधारमा निम्न वमोजिमका काम, कर्तव्य र अधिकारहरू निर्धारण गरिएको छ।

- सूचना प्रविधिको क्षेत्रमा सरकारको केन्द्रीयस्तरको कार्यान्वयन निकायको भूमिका निर्वाह गर्ने।
- सूचना प्रविधिको उपयोगमा अन्तरनिकाय समन्वयकर्ताको कार्य गर्ने।
- नेपाल सरकारको विभिन्न निकायहरूमा सूचना प्रविधिको प्रयोगलाई विश्वसनीय एवम् सुरक्षित
- तुल्याउने।
- मुलुकमा विद्युतीय सुशासन (e-governance) व्यवस्थालाई उत्तरदायीपूर्ण तुल्याई शासन प्रणालीको तल्लो तहसम्म विस्तार गर्नमा सहजीकरण गर्ने।
- सूचना प्रविधिको क्षेत्रमा रोजगारीका अवसरहरू विस्तार गर्ने।

- सरकारी निकायहरूलाई आ-आफ्नो क्षेत्रमा सूचना एवम् सेवा प्रवाहमा प्रभावकारिता ल्याउन सूचना प्रविधिमा आधारित रणनैतिक अवधारणा एवम् कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न उत्प्रेरित गर्ने।
- सरकारी निकायका सूचना प्रविधिजन्य कार्यहरूमा एकरूपमा (Standardization) ल्याउनका लागि नेपाल सरकारद्वारा Develop गरिएको Government Enterprise Architecture (GEA) लाई प्राथमिकता साथ लागु गर्ने।
- मन्त्रालयको मार्गनिर्देशनमा रही अन्तर्राष्ट्रियस्तरमा प्रचलित सूचना प्रविधिबारे अध्ययन अनुसन्धान गरी उपयुक्त प्रविधिलाई मुलुकको आर्थिक–सामाजिक विकासको क्षेत्रमा प्रयोगमा ल्याउने।
- विद्युतीय कारोबारलगायत अन्य क्षेत्रलाई मुलुकभित्र व्यवस्थित ढंगले विस्तार गर्ने।
- सूचना प्रविधिको क्षेत्रमा सरकारी तथा निजी क्षेत्रको सहकार्य तथा साझेदारीलाई प्रवर्धन गर्ने।
- सूचना प्रविधि क्षेत्रमा जनताको पहुँच अभिवृद्धि गर्ने।
- परम्परागत सूचना प्रविधिको आधुनिकीकरण गरी प्रयोगमा ल्याउने।
- विद्यालय शिक्षामा सूचना प्रविधिको पठनपाठनको व्यवस्था गर्ने।
- सूचना प्रविधिको क्षेत्रमा संख्यात्मक र गुणात्मक हिसाबले जनशक्तिको विकास गर्ने।
- सूचना प्रविधिसम्बन्धी प्राविधिकहरूका लागि आवश्यक मापदण्डहरू (Code & Specifications) तयार गरी निकायगत सबलीकरण गर्ने। सूचना प्रविधिको क्षेत्रमा कार्यरत जनशक्तिको वृत्ति विकास तथा सक्षमता अभिवृद्धि गर्ने।

## १.४ सङ्गठन संरचना र दरबन्दी तेरिज

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८०/१०/०९ को निर्णयानुसारको संगठानात्मक संरचनाअनुसानर सूचना प्रविधि विभागको लागि माथि उल्लेख भएअनुसारको कार्यक्षेत्र एवम् जिम्मेवारी पूरा गर्न तदनुरूपको सँगठनात्मक संरचना, दरबन्दी तथा कार्य विवरण, निश्चित गरिएको छ। सूचना प्रविधि विभागलाई तत्काल कार्यान्वयनमा ल्याउन विभिन्न स्तरका गरी जम्मा ३९ जनाको दरबन्दी कायम गरिएको छ। सूचना प्रविधि विभागको सँगठनात्मक संरचनाअन्तर्गत चारवटा शाखाहरू रहेका छन। विभागको सङ्गठन संरचना र दरबन्दी तेरीज अनुसूचीमा संलग्न गरिएको छ।

सूचना प्रविधि विभागको लागि माथि उल्लेख भए अनुसारको कार्यक्षेत्र एवम् जिम्मेवारी पूरा गर्न तदनुरूपको संगठनात्मक संरचना, दरबन्दी तथा कार्य विवरण, निश्चित गरिएको छ। सूचना प्रविधि विभागलाई तत्काल कार्यान्वयनमा ल्याउन विभिन्न श्रेणीका गरी जम्मा ३९ जनाको दरबन्दी कायम गरिएको छ। सूचना प्रविधि विभागको संगठनात्मक संरचनाअन्तर्गत निम्न बमोजिम चार वटा शाखा हरू रहेका छन्:-

- ❖ प्रणाली परीक्षण शाखा
- ❖ प्रणाली विकास तथा सञ्चालन शाखा
- ❖ प्रशासन तथा जनशक्ति विकास शाखा
- ❖ पूर्वाधार विकास अनुमति तथा मापदण्ड निर्धारण शाखा

## १.५ विभागको कार्यसम्पादनसँग सम्बन्धित नीति, कानून, निर्देशिका, मापदण्डहरू

- सूचना तथा सञ्चार प्रविधि नीति, २०७२
- विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३
- विद्युतीय कारोबार नियमावली, २०६४
- सरकारी निकायमा विद्युतीय पत्राचार (ईमेल) व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७५
- सरकारी निकाय सञ्चालन सम्बन्धी एकीकृत विद्युतीय प्रणाली निर्देशिका, २०७८
- सरकारी कार्यालयको वेबसाईट निर्माण तथा व्यवस्थापन सम्बन्धी निर्देशिका , २०७८
- नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा संचालन) निर्देशिका, २०७१
- सूचना, प्रविधि पार्क (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७२
- ई-भिलेज कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि – २०७०
- सूचना प्रविधि मैत्री विद्यालय (Smart School) सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५
- सरकारी निकायका मोवाइल एप्पहरूको मापदण्ड – २०७५

## २. प्रगति

### २.१ विगत पाँच आर्थिक वर्षको वित्तीय विवरण

| आ.व. | बजेट | | खर्च (रू) | |
|---|---|---|---|---|
| | चालु | पूँजीगत | चालु | पूँजीगत |
| २०७६/०७७ | ५२८००००० | ९६००००० | २५८९०००० | ५९९३०००० |
| २०७७/०७८ | ३९२००००० | २७६६००००० | २५११२९७० | २०९१७४१२ |
| २०७८/०७९ | ३,४२,९२,००० | १९,४५,००,००० | २,८७,१४,००० | १६,०२,४४,०० |
| २०७९/०८० | ४,३९,४६,००० | १५,७९,००,००० | ३,८४,२६,००० | १३,४८,०५,००० |
| २०८०/०८१ | ५,०४,००,००० | ११,३९,००,००० | ४,१३,४०,००० | ४,६२,९७,००० |

### २.२ आ.व. २०८०/०८१ को वार्षिक विनियोजन, खर्च, वित्तीय र भौतिक प्रगति

| आ.व. | वार्षिक विनयोजन | | कुल वार्षिक खर्च | | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | चालु | पूँजीगत | चालु | पूँजीगत | वित्तीय | भौतिक |
| २०८०/०८१ | ५०४ | ११३९ | ४१३.४० | ४६२.९७ | ५३.३४% | ८२% |

### २.३ आ.व. २०८०/०८१ को मुख्य मुख्य कार्यक्रम र प्रगति

क) एकीकृत एस.एम.एस. गेटवे (SMS Gateway) मा माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्रीज्यूबाट मिति २०७८/०९/०७ गते शुभारम्भ भई हालसम्म ८४ वटा निकायहरूद्वारा जम्मा २,८९,४२,२५६ वटा SMS प्रणाली मार्फत पठाइएको।

ख) कागजरहित सरकारको प्रवर्द्धन गर्न "सरकारी निकाय सञ्चालन सम्बन्धी एकीकृत विद्युतीय प्रणाली निर्देशिका, २०७८" स्वीकृत भई मिति २०७९/०१/०५ को राजपत्रमा प्रकाशित भएको। हाल

एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS), सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र अन्तर्गतका सबै विभागहरूमा कार्यान्वयनमा रहेको। चालु आ.व. २०८०/८०१ मा ११६ वटा निकायहरू यस प्रणालीमा आवद्ध भई ७७ वटा निकायले प्रणाली मार्फत काम प्रारम्भ गरिसकेका छन्।

ग) सरकारी कार्यालयको वेबसाइट निर्माण तथा व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७८ मा उल्लेख भए अनुसार सबै सरकारी कार्यालयहरूको वेबसाइटमा एकरूपता कायम गर्न ती निकायले प्रयोग गर्नुपर्ने वेबसाइटको Common Template निर्माणको कार्य सम्पन्न भएको छ। हालसम्म यस प्रणालीमा ३०९ वटा निकायहरू आवद्ध रहेका मध्ये ८२ वटा निकायका वेवसाइट लाइभ भइसकेको।

घ) साझा पूर्वाधार मार्फत सरकारी निकायहरूलाई कम लागतमा तुरुन्त सर्भर, स्टोरेज र नेटवर्क उपलब्ध गराउँदै आएको सरकारी क्लाउडमा हालसम्म ३४५ सरकारी निकायहरूका लागि उक्त निकायका सूचना प्रविधि प्रणाली सञ्चालन (host) गर्न स्रोत (resource) उपलब्ध गराइएको। जसमा ८६९ virtual Machine हरू संचालनमा रहेको।

ङ) विभागद्वारा संचालित Web Based Centralized E-attendance System अन्तर्गत हालसम्म वितरण गरिएकाको विवरण:-

a. निकायहरू =३५४९
b. उपकरणहरू (Active) = ४५०४
c. रजिष्टर्ड कर्मचारीहरू = ६३००७

च) आ.व. २०८०/८१ मा विभिन्न सरकारी निकायहरूका ६४ सरकारी निकायहरूका ९३ वटा सूचना प्रणालीहरूको Security Audit सम्पन्न भएको। हालसम्म ३१८ वटा विभिन्न सरकारी निकायहरूको ४७० वटा प्रणालीहरूको Security Audit गरी सुरक्षित बनाउन आवश्यक सुझाव सहित प्रतिवेदन दिइएको छ।

## ३. बेरूजूफछ्यौट सम्बन्धी विवरण

| २०७९/८० सम्मको जम्मा बेरूजूलगत (रु हजारमा) | लेखा परिक्षण अवधि सम्मको फछ्यौट रकम | बेरूजूबाँकी | फछ्यौट (%) |
|---|---|---|---|
| ३५,०२,०००।०० | ६,६९,००० | २८,३३,०००।०० | २३% |

## ४. अवसर र चुनौतीहरू

**अवसर**

- नेपाल सरकारका निकायहरूमा विद्युतीय हाजिरी प्रयोग र विस्तार गर्ने,
- डिजिटल नेपाल फ्रेमवर्कअन्तर्गत कागजरहित सरकारको अवधारणलाई सहयोग पुऱ्याउने ,
- सूचनाको हक कार्यान्वयन तथा सेवा प्रभाहमा पारदर्शिता कायम गर्ने,
- विद्युतीय सुशासन प्रवर्द्धन गर्ने,
- छिटो, छरितो, पारदर्शी सेवा प्रवाहका लागि सूचना प्रविधिको प्रयोग व्यापकरूपमा बढ्नु।

**चुनौतीहरू**

- दरवन्दीअनुसारको कर्मचारीको जनशक्तिको पदपूर्ती व्यवस्थापन गर्नु,
- भौतिक पूर्वाधारको विकास गर्नु।
- सूचना प्रविधिको सुरक्षित प्रयोग गर्नु।

## ५. राजस्व

यस आ.व. २०८०/०८१मा बोलपत्र विक्री तथा अन्य शीर्षकमा संकलन भएको राजस्व रू. ७,०७,७७७/- रकम प्राप्त गरिएको।

# ५. मुद्रण विभाग

## १. परिचय

### १.१ पृष्ठभूमि

नेपालको इतिहासमा छापाखानाको सुरुवात वि.सं. १९०८ मा तात्कालीन प्रधानमन्त्री श्री जंगबहादुर राणाले बेलायतबाट उपहारस्वरूप ल्याएको अमेरिकामा निर्मित हाते मेसिनबाट भएको पाइन्छ। जसलाई गिद्धे प्रेसको नामले काठमाडौंको थापाथलीमा राखी मुद्रण गर्ने गरिएको थियो। पछि यसको नाम परिवर्तन गरी टाइप छापाखानाको रूपमा स्थापना गरियो। वि.सं. १९५८ सालमा टाइप छापाखाना र पशुपति छापाखाना मिलाएर काठमाडौंको धर्मपथमा गोरखापत्र छापाखानाको स्थापना भयो। त्यसपछि यो छापाखानाले सरकारी कामको साथसाथै गोरखापत्र साप्ताहिक प्रकाशन सुरु गऱ्यो। पछि गएर गोरखापत्र दैनिकरूपमा प्रकाशन हुन थाल्यो। वि.सं. २०२० सालमा गोरखापत्र प्रकाशनका लागि छुट्टै छापाखानाको स्थापना भयो। वि.सं. २०३१ सालमा अलग-अलग प्रकृतिको दुई निकाय भएको र स्थानको अभाव भएको कारणले गर्दा धर्मपथमा गोरखापत्र संस्थानलाई छाडी सिंहदरबारभित्र ३० रोपनी जग्गामा उपर्युक्त भवन बनाई सुरक्षण मुद्रणालय स्थापना गर्ने उद्देश्य लिई सञ्चार मन्त्रालयअन्तर्गत नेपाल सरकारको छापाखानाको रूपमा नेपाल राजपत्रको प्रकाशन तथा सरकारी बजेट लगायत अन्य सुरक्षण मुद्रणसम्बन्धी छपाइ सामग्रीहरूको छपाइकार्य गर्दै आइरहेको थियो। मिति २०४५ सालमा मुद्रण तथा प्रकाशन विभाग भनी नामाकरण गरिएकोमा मिति २०४९।५।२४ को निणर्यअनुसार मुद्रण विभागको नामले यस विभागको स्थापना भएको पाइन्छ। हाल यस विभागबाट नेपाल सरकारका नीति, नियम, ऐन, अध्यादेश, सन्धि-सम्झौता, बजेट, गजेट (राजपत्र) जस्ता महत्त्वपूर्ण सरकारी निणर्यहरू तथा अन्य सरकारी दस्तावेजहरूका साथै नेपाल सरकारको सुरक्षण मुद्रणसम्बन्धी कार्यहरू र मुद्रणसम्बन्धी आवश्यक परामर्श सेवा प्रदान गर्दै आइरहेको छ।

### १.२ विभागको स्वरूप र प्रकृति

मुद्रण विभाग सञ्चार तथा सूचना प्रविधि मन्त्रालय अन्तर्गत नेपाल सरकारको आधिकारिक छापाखानाको रूपमा मुद्रण सम्बन्धी कार्य गर्ने केन्द्रीयस्तरको निकाय हो। नेपाल सरकारका निणर्यहरू सर्वसाधारण नागरिकसम्म पुऱ्याउन राजपत्र मुद्रित गर्ने सरकारी निकाय मुद्रण विभाग नेपाल सरकारको आधिकारिक निकाय हो। मुद्रण विभागले ऐन, नियमहरू लगायत अन्य सरकारी निर्णयहरू राजपत्रको रूपमा नियमित प्रकाशित गरी नागरिकको सूसुचित हुने अधिकारको प्रत्यभूति गरेको छ।

सरकारको बजेट वक्तव्य, आय व्यय विवरण, आर्थिक सर्वेक्षण, आर्थिक विधेयक, भिसा स्टिकरहरू, वैदेशिक रोजगार अनुमति स्टिकर (Foreign employment permit) नेपाली नागरिकताको प्रमाणपत्र, विभिन्न विश्वविद्यालयको प्रश्नपत्र, शैक्षिक उपाधि प्रमाणपत्र, राजस्व रसिदहरू, विभिन्न संवैधानिक निकायका वार्षिक प्रतिवेदन, राष्ट्र प्रमुखहरूको गोप्य कार्यक्रम तालिकाहरू छपाइ गर्नुका साथै सरकारी, अर्द्धसरकारी निकायहरूबाट अनुरोध भई आउने छपाइ सामग्रीहरूलाई तोकिएको समयमा गुणस्तरीय सेवा उपलब्ध गराउँदै आएको छ। अर्कोतर्फ विभिन्न निकायहरूलाई छपाइसम्बन्धी राय सुझाव सल्लाह तथा मुद्रण प्रविधिसम्बन्धी विशेषज्ञता सेवा उपलब्ध गराउँदै आएको छ।

### १.३ विभागको काम, कर्तव्य र अधिकार

यस विभागको मुख्य काम भनेको नेपाल राजपत्र प्रकाशन तथा वितरण गर्ने, नेपाल सरकारको बजेटलगायतका गोप्य र महत्त्वपूर्ण दस्तावेजहरू छपाइ गर्ने एवम् नेपाल सरकार तथा सबै सरकारी निकायका आवश्यक सामग्रीहरू छपाई गर्ने रहेको छ। यसका अलावा मुद्रण सेवा सञ्चालन तथा व्यवस्थापन, मुद्रण सम्बन्धी परामर्श सेवा दिने र नेपाल सरकारको सुरक्षण मुद्रणसम्बन्धी कार्य समेत गर्दै आएको छ।

## २. प्रगति

### २.१ विगत पाँच आर्थिक वर्षको वित्तीय विवरण

यस विभागको विगत पाँच आर्थिक वर्षमा वित्तीय विवरण यसप्रकार रहेको छ।

| आ.व. | विनियोजित रकमको विवरण | | खर्चको विवरण | |
|---|---|---|---|---|
| २०७६/०७७ | चालु | ७,३७,४५,१३५.००/- | चालु | ६,३२,४६,२८३.००/- |
| | पूँजीगत | ४,०४,००,०००.००/- | पूँजीगत | ११,९३,६३५.००/- |
| | कुल बजेट | ११,४१,४५,१३५.००/- | कुल खर्च | ६,४४,३९,९१८.००/- |
| २०७७/०७८ | चालु | ७,८१,५८,०००.००/- | चालु | ६,३३,२७,८२४.००/- |
| | पूँजीगत | ८६,७५,०००.००/- | पूँजीगत | ६६,७६,८५६.००/- |
| | कुल बजेट | ८,६८,३३,०००.००/- | कुल खर्च | ७,००,०४,६८०.००/- |

| आ.व. | विनियोजित रकमको विवरण | | खर्चको विवरण | |
|---|---|---|---|---|
| २०७८/०७९ | चालु | ८,३६,००,०००.००/- | चालु | ६,०४,२४,८४९.००/- |
| | पूँजीगत | ८५,२५,०००.००/- | पूँजीगत | ५०,३४,२७०.००/- |
| | कुल बजेट | ९,२१,२५,०००.००/- | कुल खर्च | ६,५४,५९,११९.००/- |
| २०७९/०८० | चालु | ८,८९,४८,०००.००/- | चालु | ८,४४,४२,२०१.००/- |
| | पूँजीगत | ३७,००,०००.००/- | पूँजीगत | २७,९२,६०५.००/- |
| | कुल बजेट | ९,२६,४८,०००.००/- | कुल खर्च | ८,७२,३४,८०६.००/- |
| २०८०/०८१ | चालु | ९,५१,१७,०००.००/- | चालु | ८,४३,८२,०९४.६४/- |
| | पूँजीगत | १,१२,००,०००.००/- | पूँजीगत | १,०२,२१,७७३.००/- |
| | कुल बजेट | १०,६३,१७,०००.००/- | कुल खर्च | ९,४६,०३,८६७.६४/- |

## २.२ आ.व. २०८०/०८१ को वार्षिक विनियोजन, खर्च, वित्तीय र भौतिक प्रगति

यस विभागको आ.व. २०८०/०८१ को वार्षिक विनियोजन, खर्च, वित्तीय र भौतिक प्रगतिको विवरण यसप्रकार रहेको छ।

| विवरण | चालु | पूँजीगत | जम्मा |
|---|---|---|---|
| विनियोजन | ९,५१,१७,०००.००/- | १,१२,००,०००.००/- | १०,६३,१७,०००.००/- |
| खर्च | ८,४३,८२,०९४.६४/- | १,०२,२१,७७३.००/- | ९,४६,०३,८६७.६४/- |
| *खर्च प्रतिशतमा* | ८८.७१ | ९१.२६ | ८८.९८ |

**विभागको वार्षिक वित्तीय तथा भौतिक प्रगति यसप्रकार रहेको छ।**

| वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|
| ८८.९८ | ९९.४१ |

### २.३ उल्लेखनीय कार्य

- लुम्बिनी प्रदेशको उद्योग तथा यातायात व्यवस्था मन्त्रालय, राप्ती उपत्यका देउखुरिको जम्मा १,००,००० (एक लाख) थान सवारी दर्ता प्रमाणपत्र (ब्लुबुक) छपाइ कार्य सम्पन्न भएको।
- नेपाल राजपत्र सेवाग्राही रजिस्ट्रेशन व्यवस्थापन पोर्टल (नेपाल राजपत्रको अनलाइन ग्राहक दर्ता प्रणाली) सञ्चालनमा ल्याइएको।

## ३. बेरूजू फछ्र्यौटसम्बन्धी विवरण

यस विभागको आ.व. २०८०/०८१ सम्मको वेरुजु फछ्र्यौटको विवरण यसप्रकार रहेको छ।

- ❖ कुल बेरूजू ६८-/३९७,७५,
- ❖ फछ्र्यौट ०-/
- ❖ बाँकी बेरूजू ६८-/३९७,७५,

## ४. अवसर र चुनौतीहरू

**अवसर**

- नेपाल सरकार एवम् अन्य निकायबाट हुने छपाइको सुरक्षा तथा गोपनीयताको प्रत्याभूति हुनु।
- अत्याधुनिक उपकरणको उपलब्धता।
- कार्यरत कर्मचारीहरूमा प्राविधिक सीपसम्बन्धी क्षमता अभिवृद्धि हुनु।
- छपाइका लागि प्राप्त सामाग्रीको छपाइ कार्य निर्धारित समय र गुणस्तरमा गर्नु।

**चुनौती**

- विभागले समायनुकुल प्रविधि ग्रहण गर्दै नेपाल सरकारका मुद्रण सम्बन्धी कार्यहरूमा आफ्नो क्षमता प्रदर्शन गर्नु।
- समयको माग अनुसार सीपयुक्त तथा प्रविधि मैत्री कार्य गर्ने जनशक्ति विकास गर्नु।
- मन्त्रालयहरू तथा सरकारी कार्यालयहरूका छपाइ सम्बन्धी कार्यहरू बढी भन्दा बढी आकर्षित गर्नु।
- विभागका कर्मचारीहरूको उत्प्रेरणा सुनिश्चित गर्नु।
- संघीय संरचना अनुरूप सबै तहबाट प्रकाशन हुने राजपत्रको सहजीकरण तथा नियमन गर्ने मूल संगठनको रूपमा स्थापित हुनु।

## ५. राजस्व र आय

यस विभागले आ.व. २०८०/०८१ मा संकलन गरेको राजस्वको वर्गीकरण र प्राप्त रकम यसप्रकार रहेको छ।

| क. सं. | विवरण | प्राप्त रकम |
|---|---|---|
| क) | सरकारी सम्पत्तीको विक्रीबाट प्राप्त रकम | १,६५,०००.०० |
| ख) | अन्य विक्रीबाट प्राप्त रकम | १,६८,७५,७१४.९६ |
| ग) | परीक्षा शुल्क | ३,०००.०० |
| ग) | अन्य प्रशासनिक सेवा शुल्क | १५,०००.०० |
| घ) | बेरूजू फछ्यौंटबाट प्राप्त | ११.०० |
| जम्मा | | १,७०,५८,७२५.९६ |

# ६. सूचना तथा प्रसारण विभाग

## १. परिचय

### १.१ पृष्ठभूमि

सूचना तथा प्रसारण विभागको स्थापना राणा प्रधानमन्त्री मोहनसमशेरको पालामा वि.सं २००५ सालमा "प्रचार विभाग"को नाममा भएको हो। प्रचार विभाग, प्रेस सूचना विभाग, प्रचार–प्रसार विभाग, सूचना विभाग हुँदै विभिन्न समयमा नाम तथा कार्यजिम्मेवारीमा परिवर्तन हुँदै आएकोमा पछिल्लो समय २०७५ वैशाख ४ गतेको नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार सूचना तथा प्रसारण विभाग कायम भएको छ।

### १.२ विभागको स्वरूप र प्रकृति

विभागले प्रारम्भदेखि नै नेपालको भौगोलिक अवस्था, इतिहास, पुरातात्विक सम्पदा, कला, संस्कृति, भेषभूषा, रीतिरिवाज, चाडपर्व तथा नेपालका अन्य विविध पक्ष सम्बन्धी सूचनाहरू प्रचार प्रसार गर्ने र विश्वसामु नेपालको पहिचान गराउँदै आएको छ। विभागले मुख्यत: छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०४८, छापाखाना तथा प्रकाशन सम्बन्धी नियमावली, २०४९, राष्ट्रिय प्रसारण ऐन, २०४९, राष्ट्रिय प्रसारण नियमावली, २०५२, रेडियो ऐन, २०१४ र रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ र मन्त्रालयबाट विभिन्न मितिमा प्रत्यायोजित अधिकारको परिधिभित्र रही काम कारबाही गर्ने र कार्यान्वयन गराउने कार्य गर्दछ। यस बाहेक नेपाल सरकारको आधिकारिक फोटोग्राफीको कार्य पनि विभागबाट हुँदै आएको छ।

### १.३ निकायको काम, कर्तव्य र अधिकार

#### (क) काम र कर्तव्य

- नेपाल सरकार र पत्रकारजगत बीच सम्पर्कसूत्रको रूपमा रहेर काम गर्ने समेतको जिम्मेवारी पूरा गर्ने क्रममा हाल सूचना तथा प्रसारण विभागले देहायका कार्यहरू गर्दै आएको छः
- नेपाल सम्बन्धी विविध सूचनामूलक पुस्तकहरू, नेपाल परिचय, 'नेपाल' द्वैमासिक पत्रिका, मिडिया डाइरेक्टरी, क्यालेण्डर तथा डायरी, नेपालः विविधतामा एकता (Nepal : Unity in Diversity) लगायतका सामग्रीहरू प्रकाशन एवम् वितरण गर्ने।
- स्वदेशी तथा विदेशी सञ्चार माध्यमका प्रतिनिधिहरूलाई प्रेस प्रतिनिधि प्रमाणपत्र तथा परिचयपत्र प्रदान गर्ने र नवीकरण गर्ने। सञ्चार प्रतिष्ठानका अध्यक्ष, प्रकाशक, व्यवस्थापक र प्रबन्ध निर्देशकको रूपमा काम गर्ने व्यक्तिका लागि पदको परिचयपत्र प्रदान गर्ने।
- अनलाइन सञ्चार माध्यम दर्ता तथा प्रमाणपत्र वितरण र नवीकरण गर्ने।
- नेपालमा दर्ता भई प्रकाशन हुने सबै पत्रपत्रिकाहरूको विवरण अध्यावधिक गर्ने।

- कार्यविधि तथा निर्देशिकामा व्यवस्था भएबमोजिम पत्रकार कल्याण एवम् पत्रकार सुरक्षा कार्यक्रमहरू (जस्तैः पत्रकार दुर्घटना बीमा कार्यक्रम, ज्येष्ठ पत्रकार वृत्ति लगायत) को व्यवस्था गरी पत्रकारहरूको जीवन सुरक्षा गर्ने।
- आधारभूत तथा सेवाकालीन पत्रकारिता तालिम प्रदान गर्ने।
- विभिन्न सञ्चारगृहमा कार्यरत श्रमजीवि पत्रकारहरूलाई परेका पीरमर्का, गुनासा, उजुरी तथा सुविधा आदि विषयमा श्रमजीवि पत्रकार सम्बन्धी ऐनअनुरूप कार्यान्वयन गर्ने।
- सूचना प्रवाह र पत्रकारितासँग सम्बन्धित विषयमा पत्रकार भेटघाट, पत्रकार सम्मेलन, गोष्ठी, अन्तर्क्रिया, छलफल आदि कार्यक्रम आयोजना गर्ने।
- राज्य एवम् सरकार प्रमुख तथा अन्य विशिष्ट व्यक्तिको विदेश प्रस्थान तथा आगमनको अवसरमा पत्रकारहरूलाई व्यवस्थित गर्ने एवम् सम्पर्क अधिकारीको रूपमा कार्य गर्ने।
- पत्रकारहरूका लागि परिचयपत्र स्थानीयस्तरमा पुगी प्रदान गर्न घुम्ती शिविर कार्यक्रम सञ्चालन गर्ने।
- विदेशी राष्ट्राध्यक्ष, सरकार प्रमुख तथा अन्य विशिष्ट व्यक्तिहरूको नेपाल भ्रमणको अवसरमा नेपालमा आयोजना हुने अन्तर्राष्ट्रिय सम्मेलन एवम् महत्वपूर्ण अवसरहरूमा आवश्यकता अनुसार 'मिडिया सेन्टर' को व्यवस्था गर्ने।
- विदेशी पत्रकारहरूको टोली नेपाल भ्रमणमा आउँदा तोकिएअनुसार स्वागत कार्यक्रमको आयोजना गर्ने।
- नेपाल सरकारको औपचारिक फोटोग्राफरको रूपमा कार्य गर्ने र फोटोग्राफीको अध्यावधिक अभिलेख राख्ने। विशेष पर्व र समयमा फोटो प्रदर्शनीको आयोजना गर्ने र माग भएका फोटोहरू वितरण गर्ने।
- रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम रेडियो यन्त्रको लाइसेन्स जारी गर्ने।
- रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम एमेच्योर रेडियोको लाइसेन्स जारी गर्ने।
- रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम रेडियो यन्त्र बिक्री-वितरणको लाइसेन्स जारी गर्ने।
- रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम रेडियो यन्त्रको लाइसेन्स नवीकरण, हक हस्तान्तरण तथा लगत कट्टा गर्ने।
- रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम रेडियो यन्त्रको स्थलगत प्राविधिक निरीक्षण गरी स्वीकृत मापदण्ड बमोजिम सञ्चालन गरे वा नगरेको यकीन गर्ने।
- रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम रेडियो संयन्त्रहरूको आयात सिफारिस गर्ने।

- राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम प्रसारण संस्थाहरूलाई इजाजतपत्र र अनुमतिपत्र जारी गर्ने।
- राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम डिजिटल प्रणालीमा परिवर्तन गर्न स्वीकृति दिने।
- राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम भू–उपग्रह प्रसार केन्द्रको स्थापना गरी वा स्याटेलाईट वितरण प्रणालीको माध्यमबाट कार्यक्रम प्रसारण गर्न, कार्यक्रम डाउनलिंक तथा सिग्नल वितरण गर्नको लागि अनुमतिपत्र जारी गर्ने।
- राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम इजाजतपत्र वा अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित संस्थाले प्रशारण प्रारम्भ गर्ने अवधि थप गर्ने।
- राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम विदेशी प्रसारण संस्था वा सञ्चार माध्यमलाई प्रसारण समय उपलब्ध गराउने।
- राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम इजाजतपत्र तथा अनुमतिपत्रको विवरण बदल्ने, अवधि थप र नवीकरण गर्ने।
- राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम इजाजतपत्र वा अनुमतिपत्रको प्रतिलिपि दिने।
- राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम निरीक्षण तथा छानविन गर्ने।
- राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम इजाजत अनुमतिपत्र प्राप्त संस्थाहरूको विदेशी मुद्रा सिफारिस गर्ने।
- राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम  विदेशी कार्यक्रमको प्रसारण अधिकारी (फ्रेन्चाइज) वा विदेशी कार्यक्रमको प्रत्यक्ष प्रसारणका लागि स्वीकृति प्रदान गर्ने।

**ख) अधिकार**

१. प्रेस प्रतिनिधि प्रमाणपत्र, परिचयपत्र जारी तथा नवीकरण,
२. अनलाइन सञ्चार माध्यम दर्ता तथा नवीकरण,
३. पत्रपत्रिका तथा पत्रकारको अभिलेख व्यवस्थापन,
४. सार्वजनिक सूचना व्यवस्थापन र वितरण,
५. प्रेस रजिष्ट्रारको कार्यजिम्मेवारी सम्पादन,
६. सरकारी कार्यक्रमहरूको औपचारिक फोटोग्राफी, संग्रह र वितरण,
७. सूचनामूलक तथा ज्ञानवर्द्धक सामग्रीहरू प्रकाशन तथा वितरण,
८. रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम रेडियो यन्त्रको लाइसेन्स जारी, नवीकरण, हक हस्तान्तरण तथा लगत कट्टा गर्ने।
९. रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम रेडियो यन्त्रको स्थलगत प्राविधिक निरीक्षण गरी स्वीकृत मापदण्ड बमोजिम सञ्चालन गरे वा नगरेको एकीन गर्ने।

१०.राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम प्रसारण संस्थाहरूलाई इजाजतपत्र र अनुमतिपत्र जारी गर्ने, नवीकरण गर्ने, प्रसारण अवधि थप गर्ने तथा अनुमतिपत्रको विवरण बदल्ने।

११.राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम डिजिटल प्रणालीमा परिवर्तन गर्न स्वीकृती दिने।

१२.राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम भू–उपग्रह प्रसार केन्द्रको स्थापना गरी वा स्याटेलाईट वितरण प्रणालीको माध्यमबाट कार्यक्रम प्रसारण गर्न, कार्यक्रम डाउनलिंक गर्न तथा सिग्नल वितरणको लागि अनुमतिपत्र जारी गर्ने।

१३.राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम इजाजतपत्र वा अनुमतिपत्रको प्रतिलिपि दिने।

१४.राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम निरीक्षण तथा छानविन गर्ने।

## १.४ सम्वद्ध ऐन, नियम, नीति, गठन आदेश तथा निर्देशिका, कार्यविधि र अन्य कानूनी व्यवस्था

- राष्ट्रिय आम सञ्चार नीति, २०७३
- छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०४८
- श्रमजीवि पत्रकारसम्बन्धी ऐन, २०५१
- राष्ट्रिय प्रसारण ऐन, २०४९
- रेडियो ऐन, २०१४
- सूचनाको हक सम्बन्धी ऐन, २०६४
- प्रेस काउन्सिल ऐन, २०४८
- छापाखाना तथा प्रकाशन सम्बन्धी नियमावली, २०४९
- श्रमजीवि पत्रकारसम्बन्धी नियमावली, २०५३
- रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९
- राष्ट्रिय प्रसारण नियमावली, २०५२
- सूचनाको हक सम्बन्धी नियमावली, २०६५
- अनलाइन सञ्चार माध्यम सञ्चालन निर्देशिका, २०७३
- द्वन्द्वपीडित पत्रकार कल्याण कोष निर्देशिका, २०७०
- पत्रकार दुर्घटना बीमा (व्यवस्थापन) निर्देशिका, २०७०
- पत्रकारिता अनुदान सहयोग सम्बन्धी निर्देशिका, २०६६
- श्रमजीवि पत्रकार सम्बन्धी ऐन बमोजिम प्रेस रजिष्ट्रारले उजुरीउपरका कारबाही तथा विवाद समाधान गर्दा अपनाउने कार्यविधि, २०७१
- प्रेस प्रतिनिधि (प्रमाणपत्र तथा परिचयपत्र) वितरण कार्यविधि, २०७१
- लोककल्याणकारी विज्ञापन प्रकाशन, प्रसारण र रकम भुक्तानी गर्ने कार्यविधि, २०७४
- पत्रकारिता अध्ययनरत विद्यार्थीहरूलाई छात्रावृत्ति वितरण कार्यविधि, २०७४

- बिद्युतीय आम सञ्चार माध्यमहरूलाई वितरण गरिने लोककल्याणकारी विज्ञापन वितरणको मापदण्ड निर्देशिका, २०६६
- पत्रकार वृत्तिकोष स्थापना तथा सञ्चालन निर्देशिका, २०७५
- मन्त्रालयबाट विभिन्न समयमा भएका अधिकार प्रत्योजनका पत्रहरू।

## २. प्रगति

### २.१ आ.व. २०८०/०८१ को वार्षिक विनियोजन, खर्च, वित्तीय र भौतिक प्रगति

| बजेट | विनियोजित रकम (रू. लाखमा) | खर्च (रू. लाखमा) | प्रगति (प्रतिशत) | |
|---|---|---|---|---|
| | | | भौतिक | वित्तीय |
| चालुतर्फ | ४२२ | ३४४.३२ | ३८.९२ | ६०.११ |
| पूँजीगततर्फ | २०२ | ३०.७८ | | |

### २.२ आ.व. २०८०/०८१ को मुख्य मुख्य कार्यक्रम र प्रगति

| क्र.सं. | कार्यक्रम/ क्रियाकलाप | प्रगति विवरण | कैफियत |
|---|---|---|---|
| १. | टिभी तथा एफ.एम.सम्बन्धी उपकरण अनुगमन | टिभी तथा एफ.एम.सम्बन्धी उपकरणको अनुगमन गरी सेवालाई सुचारू तथा नियमित गरिएको। | |
| २. | Upgrading of BRLMS सफ्टवेयर स्तरोन्नति | राष्ट्रिय प्रसारण नियमावली (१२ औं संशोधन) मा व्यवस्था भए बमोजिमका कार्यहरू सफ्टवेयरमा अध्यावधिक गराई प्रसारणको काममा सहजता भएको। | |
| ३. | दुर्गम क्षेत्र कार्यरत पत्रकारहरूको क्षमता अभिवृद्धि कार्यक्रम | दुर्गम क्षेत्र कार्यरत पत्रकारहरूको क्षमता अभिवृद्धि कार्यक्रम तेह्रथुम, रुकुम पश्चिम र ताप्लेजुङ जिल्लामा सम्पन्न गरिएको। | |
| ४. | द्वैमासिक पत्रिका प्रकाशन | सुशासन विशेषांक, संविधान विशेषांक, आर्थिक तथा समसामयिक लेखहरू समेटिएको अंक र विभागसँग सम्बन्धित कानूनहरू गरी चारवटा द्वैमासिक पत्रिका प्रकाशित भएको। | |
| ५. | नेपाल परिचय पुस्तक | नेपालको बारेमा जान्न र सिक्न चाहनेहरूका लागि विषयवस्तु समेटी तयार गरिएको बाह्रौं संस्करण प्रकाशन एवम् वितरण गरिएको। | |

| क्र.सं. | कार्यक्रम/ क्रियाकलाप | प्रगति विवरण | कैफियत |
|---|---|---|---|
| ६. | घुम्ती शिविर कार्यक्रम | तेह्रथुम, रुकुम पश्चिम, रुकुम पूर्व, ताप्लेजुङ र दाङ गरी पाँचवटा जिल्लामा घुम्ती शिविर कार्यक्रम सम्पन्न भई ४०० जना भन्दा बढी पत्रकार लाभान्वित भएको। | |
| ७. | क्यालेन्डर तथा डायरी छपाई | नेपाल सरकारको आधिकारिक क्यालेण्डर र डायरी प्रकाशन गरी नेपाल सरकारका मन्त्रालय र विभागलगायतका नियकाहरूमा वितरण गरिएको। | |
| ८. | पत्रकार दुर्घटना बीमा | सार्वजनिक सूचना प्रकाशित गरी पत्रकार दुर्घटना बीमामा सहभागी हुन आह्वान गरिएकोमा २५ पत्रकार बीमामा सहभागी भएको। | |
| ९. | विविधतामा एकता फोटो पुस्तक प्रकाशन | नेपालको विविध विषय समेटी तस्वीरमा नेपाल झल्कने फोटो पुस्तक प्रकाशन भएको। | |
| १०. | क्षेत्रीय तथा जिल्ला हुलाक कार्यालय अनुगमन निरीक्षण | सूचना तथा प्रसारण विभागबाट हुने केही कामहरू क्षेत्रीय तथा जिल्ला हुलाक कार्यालयबाट समेत हुने हुँदा ती कार्यालयका समस्या र जटिलतालाई निरूपण गर्न अनुगमन र निरीक्षण गरी सहजीकरण गरिएको। | |
| ११. | विभिन्न जिल्लाको मिडिया अनुगमन | जिल्लास्थित मिडिया संस्थामा कार्यरत पत्रकारहरूको वास्तविक अवस्था बुझी सहजीकरण गर्न मिडिया अनुगमन गरिएको। | |
| १२. | प्रसारण संस्थाहरूको अनुगमन तथा प्राविधिक निरीक्षण | प्रसारण संस्थाहरूको अनुगमन तथा प्राविधिक निरीक्षण गरी त्यस्ता संस्थाहरूको सेवा प्रवाहमा निरन्तर सुधार गर्न सहजीकरण गरिएको। | |

## २.३ विभागबाट सम्पादित अन्य कार्यहरू

| क्र.सं. | कार्य विवरण | प्रगति |
|---|---|---|
| १ | प्रेस प्रतिनिधि प्रमाणपत्र वितरण तथा नवीकरण | नयाँ जारी १५९१ |
| | | नवीकरण ३५२३ |
| २ | अनलाइन सञ्चारमाध्यम दर्ता तथा नवीकरण | नयाँ दर्ता ५५६ |
| | | नवीकरण १४९२ |

| क्र.सं. | कार्य विवरण | प्रगति |
|---|---|---|
| ३ | विदेशी मुद्रा सिफारिस | अमेरिकी डलरः ६६१९२०४.९५ |
| | | भारतीय रूपैंयाः ११५४६६५८९.३५ |
| ४ | पत्रकार सम्मेलन, नेपाल सरकार मन्त्रिपरिषद्का निर्णयहरू सार्वजनिकीकरण कार्यक्रम | ४४ |
| ५ | त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अतिविशिष्ट महानुभावहरूको प्रस्थान र आगमनको समयमा पत्रकार समन्वय कार्यक्रम सञ्चालन | नियमित समन्वय र व्यवस्थापन गरिएको (१०) |
| ६ | औपचारिक कार्यक्रमहरूको राष्ट्रपति, चाइना तथा बंगलादेशका राष्ट्र प्रमुखसमेतका कार्यक्रम | ७४ |
| | अनौपचारिक कार्यक्रहरू | २६ |
| ७ | फोटो वितरण निवेदन इमेल, वेवसाइट आदि। | ६३१० |
| ८ | पत्रपत्रिका अस्थायी दर्ता सिफारिस | ११० |
| ९ | पत्रपत्रिका स्थायी दर्ता सिफारिस | ४१<br>(हाल सम्म कुल पत्रिका दर्ता ८०१०) |

## २.४ रेडियो ऐन, २०१४ तथा रेडियो सञ्चार लाइसेन्स नियमावली, २०५९ बमोजिम जारी भएका लाइसेन्स संख्या

| क्र. सं. | विवरण | आ.व. २०७८/०७९ सम्मको | आ.व. २०७९/०८० सम्मको | आ.व. २०८०/८१ को | हालसम्मको जम्मा |
|---|---|---|---|---|---|
| १ | रेडियो यन्त्र विक्री वितरण अनुमतिपत्र | २९३ | ३०७ | ९ | ३१६ |
| २ | एमेच्योर रेडियो यन्त्र लाइसेन्स | ३०३ | ३०५ | २३ | ३२८ |
| ३ | MMDS रेडियो यन्त्रको लाइसेन्स | ३ | ३ | ० | ३ |
| ४ | एफ एम रेडियो यन्त्र लाइसेन्स | १२८० | १३१६ | १३ | १३२९ |
| ५ | HF/VHF/UHF रेडियो यन्त्रको लाइसेन्स | १ | ११३१ | २० | ११५१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | Radio modem/ BBC Receiver/VSAT/STL/Sat phone को लाइसेन्स | १०९४ | २५२ | ७ | २५९ |
| ७ | Satellite Television लाइसेन्सको लाइसेन्स | २५० | २१६ | ५ | २२१ |
| ८ | एमेच्योर रेडियो यन्त्रको अस्थायी लाइसेन्स | २०७ | ४७ | २ | ४९ |
| ९ | Digital Headend को लाइसेन्स | ४३ | ३३ | २ | ३५ |
| १० | DTTB रेडियो यन्त्रको लाइसेन्स | ३१ | ५ | ० | ५ |

## २.५ राष्ट्रिय प्रसारण ऐन, २०४९ तथा राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम जारी भएका इजाजतपत्र/अनुमतिपत्रहरू संख्या

| क्र. सं. | विवरण | आ.व. २०७८/०७९ सम्मको | आ.व. २०७९/०८० सम्मको | आ.व. २०८०/०८१को | हालसम्मको जम्मा |
|---|---|---|---|---|---|
| १. | टेलिभिजनको इजाजतपत्र | २३३ | २४३ | ३ | २४६ |
| २. | एफको इजाजतपत्र.एम. | ११७१ | ११८६ | ७ | ११९६ |
| ३. | आइ.पि.टि.भी. इजाजतपत्र | १६ | १२ | १ | १३ |
| ४. | डिजिटल केबल प्रसारणको इजाजतपत्र | १४ | १४ | ० | १४ |
| ५. | एम.एम.डि.एस. इजाजतपत्र | ३ | ३ | ० | ३ |
| ६. | सिग्नल वितरण इजाजतपत्र | ८ | ८ | १ | ९ |
| ७. | डि टि एच प्रसारणको इजाजतपत्र | ३ | ३ | ० | ३ |
| ८. | स्याटेलाईट रेडियो इजाजतपत्र | १० | १० | ० | १० |

| क्र. सं. | विवरण | आ.व. २०७८/०७९ सम्मको | आ.व. २०७९/०८० सम्मको | आ.व. २०८०/०८१को | हालसम्मको जम्मा |
|---|---|---|---|---|---|
| ९. | सिग्नल डाउनलिंक अनुमतिपत्र | १४१ | १४२ | १ | १४३ |
| १०. | डि.टि.टि.वि इजाजतपत्र | ७ | ७ | ० | ७ |
| ११. | विदेही कार्यक्रमको प्रसारण अधिकार (फ्रेन्चाइज) | १ | ३ | ५ | ८ |

## ३. बेरूजू फछ्र्यौटसम्बन्धी विवरण

| विवरण | जम्मा बेरूजूरकम | फछ्र्यौटका लागि लेखिपठाए को | फछ्र्यौट भएको रकम रू. | कैफियत |
|---|---|---|---|---|
| सूचना तथा प्रसारण विभाग | १९,५७,९३,२१८.९९ | ० | ० | १. नियमित गर्नुपर्ने: रू. ७,४८,४२४.००<br>२. असुल गर्नुपर्ने: रू.१९,५०,४०,७९५.००<br>३. सम्मानित सर्वोच्च अदालतमा मुद्दा विचाराधीन: रू.५,२५,०५,७७५.००<br>४. असुल भई सं.प.बाँकी: रू.१,७२,४१०.००<br>५. बेरूजूनियमित गरी लगत कट्टा गर्न श्रीमान सचिवज्यूबाट मिति २०७९/१०/१५ मा निर्णय भएको: रू.३५,९६,९७४.०० |

# ४. अवसर र चुनौतीहरू

## अवसर

नेपालको संविधान, २०७२ मा रहेको सञ्चारको हक सम्बन्धी व्यवस्था, विद्युतीय सरकारको अवधारणा, सूचना प्रविधिमा भएको विकास, प्रयोगकर्ताको वृद्धि, साक्षरतादरमा भएको वृद्धि, सूचना प्रविधिको विस्तार र सेवाग्राहीको पहुँचको कारण सञ्चारमाध्यम पनि सबैको पहुँचमा रहेको छ। राज्यको चौथो अंको रूपमा रहेको सञ्चार संस्था र यस क्षेत्रमा कार्यरत पत्रकारहरूलाई विद्युतीय माध्यमबाट बिना झन्झट सेवा प्रवाह भइरहेको छ। यसबाट सेवाग्राहीको सन्तुष्टि बढेको छ। विभाग र सेवाग्राहीको लागत र समय घटेको छ। सेवाको गुणस्तर र परिमाणमा वृद्धि भएको छ। कम समय र लागतमा उच्च गुणस्तर र बढी परिमाणमा विद्युतीय सेवा प्रवाह गर्नमा चुनौती रहेको छ। सूचना प्रविधिमा अभ्यस्त सेवाग्राही कम रहेकोले सेवा प्राप्त गर्न परामर्श माग गर्ने गरेको छ।

## चुनौतीहरू

- **नीतिगत तथा प्रक्रियागत रूपमा अन्यौलता:**

  a. राष्ट्रिय प्रसारण नियमावली, २०५२ तथा रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ मा कार्यविधि निर्देशिका बनाउने अधिकार नहुँदा धेरै प्रक्रियाहरू सुशासन ऐन, २०६४ ले दिएको अधिकार अनुसार कार्यविधि बनाई काम भैरहेको।

  b. ऐन, नियमावली तथा कार्यविधिमा व्यवस्था नभएका कतिपय प्रावधान अभ्यासका आधारमा गर्ने गरिएको। जस्तैः आलाकार्टा मूल्य प्रणाली; नियमित प्रसारण स्वीकृति, संगीत रोयल्टी; एफ.एम. हरूको क्षमता विस्तार; रद्द भएका लाइसेन्स पुरानै अवस्थामा नवीकरण; अनलाइन पत्रिकाहरूको दर्ता र नवीकरण गर्दा पेश गर्नुपर्ने कागजात आदि।

  c. सूचना तथा प्रसारण विभागको कार्यक्षेत्रमा विस्तार तथा संकुचन हुने गरी नीतिगत रूपमा चालिएका पछिल्ला कार्यहरूले गर्दा विभागका कामकारवाही सिर्जनात्मक र जिम्मेवारपूर्ण हुन नसक्नु। जस्तैः रेडियो ऐन र प्रसारण ऐनको कार्यान्वयन प्रत्यायोजित अधिकारमा सीमित रहनु, मिडिया काउन्सिल विधेयकमा जिम्मेवारी घट्ने प्रावधान, आमसञ्चार विधेयकमा विभाग नरहने प्रावधान, विज्ञापन बोर्ड ऐनका प्रावधान आदि।

  d. प्रसारण तथा रेडियो यन्त्र सम्बन्धी पूर्वाधार र नवीन प्रणाली नहुनुः

  e. नयाँ प्रविधिमा आधारित टेलिभिजन, रेडियो, यूट्युब भिडियो, ओटीटी, आदिको अनुगमन गर्नको लागि तथ्याङ्क संकलन, विश्लेषण तथा सोको आधारमा कारबाही गर्न आधुनिक प्रणाली तथा यन्त्र उपकरण नहुनु। जस्तैः CAS/SMS System, Multi-viewer Streaming and Recording System जडान तथा स्तरोन्नति हुन नसकेको।

  f. कामको प्रकृति अनुसारको संगठन संरचना तथा आवश्यक साधन स्रोतको कमी हुनुः

g. विभागमा रहेको कामको प्रकृति हेर्दा ३० प्रतिशत काम प्रेस समन्वय र प्रकाशन/फोटोग्राफीसँग सम्बन्धित र ७० प्रतिशत काम प्रसारणसँग सम्बन्धित देखिएको तर जनशक्तिको वितरण हेर्दा ८० प्रतिशत प्रशासनिक र २० प्रतिशत मात्र प्राविधिक जनशक्ति रहेको अवस्था तथा न्यून बजेटका कारण सेवाग्राहीलाई दिइने सेवाको वितरण चुस्त हुन नसकेको। अनुगमन प्रभावकारी हुन नसकेको। गैरकर राजस्वको ठूलो स्रोतका रूपमा रहेको प्रसारण रोयल्टी र लाइसेन्स दस्तुर प्रभावकारी रूपमा प्राप्त नभएको।

- **आलाकार्टा मूल्य प्रणालीको कार्यान्वयनः**
  - ❖ मिति २०७९ चैत्र १५ मा टिभी च्यानलका लागि आलाकार्टा मूल्य प्रणाली लागु गर्ने निर्णय भएतापनि तयारी गर्ने समय माग, डाटाबेस तयारी लगायतका विभिन्न कारण हालसम्म कार्यान्वयन हुन नसकेको।
    - ○ सबै सेवाप्रदायकले पूर्ण रूपमा कार्यान्वयन नभएको अवधि (२०७९ चैत्र १५ देखि हालसम्म) को अवधिको विदेशी मुद्रा पठाउँदा अपनाउनुपर्ने मापदण्डको हकमा नीतिगत द्विविधा भएको,
    - ○ पुराना ग्राहकलाई यस प्रणालीमा समायोजन गर्न कठिनाइ देखिएको,
  - ❖ **विदेशी मुद्रा सटही सिफारिसः**
    - ○ राष्ट्रिय प्रसारण नियमावली, २०५२ को हालको व्यवस्था बमोजिम विभागले विदेशी मुद्रा सिफारिससम्बन्धी निवेदनलाई रायसहित मन्त्रालयमा पठाउने र पुनः मन्त्रालयले सिफारिस गरी नेपाल राष्ट्र बैंक पठाउने एउटै काम गर्ने गरेको,
    - ○ विदेशी मुद्रा सटही सम्बन्धी कुनै कार्यविधि तथा मापदण्ड नभएको,
    - ○ मन्त्रालय र विभाग दुवै निकाय संलग्न हुँदा प्रक्रिया लामो र झन्झटपूर्ण भएको,
  - **रोयल्टी सम्बन्धी (बेरूजू /नवीकरण)**
    - ○ प्रायः बेरूजूप्रसारणतर्फको रोयल्टीसम्बन्धी भएको र सबै मन्त्रालयबाट सरी आएको तथा रोयल्टीको विषयमा केही कम्पनीहरूको अदालतमा मुद्धा बिचाराधीन रहेको हुँदा थप कारबाही हुन नसकेको,
    - ○ रोयल्टी वक्यौता हुँदा नवीकरण गर्न नसकिने भएकोले सेवाप्रवाह तथा नियमनमा समस्या भएको
    - ○ विदेशी मुद्रा सिफारिस हुन नसकेको,
    - ○ उपकरण आयात सिफारिस हुन नसकेको।

❖ **विदेशीसँग सम्झौता गर्नुपूर्व आवश्यक स्वीकृति लिने कार्य**

- यस सम्बन्धी निवेदन मन्त्रालयले शुरुवाती प्रक्रियाको लागि विभागमा पठाउने गरेको
- पूर्व स्वीकृतिको कार्य गर्नको लागि विभागलाई अधिकार प्रत्यायोजन नभएको कारण ठोस राय दिने अवस्था नरहेको,
- आलाकार्टा मूल्य प्रणाली अन्तर्गत रही विदेशीसँग सम्झौता गर्नुपूर्व स्वीकृति लिनु पर्ने वा नपर्ने स्पष्ट नभएको (स्वीकृति लिनु पर्ने भएमा कार्यान्वयनमा कठिनाइ हुने देखिएको)

❖ **एफ. एम. नवीकरणमा समस्या**

- प्रसारण नियमावलीमा व्यवस्था भएको भन्दा अन्य कागजात (संगीत रोयल्टी बुझाएको प्रमाण र न्यूनतम पारिश्रमिक बुझाएको प्रमाण) बुझाउन बाध्य बनाइएको भनी एफ.एम. सञ्चालकहरूले गुनासो गर्ने गरेको,
- उक्त कागजात माग गर्दा धेरै एफ.एम. रेडियोहरूको नवीकरण नभएको,
- नवीकरण नहुँदा एफ. एम. रेडियोहरूले अन्य सेवा सुविधा (जस्तैः लोककल्याणकारी विज्ञापन) बाट बञ्चित हुने गुनासो गरेको,
- विभागबाट यस विषयमा राय सहित आवश्यक निर्णयको लागि विभिन्न मितिमा पटक पटक (पछिल्लो पटक २०८१ असार २४ मा) मन्त्रालयसँग अनुरोध गर्दा पनि सम्वोधन नभएको,

❖ **एफ. एम. नियमनमा समन्वयको अभाव**

- एफ. एम. इजाजतपत्र (राष्ट्रिय प्रसारण ऐन बमोजिम) जारी गर्न एफ.एम. को क्षमता अनुसार तिनवटै तह (सङ्घ, प्रदेश र स्थानीय) लाई अधिकार रहेको,
- तीनवटै तहबाट नियमन भएका एफ.एम रेडियोहरूको व्यवस्थापन र नियमनमा देहाय बमोजिमको कठिनाइ रहेकोः
- हुलाक कार्यालयहरूबाट गरिने नवीकरण तथा तल्ला सरकारबाट हुने व्यवस्थापनमा क्षमता विकास हुन नसकेको तथा कार्यशैलीमा एकरूपता नभएको
- एफ.एम. रेडियोहरूको कल साइन (Call sign) जुध्ने,
- एफ.एम. रेडियोहरूको केन्द्रिकृत अभिलेख नरहेको,
- सहकार्य/समन्वय नहुँदा एफ.एम. रेडियोहरूको प्रभावकारी अनुगमन हुन नसकेको,
- एफ.एम. रेडियोहरूको स्थानान्तरण गर्दा तथा क्षमता वृद्धि गर्दा अन्तर-तह समन्वय नभएको,
- एफ.एम. ट्रान्समिटर (रेडियो ऐन बमोजिम) को लाइसेन्स जारी गर्ने अधिकार सङ्घमा मात्र रहेको, तर
- कतिपय प्रदेश/स्थानीय तहले समेत लाइसेन्स जारी गरेको पाइएको,

- सङ्घबाट जारी लाइसेन्स कतिपय प्रदेश/स्थानीय तहले समेत नवीकरण गर्ने गरेको (यसले गर्दा एफ. एम. रेडियोहरूले प्रदेश/स्थानीय तहमा दस्तुर बुझाएर नविकरण गरे पनि कानूनतः लाइसेन्स रद्द हुने हुँदा सेवा प्रदायकहरूलाई समस्या परेको)
- **ओटिटिको नियमन**
- ओटिटि को प्रभावकारी नियमनको लागि राष्ट्रिय प्रसारण नियमावलीको अनूसूची संशोधन नहुँदा कार्यान्वयन गर्न नसिकएको,
- अनुसूची संशोधनको लागि मस्यौदा मन्त्रालयमा पठाइएकोमा हालसम्म निर्णय नभएको।
- **अनुगमन तर्फः**
- कर्मचारी तथा स्रोतको कमीका कारण समयमै अनुगमन र निरीक्षण गर्न नसकिएको,

❖ **विविधः**

- पत्रकारिता अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्ति दिने बजेट पर्याप्त नभएको,
- पत्रकार परिचयपत्र प्रदेशबाट समेत वितरण हुने गरेको (दोहोरो भएको),
- अनलाइन पत्रिका दर्ता सहज तर TV (Youtube) को काममा बढी फोकस भएको।

## ५. राजस्व र आय

| राजस्व शीर्षक नं. | राजस्व शीर्षक | संकलित राजस्व रू. |
|---|---|---|
| १४२२४ | परीक्षा शुल्क | ०/- |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ५३,३८८,७५१/- |
| १४२५४ | रेडियो/एफएम सञ्चालन दस्तुर | १६,८८८,८१६/- |
| १४२५५ | टेलिभिजन सञ्चालन दस्तुर | १९२,३७०,०२६/- |
| १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | ३३,२४१,७२३/- |
| १४२६५ | अन्य क्षेत्रको आय | ३००/- |
| | **कुल जम्मा** | **२९५,८८९,६१७/-** |

# ७. प्रमाणीकरण नियन्त्रकको कार्यालय

## १.परिचय

### १.१ पृष्ठभूमि

सुरक्षित विद्युतीय कारोबारका लागि नेपाल सरकारबाट जारी गरिएको "विद्युतीय कारोबार ऐन, २०६३" को कार्यान्वयनको मुख्य उद्देश्य राखी २०६४ पौष १९ गते यस कार्यालयको स्थापना भएको हो। यस कार्यालयको स्थापनाको मुख्य उद्देश्य विद्युतीय माध्यमबाट हुने क्रियाकलाप/कारोबारलाई सुरक्षित/भरपर्दो र विश्वसनीय बनाउन विद्युतीय हस्ताक्षरको प्रयोगको व्यवस्थापन गर्ने, सूचना प्रविधिको माध्यमबाट हुने सूचनाको संकलन, संग्रहण, प्रशारण र प्रवाह तथा सबै कारोबारको सुरक्षित व्यवस्थापन गर्ने गराउने तथा सूचना प्रविधिको सुरक्षण तथा विद्युतीय हस्ताक्षरको प्रयोगको बारेमा जनचेतना अभिवृद्धि गर्ने रहेको छ।

### १.२ निकायको स्वरूप र प्रकृति

प्रमाणीकरण नियन्त्रकको कार्यालय केन्द्रीय स्तरको कार्यालयको रूपमा रहेको छ। यस कार्यालयको मुख्य कार्य विद्युतीय हस्ताक्षर जारी गर्ने प्रमाणीकरण गर्ने निकाय (Certifying Authority (CA)) हरूको नियमक निकायको रूपमा कार्य गर्ने रहेको छ। प्रमाणीकरण गर्ने निकायबाट विद्युतीय हस्ताक्षर जारी गर्ने कार्यको व्यवस्थापन गर्न यस कार्यालयको छुट्टै Public Key Infrastructure (PKI) पूर्वाधार रहेको छ। यस कार्यालय तथा प्रमाणीकरण गर्ने निकायले गर्ने कार्य सुरक्षणको हिसाबले अत्यन्तै संवेदनशील रहेको छ। तसर्थ यस कार्यालय र प्रमाणीकरण गर्ने निकायबाट सम्पादन गरिने कार्यहरूको प्रक्रिया निर्धारण कागजात तयार गरी उक्त कागजात प्रमाणित गरे पश्चात सार्वजनिक रूपमा प्रेषित गरिन्छ।

### १.३ निकायको काम, कर्तव्य र अधिकार

प्रमाणीकरण नियन्त्रकको कार्यालयमा रा.प. प्रथम श्रेणीको १ जना नियन्त्रकको रूपमा रहने व्यवस्था रहेको छ। विद्युतीय हस्ताक्षर तथा विद्युतीय अभिलेख सम्बन्धमा नियन्त्रकको काम, कर्तव्य र अधिकार "विद्युतीय कारोबार ऐन, २०६३" मा उल्लेख गरिएअनुसार रहेको छ। मुख्य कार्यहरू मध्ये प्रमाणीकरण गर्ने निकायलाई इजाजत प्रदान गर्ने, उक्त निकायको सुपरिवेक्षण गर्ने, प्रमाण-पत्रको ढाँचा निर्माण गर्ने, विद्युतीय हस्ताक्षर प्रदान गर्दा अपनाउनुपर्ने प्रक्रिया निर्धारण गर्ने आदि रहेको छ।

### १.४ निकायवाट प्रदान गरिने सेवाहरू

यस कार्यालयको प्रमुख २ वटा कार्य क्षेत्र रहेको छ। ती २ कार्य क्षेत्र अन्तर्गतका कार्यहरू निम्न शाखाहरू बाट गरिन्छ।

**क) सुरक्षण तथा प्रविधि शाखाः-** यस शाखाको कार्य विद्युतीय हस्ताक्षरसँग सम्बन्धित रहेको छ। यस शाखाको मुख्य कार्यहरू निम्नानुसार रहेको छ।

- Root CA को रूपमा रहेको Public Key Infrastructure (PKI) पूर्वाधार सुचारूरूपमा सञ्चालन गरी प्रमाणीकरण गर्ने निकायहरूको नियमन गर्ने।
- कार्यालयको वेबसाइट मार्फत Root CA र CAसँग सम्बन्धित कागजात तथा सर्टिफिकेट सार्वजनिक गर्ने।
- विभिन्न सरकारी निकायका सूचना प्रणालीमा विद्युतीय हस्ताक्षर आवद्ध गर्न आवश्यक प्राविधिक सहयोग गर्ने।
- विद्युतीय हस्ताक्षरसम्बन्धी जनचेतना जगाउने।

**ख) अनुसन्धान तथा विकास शाखाः-** यस शाखाको कार्य Cyber Forensic सँग सम्बन्धित रहेको छ।यस शाखाको मुख्य कार्य निम्नानुसार रहेको छ।

- साइबर सुरक्षण तथा त्यससँग सम्बन्धित विद्यमान कानून सम्बन्धमा १०+२ स्कूलका विद्यार्थी माझ जनचेतना जगाउने।
- प्रहरी अनुसन्धानको क्रममा प्राप्त उपकरणहरूको परिक्षण गरी प्रतिवेदन प्रमाणित गर्ने।

### १.५ सम्वद्ध ऐन, नियम, नीति, गठन आदेश तथा निर्देशिका, कार्यविधि र अन्य कानूनी व्यवस्था

यस कार्यालयसँग सम्बन्धित निम्न ऐन तथा नियमावली जारी भएको छ।

- विद्युतीय कारोबार ऐन, २०६३
- विद्युतीय कारोबार नियमावली, २०६४

## २. प्रगति

### २.१ विगत पाँच आर्थिक वर्षको वित्तीय विवरण विवरण

| क्र. सं. | आर्थिक वर्ष | विनियोजन (रू. हजारमा) | खर्च (रू. हजारमा) |
|---|---|---|---|
| २. | २०७७/०७८ | चालु — ११८९३<br>पूँजीगत — ६५७५०<br>**जम्मा — ७७६४३** | चालु — ७६०४<br>पूँजीगत — १३८९६<br>**जम्मा — २१५००** |
| ३. | २०७८/०७९ | चालु — १०९८१<br>पूँजीगत — ४०८२०<br>**जम्मा — ५१८०१** | चालु — ५८९५<br>पूँजीगत — ३३२८०<br>**जम्मा — ३९१७५** |
| ४. | २०७९/०८० | चालु — १५७४८ | चालु — ८५२१ |

| | | | |
|---|---|---|---|
| | | पूँजीगत — ५७५५१<br>**जम्मा — ७३२९९** | पूँजीगत — १३४८४<br>**जम्मा — २२००५** |
| ५. | २०८०/०८१ | चालु — २११००<br>पूँजीगत — २०५००<br>**जम्मा — ४१६००** | चालु — १२७००<br>पूँजीगत — १७५००<br>**जम्मा — ३०२००** |

## २.२ आ.व. २०८०/०८१ को वार्षिक विनियोजन, खर्च, वितिय र भौतिक प्रगति

| सि.नं. | मुख्य कार्यक्रम/अन्य | प्रगति | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | बजेट (रू. लाखमा) | लक्ष्य | वित्तीय प्रगति (रू. लाखमा) | वित्तीय प्रतिशत | भौतिक प्रगति | |
| १. | मेशिनरी तथा औजार खरिद | ९० | १ | ८४.८८ | ९४.३२% | १००% | |
| २. | कम्प्युटर सफ्टेइर निर्माण तथा खरिद खर्च | ११५ | १ | ८९.७६ | ७८.०५% | १००% | |

## २.३ आ.व. २०८०/०८१ को मुख्य कार्यक्रम र प्रगति

| सि.नं. | मुख्य कार्यक्रम/अन्य | प्रगति | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | बजेट | लक्ष्य | वित्तीय प्रगति | वित्तीय प्रतिशत | भौतिक प्रगति | |
| १. | मेशिनरी तथा औजार खरिद | ९० | १ | ८४.८८ | ९४.३२ | १०० | |
| २. | कम्प्युटर सफ्टेइर निर्माण तथा खरिद खर्च | ११५ | १ | ८९.७६ | ७८.०५ | १०० | |

## २.४ समस्या र चुनौती

नेपाल सरकारबाट प्रदान गरिने अनलाइन सेवालाई पूर्णतया अनलाइन बनाउन २ वटा कुराको आवश्यकता पर्दछ। पहिलो e-payment प्रणाली हो भने अर्को विद्युतीय हस्ताक्षर। तसर्थ सरकारी निकायबाट प्रदान गरिने सेवामा विद्युतीय हस्ताक्षर प्रयोग गरेको खण्डमा छिटो-छरितो सेवा प्रदान हुने मात्र नभई सेवाग्राहीलाई समेत घरमै बसी विद्युतीय हस्ताक्षरको प्रयोगद्वारा आवश्यक कागजात बुझाउन सकिने हुन्छ। विद्युतीय हस्ताक्षर नै यस्तो प्रविधि हो जसको प्रयोगले "नयाँ नेपाल" वा Digital Nepal बनाउन सहयोग गर्दछ। तथापी विद्युतीय हस्ताक्षर नेपालको लागि

नयाँ प्रविधि भएकोले सरकारी निकाय, निजि तथा गैह्रसरकारी संस्था लगायत आम मानिसमा यस प्रविधि बारे व्यापक जनचेतना जगाउन आवश्यक छ। साथै सरकारी निकायहरूमा पनि सचेतना जगाई पुरानै शैलीको कामकाज गर्ने परम्परालाई नयाँ प्रविधि प्रयोग गरी छिटो-छरितो तथा पारदर्शी ढंगले काम गर्ने-गराउने मुख्य चुनौतीहरू रहेको छ।

# ८. नेपाल टेलिभिजन

## १. परिचय

### १.१ पृष्ठभूमि

नेपाल टेलिभिजन वि.सं.२०४१ साल माघ १७ गते परियोजनाका रूपमा शुरु भएको थियो। २०४२ साल पौष १४ गते बाट यसले आफ्नो नियमित प्रसारण प्रारम्भ गरेको हो। नेपाल टेलिभिजन सञ्चार संस्थान ऐन २०२८ अन्तर्गत गठन भएको संस्थान हो। यसले राष्ट्रिय प्रसारण ऐन,२०४९ र राष्ट्रिय प्रसारण नियमावली,२०५२ का अधिनमा रही कार्यक्रम उत्पादन एवम् प्रसारण गर्दै आएको छ। देशबाहिर १०० भन्दा बढी मुलुकसम्म नेपाल टेलिभिजनले आफ्नो प्रसारण पहुँच विस्तार गरिसकेको छ। यस्तै Digital Platform मार्फत् Internet को पहुँच भएका संसारका सबै देशमा र नेपालभित्र कुल जनसंख्याको ७२ प्रतिशतमा भूसतहीय प्रसारण पहुँच पुगेको छ। यो संस्थाले नेपाल सरकारका विभिन्न पञ्चवर्षीय तथा त्रिवर्षीय योजना र वार्षिक वजेटमार्फत् कार्यक्रम निर्माण, प्रसारण र गुणस्तरीयता कायम गर्दै आएकोछ। बदलिँदो परिस्थिति र आमदर्शकको चाहनालाई सम्बोधन र राष्ट्रिय आवश्यकतालाई पूरा गर्न हाल नेपाल टेलिभिनजका ५ वटा च्यानलहरू सञ्चालनमा रहेका छन्। आगामी दिनमा पनि नेपाल टेलिभिजनको विषयवस्तुमा सुधार, पहुँचमा विस्तार, व्यापार अभिवृद्धि, नवीनतम् व्यापारिक श्रोतको पहिचान तथा कार्यान्वयन एवम् सुशासन र पारदर्शिता विकास गरिनेछ।

### १.२ निकायको स्वरूप र प्रकृति

वि.सं .२०२८ सालको सञ्चार नीतिले नेपालमा टेलिभिजन प्रसारणको सम्भाव्यतावारे खोजी गर्ने उल्लेख गरेको थियो। सोही अनुरूप वि.सं.२०३७ सालमा गठित शाही प्रेस आयोगले टेलिभिजन स्थापना गर्ने सम्बन्धमा सम्भाव्यता अध्ययन गरी योजनाबद्ध रूपमा कार्य सञ्चालन गर्न सुझाव दियो। तिनै सुझाव र मुलुकको संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्दै सामाजिक, राजनीतिक र आर्थिक विकासमा सघाउ पुर्याउने ध्येयका साथ नेपाल टेलिभिजनको स्थापना भएको हो। यो सामाजिक क्षेत्रको संस्थान हो।

### १.३ निकायको काम, कर्तव्य र अधिकार

**संस्थानको स्थापनाको उद्देश्य:-** अन्तर्राष्ट्रिय प्रविधिको विकास र समयको बढ्दो मागलाई दृष्टिगत गरी टेलिभिजन प्रसारणको माध्ययमद्वारा नेपालको साँस्कृतिक सम्पदा, प्राकृतिक स्रोतको संरक्षण र राष्ट्रिय हितको विकास गर्नको लागि नेपालमा टेलिभिजन प्रसारणलाई सुचारू रूपले सञ्चालन र विस्तार गरी जनमानसमा राष्ट्रिय चेतनाको अभिवृद्धि गर्नु।

**(संस्थानको काम कर्तव्य) नेपाल राजपत्र खण्ड ३६, (संख्या १३) असार २३, २०४३**

(१) व्यवसायिक सिद्धान्तको अनुशरण गरी राज्यभर टेलिभिजन सेवा पुऱ्याउन यस संस्थानको कर्तव्य हुनेछ।

(२) सञ्चार संस्थान ऐन, २०२८ को अधिनमा रही संस्थानले निम्नलिखित कार्यहरू गर्न सक्नेछ।

क) आत्मनिर्भरता हासिल गर्न सचेष्ट हुने।

ख) टेलिभिजन सेवाको स्तर बढाउन संस्थानको कार्य सञ्चालनमा सुधार ल्याउने।

ग) संस्थानको व्यावसायिक कार्यक्रमको प्रवर्द्धन गर्ने।

घ) नेपाल सरकारबाट प्राप्त निर्देशनको अधिनमा रही संस्थानको नीति निर्धारण गर्ने र त्यसको कार्यान्वयनका लागि आवश्यक कदम उठाउने।

ङ) नेपाल राज्यको सबै ठाँउमा टेलिभिजन कार्यक्रम प्रसारण हुने आवश्यक व्यवस्था मिलाउने।

## १.४ निकायको संगठन संरचना र दरबन्दी तेरिज

<u>संगठन संरचना</u>

नेपाल टेलिभिजनको संगठन संरचनाअनुसार विभिन्न कार्यक्षेत्र रहने गरी ९ वटा महाशाखा र ती महाशाखाअन्तर्गत विभिन्न शाखा रहेका छन्। महाशाखाभन्दा माथि ३ जना नायब महाप्रबन्धक (विकास, कार्यक्रम र प्रशासन) रहेका छन्। त्यसैगरी नायब महाप्रबन्धकभन्दा माथि महाप्रबन्धक/कार्यकारी अध्यक्ष/ अध्यक्ष रहने व्यवस्था छ। संस्थानको दरबन्दी तेरिज देहायअनुसार छ :-

<u>दरबन्दी तेरिज</u>

- ४३४ दरबन्दी
- पूर्ति २४०
- रिक्त १९४
- अधिकृत स्तरमा १३४ स्थायी दरबन्दी
- सहायकस्तरमा १०६ स्थायी दरबन्दी
- दरबन्दी बाहेक बुलेटिनको हिसाबले पारिरश्रमिक पाउनेगरी देशभरी गरेर ११३ जना जिल्ला समाचारदाता छन्।
- ११७ जना करार, मासिक करार, दैनिक ज्यालादारी, बुलेटिन तथा सिफ्ट बेसिस, मासिक/सेवा प्रदायक करार/ज्यालादारीसहित सेवामा कार्यरत रहेकोमा सेवा निरन्तरता दिने नदिने सम्बन्धमा अध्ययनको क्रममा रहेको।

## १.५ सम्बद्ध ऐन, नियम,नीति, गठन आदेश तथा निर्देशिका, कार्यविधि र अन्य कानूनी व्यवस्था

| क्र.सं. | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/संशोधन |
|---|---|---|
| १ | सञ्चार संस्थान ऐन, २०२८ | संशोधनको प्रकृयामा रहेको। |
| २ | राष्ट्रिय प्रसारण ऐन, २०४९ | |
| ३ | राष्ट्रिय प्रसारण नियमावली, २०५२ | |
| ४ | सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ | |
| | नेपाल टेलिभिजन गठन आदेश राजपत्र, २०४३ | |
| ५ | राष्ट्रिय आमसञ्चार नीति, २०७३ | |
| ६ | नेपाल टेलिभिजन संस्थान कर्मचारी सेवासर्त (छैठौं संशोधन) विनियमावली  २०६६ | |
| ७ | नेपाल टेलिभिजन आर्थिक विनियमावली, २०६६ | |
| ८ | ब्यापार निर्देशिका २०६१ छैठौं संशोधन, २०७४ | |
| ९ | नेपाल टेलिभिजन संस्थान कार्यक्रम निर्देशिका, २०७३ | |
| १० | कार्यक्रम उत्पादन तथा खर्चको मापदण्ड (शंसोधित २०७६) | |
| ११ | नेपाल टेलिभिजनका समाचार वाचक र कार्यक्रम प्रस्तोताको लागि ड्रेस कोड, २०७५ | |
| | नेपाल टेलिभिजन समाचार निर्देशिका, २०७५ | |
| | नेपाल टेलिभिजन बैदेशिक भ्रमण व्यवस्थापन कार्यविधि, २०७५ | |

## १.६ सूचनाको हकसम्बन्धी ऐनअनुसार प्रकाशन गरिएको विवरण

सूचनाको हक सम्बन्धी विवरण त्रैमासिक रूपमा प्रकाशन हुने गरेको। सोको विवरण नेपाल टेलिभिजनको वेबसाइट www.ntv.org.np मा पनि हेर्न सकिन्छ।

## १.७ भावी योजना र कार्यक्रम

**<u>Archive Digitalization :</u>**

- नेपाल टेलिभिजनको स्थापनाकालदेखि टेपमा भण्डारण गरिएका विभिन्न महत्वपूर्ण प्रसारण सामग्रीहरूलाई Digitize गरी  Digital Achieve मा Storage गर्ने ३ वर्षिय योजना रहेको।
- अत्यन्त महत्वपुर्ण सामाग्रीहरूको डिजिटाइजेसन प्रक्रिया शुरु भईसकेको साथै आ.व. २०८१/०८२ मा बजेट

माग गरी कार्य प्रारम्भ गरिने।

- अत्यन्त जरुरी  सामग्रीहरूको डिजिटाइजेशन NLE मार्फत भइरहेको।

**<u>अन्य भावी योजनाहरु:</u>**

- प्रसारण विस्तार तथा सुधार।
- कोहलपुर र इटहरी प्रादेशिक च्यानल सुधार।
- सबै प्रदेशमा स्टुडियो सहितको ब्यूरो स्थापना।
- मीडिया तालिम केन्द्र स्थापना।

संस्थानको पुरानो ब्यापार भवन भएको जग्गामा मल्टिपर्पोज बहुतले भवन निर्माण।

## २. प्रगति

### २.१ आ.व.२०८०/०८१ को वार्षिक विनियोजन, खर्च, वित्तीय र भौतिक प्रगति

| वार्षिक विनियोजन | खर्च | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|
| १,६०,८७ (एक अर्ब, साठी करोड सतासी लाख) | ७७,०५,००/- | ४७.८९% | ६२.२८% |

**आ.व.२०८०/०८१ को खूद वजेट तथा खर्चको यथार्थ विवरण**

| क्र.सं. | निकाय | वार्षिक कुल विनियोजन | वार्षिक पूँजीगततर्फ | | | वार्षिक चालुतर्फ | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | विनियोजन | खर्च | खर्च प्रतिशत | विनियोजन | खर्च | खर्च प्रतिशत |
| १. | नेपाल टेलिभिजन | १६०८७ | ६२७५ | २४२०.७५ | ३८.५८ | ९८१२ | ५२८५.१५ | ५३.८६ |

### २.२ आ.व.२०८०/०८१ को मुख्य मुख्य कार्यक्रम र प्रगति

- दैनिक नेपाली भाषामा ११ वटा बुलेटिन र अंग्रेजी भाषामा ४ वटा बुलेटिन, साप्ताहिक रूपमा सांकेतिक भाषामा र संस्कृत भाषामा दैनिक बुलेटिन तथा प्रत्येक दिन विहान ७ बजेको समाचारमा सांकेतिकीकरणको कार्य सम्पन्न भएको।
- विकास, समावेशीता, स्वास्थ्य, शिक्षा, वैदेशिक रोजगार, कानून, कृषि, साहित्य, सूचना प्रविधि, पर्यटन लगायत समसामयिक विषयका कार्यक्रमहरू नियमित रूपमा उत्पादन तथा प्रसारण भएको।
- समावेशी कार्यक्रम अन्तर्गत अपाङ्गता सरोकार, डिजिटल नेपाल र नेपाल टेलिभिजनको राष्ट्रिय च्यानलबाट विभिन्न १० तथा प्रादेशिक च्यानलहरूबाट ४ मातृ भाषाभाषीका साप्ताहिक साप्ताहिक कार्यक्रमहरू उत्पादन तथा प्रसारण गरिएको।

- समावेशी समाचार अन्तरगत विभिन्न ६ मातृभाषामा समाचार बुलेटिनहरू नियमित रूपमा उत्पादन एवम् प्रसारण भएको।
- समीक्षा अवधिमा देश भित्रका राष्ट्रिय घटनाहरूका साथै महत्वपूर्ण गतिविधिहरू प्रत्यक्ष प्रसारण गरिएको।
- आ.व.२०८०/०८१ मा खुद रू.२७ करोड २४ लाख ६२ हजार रूपैंया विज्ञापन आम्दानी भएको।

## २.३ यस अवधिमा सम्पादित नवप्रवर्तनीय एवम् उल्लेखनीय कार्यहरू

- आर्थिक वर्ष २०८१/०८२ को वार्षिक कार्यक्रम प्रसारण योजना तयार भएको।
- आ.व.२०८१/०८२ को नीति कार्यक्रम तथा वजेट तर्जुमा गरिएको।
- महत्वपूर्ण घटना, सरकारको नीति, वजेट भाषण प्रत्यक्ष प्रसारण गरिएको।
- कर्मचारी सेवा शर्त विनियमावली संशोधनका लागि मन्त्रालयमा पेश भएको।
- वार्षिक प्रगति विवरण तयार गरिएको।

## २.४ बेरूजू फर्छ्यौर्टसम्बन्धी विवरण

अंकगणितीय बेरूजू नरहेको र सैद्धान्तिक बेरूजू फछौंटका लागि जवाफ तयार गरी महालेखा परीक्षकको कार्यालयमा पेश गरिएको।

## २.५ अवसर र चुनौतीहरू

**अवसर**

- सरकारी च्यानल भएका कारण संरक्षण तथा संवर्द्धनका लागि सहयोग मिल्ने
- दक्ष जनशक्ति र उपकरण हुनु
- देशभर भूसतहीय र स्याटेलाइटबाट सिग्नल प्रवाह र विदेशमा १०० भन्दा बढी देशमा प्रसारण पहुँच
- सञ्चालन खर्चमा आत्मनिर्भर, कार्यक्रम र विकास वजेट नेपाल सरकारबाट प्राप्त हुने
- विज्ञापन वजारमा सर्वाधिक पकड र कारोबार
- दक्ष अनुभवी एवम् योग्य जनशक्ति

**चुनौति**

- प्रतिस्पर्धात्मक विज्ञापन बजार
- दक्ष जनशक्तिको पलायन
- आत्मनिर्भरता र सार्वजनिक दायित्वको दोहोरो भूमिका र कार्यक्षेत्र
- स्पष्ट उद्देश्य र नीति तर्जुमाको कमी

- आत्मनिर्भताका लागि दिगो स्रोतको आवश्यकता

## २.६ कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या र समाधानका लागि गरिएका प्रयास

| क्र.सं. | निकाय | समस्या | समाधानका उपाय |
|---|---|---|---|
| १ | नेपाल टेलिभिजन | डिजिटल प्रविधिमा रुपान्तरणपछि Terrestrial प्रसारणमा दर्शकको सहज पहुँचका लागि Set Top Box को उपलब्ध नहुँदा गाउँबस्तीमा प्रसारण सिग्नल राम्रो नआउने समस्या रहेको। | Set Top Box को सहज उपलब्धताको लागि नेपाल सरकारबाट आवश्यक निर्णय हुनुपर्ने। यसमा नेपाल सरकारबाट Set Top Box को व्यवस्थाका लागि सहयोग हुनुपर्ने। |
| २ | नेपाल टेलिभिजन | आफ्नै वितरण प्रणाली नभएकोले निजी क्षेत्रका वितरकहरूमा भर पर्नुपरेको तथा कठिन भौगोलिक अवस्थितिका कारणले प्रसारण पहुँच वृद्धि गर्न समस्या रहेको। | भू-सतही प्रसारणबाट नेपालको भौगोलिक स्थितिको कारण सबै जनसंख्यामा पहुँच पुऱ्याउन सम्भव नभएकोले आफ्नै वितरण प्रणाली (DTH) स्थापना तथा सञ्चालन गर्दा सबैमा पहुँच पुग्नुका साथै निजी क्षेत्रका वितरकहरूमा भर पर्नुपर्ने अवस्थाको अन्त्य हुने। |
| ३ | नेपाल टेलिभिजन | सरकारबाट पूँजीगत खर्च न्यून विनियोजन भएको तथा राष्ट्रिय दायित्वका कार्यक्रमका लागि न्यून वजेट प्राप्त भएको। | पूँजीगत खर्च नहुँदा प्रसारण विस्तार तथा प्रसारण सुदृढीकरण गर्न नसिकएकोले विगत वर्षहरूमा झैं पूँजीगत खर्च पर्याप्त छुट्याइनुपर्ने। साथै राष्ट्रिय दायित्वका कार्यक्रमका लागि पनि पर्याप्त वजेट उपलब्ध गराउनुपर्ने। |

# ३.राजस्व र आय

## ३.१ आन्तरिक आयको वर्गीकरण र प्राप्त रकम

राष्ट्रिय च्यानल (विज्ञापन आय, फिड आय, विविध आय, कार्यक्रम प्रायोजन, न्यू मिडिया आय, समाचार च्यानल, एनटिभी प्लस, कोहलपुर र इटहरी च्यानल समेत) खूद रू.२७,२४ लाख आम्दानी (आ.व.२०८०/०८१)

# ९. चलचित्र विकास बोर्ड

## १. परिचय

### १.१ पृष्ठभूमि

चलचित्र क्षेत्रलाई सिर्जनशील, साँस्कृतिक एवम् मनोरञ्जनात्मक उद्योगको रूपमा विकास गरी यसको माध्यमबाट नेपालका सबै राष्ट्रभाषा, जाति वा स्थानीय समुदायको कला, साहित्य, संस्कृति, सङ्गित, भेषभूषा, रहनसहन, परम्परा, इतिहास, राष्ट्रिय स्वाभिमान, साँस्कृतिक सम्पदा आदिको संरक्षण, संवर्द्धन, विकास र व्यवस्थापन एवम् स्वदेशी चलचित्रको विकास, संरक्षण संबर्द्धन गर्दै नेपाललाई एक आकर्षक राष्ट्रिय, अन्तर्राष्ट्रिय चलचित्र छायाङ्न तथा निर्माण केन्द्रको रूपमा स्थापित गर्नुका साथै नेपालको पर्यटकीय सम्भावनालाई चलचित्रको माध्यमबाट अन्तर्राष्ट्रियस्तरमा प्रचार प्रसार र प्रर्वद्धन गरी अन्तर्राष्ट्रिय बजारमा समेत स्वदेशी चलचित्र प्रदर्शनको व्यवस्था मिलाउन र नेपालमा सो अनुरूप चलचित्रको निर्माण, वितरण, प्रदर्शन तथा चलचित्रसँग सम्बन्धित सबै क्षेत्रलाई नियमित र व्यवस्थित गर्न आवश्यक नीति, योजना तथा कार्यक्रम तयार गर्ने, आवश्यक अध्ययन गर्ने गराउने र निजी क्षेत्रलाई स्तरीय चलचित्र निर्माण तथा प्रदर्शनका लागि प्रोत्साहित गर्ने उद्देश्यका साथै देशको कला संस्कृतिको संरक्षण गर्ने र चलत्रिचकर्मीहरूलाई प्रोत्साहित र पुरस्कृत गर्ने उद्देश्यका लागि चलचित्र विकास बोर्डको स्थापना भएको हो।

चलचित्र विकास बोर्डको गठन चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन २०२६ को दफा १० (क) बमोजिम चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली २०५७ लागू भए पश्चात २०५७ असार १६ गते ऐ. नियमावलीको नियम २१ बमोजिम भएको हो।

### १.२ बोर्डको स्वरूप र प्रकृति

चलचित्र विकास बोर्डको गठन चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन २०२६ को दफा १० (क) बमोजिम चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली २०५७ लागू भए पश्चात २०५७ असार १६ गते ऐ. नियमावलीको नियम २१ बमोजिम भएको हो। बोर्डले प्रचलित कानूनले दिएको अधिकारको अतिरिक्त चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट मिति २०५७/८/१९ र २०५८/२/८ मा एवम् अन्य मितिमा अधिकार प्रत्यायोजन भए बमोजिम कार्य सम्पन्न गर्दै आएको छ।

## १.३ बोर्डको काम, कर्तव्य र अधिकार

(क)चलचित्रको विकास तथा प्रवर्द्धन गर्नको लागि आवश्यक नीति तर्जुमा गरी मन्त्रालय समक्ष पेश गर्ने,

(ख)चलचित्रको विकास तथा प्रवर्द्धन गर्नको लागि योजना तथा कार्यक्रम तयार गरी कार्यान्वन गर्ने,

(ग) चलचित्र क्षेत्रको विकासका लागि आवश्यक अध्ययन तथा अनुसन्धान गर्ने, गराउने,

(घ) राष्ट्रभाषा तथा राष्ट्रियभाषामा स्तरीय चलचित्र निर्माण गर्न निजी क्षेत्रलाई प्रोत्साहित गर्ने,

(ङ) नेपाली कला र संस्कृतिको जगेर्ना हुने किसिमका चलचित्र निर्माण गर्न वतावरण सिर्जना गर्ने,

(च) नेपालको धार्मिक, सांस्कृतिक र सामाजिक मान्यतामा आँच नआउने गरी नेपाललाई विश्वमा परिचित गराउने खालका चलचित्रको निर्माण गर्नका लागि विदेशी चलचत्रि निर्मातालाई प्रोत्साहित गर्ने,

(छ) चलचित्र महोत्सवको आयोजना गराई चलचित्र क्षेत्रमा महत्वपूर्ण योगदान गर्ने व्यक्तिलाई प्रोत्साहित तथा पुरस्कृत गर्ने,

(ज) नेपाली कला तथा संस्कृतिको सम्वर्द्धनमा समर्पित चलचित्रकर्मीको जगेर्ना गर्न आवश्यक व्यवस्था मिलाउने,

(झ) चलचित्र व्यावसायीहरू बीच समन्वय कायम गर्ने,

(ञ) चलचित्र व्यावसायीलाई चलचित्रसँग सम्बन्धित विषयमा परामर्श सेवा प्रदान गर्ने,

(ट) चलचित्र व्यावसायको गुणस्तर बृद्धि गर्नको लागि चलचित्र व्यावसायीले पालन गर्नुपर्ने आचारसंहिता बनाई लागू गर्ने,

(ठ) चलचित्र घरको वर्गीकरणका लागि मापदण्ड बनाई मन्त्रालय समक्ष पेश गर्ने,

(ड) स्वदेशी निर्माताबाट राष्ट्रभाषा वा राष्ट्रिय भाषामा निर्माण भएका चलचित्रको सम्पादन लगायतका अन्य काम गर्न तथा त्यस्तो चलचित्र विदेशमा निकासी गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ढ) चलचित्रको विकास तथा प्रवद्र्धन गर्नको लागि उपयुक्त अन्य काम गर्ने गराउने।

## १.४ बोर्डसँग सम्वद्ध ऐन,नियम,नीति,गठन आदेश,तथा निर्देशिका,कार्यविधि र अन्य कानूनी व्यवस्था

१) चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६

२) चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७

३) चलचित्रकर्मीको छायाङ्कन अवधिको बीमा कार्यक्रम सञ्चालन कार्यविधि, २०६७

४) राष्ट्रिय चलचित्र नीति, २०७१

५) आदिवासी, जनजाति, मातृभाषी चलचित्र सम्बन्धी कार्यविधि,२०७६

६) चलचित्र प्रदर्शन अनुगमन कार्यविधि,२०७६

७) चलचित्रकर्मी कल्याणकोष स्थापना तथा सञ्चालन कार्यविधि, २०७६

८) बक्स अफिस प्रणाली कार्यान्वयन तथा अनुगमन कार्यविधि,२०७६

९) कर्मचारी अवकाश कोष स्थापना र सञ्चालन कार्यविधि, २०७६

१०) महिला चलचित्रकर्मी सशक्तिकरण कार्यविधि, २०७६

११) छात्रवृत्ति वितरण कार्यविधि, २०७७

१२) चलचित्रकर्मी विपद् व्यवस्थापन कोष (स्थापना तथा सञ्चालन) कार्यविधि,२०७७

१३) चलचित्रको अन्तर्राष्ट्रिय प्रवर्द्धन गर्ने सम्बन्धी कार्यविधि, २०७७

१४) चलचित्र नगरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८

१५) वाल चलचित्र समिति सञ्चालन कार्यविधि, २०७८

१६) लघु चलचित्र प्रतियोगिता सम्बन्धी कार्यविधि, २०७९

१७) चलचित्र विकास बोर्ड, विदेशी विदेशी मुद्रा सटही सिफारिस सम्बन्धी कार्यविधि,२०८०

१८) राष्ट्रिय एवम् विशेष चलचित्र पुरस्कार तथा सम्मान कार्यविधि २०८१,

१९) चलचित्रकर्मी परिचयपत्र वितरण सम्बन्धी कार्यविधि, २०८१

२०) आर्थिक सहयोग - सहकार्य कार्यविधि, २०८१

२१) प्रेक्षालय सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८१

२२) कथा संग्रहालय (स्टोरी बैंक) सम्बन्धी कार्यविधि, २०८१

२३) मोफसलमा बन्ने चलचित्रलाई प्रोत्साहन सम्बन्धी कार्यविधि, २०८१

२४) खरिद, आर्थिक प्रशासन तथा विदेशमा आयोजना गरिने कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

## १.५ सम्पादन गरेको कामको विवरण

<u>(क) निर्माण इजाजत तर्फ</u>

१. डिजिटल कथानक चलचित्र निर्माण इजाजत प्रदान

- १५५ वटा

२. भिडियो कथानक चलचित्र निर्माण ईजाजतपत्र प्रदान

- ४ वटा

३. विज्ञापन चलचित्र निर्माण ईजाजत प्रदान

- २८ वटा

४. चलचित्र निर्माणका लागि उद्योग/फर्म दर्ता सिफारिस

- ७ वटा

५. स्वदेशी चलचित्र जाँचपासका लागि सिफारिस (सेन्सर)

- ८० वटा

६. विदेशी चलचित्र नेपालमा छायाङ्कनका लागि उपकरण आयात सिफारिस

- ३६ वटा

७. स्वदेशी चलचित्रको विदेशमा छायाङ्कनका सिफारिस

- ६ वटा

८. नेपाली चलचित्र छायाँकन कार्यका लागि उपकरण खरिद आयात सिफारिस
- ० वटा

९. नेपाली चलचित्रको विक्रि वा हक हस्तान्तरण इजाजत प्रदान
- ४ वटा

१०. स्वदेशी चलचित्रको शिर्षक परिवर्तन सिफारिस
- १२ वटा

११. स्वदेशी वृत्तचित्र निर्माण ईजाजतपत्र प्रदान
- ५० वटा

**(ख) प्रदर्शन तथा वितरण इजाजत तर्फ**

१. विदेशी चलचित्र जाँचपासका लागि सिफारिस (सेन्सर)
- ८४ वटा

२. चलचित्र प्रदर्शन इजाजतपत्र प्रदान (नयाँ)
- १२ वटा

३. चलचित्र प्रदर्शन इजाजतपत्र नवीकरण
- २६ वटा

४. च्यारिटी शो प्रदर्शन स्विकृती प्रदान
- ० वटा

५. चलचित्र प्रदर्शन सम्बन्धी उपकरण खरिद आयात सिफारिस (भन्सार महशुल छुट)
- ४ वटा

६. विदेशी मुद्रा सटही सुविधा सिफारिस
- ५६ वटा

७. चलचित्र वितरण इजाजत पत्र (नयाँ)
- ११ वटा

८. चलचित्र वितरण इजाजत पत्र (नवीकरण)
- ४ वटा

८. चलचित्र प्रदर्शन तथा वितरणका लागि उद्योग/फर्म दर्ता सिफारिस
- ४ वटा

## १.६ आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण

| आन्तरिक तर्फको आम्दानी रू. | खर्च रू. |
|---|---|
| रू. १६ करोड ३४ लाख १० हजार | रू. ८ करोड ७० लाख १५ हजार |

# २. प्रगति

## २.१ विगत पाँच आर्थिक वर्षको वित्तीय विवरण (विनियोजन र खर्च रू. लाखमा)

| विवरण | आ.व.२०७६/०७७ | आ.व.२०७७/०७८ | आ.व.२०७८/०७९ | आ.व.२०७९/०८० | आ.व.२०८०/०८१ |
|---|---|---|---|---|---|
| विनियोजन | २०५६.७१ | १५६१ | १४३४.६ | १२६२.४० | १७९५.४० |
| खर्च | ९५८.९२ | ५६१.३ | ५६०.८३ | ७३७.४४ | ८७०.१५ |

## २.२ आ.व.२०८०/०८१ को वार्षिक विनियोजन, खर्च, वित्तीय र भौतिक प्रगति

| विनियोजन | खर्च | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|
| १७९५.४० | ८७०.१५ | ४८.४६ | ६७ |

## २.३ आ.व.२०८०/०८१ को मुख्य मुख्य कार्यक्रम र प्रगति

| सिं.नं. | मुख्य कार्यक्रम/अन्य | प्रगति | कैफियत |
|---|---|---|---|
| १ | काभ्रेको बनेपामा अत्याधुनिक सुविधा सम्पन्न स्टुडियो निर्माण गर्ने। | नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८०/३/२६ को निर्णयबाट अत्याधुनिक चलचित्र छायाँङ्कन स्टुडियो निर्माण आयोजनाको लागि काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नगरपालिका वडा नं.१० र १३ अन्तर्गत रहेको बाहुँनडाँडा सामुदायिक वनको कुल जम्मा २.५०८५ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति प्राप्त भएको। राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्ने विषयमा वन तथा भू-संरक्षण विभागसँग सम्झौता भई जग्गाको भोगाधिकार प्राप्त भएको। | |
| २ | दोलखा फिल्म सिटी आयोजनालाई सरकारी निजी साझेदारी प्रक्रिया मार्फत निर्माण प्रक्रिया प्रारम्भ गर्ने। | दोलखा फिल्म सिटी आयोजनालाई सरकारी निजी साझेदारी प्रक्रिया मार्फत निर्माण प्रक्रिया प्रारम्भ गर्ने सम्बन्धमा आयोजनाको उपयुक्त मोडालिटी निर्कोयलका लागि मन्त्रालय पठाईएको। नेपाल सरकारले सन् २०२४ मा आयोजना गरेको तेस्रो लगानी सम्मेलनको सोकेशमा समावेश गरी लगानीकतर्ताहरूलाई आकर्षित गरिएको। | |

| सिं.नं. | मुख्य कार्यक्रम/अन्य | प्रगति | कैफियत |
|---|---|---|---|
| ३. | मौलिक चलचित्र निर्माणमा प्रोत्साहनका लागि स्टोरी बैंक | मौलिक चलचित्र निर्माणमा प्रोत्साहनका लागि स्टोरी बैक अन्तर्गत एकवटा कथानक र दुईवटा लघु चलचित्र निर्माण भएको। निर्माण भएका चलचित्रलाई प्रोत्साहन स्वरूप आर्थिक सहयोग गरिएको। नयाँ चलचित्र कथा छनौटका लागि सूचना आव्हान गरी आवेदन संकलन गरिएको। | |
| ४. | देशका लागि सिनेमा कार्यक्रम सञ्चालन गर्ने। | बालबालिकाहरूको सहभागितामा मिति २०८०/११/१४ देखि २०८०/११/१८ गते सम्म लुम्बिनी प्रदेशको अर्घाखाँची जिल्लामा र मिति २०८१/०१/०३ देखि २०८०/०१/०७ गते सम्म कोशी प्रदेश अन्तर्गत सुनसरी जिल्लाको ईटहरीमा बाल चलचित्र निर्माण प्रशिक्षण कार्यशाला सम्पन्न गरिएको। सुदुरपश्चिम प्रदेशको धनगढीमा मिति २०८१/०३/०७ देखि २०८१/०३/०९ गते सम्म दोस्रो राष्ट्रिय बाल चलचित्र महोत्सव सम्पन्न भएको। | |
| | | चलचित्र सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालनमा ३६ वटा सरोकारवाला सङ्घ संस्थासँग सहकार्य गरी/ कार्यक्रम सम्पन्न गरिएको। | |
| ५ | बक्स अफिस प्रणाली कार्यान्वयन गर्ने।**ccms desktop application maintenance upgradation, mobile app ios version** तयार तथा **upgradation,** नेटवर्कको **AMC,** लाईसेन्स खरिद, **LED** खरिद, **FDB Portal** निर्माण, **GIDC, DRC** का लागि सर्भर लगायतका उपकरण खरिद। | CCMS Desktop Application Networking तथा Box-OMS Application को AMC भई कार्य अघि बढेको र .चलचित्र विकास बोर्डमा रहेको Central Cinema Management System बक्स अफिस प्रणालीको स्तरोन्नतिका लागि CCMS Desktop Application Networking तथा Box- OMS Application को AMC भई कार्य सम्पन्न भएको। | |

| सिं.नं. | मुख्य कार्यक्रम/अन्य | प्रगति | कैफियत |
|---|---|---|---|
| ६. | नेपाललाई अन्तर्राष्ट्रिय चलचित्र छायाङ्कनका लागि आकर्षकस्थलको रूपमा विकास गर्न सातै प्रदेश मध्ये कुनै दुई प्रदेश रहेका उत्कृष्ट छायाङ्कनस्थलको बारेमा प्रवर्द्धनात्मक सामाग्री निर्माण गरी प्रचार प्रसार गर्ने तथा पहिचान गरिएका छायाङ्कनस्थलको विकासका लागि। | नेपाललाई अन्तर्राष्ट्रिय चलचित्र छायाङ्कनका लागि आकर्षकस्थलको रूपमा विकास गर्न उत्कृष्ट छायाङ्कनस्थलको बारेमा प्रवर्द्धनात्मक सामाग्री निर्माण गरी प्रचार प्रसार गर्ने कार्यक्रम अन्तर्गत लुम्बिनी र कर्णाली प्रदेशको वृत्तचित्र निर्माण गरिएको। | |
| ७ | स्वदेशी चलचित्रको प्रवर्द्धन विकासका लागि अन्तर्राष्ट्रियस्तरमा आयोजना हुने कार्यशाला, महोत्सव, सेमिनार, एक्स्पो, अध्ययन भ्रमण लगायतका कार्यक्रममा बोर्ड र चलचित्रकर्मीहरूको सहभागिता गराउने तथा विदेशी अतिथि सत्कार। | अन्तर्राष्ट्रियस्तरमा आयोजना भएका चलचित्र महोत्सव तथा चलचित्र विकास कार्यशालामा सहभागि पाँचवटा चलचित्र र दश जना चलचित्रकर्मीलाई प्रोत्साहन गरिएको।<br><br>भारतको मुम्बईमा मिति २०८१/०२/३० देखि २०८१/०३/०१ सम्म चलचित्र विकास बोर्ड तथा केन्द्रिय चलचित्र जाँच समितिका पदाधिकारीहरूबाट भारतीय चलचित्र प्रमाणीकरण बोर्डसँग भारतमा नेपाली चलचित्रको जाँच प्रक्रिया सहजीकरण लगायतका विषयमा द्विपक्षीय छलफल भएको। साथै चलचित्र छायाङ्कन स्टुडियो, पोष्ट प्रोडक्सन ल्याव लगायतको अध्ययन भ्रमण गरिएको। | |
| ८ | नेपाली चलचित्रको अन्तराष्ट्रियस्तरमा विकास, विस्तार, प्रवर्द्धन र बजारीकरणका लागि चलचित्रको बाहुल्यता | नेपाली चलचित्रको अन्तर्राष्ट्रियय विकास, विस्तार, प्रवर्द्धन र बजारीकरणका लागि भारतको गोवामा आयोजना भएको फिल्म बजार २०२३ मा बोर्डबाट स्टल राखी सहभागिता जनाईएको। | |

| सिं.नं. | मुख्य कार्यक्रम/अन्य | प्रगति | कैफियत |
|---|---|---|---|
| | रहेको सम्भावित कुनै दुई वटा देश छनौट गरी अन्तर्क्रिया र बजार अध्ययन, छायाङ्कनस्थल प्रचार प्रसार तथा चलचित्र सम्बन्धी गतिविधिको अवलोकन भ्रमण गर्ने। | साथै London National Delphic Council Nepal ले बेलायतमा आयोजना गरेको **"नेपाली चलचित्रको ६ दशकः चुनौति र अन्तर्राष्ट्रिय बजारको खोजी"** विषयक कार्यक्रममा नेपाली चलचित्र सम्बन्धी प्रवर्द्धनात्मक गतिविधि सञ्चालन तथा सहभागिता भएको। | |
| ९. | महिला चलचित्रकर्मीहरूको सशक्तिकरणका कार्यक्रम सञ्चालन गर्ने। अन्तर्राष्ट्रिय नारी दिवसका अवसरमा चलचित्रक्षेत्रको योगदानका आधारमा महिला चलचित्रकर्मीलाई पुरस्कृत गर्ने। | अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा २०८० साल फागुन २३ गते सात जना महिला चलिचत्रकर्मीलाई पुरस्कृत गरिएको। महिला सशक्तिकरणमा महिला चलचित्रकर्मीहरूको भूमिका विषयमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको।<br><br>महिला चलचित्रकर्मीहरूको अभिलेखलाई व्यवस्थित गर्न **नेपाली रतजपटका महिला"हरू** "नामक पुस्तक प्रकाशन गरिएको | |
| १०. | संविधान दिवसको अवसरमा सामाजिक/शासकिय रुपान्तरणमा योगदान पुर्याएका चलचित्रकर्मी पहिचान गरी सम्मान एवम् पुरस्कृत गर्ने। | संविधान दिवसको अवसरमा सामाजिक/ शासकीय रुपान्तरणमा योगदान पुऱ्याएका चलचित्रकर्मी पहिचान गरी माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्रीज्यूको प्रमुख आतित्थ्यतामा ११ जना चलचित्रकर्मीहरूलाई "साँस्कृतिक रूपान्तरण सम्मान तथा पुरस्कार" प्रदान गरिएको। | |
| ११. | बोर्डबाट चलचित्रकर्मीहरूको दक्षता अभिवृद्धिका लागि सम्पादन, मेकअप र अभिनय लगायतका विषयमा कार्यशाला आयोजना गर्ने। | चलचित्रकर्मीहरूको दक्षता अभिवृद्धिका लागि बोर्डमा अभिनय सम्बन्धी, कर्णाली प्रदेशको सुर्खेत जिल्लाको बिरेन्द्रनगरमा सम्पादन सम्बन्धी र मधेश प्रदेशको जनकपुरमा मेकअप सम्बन्धी ५/५ दिने कार्यशाला सम्पन्न भएको। | |

| सिं.नं. | मुख्य कार्यक्रम/अन्य | प्रगति | कैफियत |
|---|---|---|---|
| १२. | चलचित्र विकास बोर्डको लोगो (स्लोगन सहित)निर्माण एवम् सार्वजनिकिकरण गर्ने। चलचित्र दिवस घोषणा गर्ने। | बोर्डको लोगो र नारा बोर्डबाट स्वीकृत गरी सार्वजनिक गरिएको। | |
| १३. | चलचित्र सम्बन्धी विषय अध्ययनका लागि छात्रवृत्ति एवम् शोधवृत्ति प्रदान गर्ने। | चलचित्र सम्बन्धी मूल विषय लिएर स्नातक तह तेस्रो वर्षमा अध्ययनरत ८ जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको। साथै स्नातक तह प्रथम वर्षमा अध्ययनरत १० जना तथा स्नातकोत्तर तहमा शोधपत्र/शोधकार्य गर्ने २ जना र विद्यावारिधि तहमा १ जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको। | |
| १४. | आदिवासी, जनजाति, मातृभाषा संस्कृतिमा बन्ने चलचित्रहरूको विकास, विस्तार र प्रवर्द्धनमा सहयोग पुग्ने कार्यक्रम सञ्चालन गर्ने। | आदिवासी, जनजाति, मातृभाषा संस्कृतिमा बन्ने चलचित्रहरूको विकास, विस्तार र प्रवर्द्धनमा सहयोग पुग्ने १५ वटा जातिय सङ्घ/संस्थासँग सहकार्य गरी दक्षता अभिवृद्धि लगायत विभिन्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिएको। चलचित्र विकास बोर्ड अन्तर्गतको आदिवासी जनजाति मातृभाषी चलचित्र प्रवर्द्धन समितिबाट मिति २०८०/१२/०९ मा "आदिवासी जनजाति मातृभाषी चलचित्रको निर्माण,प्रवर्द्धन र बजारीकरण सम्बन्धी विचार गोष्ठी तथा अन्तरक्रिया", मिति २०८१/०२/३२ मा लुम्बिनी प्रदेशको बुटवलमा एक दिवसीय "आदिवासी जनजाति मातृभाषी चलचित्रको प्रवर्द्धन, बजार व्यवस्थापन तथा सम्मान" कार्यक्रम तथा मिति २०८१/०३/१९ र २० गते कोशी प्रदेशको इटहरीमा कोशी प्रदेशस्तरीय कार्यक्रम गरी ३ वटा कार्यक्रम सम्पन्न भएको। | |

| सिं.नं. | मुख्य कार्यक्रम/अन्य | प्रगति | कैफियत |
|---|---|---|---|
| १५. | चलचित्रघर नभएका तर बाक्लो जनसंख्या रहेका जिल्लाहरूमा घुम्ती सिनेमा मार्फत शैक्षिक संस्थाहरूमा समेत गरी चलचित्रकर्मीहरूको सहभागितामा कम्तीमा ३ स्थान वा प्रदेशमा सिनेमा साक्षरता कार्यक्रम सञ्चालन गर्ने। | सुदूरपश्चिम प्रदेशका अछाम, डडेल्धुरा, डोटी, कैलाली जिल्लाका साथै बागमती प्रदेशको सिन्धुली, रामेछाप, दोलखा, काभ्रे जिल्लाका विभिन्न स्थानमा घुम्ती सिनेमा कार्यक्रम सञ्चालन भएको। | |
| १६. | चलचित्रकर्मीहरूको QR CODE सहितको डाटावेश स्तरोन्नती गर्ने। | चलचित्रकर्मीहरूको QR कोड सहितको डाटाबेश तथा चलचित्र विकास शुल्कको FDF पोर्टल निर्माणको कार्य सम्पन्न भएको। | |
| १७. | लघु चलचित्र प्रतियोगिता गराई उत्कृष्ट चलचित्रलाई पुरस्कृत गर्ने। | लघु चलचित्र प्रतियोगिता गराई उत्कृष्ट ३ वटा चलचित्रलाई पुरस्कृत गरिएको | |
| १८. | नीति, विधेयक, नियम, विनियम, कार्यविधि, निर्देशिका, नियमावली तथा विभिन्न विषयका मोडालिटी तर्जुमा, संशोधन तथा परिमार्जन गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पेश भएको चलचित्र सम्बन्धी कानूनलाई संशोधन र एकिकरण गर्न बनेको विधयेकको मस्यौदा तयार गर्न नेपाल सरकार, मन्त्रिपरिषदबाट सैद्धान्तिक स्वीकृति प्राप्त भई सो अनुसार तयार मस्यौदा उपर सहमतिको लागि अर्थ मन्त्रालय पठाई सहमति प्राप्त भएको। हाल मन्त्रालयमा छलफलको क्रममा रहेको।<br>राष्ट्रिय चलचित्र नीति,२०८० को मस्यौदा तयार भएको। | |

| सिं.नं. | मुख्य कार्यक्रम/अन्य | प्रगति | कैफियत |
|---|---|---|---|
| १९. | सामाजिक सन्देश एवम् सूचनामूलक पाँच वटा छोटा (२ देखि ५ मिनेट सम्मका) श्रव्यदृश्य सामाग्री तयार गरी प्रचार प्रसार गर्न मन्त्रालय उपलब्ध गराउने। | सामाजिक सन्देश एवम् सूचनामूलक ५ वटा श्रव्यदृश्य सामग्री निर्माण गरिएको। | |
| २०. | चलचित्रकर्मी परिचयपत्र वितरण गर्ने तथा परिचयपत्र प्राप्त चलचित्रकर्मीहरूको स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्ने। | विशिष्ट र चलचित्रकर्मी श्रेणीको परिचयपत्र वितरणका लागि सूचना आव्हान गरी आवेदन संकलन गरी कार्य अघि बढाईएको साथै ९७ जना विशिष्ट श्रेणीको परिचयपत्र प्राप्त चलचित्रकर्मीहरूको औषधोउपचार बीमा कार्यक्रमलाई निरन्तरता दिइएको। | |
| २१. | राष्ट्रिय चलचित्र पुरस्कार, विशेष चलचित्र पुरस्कार तथा दीर्घ साधना सम्मान कार्यक्रम आयोजना गर्ने। | बोर्डको प्रमुख कार्य भित्र पर्ने राष्ट्रिय चलचित्र पुरस्कार तथा सम्मान समारोह कार्यक्रम मिति २०७८ र २०७९ सालको राष्ट्रिय चलचित्र पुरस्कार, दीर्घ साधना सम्मान तथा २०७८ र २०७९ सालको विशेष चलचित्र पुरस्कार प्रदान गर्नुका साथै ३५ जना चलचित्रकर्मीहरूलाई विशेष योगदान सम्मान गरिएको। | |
| | | २०८० सालको राष्ट्रिय एवम् विशेष चलचित्र पुरस्कारमा चलचित्रहरूको सहभागिताकालागि सूचना प्रकाशित गरी आवेदन संकलन गरिएको। साथै निर्णायकको गठनका लागि विज्ञ (जुरी) हरू को रोष्टर तयार गरी रायसुझाव र पृष्ठपोषणका लागिबोर्डको वेबसाईटमा सार्वजनिक गरिएको। | |

## २.४ बेरूजू फछ्यौंटसम्बन्धी विवरण

| क्र.सं. | आ.व. २०८०/०८१ सम्मको बेरूजूलगत | फछ्र्यौटका लागि लेखि पठाईएको | कैफियत |
|---|---|---|---|
| १. | ५ करोड १३ लाख ४२ हजार | २ करोड ४६ लाख १५ हजार | |

## ३. अन्तरिक आय

| सिं.नं. | शिर्षक | प्राप्त रकम | कैफियत |
|---|---|---|---|
| १. | चलचित्र विकास शुल्क | रू. १६ करोड २० लाख ५ हजार ४ सय ४१ | |

# १०. प्रेस काउन्सिल नेपाल

## १. परिचय

### १.१ पृष्ठभूमि

सञ्चार माध्यमको अनुगमन, मूल्याङ्कन गरी मर्यादित तथा जिम्मेवार बनाउन प्रेस काउन्सिल नेपालको महत्वपूर्ण भूमिका रहेको छ। प्रेस काउन्सिल ऐन, २०४८ बमोजिम पत्रकारिताको पेसागत उच्चतम आचरण कायम राखी स्वस्थ, स्वतन्त्र र उत्तरदायी पत्रकारिताको विकास तथा सम्बर्द्धनका साथै प्रेस स्वतन्त्रताको संरक्षणको लागि काउन्सिलका स्थापना भएको र यसैका लागि क्रियाशील रहिरहेको छ।

### १.२ निकायको स्वरूप र प्रकृति

सञ्चार माध्यमको अनुगमन, मूल्याङ्कन गरी मर्यादित तथा जिम्मेवार बनाउन प्रेस काउन्सिल नेपालको महत्वपूर्ण भूमिका रहेको छ। प्रेस काउन्सिल ऐन, २०४८ बमोजिम पत्रकारिताको पेसागत उच्चतम आचरण कायम राखी स्वस्थ, स्वतन्त्र र उत्तरदायी पत्रकारिताको विकास तथा सम्बर्द्धनका साथै प्रेस स्वतन्त्रताको संरक्षणको लागि काउन्सिलका स्थापना भएको र यसैका लागि क्रियाशील रहिरहेको छ।

### १.३ निकायको काम, कर्तव्य र अधिकार

प्रेस काउन्सिल ऐन,२०४८ अनुसार देहायको काम, कर्तव्य देहाय अनुसार रहेको छ।

- पत्रकारितासम्बन्धी नीतिलाई समय-समयमा अवलोकन गरी सम्बन्धित क्षेत्रको राय सल्लाह लिई नेपाल सरकारलाई सुझाव दिने
- स्वस्थ पत्रकारिताको विकास गर्न पत्रकारितासम्बन्धी आचारसंहिता तयार गरी लागू गर्ने
- पत्रकारिताको विकासका लागि नेपाल सरकारलाई सुझाव दिने
- पत्रकारिताको वितरण स्थितिको अद्यावधिक अभिलेख राख्ने
- पत्रपत्रिकामा प्रकाशित समाचारसँग सम्बन्धित विषयलाई लिएर कसैले काउन्सिलमा उजुरी दिएमा सो सम्बन्धमा आवश्यक कारबाही गर्ने
- पत्रपत्रिकाको गतिविधि एवम् वस्तुस्थितिबारे अध्ययन एवम् मूल्याङ्कनसहितको वार्षिक प्रतिवेदन नेपाल सरकारसमक्ष पेश गर्ने
- पत्रपत्रिकामा प्रकाशित असामाजिक र आपत्तिजनक सामग्रीहरूका सम्बन्धमा छानबिन गर्ने

### १.४ प्रेस काउन्सिलको कार्यसम्पादनसँग सम्बन्धित कानूनहरू

- प्रेस काउन्सिल ऐन, २०४८

- प्रेस काउन्सिल (कार्यव्यवस्था) नियमावली, २०४९
- प्रेस काउन्सिल कर्मचारी विनियमावली, २०७९
- प्रेस काउन्सिल मिडिया विकास कोष उप–समितिको विनियम, २०५१
- प्रेस काउन्सिल गोपालदास पत्रकारिता पुरस्कार कोषको विनियमावली, २०५६
- मिडिया विकास कोष नीति, २०५२ (परिमार्जन – २०७५)
- पत्रपत्रिका वितरण सम्परीक्षणको मापदण्ड, २०६६ (परिमार्जन, २०७५)
- प्रेस काउन्सिल खर्च निर्देशिका, २०७५
- बालमैत्री सञ्चार निर्देशिका,२०७३
- अपाङ्गतामैत्री सञ्चार निर्देशिका, २०७३
- महिला उत्तरदायी सञ्चार निर्देशिका, २०७६
- पत्रकार आचारसंहिता उजुरी र कारबाहीसम्बन्धी कार्यविधि, २०७५ (पहिलो संशोधन २०७६)
- ज्येष्ठ नागरिकमैत्री सञ्चार निर्देशिका, २०७८
- अनलाइन सञ्चार माध्यम अभिलेख तथा सूचीकरणको मापदण्ड, २०७८ (दोस्रो संशोधन, २०८०)
- प्रेस स्वतन्त्रता अनुगमन कार्यविधि, २०८० काउन्सिल बोर्ड बैठकबाट स्वीकृत भइ कार्यान्वयनमा रहेको
- युट्युब च्यानलको व्यवस्थापन सूचिकरण तथा अभिलेखिकरण सम्बन्धी कार्यविधि २०८०, काउन्सिल बोर्डबाट स्वीकृत भइ कार्यान्वयनमा रहेको
- प्रेस काउन्सिल कर्मचारी विनियमावली, २०७९ संशोधनको लागि मन्त्रालय पठाइएको।

## २. प्रगति

### २.१ विगत ५ वर्षको वित्तीय विवरण (विनियोजन र खर्च)

| आ.व. | स्वीकृत वार्षिक बजेट रू. | | खर्च रू. | | | |
|---|---|---|---|---|---|---|
| | पूँजीगत | चालु | पूँजीगत | प्रगति % | चालु | प्रगति % |
| २०७५/०७६ | - | ४६९००००० | - | - | ४११००००० | ८७.६३ |
| २०७६/०७७ | - | ५१९००००० | - | - | ३७२६००००० | ७२ |
| २०७७/०७८ | - | ५०४००००० | - | - | ३९९४७७२४ | ७९ |
| २०७८/०७९ | - | ४६९००००० | - | - | ३३७४०००० | ९३.२६ |
| २०७९/०८० | - | ४६८००००० | - | - | ४०००००००० | ८५.४७ |

## २.२ आ.व. २०८०/८१ को वार्षिक विनियोजन र खर्च (वित्तीय र भौतिक प्रगतिसमेत)

| निकाय | वार्षिक विनयोजन | | कुल वार्षिक खर्च | | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | चालु | पूँजीगत | चालु | पूँजीगत | वित्तीय | भौतिक |
| प्रेस काउन्सिल नेपाल | ४८४००००० | — | ४३१५१००० | — | ८९.१५ | १००% |

## २.३ आ.व. २०८०/०८१ को मुख्य मुख्य कार्यक्रम र प्रगति

**IMBIS मा Entry भएका कार्यक्रमको उपलब्धिहरू**

- वार्षिकोत्सव र विधागत पुरस्कार पुरस्कार छनोट गरी प्रेस काउन्सिल नेपालको ५४औं बार्षिकोत्सवको अवसरमा सम्मानीय राष्ट्रपति श्री रामचन्द्र पौडेल र सञ्चार तथा सूचना प्रविधिमन्त्री मा. श्री रेखा शर्माज्यूबाट मिति २०८० असोज ६ गते २२ जनालाई सम्मान, ५९ जना पत्रकार पुरस्कार, १ जना कर्मचारीलाई दीर्घसेवा पदक र ४ जना कर्मचारीलाई पुरस्कृत गरी कार्यक्रम सम्पन्न भएको।
- वार्षिक प्रतिवेदन, Media Year Book, संहिता जर्नल ५८, ५९, ६० र ६१ औं अङ्क प्रकाशित।
- कर्मचारी अवकाश कोष वृद्धि गरिएको।
- पत्रपत्रिका वर्गीकरण आ.व. २०७८/०७९ को पत्रपत्रिका मूल्याङ्कन र वर्गीकरण सम्पन्न गरी नतिजा तयारी अन्तिमचरणमा रहेको छ। आ.व. २०७९/०८० को पत्रपत्रिका वर्गीकरणको लागि ८९५ पत्रपत्रिकाको फाराम दर्ता भएको छ। त्यसमाथि नतिजा तयारीको काम कार्ययोजनासहित अघि बढाइएको छ।
- पत्रकार आचारसंहिता तामाङ, राई बान्तवा र लिम्बू भाषामा अनुवाद गरी प्रकाशन भएको छ। योसहित ९ मातृभाषामा अब अचारसंहिता हुनेछन्।
- ११ जना कर्मचारीलाई स्थायी नियुक्ति दिइएको, सोहीअनुसार जिम्मेवारी दिइ पदस्थापना गरिएको र लेखा अधिकृतको लागि पुनः विज्ञापन गरिएकोमा लिखित नतिजा प्रकाशन भइसकेको छ। प्राविधिक सीप परीक्षणको लागि सूचना प्रकाशन भएको छ।
- प्रेससँग सम्बन्धित पुराना सामग्री सङ्कलन गरी सुरक्षण गरिएको
- आचारसंहिता जागरण कार्यक्रम नवलपरासी, रूपन्देही, पाल्पा, गुल्मी, दाङ, अर्घाखाँची, गोरखा, तनहुँ, रसुवा र नुवाकोट १० जिल्लामा सम्पन्न।
- मिडिया साक्षरता कार्यक्रम बारा र लमजुङमा सम्पन्न।
- युट्युब च्यानलको व्यवस्थापन सूचीकरण तथा अभिलेखीकरणसम्बन्धी कार्यविधि २०८०, काउन्सिल बोर्डबाट स्वीकृत भइ काठमाडौं, ललितपुर, धादिङ, सुर्खेत, कपिलवस्तु, झापा र बाँके

८ जिल्लामा युट्युब व्यवस्थापन र अभिमुखीकरण कार्यक्रम सम्पन्न जसमा ३०४ जनाको सहभागिता रहेको

- महिला पत्रकारहरूको क्षमता अभिवृद्धि कार्यक्रमका बागमती प्रदेश, लुम्बनी प्रदेश र कोशी प्रदेशमा सम्पन्न भएको छ। यसबाट १०५ पत्रकारको क्षमता अभिवृद्धि भएको छ।
- पत्रपत्रिका व्यवस्थापन प्रणालीमा आवद्ध १२०१ पत्रपत्रिकाका ४,५५,२५५ वटा पिडिएफ सामग्री अभिलेख भएको।

## २.४ यस अवधिमा सम्पादित नवप्रवर्तनीय एवम् उल्लेखनीय कार्यहरू

- काउन्सिलको सभाहलमा विदेश मामिला रिपोर्टिङ र आचारसंहिताको सवाल विषयक छलफल कार्यक्रम सम्पन्न।
- काउन्सिलको हल निर्माण सम्पन्न र सुनुवाइ कक्षको लागि समेत प्रक्रिया अघि बढेको छ।
- काउन्सिलसँग सञ्चार माध्यमअन्तर्गत राष्ट्रिय समाचार समिति, गोरखा पत्र संस्थान र रेडियो नेपालसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न।
- प्रेस स्वतन्त्रताको अवस्था सम्बन्धमा गृह मन्त्रालय, सुरक्षा निकाय प्रवक्ताः प्रतिनिधि, नेपाल पत्रकार महासङ्घ लगायतको सहभागितामा काउन्सिलमा कार्यक्रम सम्पन्न।
- देशभरका मिडियाको अवस्थाबारे मिडिया अनुगमन काउन्सिलका सदस्य एवम् कर्मचारीहरूबाट नुवाकोट, धादिङ, मकवानपुर, सुनसरी, झापा, इलाम, मुस्ताङ, म्याग्दी, रूपन्देही, पाल्पा, बारा, पर्सा, रौतहट, कैलाली, कञ्चनपुर, मोरङ, धनकुटा, चितवन, तनहुँ, गोरखा, सिन्धुली, उदयपुर, रामेछाप, कालिकोट, जुम्ला, सुर्खेत, बाग्लुङ, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा, डडेल्धुरा, बैतडी, सर्लाही, महोत्तरी, ताप्लेजुङ, पाँचथर, दैलेख, जाजरकोट, बागलुङ, पर्वत, कपिलवस्तु, प्युठान जिल्लामा सम्पन्न भएको। त्यसको प्रतिवेदन अन्तिमचरणमा रहेको छ।
- ५६ जना पत्रकारलाई ५ लाख ८१ हजार औषधीउपचार सुविधा प्रदान गरिएको।
- जाजरकोट र रुकुम पश्चिमका भूकम्प प्रभावित पत्रकारःसञ्चारमाध्यम गरी ७० लाई रू. ६ लाख सहयोग प्रदान गरिएको त्यसैगरी ल्यापटप खरिदमा ३० जना, क्यामेरा खरिदमा ६ जना, लेखनवृत्तिमा १० जना, शोधपत्र लेखन ४ जना, सञ्चार केन्द्रमा १ र ब्याज अनुदानमा १ संस्थालाई गरी १९ लाख २९ हजार ५ सय असी अनुदान प्रदान गरिएको छ।
- यस आर्थिक वर्षमा काउन्सिल बोर्डको १८ वटा बैठक सम्पन्न भएका छन्।
- प्रेस क्लिपिङ सेवालाई निरन्तरता दिइएको छ। ग्राहकहरू घट्दो क्रममा रहेका छन्। हाल ३९ ग्राहकलाई सेवा प्रदान हुँदै आएको छ।
- ङ आर्थिक वर्ष २०७९/०८० को प्रारम्भिक लेखा परीक्षण कार्य सम्पन्न भएको छ।
- सञ्चार माध्यममा कार्टुन र आचारसंहितामा अन्तरक्रिया, राष्ट्रिय सञ्चार सम्बद्ध विधेयकउपर छलफल र साहित्यिक पत्रकारितामा भाषिक एकता गोष्ठी सम्पन्न भएका छन्।

- कार्य, सम्पादन, अप्ठ्यारा, कार्य-सम्पादन प्रभावकारी बनाउने उपाय, सहितका विभिन्न विषयमा आन्तरिक छलफल हुने गरेका छन्।
- चलचित्र पत्रकारिता र पत्रकार आचारसंहितासम्बन्धी छलफल कार्यक्रम मकवानपुरको हेटौंडामा सम्पन्न।
- यस आ.व.मा नयाँ अनलाइन सूचीकरण ५६५ गरी जम्मा ४६१५ अनलाइन सूचीकरण भएका।
- प्रेस स्वतन्त्रता हनन सम्बन्धमा ७९ घटना अभिलेख भएको।
- अनुगमन प्रतिवेदनले उल्लेख गरेका मुख्य विषय यसप्रकार रहेका छन् *(छुट्टै संलग्न छ)*
- नेपाली मिडियाको इतिहास झल्कने गरी अध्ययन अनुसन्धानको कार्य अघि बढेको छ।
- फायरवाल सिस्टम जडान एवम् अन्य अभिलेख र अनुगमनको काम नियमित भैइरहेको।

सूचीकरण, नवीकरण र वर्गीकरणलाई अनलाइन प्रणालीमा लैजान विभिन्न प्रयासहरू भइरहेका छन्।

## २.५ बेरूजू फछ्र्यौटसम्बन्धी विवरण

| सि.न. | आ.व. २०७८/०७९ सम्ममा फछ्र्यौट हुन बाँकी बेरूजूरुकम रू. | आ.व २०७९/०८० सम्ममा फछ्र्यौट रकम | आ.व २०८०/०८१ सम्ममा फछ्र्यौट रकम | फछ्र्यौट प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | १५९००० | ० | ० | ० | |

## २.६ अवसर र चुनौतीहरू

- मुलुकभरका आमसञ्चार माध्यमको अनुगमन गर्न पर्याप्त जनशक्ति अभाव।
- संघीय संरचना अनुसारको कार्यालय नभएको।
- पत्रकारहरूको योग्यता तथा सम्बन्धित पेशाको लाइसेन्स प्रणाली कायम गर्न पहल हुनुपर्ने।
- सामाजिक सञ्जाल (युट्युब) को नियमन हुन नसक्दा आमसञ्चार माध्यमको लागि चुनौती बन्दै गएको।

## २.७ कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या र समाधानका लागि गरिएकका प्रयासहरू

| समस्या | समाधानका उपाय |
|---|---|

| | |
|---|---|
| आचारसंहिता अनुगमन | सञ्चार माध्यमको संख्या वृद्धिसँगै चुनौतिहरू पनि थपिदै आएकाले त्यस्ता चुनौती न्यूनिकरणको लागि थप अध्ययन अनुसन्धान/अनुगमनको लागि स्रोत साधनसहित अनुगमनकर्ताहरू थप गर्नुपर्ने र तथ्याँकको सुरक्षणको व्यवस्था समेत हुनुपर्ने। |
| युट्युब नियमन | समय सापेक्ष आवश्यक ऐन नहुँदा नियमनमा कठिनाइ भएकाले तत्काल ऐन बनाउनुपर्ने। |
| O&M Survey | प्रविधिको विस्तारसँग चुनौतिहरू थपिदै आएकोले कार्यचापको आधारमा विषय विज्ञता अनुसारको जनशक्ति पूर्तिका लागि पनि O&M Survey हुनुपर्ने |

## ३.राजस्व र आय

आर्थिक वर्ष २०८०/०८१ मा ५८ लाख ८५ हजार विविध आम्दानी रहेको छ।

# ११. न्यूनतम पारिश्रमिक निर्धारण समिति

## १. परिचय

### १.१ पृष्ठभूमि

सञ्चार प्रतिष्ठानमा कार्यरत श्रमजीवि पत्रकार, कर्मचारी तथा कामदारहरूको तहगत वर्गीकरण सहितको न्यूनतम पारिश्रमिक निर्धारण पुनरावलोकन, तथा कार्यान्वयन अनुगमन समेतका लागि श्रमजीवि पत्रकार सम्बन्धी ऐन २०५१ (संशोधन २०६४ ) अनुसार गठित समिति हो। श्रमजीवि पत्रकार सम्बन्धी ऐन २०५१ को दफा ११ ले गरेको व्यवस्था बमोजिम श्रमजीवि पत्रकारको न्यूनतम पारिश्रमिक निर्धारण लगायतका कार्य गर्नका लागि २०६४ भाद्र २८ मा समिति गठन भएको हो। मन्त्रीपरिषदबाट पत्रकारिता क्षेत्रमा विशिष्ट भूमिका निर्वाह गरेको नेपाल सरकारले तोकेको व्यक्ति अध्यक्ष रहने सो समितिमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट राजपत्राङ्कित प्रथम श्रेणी, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट राजपत्राङ्कित प्रथम श्रेणीका प्रतिनिधि एक एक जना प्रतिनिधि पदेन सदस्य रहने व्यवस्था छ। नेपाल पत्रकार महासङ्घको अध्यक्ष पदेन प्रतिनिधिको रूपमा रहने छन् भने श्रमजीवि पत्रकारमध्येबाट नेपाल पत्रकार महासङ्घले तोकेको सरकारबाट मनोनीत तीन जना प्रतिनिधि रहने व्यवस्था छ। व्यवस्थापकबाट नेपाल सरकारले तोकेको तीन जना प्रतिनिधि रहने व्यवस्था छ। कर्मचारी वा कामदारमध्येबाट नेपाल सरकारले मनोनीत गरेका एक जना, श्रम तथा अर्थसम्बन्धी विशेषज्ञहरू मध्येबाट नेपाल सरकारले मनोनीत गरेको एक जना र सो समितिको सदस्य—सचिव भने प्रेस रजिष्ट्रार रहने व्यवस्था छ।

### १.२ निकायको स्वरूप र प्रकृति

श्रमजीवि पत्रकार ऐन २०५१ (पहिलो संशोधन २०६४) को दफा ११ मा भएको व्यवस्था बमोजिम २ वर्षका लागि पदावधि रहने स्थायी प्रकृतिको यस समितिमा सरकारले पदाधिकारीहरू नियुक्त गर्दछ। यसमा अध्यक्ष सहित निम्न बमोजिम १३ जना पदाधिकारी रहने व्यवस्था छः

१. सञ्चारको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरू मध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति - अध्यक्ष

२. प्रतिनिधि (राजपत्राङ्कित प्रथम श्रेणी), सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

३. प्रतिनिधि (राजपत्राङ्कित प्रथम श्रेणी), श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय।

४. नेपाल पत्रकार महासङ्घका सभापति।

५.श्रमजीवि पत्रकारहरूमध्येबाट कम्तीमा एक जना महिला रहने गरी नेपाल पत्रकार महासङ्घले तोकेका तीन जना।

६. व्यवस्थापकहरूमध्येबाट नेपाल सरकारले मनोनित गरेका तीन जना।

७. कर्मचारी वा कामदारमध्येबाट नेपाल सरकारले मनोनीत गरेका एक जना।

८. श्रम तथा अर्थसम्बन्धी विशेषज्ञहरू मध्येबाट नेपाल सरकारले मनोनीत गरेको एक जना।

९. प्रेस रजिष्टार- सदस्य सचिव।

## १.३ निकायको काम, कर्तव्य र अधिकार

१. सञ्चार प्रतिष्ठानमा कार्यरत श्रमजीवि पत्रकार, कर्मचारी र कामदारको न्यूनतम पारिश्रमिक निर्धारण गर्ने,

२. न्यूनतम पारिश्रमिक निर्धारण गरी सरकारलाई सिफारिस गर्नुअघि सो विषयमा आवश्यकता अनुसार सम्बन्धित पक्षसँग परामर्श गर्ने वा सम्बन्धित विशेषज्ञको राय लिने,

३. त्यस्तो पारिश्रमिक रकममा आवश्यकताअनुसार पुनरावलोकन गर्ने,

४. श्रमजीवि पत्रकार, कर्मचारी र कामदारको पद र सो पदको तहगत वर्गीकरण गर्ने,

५. श्रमजीवि पत्रकारसम्बन्धी ऐनको कुनै व्यवस्था संशोधन गर्नुपरेमा सरोकारवाला निकायसँगको परामर्शमा सरकार समक्ष सुझाव पेश गर्ने

६. तोकिएबमोजिमका अन्य काम, कर्तव्य र अधिकारको निर्वाह र प्रयोग गर्ने,

७. समितिको बैठक सम्बन्धी कार्यविधि निर्धारण गर्ने।

# २. प्रगति

## २.१ विगत ५ वर्षको वित्तीय विवरण (विनियोजन र खर्च)

| आ.व. | विनियोजन | खर्च |
|---|---|---|
| २०७५/०७६ | ६१ लाख | ५८ लाख ४६ हजार |
| २०७६/०७७ | ७५ लाख | ७० लाख २८ हजार |
| २०७७/०७८ | ८० लाख | ६६ लाख |
| २०७८/०७९ | ६९ लाख १० हजार | ५६ लाख ६७ हजार |
| २०७९/०८० | ६८ लाख २४ हजार | ६५ लाख १२ हजार |

## २.२ आ.व. २०८०/०८१ को वार्षिक विनियोजन र खर्च (वित्तीय र भौतिक प्रगति समेत)

| आ.व. २०८०/०८१ को वार्षिक विनियोजन | खर्च | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|
| ६९ लाख ७० हजार | ५३ लाख ४९ हजार | ७६ प्रतिशत | ८४ प्रतिशत |

## २.३ आ.व. २०८०/०८१ को मुख्य मुख्य कार्यक्रम र प्रगति

| सि.नं. | कार्यक्रम भएको स्थान | कार्यक्रमको किसिम | सहभागिता |
|---|---|---|---|
| १ | डोटी | कर्णाली प्रदेश स्तरीय अन्तरक्रिया कार्यक्रम | अध्यक्ष संगिता खड्का, टेनिस रोका लगायत |
| २ | बाँके | लुम्बिनी प्रदेश स्तरीय अन्तरक्रिया कार्यक्रम | सदस्य विपुल पोखरेल लगायत |
| ३ | धादिङ | जिल्ला स्तरीय अन्तरक्रिया कार्यक्रम | सदस्य राम हरि कार्की,टेनिस रोका लगायत |
| ४ | ललितपुर | जिल्ला स्तरीय अन्तरक्रिया कार्यक्रम | सदस्य राम हरि कार्की,टेनिस रोका लगायत |
| ५ | कपिलवस्तु | जिल्ला स्तरीय अन्तरक्रिया कार्यक्रम | सदस्य आस्था केसी लगायत |
| ६ | अर्घाखांची | जिल्ला स्तरीय अन्तरक्रिया कार्यक्रम | सदस्य आस्था केसी लगायत |
| ७ | बर्दिया | जिल्ला स्तरीय अन्तरक्रिया कार्यक्रम | सदस्य आस्था केसी लगायत |
| ८ | पोखरा | गण्डकी प्रदेश स्तरीय अन्तरक्रिया कार्यक्रम | अध्यक्ष संगिता खड्का लगायत |
| ९. | स्याङजा | जिल्ला स्तरीय कार्यक्रम | अध्यक्ष संगिता खड्का, सदस्य शान्ता अधिकारी लगायत |
| १० | तनहुँ | जिल्ला स्तरीय कार्यक्रम | अध्यक्ष संगिता खड्का,सदस्य शान्ता अधिकारी लगायत |
| ११ | लमजुङ | जिल्ला स्तरीय कार्यक्रम | अध्यक्ष संगिता खड्का सदस्य शान्ता अधिकारी लगायत |
| १२ | मकवानपुर | जिल्ला स्तरीय कार्यक्रम | अध्यक्ष संगिता खड्का, सदस्य शान्ता अधिकारी लगायत |

| सि.नं. | कार्यक्रम भएको स्थान | कार्यक्रमको किसिम | सहभागिता |
|---|---|---|---|
| १२ | सुर्खेत | प्रदेश स्तरीय अन्तरक्रिया कार्यक्रम | अध्यक्ष संगिता खड्का लगायत |
| १३ | विराटनगर | प्रदेश स्तरीय अन्तरक्रिया | अध्यक्ष संगिता खड्का सदस्य श्रीप्रसाद राई लगायत |
| १४ | विभिन्न जिल्लाहरुमा | मिडिया अनुगमन | अध्यक्ष लगायत सदस्यहरु |

## २.४ यस अवधिमा सम्पादित नवप्रवर्तनीय एवम् उल्लेखनीय कार्यहरू

१ श्रमजीवि पत्रकार ऐन २०५१ (पहिलो संशोधन २०६४) संशोधनका लागि सरोकारवाला निकायसँग राय एवम् सल्लाह सुझाव लिने कार्य भइरहेको

२ श्रमजीवि पत्रकार,कर्मचारी तथा कामदारहरूको पारिश्रमिक वृद्धिका लागि सरकारलाई सिफारिस गरिएको

## २.५ बेरूजू फछ्र्यौट सम्बन्धी विवरण

५ सय ७५ रूपैंया बेरूजू

## २.६ अवसर र चुनौतीहरू

- ❖ श्रमजीवि पत्रकार ऐन कार्यान्वयन नगर्ने सञ्चार गृहहरूको समितिले अनुगमन गर्ने बाहेक अन्य अधिकार नभएकोले श्रमजीवि पत्रकार ऐन कार्यान्वयनमा समस्या देखिएको।
- ❖ ऐनको कार्यान्वयन नगर्ने सञ्चार प्रतिष्ठानलाई कुन निकायले के कारवाही गर्न सक्ने भन्ने स्पष्ट व्यवस्था ऐनमा नहुनु।

# १२. राष्ट्रिय समाचार समिति

## १. परिचय

### १.१ पृष्ठभूमि

रा.स.स. ऐन २०१९ अनुसार सञ्चालनमा रहेको राष्ट्रिय समाचार समिति एक मात्र सरकारी समाचार एजेन्सी रूपमा क्रियासिल रहेको छ। समाचार समिति भनेकै आमसञ्चार माध्यमलाई समाचार उपलब्ध गराउने सहयोगी संस्था हो। सामन्यतय समाचार समितिको आफ्नो प्रकाशन र प्रशारण गृह हुँदैन। समाचार समितिले पत्रपत्रिका र विधुतीय सञ्चार माध्यमलाई समाचार र तस्विर उपलब्ध गराउने चलन रहेको छ। तर कतिपय देशमा समाचार समितिले नै पत्रिका, रेडियो या टेलिभिजन पनि सञ्चालन गरिरहेका छन्। नेपालमा राष्ट्रिय समाचार समितिले अनलाइन पोर्टलमार्फत आफ्ना सेवाग्राहीलाई समाचार सामग्री उपलब्ध गराउदै आएको छ।

बि.स. २०१८ फागुन ७ गते स्थापित राष्ट्रिय समाचार समिति(रा.स.स.)ले युगानुकुल प्रविधिहरूको सदुपयोग गर्दै अन्तरराष्ट्रिय जगत्का राज्यसम्बद्ध समाचार समितिहरूसरह नियमित रूपमा लिखित, विद्युतीय, श्रव्य र श्रव्यदृश्य माध्यममा प्रभावकारी समाचार सामग्री सम्प्रेषण गरी सञ्चारजगत्को अग्रणी भूमिकामा रही विश्वभर मुलुकको प्रतिष्ठा उँचो पार्नका लागि राज्यको आधिकारिक आवाज र विचार प्रचार–प्रसार गर्नु नेपालका हितमा हुने गरी काम गरिरहेको छ।

भूकम्पले क्षतिग्रस्त भवनलाई भत्काएर सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको समन्वयमा सहरी विकास मन्त्रालय अन्तर्गत केन्द्रीय आयोजना कार्यान्वयन इकाई(भवन तथा आवास) को सहयोगमा रा.स.स.को नयाँ भवन रू. १६ करोड ८६ लाख ५२ हजार १२२ लागतमा पुर्ननिर्माण गर्ने कार्य भएको छ।



## १.२ निकायको स्वरूप र प्रकृति

देश विदेशका निष्पक्ष तथा आधिकारिक, शुद्ध, पक्षपातरहित, विश्वसनीय एवम् वास्तविक समाचार विभिन्न आम सञ्चारमाध्यममार्फत सम्पेषण गरी आमजनतालाई सुसूचित गराउने विश्वव्यापी मान्यताअनुरूप नेपालमा रा.स.स.ले सोही जिम्मेवारी निर्वाह गर्दै आएको छ।

## १.३ निकायको काम, कर्तव्य र अधिकार

राष्ट्रिय दृष्टिकोणलाई ध्यानमा राखी निष्पक्ष तथा आधिकारिक, शुद्ध, पक्षपातरहित, विश्वसनीय एवम् वास्तविक समाचारको सङ्कलन तथा वितरण गरी आमजनतालाई सुसूचित गराएको छ।

राष्ट्रिय समाचार समिति ऐन, २०१९ अनुसार रा.स.स. अविच्छिन्न उत्तराधिकारवाला स्वायत्त संस्था हो। यस ऐनले रा.स.स.लाई निम्न उद्देश्य तथा कर्तव्य तोकेको छ।

१. सर्वसाधारण जनताको सुविधा कायम राख्न नेपालभित्र र विदेशका समेत निष्पक्ष एवम् आधिकारिक समाचार तथा सूचना देशवासी तथा विदेशीलाई उपलब्ध गराउने।

२. नेपालमा एकताको भावनाको वृद्धिका साथै ठोस जनमतको सिर्जनामा मद्दत होस् भन्ने हेतुले देश तथा विदेशमा पूर्ण तथा वास्तविक समाचार एवम् सूचनाको खोजी गरी प्राप्त भएका समाचार र सूचना प्रयोगकर्ताहरूमा वितरण गर्ने।

३. समाचारहरूको समुचित आदान–प्रदान गर्न राष्ट्रव्यापी संस्थाको स्वस्थ एवम् मजबुत जग बसाल्ने।

४. राष्ट्रिय दृष्टिकोणलाई ध्यानमा राखी निष्पक्ष तथा आधिकारिक, शुद्ध, पक्षपातरहित, विश्वसनीय एवम् वास्तविक समाचारको सङ्कलन तथा वितरण गर्ने।

५. नेपालसँगको अन्य राष्ट्रको मित्रता एवम् विश्वशान्ति बलियो पार्ने वा शङ्का उपशङ्का अन्त्य गर्ने समाचार वितरण गर्ने।

६. देशको सार्वभौमसत्ता, अखण्डता र राष्ट्रियतालाई संवद्र्धन गर्ने तथा जनताको हित हुने किसिमका समाचारहरूको सङ्कलन एवम् वितरण गर्ने।

७. देश र समाजको स्तर उच्च पार्ने, समाजको उत्थान हुने खालका समाचार सङ्कलन तथा वितरण गर्ने।

८. समाचारको सङ्ग्रहका लागि नेपालभर र विदेशका समेत ठाउँठाउँमा शाखा कार्यालय खोल्ने, समाचारदाता र सम्पादक नियुक्त गर्ने।

## १.४ रा.स.स.बाट प्रदान गरिने सेवाहरू

रा.स.स.को कार्यसञ्चालन प्रतिदिन मूलतः प्रात, दिवा, सायंकालीन गरी तीन सत्रमा विभाजन गरी व्यवस्थित गरिएको छ। अनलाइन प्रविधिमा निरन्तर र अविच्छिन्न सेवा प्रवाह गर्नुपर्ने भएकाले यस्तो व्यवस्था गरिएको हो। निकट भविष्यमा शुरू गरिने भिडियो सेवासहित यसले प्रवाहित गर्ने विभिन्न प्रकृतिका ७ प्रकारका सेवा निम्नानुसार रहेका छन्।

१. नेपाली समाचार सेवा
२. अंग्रेजी समाचार सेवा
३. अन्तर्राष्ट्रिय समाचार सेवा
४. नेपाली फोटो सेवा
५. अन्तर्राष्ट्रिय फोटो सेवा
६. अडियो समाचार सेवा
७. भिडियो सेवा

## २. प्रगति

## २.१ विगत पाँच वर्षको वित्तीय विवरण

| सि.नं. | आर्थिक वर्ष | विनियोजन रू. | खर्च रू. |
|---|---|---|---|
| १ | २०७६/०७७ | १२८४०० | १२८४०० |
| २ | २०७७/०७८ | १४९३०० | १४९३०० |
| ३ | २०७८/०७९ | १६३३०० | १६३३०० |
| ४ | २०७९/०८० | १६९३७६ | १६९३७६ |
| ५ | २०८०/०८१ | १७०६०० | १६७२०० |

## २.२ आ.व. २०८०/०८१ को वार्षिक विनियोजन र खर्च वित्तीय र भौतिक प्रगति

| आर्थिक वर्ष | वार्षिक बजेट (रू. हजारमा) | खर्च (रू. हजारमा) | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|
| २०७९/०८० | १७०६०० | १६७२०० | ९८ | ९६ |

## २.३ आ.व. २०८०/०८१ को मुख्य मुख्य कार्यक्रम र प्रगति

| सि.नं. | मुख्य कार्यक्रम/अन्य | प्रगति | कैफियत |
|---|---|---|---|
| १. | श्रव्यदृश्य सेवा सञ्चालन | निजी क्षेत्रको विज्ञ कम्पनीबाट आउटसोर्सिङ गरी श्रव्यदृश्य सेवा सञ्चालन भएको। साउनदेखी असारसम्म ५७१७ भिजुअल क्लिप सम्प्रेषण भएको। भिडियो सेवाका लागि १ थान सर्भर, १ थान न्यास ब्याकअप, २ थान भिडियो कम्प्युटर, ५ थान डेक्सटप कम्प्युटर, २ थान प्रोफेसनल लेन्स, एक थान ८ केभिएको युपिएस खरिद भएको। | |
| २. | सञ्चार उपकरण खरिद | सञ्चार उपकरण अन्तर्गत ५ थान डेस्कटप कम्प्युटर, ३ थान क्यामरा, २ थान ल्यापटप, ७ थान हाजिरी मेसिन, १९ थान ७५० केभिएको युपिएस, ५ थान जिपिएस, ७ थान प्रिन्टर लगायतका सामग्री खरीद भएको। | |
| ३. | गण्डकी प्रदेश कार्यालयनिर्माण | पोखरस्थित गण्डकी प्रदेश कार्यालय तथा तालिम केन्द्र निर्माणका लागि स्रोत सुनिश्चित नभएकाले समस्या भएको। | |
| ४. | कार्यालय मर्मत | रा.स.स. नेपालगञ्ज, राजविराज कार्यालयको मर्मतसम्भार भएको तथा केन्द्रीय कार्यालयमा पर्खाल, सेड र शौचालय निर्माण भएको। | |

## ३ राजस्व र आय

## ३.१ आन्तरिक आयको वर्गीकरण र प्राप्त रकम

| सि.नं. | शिर्षक | कर | गैर कर | |
|---|---|---|---|---|
| १ | नेपाल सरकार | | १६,७१,९२,४९४ | १६,७१,९२,४९४ |
| | रा.स.स. | | | ३,८६,४८,१२९ |
| २ | समाचार शुल्क | | १,८९,७०,८७१.५० | रा.स.स. |
| ३ | घरभाडा | | १,५०,५५,१५८.०० | रा.स.स. |
| ४ | अन्य | | ४६,२२,०९९.१४ | रा.स.स. |
| | जम्मा | | २०,५८,४०,६२२.६४ | |

## ३.२ अवसर र चुनौतीहरू

राष्ट्रिय समाचार समितिलाई विश्वका अन्य प्रतिष्ठित मुलुकका आधिकारिक समाचार एजेन्सीसरह स्थापित र गुणस्तरीय बनाउन पर्याप्त काम गर्नुपर्ने देखिन्छ। यसमा नयाँ रा.स.स. ऐनको निर्माण गर्न मस्यौदा गर्ने पहिलो महत्वपूर्ण काम शुरु भएको छ। यसका साथै आवश्यक जनशक्तिको व्यवस्था तथा प्रशिक्षणको व्यवस्था नहुनु र अत्याधुनिक उपकरणयुक्त तुल्याउन पर्याप्त स्रोत साधन नहुनु जस्ता समस्या चुनौतीका रूपमा रहेका छन। रा.स.स.को स्वामित्वमा रहेका पुराना कार्यालय

भवनहरूको उचित मर्मत सम्भारका लागि बजेट विनियोजन नहुँदा ती भवनहरू जोखिममा रहेका छन्। यससम्बन्धी सञ्चार तथा सूचना प्रविधि मन्त्रालय तथा प्रदेश सरकार र स्थानीय निकायहरूसँग सहयोगका लागि समन्वय भइरहेको छ।

रा.स.स. राज्यको एक मात्र, आम सञ्चार क्षेत्रको सबैभन्दा बढी प्रभावकारी र आधिकारिक समाचार एजेन्सी भएकाले राज्यका लागि रा.स.स.लाई प्रभावकारी बनाउन पर्याप्त अवसर विद्यमान छ र रा.स.स.का लागि राज्यको विश्वसनीयता र स्रोत नै पूँजीका रूपमा विद्यमान छ।

**अवसरहरू**

क) राज्यका महत्वपूर्ण सूचना प्रवाहमा भरपर्दो र आधिकारिकसंयन्त्र।

ख) देशका समाचार संस्थाहरूका लागि समाचारको मेरुदण्ड।

ग) देशका आममसञ्चार माध्यमले सर्वसुलभ र सहजरूपमा समाचार सामग्री (नेपाली र अंग्रेजी भाषामा समाचार,फोटो, अडियो र भिडियो सेवा) प्राप्त गरिरहेका।

घ) भौतिक संरचनासहित देशभर आफ्नो संयन्त्र उपस्थित रहेको।

ङ) समाचार एवम् सूचना प्रवाहमा नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको।

च)समाचार विश्वसनीयता र आधिकारिकता सिर्जना गरी स्वस्थ जनमत निर्माणमा सहयोगी भएको।

छ ) विदेशी समाचार संस्थाहरूको नेपालमा एकमात्र आधिकारिक वितरक रहेको।

ज) फस्टाउँदो रूपमा रहेका देशका सञ्चारमाध्यमहरू अझ लाभान्वित हुने र स्थायित्व दिने।

झ) नेपालकै एकमात्र आधिकारिक समाचार संस्था भएकोले विदेशी सञ्चारमाध्यमले रा.स.स.बाट सेवा लिन सक्ने।

ञ) मित्रराष्ट्र चीन र भारतका राजधानीमा आवासीय संवाददाता राख्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सहमत भई प्रक्रिया अघि बढेको।

ट) देशका ७७ वटै जिल्ला र महत्वपूर्ण स्थानीय तहमासमेत स्थानीय समाचारदाता कृयाशील रहेको यसैगरी नेपाली समुदायको उल्लेख्य उपस्थित भएका देशहरूमा पनि समाचारदातामार्फत समाचार सम्प्रेषण हुँदै आएको।

**चुनौतीहरू**

क) रा.स.स.को ऐन, नियमसमसामयिक बनाउनु पर्ने।

ख) रा.स.स.मा कर्मचारीको दरबन्दी संरचनाको इ ७ : गर्नुपर्ने।

ग) रा.स.स. सेवाफोटो, अडियो र भिडियो सञ्चालनमा प्रविधि र दक्ष जनशक्तिको अभाव।

घ) समाचार सामग्री सम्प्रेषणमा समाचारको गुणस्तरीयता अभिवृद्धि गर्न स्रोत र साधनको अभाव।

ङ) मर्मतसम्भार र संरक्षणमा समस्या।

च) आम्दानी हुने सम्भावना रहेका रा.स.स.को स्वामित्वमा रहेका पोखरा, वीरगन्ज र काँकडभिट्टामा भौतिक सम्पत्तिको व्यावसायिक उपयोगमा ल्याउनुपर्ने।

छ) तालिमको अभाव।

ज) रा.स.स.का सेवालाई विविधिकरण गर्ने।

झ) रा.स.स.का समाचार सामग्रीको अनाधीकृतप्रयोग बढेको तर प्रतिलिपि अधिकारबमोजिम कारबाही गर्न नसकिएको।

ञ) रा.स.स.लाई केन्द्रीय सूचना बैंकका रूपमा विकास गर्ने र देशका महत्वपूर्ण सूचना एकीकृत किसिमबाट उपलब्ध गराउने।

ट) मुलुक संघीयतामा प्रवेश गरिसकेकोले सातवटै प्रदेशमाब्युरोहरू राखी प्रदेश र स्थानीय तहका समाचार सामग्री प्रदेशस्तरबाटै सम्प्रेषण गर्ने।

### ३.३ कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या र समाधानका लागि गरिएका प्रयासहरू

- रा.स.स.को समग्र व्यवस्थापनमा रहेका नीतिगत, कानूनी तथा व्यावहारिक समस्याहरू समाधान गर्नै कठिन हुने प्रकारका छैनन्। तसर्थ रा.स.स.ले तालुकवाला मन्त्रालयमा आवधिक रूपमा आयोजना गरिने बैठकहरूमा यस्ता समस्या राख्ने तथा समाधानका लागि उपायहरू खोज्ने काम हुँदै आएको छ। यसका साथै रा.स.स. सन्चालक समितिका बैठकले गर्ने गरेका निर्णयहरूले पनि व्यावहारिक समस्याको समाधानमा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्।
- प्रशिक्षणको कमी जस्तो समस्यालाई सम्बोधन गर्न प्रदेश सरकार र स्थानीय सरकारहरूसँगको समन्वय र सहकार्यलाई अघि बढाइएको छ। आमसञ्चरमा रा.स.स.को महत्वलाई तीनै तहका सरकारले आत्मसात् गरी रा.स.स.लाई आफ्नो सहयोग प्रणालीमा आवद्ध गर्ने काम बढ्दै गइरहेको छ।
- रा.स.स. ऐन, २०१९ लाई प्रतिस्थापन गर्न र रा.स.स.को अहिलेको आवश्यकतालाई सम्बोधन गर्ने गरी नयाँ रा.स.स. ऐनको मस्यौदा तयार गरी मन्त्रालयमा पेश भएको छ। यसले धेरै हदसम्म रा.स.स.लाई नयाँ दिशा प्रदान गर्ने कानूनी आधार प्रदान गर्नेछ।

- पूँजीगत शीर्षकमा प्रस्ताव गरिएअनुसार बजेट विनियोजन नभएकोले अपेक्षा गरिएबमोजिम थप प्रभावकारी एवम् परिणाममुखी कार्य गर्न सकिएको छैन।
- संगठन संरचना र व्यवस्थापन (O&M) हुन नसक्दा २५ वर्ष अघिको कर्मचारी दरबन्दी संरचनाभित्र रही बदलिँदो परिस्थितिमा सेवा प्रवाह गर्न बाध्य हुनुपरेको छ। समितिले संगठन संरचना र व्यवस्थापन (O&M) मस्यौदा तयार गरेको छ।
- काँकडभिट्टा, पोखरा, वीरगन्जलगायतका व्यावसायिक दृष्टिले महत्वपूर्ण स्थानमा भौतिक संरचना निर्माण गर्न बजेट तथा नीतिगत समस्या रहेका कारण उल्लिखित स्थानका जग्गाको पूर्ण सदुपयोग नसक्दा थप आम्दानी गुमाउनु परेको छ।

# १३. विज्ञापन बोर्ड

## १. परिचय

### १.१ पृष्ठभूमि

विज्ञापन व्यवसायलाई स्वच्छ, पारदर्शी, मर्यादित बनाई उपभोक्तालाई तथ्यपूर्ण विज्ञापनको माध्यमबाट सही सूचना उपलब्ध गराउने उद्देश्यले विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ बमोजिम विज्ञापन बोर्डको गठन भएको हो। २०७७ साल मंसिर १५ गते बोर्ड गठन भएको भएपनि अध्यक्षको नियुक्ति २०७८ चैत्र २० गते भएको र २०७९ बैशाख १ गतेबाट बोर्डले पूर्णता पाएको थियो। विज्ञापन चक्रमा सहभागी विज्ञापनदाता, विज्ञापन एजेन्सी, सञ्चारमाध्यम, उपभोक्ता र सरकारबीच समन्वय गर्ने, विवाद उत्पन्न भए निरूपण गर्ने, उजुरी सुन्ने तथा त्यसमा आवश्यक आदेश वा निर्देशन गर्ने कार्य बोर्डले गर्दछ। विज्ञापन व्यवसायलाई स्वच्छ, पारदर्शी, मर्यादित, प्रतिस्पर्धी बनाउन आवश्यक नीतिगत, व्यवस्थापकीय, समन्वयकारी, नियामक एवम् प्रणालीगत व्यवस्था एवम् कार्यहरू बोर्डले गर्दै आएको छ। स्थापना भएको छोटो समयमा महत्वपूर्ण कार्य गरेको बोर्ड कानूनले तोकेको जिम्मेवारी पुरा गर्न दृढताकासाथ लागिरहेको छ। कार्यप्रगति प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्ने विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम १९ को व्यवस्था बमोजिम यो प्रतिवेदन तयार गरिएको हो।

### १.२ विज्ञापन बोर्डको स्वरूप र प्रकृति

विज्ञापन व्यवसायमा संलग्न व्यक्ति तथा संस्थाहरूको पटक पटकको माग तथा सम्मानित सर्वोच्च अदालतबाट पटक पटक भएका फैसला बमोजिम विज्ञापन क्षेत्रको नियमनको लागि नियामक निकायको गठनको आदेश हुदैं आएको थियो। छुट्टै नियामक निकायको अभावमा विज्ञापन बजारले अपेक्षाकृत विकास गर्न नसकेको, भ्रमपूर्ण विज्ञापनको कारण उपभोक्ता ठगिएको जस्ता उजुरी र गुनासो आउने गरेका थिए। नेपाली विज्ञापन बजार लैङ्गिक तथा उपभोक्ता मैत्री बन्न नसकेको यथार्थका बीच संघीय संसद्बाट पारित भई सम्माननिय राष्ट्रपतिज्यूबाट विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ लाई मिति २०७६ कार्तिक ८ गते प्रमाणीकरण भएको थियो। साथै मन्त्रीपरिषद्को २०७३ साल श्रावण ६ गते पारित विज्ञापन रहित नीति, २०७३ अनुसार २०७४ साल श्रावण १ गतेदेखि नेपालमा प्रसारण हुने विदेशी टेलिभिजन च्यानल विज्ञापन रहित प्रसारण हुनु पर्ने व्यवस्था कार्यान्वयन हुन नसकेको कारण उक्त नीति कार्यान्वयनका लागि समेत विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ आएको हो। जसको मुख्य उद्देश्य विज्ञापन रहित प्रसारणको व्यवस्था गर्नु समेत थियो।

ऐनका व्यवस्थाहरू कार्यान्वयन गर्न विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ मिति २०७७ कार्तिक ३ मा जारी गरिएको थियो। उक्त ऐन तथा नियमावलीको अधीनमा रही नेपाल सरकारले विज्ञापन बोर्डको स्थापना गर्यो। बोर्डले स्थापना भएको पहिलो वर्षमै विज्ञापन उत्पादन, वितरण, प्रकाशन तथा प्रसारण सम्बन्धी आचारसंहिताको मस्यौदा तयार पारि सार्वजनिक छलफलका लागि २०७८ साल कार्तिक ८ गते सार्वजनिक गर्यो। उक्त मस्यौदामाथि सरोकारवालासँगको व्यापक परामर्श र छलफल पछि २०७९ जेठ ३० विज्ञापन बोर्डले विज्ञापन उत्पादन, प्रकाशन, प्रसारण र वितरणसम्बन्धी आचारसंहिता, २०७९ जारी गरी मिति २०७९ असार १९ गते सार्वजनिक गर्यो। आचारसंहिताले विज्ञापन व्यवसायलाई स्वच्छ, पारदर्शी, मर्यादित, प्रतिस्पर्धी बनाइ विज्ञापन बजारलाई व्यवस्थित गर्न विभिन्न विधि र प्रकृयाको थालनी गरेको छ। उक्त आचारसंहिता हाल कार्यान्वयनमा आइसकेको छ।

## १.३ विज्ञापन बोर्डको काम, कर्तव्य र अधिकार

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ तथा विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ अनुसार गठन भएको विज्ञापन बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन्:

- विज्ञापन सम्बन्धमा राष्ट्रिय नीति तय गरी मन्त्रालयमा सिफारिस गर्ने,
- सञ्चारमाध्यमबाट प्रसारण गरिने विज्ञापनको सामग्री परीक्षण गर्न तोकिएको आधारमा मापदण्ड तयार गर्ने,
- विज्ञापन उत्पादन, प्रसारण र वितरण सम्बन्धी आचारसंहिता बनाउने,
- मुलुकको आवश्यकता अनुसार राष्ट्रिय हित, सार्वजनिक हित सम्बन्धी विज्ञापन निर्माण गरी प्रकाशन तथा प्रसारण गर्न प्रोत्साहन गर्ने,
- नभए वा नगरेको कुरामा भ्रम फैलाउने, उत्तेजना फैलाउने, अमर्यादित, भेदभावजन्य वा यस ऐन विपरीत विज्ञापन गरिए वा नगरिएको अनुगमन गर्ने वा गराउने,
- विदेशी च्यानलहरूबाट विज्ञापन सहित प्रसारण भए नभएको अनुगमन गरी कारवाही गर्ने,
- नेपाल सरकार, विज्ञापन एजेन्सी, विज्ञापनदाता, सञ्चारमाध्यम तथा सरकारी निकायबीच समन्वय गर्ने,

- विज्ञापन व्यवसाय र व्यवसायीको योग्यता र क्षमता विकास गर्नका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने,
- उपभोक्ता सजगता सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, गराउने,
- विज्ञापनको क्षेत्रमा उत्कृष्ट कार्य गर्नेलाई पुरस्कृत गर्ने,
- विज्ञापन उत्पादक, निर्माता, वितरक वा प्रसारकलाई आवश्यक निर्देशन दिने,
- सञ्चारमाध्यमहरूलाई नेपाल सरकारबाट उपलब्ध गराइने सार्वजनिक हित सम्बन्धी सबै विज्ञापन तोकिएको आधारमा बोर्ड मार्फत समानुपातिक रूपमा वितरण गर्ने,
- ऐन तथा नियमावली बमोजिम विज्ञापन एजेन्सी सञ्चालन भए नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,
- सरकारी विज्ञापन वापतको रकम भुक्तानी प्रक्रिया पारदर्शी रूपमा हुने व्यवस्था गर्ने,
- आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था गर्ने,
- विज्ञापन वितरण गर्ने प्रयोजनको लागि सञ्चार माध्यमको सूचीकरण र स्तर निर्धारण गर्ने,
- प्रकाशन वा प्रसारण हुने विज्ञापन वा सूचनाको वर्गीकरण गर्ने,
- विज्ञापन सम्बन्धी मापदण्ड तथा आचारसंहिता तयार गर्ने र सोको अनुगमन गर्ने,
- चलचित्र घर तथा खेलकुद स्थल तथा अन्य कार्यक्रममा हुने विज्ञापनको अनुगमन तथा नियमन गर्ने,
- प्रदेश अनुगमन तथा नियमन समिति र स्थानीय तहसँग समन्वय गर्ने,
- विज्ञापन एजेन्सीको अनुगमन तथा नियमन गर्ने गराउने,
- विज्ञापन बापतको रकम भुक्तानी प्रक्रिया पारदर्शी गर्ने गराउने,
- बोर्डको चल वा अचल सम्पत्तिको अद्यावधिक अभिलेख राख्ने र त्यस्तो सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्ने,

- तोकिए बमोजिम अन्य कार्य गर्ने।

## १.४ विज्ञापन बोर्डसँग सम्वद्ध ऐन, नियम, नीति, गठन आदेश तथा निर्देशिका, कार्यविधि र अन्य कानूनी व्यवस्थाः

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ तथा विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ अनुसार गठन भएको विज्ञापन बोर्ड सम्बद्ध ऐन, नियम, नीति, निर्देशिका, कार्यविधि र अन्य व्यवस्थाहरू निम्न बमोजिम रहेका छन्।

**१) ऐनहरूको सूचीः**

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६

**२) नियमहरूको सूचीः**

विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७

**३) नीतिहरूको सूचीः**

विज्ञापन रहित नीति, २०७३

**४) विनियम, मापदण्ड, आचारसंहिता वा निर्देशिकाहरूको सूचीः**

१.१ विज्ञापन एजेन्सी सूचीकरण तथा अनुगमन मापदण्ड, २०७८

१.२ विज्ञापन प्रसारण सामाग्री परीक्षणसम्वन्धी मापदण्ड, २०७८(पहिलो संशोधन समेत)

१.३ विज्ञापन उत्पादन, वितरण, प्रकाशन तथा प्रसारणसम्बन्धी आचारसंहिता, २०७९

१.४ विद्युतीय सञ्चारमाध्यममा लोककल्याणकारी विज्ञापन प्रसारणसम्बन्धी कार्यविधि,२०८०

१.५ छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी मापदण्ड, कार्यविधि,२०८०

१.६ बाह्य विज्ञापन सम्बन्धी मापदण्ड, २०८१

# २. प्रगति

## २.१ विगत चार आर्थिक वर्षको वित्तीय विवरण

| | आ.व. | विनियोजन | खर्च |
|---|---|---|---|

| क्र.सं. | | चालू | पूँजीगत | जम्मा | चालू | पूँजीगत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | २०७७/०७८ | २७४६६००० | ०.०० | २७४६६००० | २०३६४३८४ | ०.०० | २०३६४३८४ |
| २ | २०७८/०७९ | १०७५५८३५१ | ७०००००० | ११४५५८३५१ | ९१४८३९४१ | ६८३५६५४ | ९८३१९५९१ |
| ३ | २०७९/०८० | १०९६१३१०६ | ७०००००० | ११६६१३१०६ | १००१०१२१६ | ४७३३८३२ | १०४८३५०४८ |
| ४ | २०८०/०८१ | १०३१४७९८० | ५३००००० | १०८४४७९८० | ९४९२०७१९ | ५७४१३० | ९५४९४८४९ |

## २.२ आ.व. २०८०/०८१ को वार्षिक विनियोजन, खर्च, वित्तीय र भौतिक प्रगति

बोर्डलाई नेपाल सरकारबाट आर्थिक वर्ष २०८०/८१ मा चालुतर्फ ३४ करोड ८७ लाख ७८ हजार रूपैंया र पूँजीगततर्फ ७० लाख रूपैंया गरी जम्मा ३५ करोड ५७ लाख ७८ हजार वार्षिक विनियोजन भएको थियो। शिर्षकगत रूपमा चालुतर्फ छापामाध्यममा लोककल्याणकारी विज्ञापन प्रकाशन तथा भुक्तानीको लागि २० करोड रूपैंया र पछि थप ४ करोड ३० लाख ७८ हजार रूपैंया समेत गरी कुल २४ करोड ३० लाख ७८ हजार रूपैंया, विद्युतीय सञ्चारमाध्यममा लोककल्याणकारी विज्ञापन प्रकाशनको लागि ८ करोड रूपैंया, दैनिक प्रशासनिक कार्य सञ्चालनको लागि २ करोड ५७ लाख रूपैंया विनियोजन भएको थियो।

विनियोजित रकममध्ये छापामाध्यमलाई लोककल्याणकारी विज्ञापन उत्पादन तथा प्रकाशनको भुक्तानी वापत २४ करोड ३० लाख ७८ हजार खर्च भएको, विद्युतीय सञ्चारमाधमयलाई लोककल्याणकारी विज्ञापनको उत्पादन तथा प्रसारण बापत ८ करोड खर्च भएको र पूँजीगततर्फ ५ लाख ७४ हजार १ सय ३० रूपैंया र चालुतर्फ रू. १ करोड ५० लाख ६८ हजार १ सय ९१ रूपैंया ५८ पैसा गरी कुल रू. ३२ करोड ८१ लाख ४२ हजार रूपैंया खर्च भएको छ।

साथै कोष तर्फ २ करोड ८६ लाख ६० हजार रूपैंया मध्ये २७ लाख ९७ हजार १ सय ६९ रूपैंया खर्च भई कोष तर्फको रकम २ करोड ५८ लाख ६२ हजार ८ सय ३१ रूपैंया बचत रहेको छ।

कार्यालयले आर्थिक वर्ष २०८०/०८१को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तोकिएको कार्यक्रमहरू मध्ये भौतिक प्रगति ८५ प्रतिशत र वित्तीय प्रगति ९२.४० प्रतिशत हासिल भएको छ।

## २.३ नवप्रवर्तनीय एवम् उल्लेखनीय कार्यहरू

बोर्डले आमसञ्चारमाध्यम तथा बाह्य विज्ञापनमार्फत हुने विज्ञापनको अध्ययन कार्य सम्पन्न गरेको छ। अध्ययनमा आमसञ्चारले अवैज्ञानिक तवरले मूल्य निर्धारण गरेको, निर्धारित मूल्यमा कारोवार नगरी अत्यधिक छुट दिने गरेको पाइएको छ। त्यस्तै विज्ञापन एजेन्सीले आफुखुसी सञ्चारमाध्यमको दर तोक्ने गरेको समेत पाइएकोले विज्ञापन बजार अपारदर्शी हुनपुगेको पाइएको छ। विज्ञापन बजारमा विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमबीच अविश्वासको वातावरण रहेको समेत पाईएको छ। त्यसको निराकरणका लागि बोर्डले विज्ञापन नियमावलीमा संशोधन गरी विज्ञापन चक्रका प्रमुख क्षेत्रहरू विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमबीच विश्वासको वातावरण तयार गर्ने प्रयास गरेको छ।

अध्ययनमार्फत बाह्य विज्ञापन (होडिङ्ग बोर्ड) मार्फत हुने विज्ञापनका क्षेत्रमा रहेका नीतिगत, कानूनी र व्यवहारीक समस्याको पहिचान गरिएको थियो। अध्ययनका क्रममा अधिकांश स्थानीय तहले विज्ञापनबापत राजस्व संकलन गर्न नसकेको, कतिपयले ठेक्कामार्फत राजस्व संकलन गरेको र तेइस प्रतिशतले आफैले राजस्व उठाएको पाइएको थियो। ठेक्कामा राजस्व उठाउन दिएका स्थानीय तहले निकै न्यून राजस्व संकलन गरेको समेत अध्ययनले देखाएको थियो।

उपरोक्त तथ्यलाई आधार मानी बोर्डले कानूनी तथा व्यवहारिक रूपमा राजस्व संकलनको विधि र प्रक्रिया निर्धारण गरी स्थानीय सरकारलाई उपलब्ध गराउने तयारी गरेको छ। उक्त कार्यका लागि बोर्डले विज्ञापनसम्बन्धी स्थानीय तहको नमुना कानून निर्माण गरी स्थानीय तहहरूमा पठाईसकेको छ भने बाह्य विज्ञापनको मापदण्ड, २०८१ स्वीकृत गरेको छ। यसले देशभर बाह्य विज्ञापनको क्षेत्रमा एकरूपता कायम हुनेछ भने स्थानीय तहको आम्दानीमा वृद्धि हुनेछ।

बाह्य विज्ञापनमार्फत स्थानीय तहले बाह्य विज्ञापन राख्न निर्माण हुने संरचना वा होर्डिङ्ग बोर्ड राखेबापत निजी सम्पत्तिमा राखेकोमा बहालकर, सार्वजनिक सम्पत्तिमा राखेको भए त्यसको बहाल, अनुमति दस्तुर, नवीकरण दस्तुर, विज्ञापन करजस्ता कर तथा दस्तुर प्राप्त गरी अरबौको आम्दानी गर्न सक्नेछन्। विज्ञापन कतिपय स्थानीय तहको आम्दानीको एक प्रमुख स्रोत बन्न

सक्ने अध्ययनले देखाएको छ। कुनै संरचना निर्माण समेत विज्ञापन प्रयोजनकै लागि गराउन सकिने अवस्था रहेको छ।

## २.४ बेरूजूफछ्यौंट सम्बन्धी विवरण

विज्ञापन व्यवसायलाई स्वच्छ, पारदर्शी, मर्यादित, प्रतिस्पर्धी बनाई विज्ञापन बजारलाई व्यवस्थित बनाउने उद्देश्यले विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ र विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ बमोजिम विज्ञापन बोर्ड गठन भएको हो। २०७८ साल बैशाख १ गतेबाट बोर्डले पूर्णता प्राप्त गरी कार्य अघि बढाएको थियो। कानूनले तोकेको जिम्मेवारी पुरा गर्नको निम्ती नेपाल सरकारबाट बोर्डलाई वित्तीय अनुदान प्राप्त हुने गरेको छ। बोर्ड स्थापना भएको पहिलो बर्ष आ.व. २०७७/७८ देखि नै बोर्डलाई नेपाल सरकारबाट वित्तीय सहयोग प्राप्त हुँदै आएको छ भने कानून बमोजिम लोककल्याणकारी विज्ञापनमा भुक्तानी वापत ३ प्रतिशत आन्तरिक आम्दानी हुँदै आएको छ। नेपाल सरकारबाट प्राप्त अनुदान र आन्तरिक आम्दानीबाट बोर्डले बार्षिक बजेट तथा कार्यक्रम निर्माण गरी कानून बमोजिम खर्च गरेको छ। सबै आ.व. को आन्तरिक र अन्तिम लेखा परिक्षण भएको छ। हाल बोर्डको बेरूजूशुन्य रहेको छ।

## २.५ अवसर र चुनौतिहरू

विज्ञापन बोर्ड स्थापना भएको तीन वर्षमै बोर्डले आफ्नो काम कारवाहीलाई प्रभावकारी बनाउँदै लगेको छ। आ.व. २०८०/०८१ मा मात्र विज्ञापन (नियमन गर्ने) नियमावलीको पहिलो संशोधन भएको छ। छापा माध्यममा लोककल्याणकारी विज्ञापन प्रकाशन सम्बन्धी कार्यविभि, २०८० र विद्युतीय सञ्चारमाध्यममा लोककल्याणकारी विज्ञापन प्रसारण सम्बन्धी कार्यविधि, २०८० मन्त्रलयबाट स्वीकृत भई कार्यान्वयनमा आएका छन्। बाह्य विज्ञापन सम्बन्धी मापदण्ड, २०८१ स्वीकृत भई कार्यान्वयनमा आएको छ। विज्ञापन नियमन सम्बन्धी कार्यमा सहजीकरण गर्न प्रदेशको विज्ञापन (नियमन गर्ने) निर्देशिका बोर्डबाट स्वीकृत भई सबै प्रदेशहरूमा पठाइएको छ। स्थानीय तहमा हुने विज्ञापनलाई नियमन गर्न स्थानीय तहको विज्ञापन (नियमन गर्ने) ऐन बोर्डबाट स्वीकृत भई सबै स्थानीय तहहरूमा पठाइएको छ। राष्ट्रिय विज्ञापन नीतिको मस्यौदा बोर्डबाट स्वीकृत भई मन्त्रालयमा पेश भएको छ। यसरी कानून निर्माणमा बोर्डले महत्वपूर्ण उपलब्धी हासिल गरेको छ। यि कानूनी संयन्त्रहरू बोर्डको

कार्यसम्पादनमा अवसरको रूपमा रहेका छन्। विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ ले तोकेका तहगत सरकारका जिम्मेवारी सम्पादन गर्न सहज हुनेछ।

बोर्डबाट सातैवटै प्रदेशमा विज्ञापन नियमनका विविध आयाममा केन्द्रित रहेर अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन भएका छन्। यि कार्यक्रमहरूबाट संघीय इकाईहरूमा समन्वय र सरकार्य स्थापित हुनेछ। प्रदेशमा रहने अनुगमन तथा नियमन समितिलाई सक्रिय बनाउने प्रयास भएको छ। बोर्डबाट भएका नीतिगत सुधार र कार्यगत प्रयासबाट विज्ञापन बजार व्यवस्थित र पारदर्शी बनाउन सफल हुने विश्वास लिन सकिन्छ।

## ३. राजस्व र आय

३.१ आ.व. २०८०/०८१ मा बोर्डमा राजस्व शिर्षक नं. १४२२९ अन्तर्गत रू. ४ लाख ५९ हजार ९ सय ९८ राजस्व प्राप्त भएको छ।

३.२ आ.व. २०८०/०८१ मा बोर्डमा लोककल्याणकारी विज्ञापनको भुक्तानी बापत आन्तरिक आम्दानीको रूपमा रू. १ करोड ९ लाख ५३ हजार ४ सय ७८ रूपैंया पैसा ३६ प्राप्त भएको छ।

# १४. गोरखापत्र संस्थान

## १. परिचय

### १.१ पृष्ठभूमि

वि.सं. १९५८ वैशाख २४ गते गोरखापत्रको प्रकाशन आरम्भ भई मुलुक नेपाली जनताको सूचनाको हक प्रत्याभूत गर्ने दिशामा अघि बढ्यो। गोरखापत्र प्रकाशनलाई थप प्रभावकारी बनाउन गोरखापत्र संस्थान ऐन, २०१९ बमोजिम वि.सं. २०२० सालमा गोरखापत्र संस्थानको स्थापना भएको हो। सामाजिक क्षेत्र अन्तरगत सञ्चालित मुलुककै जेठो सञ्चार गृहका रूपमा गोरखापत्रले देशको सामाजिक, आर्थिक र भाषिक विकासका लागि अतुलनीय योगदान दिएको छ। सत्य, तथ्य र विश्सनीयता गोरखापत्रको विशेषता हो। इतिहासको जुनसुकै कालखण्डमा गोरखापत्रले आफूलाई विश्वसनीय अखबारको पहिचान कायमै राखेको छ। संस्थानले गोरखापत्र दैनिक मुलुकका तीन स्थानः काठमाडौं, कोहलपुर र विराटनगरबाट प्रकाशन गरिरहेको छ। गोरखापत्र संस्थानले हाल गोरखापत्र दैनिक, दि राइजिङ नेपाल दैनिक, मधुपर्क मासिक, युवा मञ्च मासिक र मुना मासिक प्रकाशन गर्दै आएको छ। अनलाइन संस्करण मार्फत पनि गोरखापत्रले समाचार, लेख रचना लगायतका सामग्रीहरू प्रकाशन गरिरहेको छ। विभिन्न सामाजिक सञ्जालहरुः युट्युब च्यानल, फेसबुक पेज मार्फत नेपाली जनतालाई सुसूचित गराउन क्रियाशील छ। राज्यको नीति बमोजिम नेपालमा बोलिने सबै मातृभाषाहरूको संरक्षण र विकास गर्ने उद्देश्यका साथ संस्थानले वि.सं. २०६४ साल असोज महिना देखि समावेशी प्रकाशनको रूपमा गोरखापत्र दैनिकमा नयाँ नेपाल भाषा पृष्ठ अन्तरगत हरेक दिन दुई भाषा गरी ४३ राष्ट्रभाषामा समाचार, लेख रचना प्रकाशन गर्दै आएको छ।

### १.२ निकायको स्वरूप र प्रकृति

पत्रकारिताको माध्यमबाट सूचना प्रदान गरी ज्ञानमा आधारित समाज निर्माण गर्ने लक्ष्य रहेको यो निकाय सात वटै प्रदेशहरूमा विस्तार भएको छ। सात वटै प्रदेशमा प्रदेशस्तरीय कार्यालयहरूका अतिरिक्त कोहलपुरमा पश्चिम क्षेत्र प्रकाशन कार्यालय र विराटनगरमा पूर्व क्षेत्र प्रकाशन कार्यालय रहेका छन्। काठमाडौंबाट राष्ट्रिय संस्करण, कोहलपुरबाट कोहलपुर संस्करण र विराटनगरबाट विराटनगर संस्करण प्रकाशन भइरहेका छन्।

### १.३ निकायको काम, कर्तव्य र अधिकार

गोरखापत्र संस्थान ऐन, २०१९ अनुसार यस संस्थानको काम र कर्तव्य देहायअनुसार रहेको छः

(१) राष्ट्रिय दृष्टिकोण तथा व्यापकताले पूर्ण स्वस्थ, उत्तरदायी तथा मनोरञ्जन सामग्रीले युक्त पत्र–पत्रिकाको प्रकाशन एवम् वितरणद्वारा देशी विदेशी समाचार एवम् अन्य उपयोगी कुराहरूको जानकारी सर्वसाधारणलाई सरल, सुलभ, एवम् सुपथ किसिमले उपलब्ध गराउनु संस्थानको कर्तव्य हुनेछ।

(२) उपदफा (१) अन्तर्गतको अधिकार र कर्तव्यको सर्वसामान्यतामा कुनै प्रतिकुल प्रभाव नपारी संस्थानले विशेष गरेर देहायमा लेखिएका कामहरू गर्न अथवा अधिकारहरू प्रयोग गर्न पाउनेछः

- गोरखापत्र दैनिकको मुद्रण, प्रकाशन, वितरण, सञ्चालन, आदि सबै काम गर्ने,
- गोरखापत्र दैनिक र राईजिङ्ग नेपालका विभिन्न संस्करण प्रकाशनको स्तरमा सुधार ल्याउने तथा देशी एवम् विदेशी समाचारलाई सकभर व्यापक रूपमा समावेश गर्ने,
- राष्ट्रियता र प्रजातान्त्रिक भावनालई विकसित गर्दै लैजाने किसिमका आकर्षक, रोचक, संस्कृतिपरिचायक तथा मनोरञ्जनपूर्ण प्रकाशनहरू प्रकाशित गर्ने,
- गोरखापत्र दैनिक, राइजिङ्ग नेपाल र संस्थानका अन्य प्रकाशनका विभिन्न संस्करण, आकार प्रकार र मूल्य अन्य दस्तूर आदि निर्धारण गर्ने र असूल गर्ने,
- आफूले गर्नु पर्ने कामको अतिरिक्त जन–साधारणले प्रकाशन गर्न ल्याएको कुरा आवश्यक दस्तूर लिई छपाई दिने,
- संस्थानभित्र वा बाहिरका व्यक्तिलाई संस्थानको काम कुरामा शिक्षा एवम् तालीमको व्यवस्था गर्ने,
- आफूले गर्न पाउने काम गर्नका लागि चल अचल सम्पत्ति प्राप्त गर्ने, भोग गर्ने र नामसारी गर्ने,
- आफ्नो अधिकारको प्रयोग गर्न र कर्तव्यको पालन गर्नमा मद्दत हुने किसिमको सबै ठेक्का पट्टा लिने दिने र कार्यान्वित गर्ने,
- संस्थानको सम्पत्ति धितो बन्धक राखी अरूसँग सापटी लिने,
- संस्थानको सम्पत्ति भाडामा दिने, बिक्री गर्ने वा अरू प्रकारको बन्दोबस्त गर्ने,
- डिपोजिटको ब्याज दिने र संस्थानको शेयरको लाभांश बाँड्ने,
- आफ्नो प्रकाशन प्रति जनताको विश्वास बढाउन आवश्यक प्रचार गर्ने,

- आफ्नो प्रकाशनको बिक्री वितरणको लागि नेपालभित्र र विदेशमा समेत ठाउँ ठाउँमा बिक्री केन्द्र खोल्ने वा एजेन्सी दिने,
- आफ्नो पदाधिकारी वा अरू कर्मचारीलाई निवृत्तभरण वा उपदानको व्यवस्था गर्ने तथा बचत खाता खोल्ने,
- आफ्नो रकमलाई नेपाल सरकारले अनुमति दिएका सेक्युरिटीहरूमा लगाउने,
- यो ऐन अन्तर्गतको आफ्नो कर्तव्यहरूको पालन र अधिकारहरूको प्रयोग र यो ऐनको उद्देश्यहरूलाई कार्यान्वित गर्न आवश्यक भएका र त्यसको सिलसिलामा चाहिने अरू सबै काम कुराहरू गर्ने।

### १.४ गोरखापत्र संस्थान सम्वद्ध ऐन/ नियमहरू/नीति/गठन आदेश तथा निर्देशिका/कार्यविधि र अन्य कानूनी व्यवस्था

१. गोरखापत्र संस्थान ऐन, २०१९
२. गोरखापत्र कर्पोरेशन नियमावली, २०२१
३. गोरखापत्र संस्थान कर्मचारी शेवा सर्त विनियमावली, २०५२
४. गोरखापत्र संस्थान आर्थिक विनियमावली, २०६५
५. विज्ञापन संकलन, प्रकाशन एवम् विज्ञापन एजेन्सी सम्बन्धी निर्देशिका, २०५३
६. प्रकाशन बिक्रि वितरण निर्देशिका, २०५९

## २. प्रगति

### २.१ विगत पाँच आर्थिक वर्षको वित्तीय विवरण

**रू. हजारमा**

| आ.व. | साधारण खर्च | | आम्दानी | | पूँजिगत खर्च | |
|---|---|---|---|---|---|---|
| | विनियोजन | खर्च | विनियोजन (लक्ष्य) | आम्दानी | विनियोजन | खर्च |
| २०७६/०७७ | ७२४९०५ | ४८०४४३ | ८२२१६८ | ६२०६५० | ४७९८७ | ५५२३४ |
| २०७७/०७८ | ८५८४६७ | ३७६९५७ | ९५४१७९ | ५२०४६७ | ९५५८३ | ३१०१६ |
| २०७८/०७९ | ८४२६७३ | ५२०४२२ | ९५८८३३ | ५६८११७ | ११५६१२ | १६८५९ |
| २०७९/०८० | ८८६८०७ | ५८५९२३ | ११००५६६ | ७५२४८७ | २१२२५५ | १४७०० |
| २०८०/०८१ | १०२६४२० | ५११६४८ | १०९९००७ | ६९०१७२ | ७२४१४ | ३३३० |

## २.२ आ.व.२०८०/०८१ को वार्षिक विनियोजन र खर्च

**(लेखापरिक्षण हुँन बाँकी)**

| विवरण | वार्षिक अनुमान | खर्च/आम्दानी | वार्षिक अनुमान |
|---|---|---|---|
| साधारण खर्च | १०२६४२० | ५११६४८ | ४९.८५ |
| आम्दानी | १०९९००७ | ६९०१७२ | ६२.८० |
| पुजीगत खर्च | ७२४१४ | ३३३० | ४.६० |

## २.३ आ.व. २०८०/०८१ को मुख्य मुख्य कार्यक्रम र प्रगति

| सि.नं. | मुख्य मुख्य कार्यक्रम | प्रगति | कैफियत |
|---|---|---|---|
| १. | गोरखापत्रमा दैनिकमा दुई वटाका दरले समावेसी लेख रचना विभिन्न भाषामा निरन्तर सामग्री प्रकाशन गर्ने। | गोरखापत्र दैनिकमा ४१ भाषामा समाचार तथा लेखरचना सामग्री निरन्तर प्रकाशन भइरहेकोमा मिती २०८१ साल बैशाख २१ गते देखी याक्खा र डडेल्धुरेली भाषा थप गरी ४३ भाषामा प्रकाशन भइरहेको। | |
| २. | गोरखापत्र संस्थानका सम्पूर्ण प्रकाशनहरूको डिजिटल अर्काइभ गर्ने। | गोरखापत्र संस्थानको डिजिटल आर्काइभिङ परियोजनाको लागि विभिन्न सामानहरू खरिद गरिएको। | |
| ३. | गोरखापत्रका पुरानो र ऐतिहासिक फोटोहरूको आर्काइभिङ गरी प्रर्दशनी तथा कार्यशाला सञ्चालन गर्ने। | गोरखापत्र प्रकाशनको १२४ औं वर्ष प्रवेश तथा संस्थानको ६२ औं वार्षिकोत्सव एवम् राष्ट्रिय फोटो पत्रकारिता दिवसको अवसरमा केन्द्रीत कार्यालय, काठमाडौं, धनगढी र पोखरामा ऐतिहासिक एवम् दुर्लभ तस्वीरहरूको बृहत फोटो प्रदर्शनी आयोजना गरिएको। | |
| ४. | तालिम तथा अनुशिक्षण कार्यक्रम | संस्थानमा कार्यरत कर्मचारीहरूलाई विज्ञापन, व्यापार प्रवर्दन तथा ग्राफिक डिजाइन र अनलाइन विज्ञापन सम्बन्धी क्षमता अभिवृद्धि तालिम प्रदान गरिएको। | |

## २.४ बेरूजू फछ्र्यौटसम्बन्धी विवरण

| विवरण | आ.व. २०८०/०८१ सम्म कायम भएको जम्मा बक्यौता लगत (लेखापरीक्षण हुन बाँकी) | चालू आ.व. मा फस्र्यौट रकम (रू. लाखमा) | फस्र्यौटका लागि लेखी पठाइएको (रू. लाखमा) | फस्र्यौट प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| बक्यौता | ४०२३ | ७१ | ३९५२ | १.७६ | |

## २.५ कार्यक्रम कार्यान्वनमा देखिएका समस्या र समाधानका लागि गरिएका प्रयासहरू

**समस्याः**

१. मानव स्रोत विकास नभएका कारण कार्यसम्पादनमा समस्या,

२. सूचना प्रविधिको प्रयोग गर्ने कार्य संस्कृतिको अभाव।

**गरिएका प्रयासहरूः**

**१.** तालिम तथा अनुशिक्षण कार्यक्रम मार्फत कर्मचारीहरूको क्षमता अभिवृद्धि गरिएको छ।

**२.** सूचना प्रविधिको प्रयोगमा जोड दिइ कार्य सम्पादन प्रभावकारी बनाउने प्रयास गरिएको छ।

## २.६ यस अवधिमा सम्पादित नवप्रवर्तनीय एवम् उल्लेखनीय कार्यहरूः

१. गणतन्त्र दिवसको अवसरमा नेपालको आर्थिक, सामाजिक तथा राजनीतिक परिवर्तन झल्किने फोटो पुस्तक परिवर्तित नेपाल प्रकाशित गरिएको।

२. २०८१ जेठ ३० गते मधुपर्क मासिकको ५७ औ वार्षिकोत्सवका अवसरमा साहित्यिक कार्याशाला तथा स्रस्टा सम्मान कार्यक्रम आयोजना गरिएको।

## २.७ अवसर र चुनौतीहरू

**अवसर**

१. काठमाडौं, विराटनगर र कोहलपुरबाट प्रकाशन भैरहेकोले देशका ७७ वटै जिल्लामा पहुँच विस्तार हुनु,

२. नेपालमा बोलिने भाषाहरूको संरक्षण र संवर्दनमा मद्दत पुग्नु,

३. सरकार र नागरिकबीच सम्बन्ध सेतुका लागि काम गर्ने सकिनु,

४. डिजिटल आर्काइभिङ मार्फत संस्थानका प्रकाशनहरूको दीर्घकालीन संरक्षण हुनु,

५. बृहत फोटो प्रर्दशनीका लागि संस्थानसँग ऐतिहासिक तथा दुर्लभ फोटोहरू हुनु,

६. म्युजियम निर्माणका लागि पूर्वाधार हुनु।

**चुनौती**

१. २०७२ सालको भूकम्पबाट क्षतिग्रस्त भवन पुर्ननिर्माण गर्नु,

२. सरकारी तथा अन्य विज्ञापन बढाउनु,

३. बेरूजू फस्र्यौट प्रगति उच्च बनाउनु,

४. पूँजीगत खर्च बढाउनु,

## ३. राजस्व र आय

### ३.१ आन्तरिक आयको वर्गीकरण र प्राप्त रकम (आ.व. २०८०/०८१)

| सि.नं. | शिर्षक | आन्तरिक आय (रू. हजारमा) | कैफियत |
|---|---|---|---|
| १. | बिज्ञापन | ६६०२८० | |
| २. | शुल्क आम्दानी | १२६७४ | |
| ३. | फुटकर विक्री आम्दानी | ३०३१७ | |
| ४. | अन्य आम्दानी | ४२३८ | |
| | जम्मा | ७०७५०९ | |

# १५. रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल)

## १. परिचय

### १.१ पृष्ठभूमि

वि.सं. २००७ साल चैत्र २० गतेदेखि निरन्तर रेडियो प्रसारण सेवा सञ्चालन गर्दै आइरहेको नेपालको पहिलो प्रसारण संस्था रेडियो नेपाल, बि.सं. २०४१ साल अघि तत्कालिन सञ्चार मन्त्रालय अन्तरर्गतको प्रसार विभाग र ततपश्चात विकास समिति ऐन २०१३ अनुसार सूचना तथा सञ्चार मन्त्रालय अन्तरर्गतको रेडियो प्रसार सेवा विकास समितिमा परिणत भई हाल "राष्ट्रिय रेडियो राष्ट्रको सञ्चार" को रूपमा आफ्नो भूमिका निर्वाह गर्दै आइरहेको छ। रेडियो नेपाल जुनसुकै अवस्था र स्वरूपमा रहेता पनि राज्यले अवलम्बन गरेका नीति, कार्यक्रम र जनसरोकारका बिषय लगायत राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा भएका गतिविधिलाई समेटी रेडियो र अनलाइन प्रसारण सेवा मार्फत आमजनसमुदाय समक्ष पुगी जनताको बौद्धिक, राजनैतिक, धार्मिक, सांस्कृतिक र आर्थिक स्तर वृद्धि गर्न प्रसारणका माध्यमबाट सहयोग पुर्याउँदै आएको छ। राज्यले अंगिकार गरेको संघीय र समावेशी अवधारणा अनुरूपका कार्यक्रमलाई अगाडि बढाउनुको साथै वाक स्वतन्त्रता र सूचनाको हक अधिकारलाई समेत सम्मान गर्दै सोहि अनुसारका नीति, गतिविधिलाई समेटिएका कार्यक्रमहरूलाई मिडियम वेभ र एफएम प्रणाली मार्फत ९४ प्रतिशत जनता माझ तथा अनलाइन मार्फत संसारभर २४ सै घण्टा सञ्चालन गरी २४ भाषामा समाचार र २३ भाषामा कार्यक्रम प्रसार गर्दै आइरहेको छ।

### १.२ निकायको स्वरूप र प्रकृति

विद्युतिय सञ्चार माध्यमको रूपमा सञ्चालित रेडियो नेपाल विकास समिति ऐन २०१३ को दफा ३ को अधिकार प्रयोग गरी रेडियो प्रसार सेवा विकास समिति गठन आदेश ऐन २०४१ बमोजिम २०४१ भाद्रमा विकास समितिमा परिणत भएको हो। हाल नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको मातहतमा सञ्चालन हुँदै आएको छ। यसको केन्द्रीय कार्यालय र स्टुडियो सिंहदरवार परिसर काठमाण्डौमा अवस्थित रहेको छ। सातवटै प्रदेशमा प्रदेश प्रसारण कार्यालय र देशका विभिन्न भागमा प्रसारण केन्द्र र एफएम रिले केन्द्र ३३ स्थानमा सञ्चालित छन। कोशी प्रदेशको विराटनगरमा तारणीप्रसाद कोइराला स्मृति सञ्चारग्राम यसै आर्थिक वर्ष देखि सञ्चालनमा आएको छ।

रेडियो नेपालले उपलब्ध प्रविधिको प्रयोग गरी जनतालाई सरल र सहज हुने किसिमले आफ्नो प्रसारणलाई विस्तार गर्दै लगेको छ। हाल रेडियो नेपालको प्रसारण प्रविधि र क्षमता यस प्रकार रहेको छ।

**MW 320 KW And FM 36.9 KW**

- News Portal: [www.onlineradionepal.gov.np](http://www.onlineradionepal.gov.np) (Online Streaming from Central Office Singhadarbar and 7 Provincial Broadcasting Station of Radio Nepal separately during provincial hours.)
- Mobile Apps: radionepal (both in Android and IOS System)
- Website: [www.radionepal.gov.np](http://www.radionepal.gov.np)

## क. मिडियम वेभ र एफ.एम. प्रसारणहरूको विवरण

| क्र.सं. | प्रादेशिक प्रसारण कार्यालय तथा प्रसारण केन्द्र | फ्रिक्वेन्सी मिडियम वेभ तथा एफएम | क्षमता |
|---|---|---|---|
| १. | रेडियो नेपाल प्रादेशिक प्रसारण कार्यालय धनकुटा प्रदेश नं. १ | स्टुडियो मात्र | ८ च्यानल |
| २. | रेडियो नेपाल प्रसारण केन्द्र धरान, सुनसरी प्रदेश नं. १ | ६४८ किलोहर्ज | १०० किलो वाट (हाल स्थगित) |
| ३. | रेडियो नेपाल प्रादेशिक प्रसारण कार्यालय बर्दिवास, मधेश प्रदेश | ११४३ किलोहर्ज र १०३ मेघाहर्ज | १० किलो वाट एफएम २ किलोवाट |
| ४. | रेडियो नेपाल प्रसारण केन्द्र भैसेपाटी ललितपुर, बागमती प्रदेश | ७९२ किलोहर्ज | ३.१ किलोवाट |
| ५. | रेडियो नेपाल प्रसारण केन्द्र खुमलटार ललितपुर, बागमती प्रदेश | १०० मेघाहर्ज | एफएम ३ किलोवाट |
| ६. | रेडियो नेपाल प्रादेशिक प्रसारण कार्यालय पोखरा, गण्डकी प्रदेश | ६८४ किलोहर्ज/ १०० मेघाहर्ज | १०० किलोवाट एफएफ १ कि.वाट |
| | रेडियो नेपाल प्रादेशिक प्रसारण कार्यालय दाङ, लुम्बिनी प्रदेश | ९८ मेघाहर्ज | एफएफ १ कि.वाट |

| क्र.सं. | प्रादेशिक प्रसारण कार्यालय तथा प्रसारण केन्द्र | फ्रिक्वेन्सी मिडियम वेभ तथा एफएम | क्षमता |
|---|---|---|---|
| ७. | रेडियो नेपाल प्रादेशिक प्रसारण कार्यालय सुर्खेत, कर्णाली प्रदेश | ५७६ किलोहर्ज १०३ मेघाहर्ज | १०० किलो वाट, एफएम ५०० वाट |
| ८. | रेडियो नेपाल प्रादेशिक प्रसारण कार्यालय दिपायल, सुदूरपश्चिम प्रदेश | ८१० किलोहर्ज | १० |

**ख. एफ.एम. ९८, १०० र १०३ मेगाहर्जमा देशका ३२ वटा विभिन्न स्थानमा सञ्चालित रिले प्रसारण केन्द्रहरू**

| क्र.सं. | एफ.एम. रिले केन्द्र र स्थान | फ्रिक्वेन्सी | क्षमता | प्रदेश |
|---|---|---|---|---|
| १. | भेडेटार, धनकुटा | १०० मेगाहर्ज | 5 KW | कोशी प्रदेश |
| २. | पत्ताले डाँडा, सोलुखुम्बु | ९८ मेगाहर्ज | 2 KW | |
| ३. | आइतबारे इलाम | १०३ मेगाहर्ज | 500 W | |
| ४. | सिलौटे डाडा, पाँचथर | ९८ मेगाहर्ज | 2 KW | |
| ५. | जितपुर, बारा | १०३ मेगाहर्ज | 1 KW | मधेस प्रदेश |
| ६. | बर्दिवास, महोत्तरी | १०३ मेगाहर्ज | 2 KW | |
| ७. | सिमभन्ज्याङ, मकवानपुर | १०० मेगाहर्ज | 2 KW | बागमती प्रदेश |
| ८. | काठमाण्डौ, एफएम खुमलटार, ललितपुर | १०० मेगाहर्ज | 3 KW | |
| ९. | बिविसी रिलेस्टेशन खुमलटार, ललितपुर | १०३ मेगाहर्ज | 1 KW | |
| १०. | चरिकोट, दोलखा | १०० मेगाहर्ज | 500W | |
| ११. | दाउन्ने, पश्चिम नवलपरासी | १०३ मेगाहर्ज | 2 KW | गण्डकी प्रदेश |
| १२. | जोमसोम, मुस्ताङ | १०० मेगाहर्ज | 100 W | |
| १३. | बन्दिपुर , तनहुँ | १०० मेगाहर्ज | 1 KW | |
| १४. | पोखरा, कास्की | १०० मेगाहर्ज | 1 KW | |
| १५. | दुर्लुङ्गकोट, पर्वत | १०० मेगाहर्ज | 500W | |
| १६. | रेसुङ्गा गुल्मी | १०० मेगाहर्ज | 2 KW | लुम्बिनी प्रदेश |
| १७. | सातदोवाटे ,रोल्पा | १०३ मेगाहर्ज | 1 KW | |

| क्र.सं. | एफ.एम. रिले केन्द्र र स्थान | फ्रिक्वेन्सी | क्षमता | प्रदेश |
|---|---|---|---|---|
| १८. | हेमन्तपुर ,दाङ | ९८ मेगाहर्ज | 2KW | |
| १९. | चौपाटा, दाङ | १०० मेगाहर्ज | 500W | |
| २०. | सिमीकोट ,हुम्ला | १०० मेगाहर्ज | 300 W | कर्णाली प्रदेश |
| २१. | खलङ्गा ,जुम्ला | १०३ मेगाहर्ज | 300 W | |
| २२. | मान्मा, कालिकोट | १०० मेगाहर्ज | 300 W | |
| २३. | मुर्माटप ,मुगु | १०० मेगाहर्ज | 300 W | |
| २४. | जुफाल, डोल्पा | १०३ मेगाहर्ज | 500 W | |
| २५. | हर्रे, सुर्खेत | १०० मेगाहर्ज | 2 KW | |
| २६. | बिरेन्द्रनगर, सुर्खेत | १०३ मेगाहर्ज | 300 W | |
| २७. | बुढितोला, कैलाली | १०३ मेगाहर्ज | 1 KW | सुदुर पश्चिम प्रदेश |
| २८. | खोड्पे, बैतडी | ९८ मेगाहर्ज | 1 KW | |
| २९. | छापरी, दार्चुला | ९८ मेगाहर्ज | 500 W | |
| ३०. | हेमन्तवडा ,बझाङ | १०३ मेगाहर्ज | 500 W | |
| ३१. | उडितोला, डोटी | १०० मेगाहर्ज | 500 W | |
| ३२. | दिपायल, डोटी | १०३ मेगाहर्ज | 300 W | |
| ३३. | कालाजाग्रा, बाजुरा | १०३ मेगाहर्ज | 500 W | |

**ग) रेडियो नेपालबाट प्रसारण हुने सूचना सन्देश समाचार र कार्यक्रमहरू**

| क्र.सं. | विवरण | भाषाहरू |
|---|---|---|
| १. | समाचार | नेपाली, अंग्रेजी, हिन्दी, संस्कृत, मैथली, उर्दु, नेवारी, भोजपुरी, तामाङ्ग, शेर्पा, पुर्बेलीथारू, राईवान्तावा, लिम्बु, गुरूङ्ग, मगर, पश्चिमाथारू, अवधी, खाममगर, डोटेली, रानाथारू र मगही, बैतडेली, राजवंशी |
| २. | कार्यक्रम | वालबाटिका, युवा, महिला, जेष्ठ नागरिक, समानता, लगायतका कार्यक्रम नेपाली भाषामा र हिन्दी, मैथली, उर्दु, नेवारी, भोजपुरी, तामाङ्ग, शेर्पा, पुर्बेली थारू, राईवान्तावा, लिम्बु, गुरूङ्ग, मगर, पश्चिमाथारू, अवधी, खाममगर, डोटेली, रानाथारू र मगही, बैतडेली, राजवंशी भाषामा उत्पादन तथा प्रसारण हुदै आएको। |

| क्र.सं. | विवरण | भाषाहरू |
|---|---|---|
| ३. | गीत संगीत | नेपाली, अंग्रेजी, संस्कृत, मैथली, उर्दु, नेवारी, भोजपुरी, तामाङ्ग, शेर्पा, पुर्बेलीथारू, राईवान्तावा, लिम्बु, गुरूङ्ग, मगर, पश्चिमाथारू, अवधी, खाममगर, डोटेली, बैतडेली, राजवंशी, रानाथारू र मगही भाषाका गीतहरू प्रसारण भैरहेको। |
| ४. | विषेश कार्यक्रम तथा प्रत्यक्ष प्रसारण | चाडपर्व, राष्ट्रिय उत्सव-महोत्सव, दिवस, संसद गतिविधी र राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका घटनाक्रममा विशेष कार्यक्रम तथा प्रत्यक्ष प्रसारण गरिदै आएको। |

## १.३ निकायको काम, कर्तव्य र अधिकार

- राष्ट्रिय तथा अन्तराष्ट्रिय गतिविधिहरूको ब्यापक जानकारी दिन र राष्ट्र तथा जनताको आर्थिक, बौद्धिक तथा सामाजिक उत्थानमा सघाउ पुर्याउनका लागि सर्टवेभ, मिडियमवेभ तथा एफ.एम. र अनलाइन प्रविधिको माध्यमबाट प्रसारण सेवा सञ्चालन गर्ने।
- नेपालको संविधानद्वारा प्रत्याभुत गरिएको नेपाली जनताको अभिब्यक्तिका स्वतन्त्रता तथा सूचनाको हकलाई सम्मान
- गर्दै आर्थिक, सामाजिक, सांस्कृतिक, साहित्यिक, एवम् कलात्मक पक्षहरूको जगेर्ना, सम्बर्द्धन गर्न सघाउ पुर्याउने।
- देशका विभिन्न क्षेत्रका जातजाती, भाषा, वर्ग र सम्प्रदायवीच भावनात्मक एकता अभिवृद्धि गर्ने खालका गतिविधिहरूलाई जनतामाझ पुर्याउने सामग्री उत्पादन एवम् प्रसारण गर्ने।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका सूचना, समाचारहरूका साथै शैक्षिक, सूचनामूलक, विकासमूलक, जनचेतनामूलक र
- मनोरन्जनमूलक सामग्री रेडियो नेपालका केन्द्रिय प्रसारण केन्द्र साथै प्रादेशिक प्रसारण केन्द्र र एफ.एम.रिले केन्द्रमार्फत आमजनतामा पुर्याउने।
- राष्ट्रिय एकता र समग्र विकासका लागि विश्वसनीय, गुणस्तरीय, अग्रणी, राष्ट्रिय प्रसारण माध्यमको रूपमा क्रियाशील
- रेडियो नेपाललाई "राष्ट्रिय रेडियो राष्ट्रको सञ्चार" को रूपमा विकास गर्न देहायका कार्यहरू संचालन गर्ने।
- मानव अधिकारका मूल्य र मान्यता, लैंगिक समानता, समानुपातिक समावेशिकरण, सहभागिता र सामाजिक न्यायको

- माध्यमबाट राष्ट्रिय जीवनका सवै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोक कल्याणकारी राज्य व्यवस्थाको स्थापना गर्ने सामग्री प्रसार गर्ने।
- परस्पर सहयोगमा आधारित संघीयताका आधारमा संघीय इकाईहरू विचको सम्बन्ध स्थापित गर्दै स्थानिय स्वायत्तता र विकेन्द्रीकरणको आधारमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढ गर्ने कार्यक्रम तथा समाचारहरू प्रसार गर्ने।
- कला, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सवै प्रकारका विभेद, शोषण र
- अन्यायको अन्त्य गरी सभ्य र समतामुलक समाजको निर्माण गर्ने सामग्री प्रसारण गर्ने।
- श्रमको सम्मान, उद्यमशीलता, अनुशासन, मर्यादा र सहिष्णतामा आधारित सामाजिक, सांस्कृतिक मुल्यहरूको विकास
- गर्ने खालका कार्यक्रमहरूलाई बढावा दिने।
- सांस्कृतिक विविधताको सम्मान गर्दै सामाजिक सदभाव, ऐक्यबद्धता र सामञ्जस्य कायम गरी राष्ट्रिय एकता सुदृढ गर्न अभिप्रेरित हुने खालका विषयलाई रेडियो नेपालले आफ्नो प्रसारणमा समावेश गर्ने।
- सार्वजनिक, नीजि र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतका अधिकतम
- परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्न सघाउ पुर्याउने सामग्री प्रसार गर्ने।

## १.४ सम्वद्ध ऐन, नियम, नीति, गठन आदेश तथा निर्देशिका, कार्यविधि र अन्य कानूनी व्यवस्था

<u>ऐनको सूचिः-</u>

- सूचनाको हक सम्बन्धी ऐन, २०६४
- रेडियो ऐन, २०१४
- राष्ट्रिय प्रसारण ऐन, २०४९
- श्रमजिवी पत्रकार ऐन, २०५१
- सार्वजनिक खरीद ऐन, २०६३
- विकास समिति ऐन, २०१३
- आर्थिक कार्यविधि तथा  वित्तीय उत्तरदायित्व ऐन, २०७६

**नियमावलीको सूचिः-**

- रेडियो प्रसार सेवा विकास समिति कर्मचारी सेवा सर्त नियमावली, २०७७

- रेडियो प्रसार सेवा विकास समिति आर्थिक नियमावली, २०४९
- सूचनाको हक सम्बन्धी नियमावली, २०६५
- राष्ट्रिय प्रसारण नियमावली, २०५२ संसोधन सहित
- सार्वजनिक खरीद नियमावली, २०६४
- भ्रमण खर्च नियमावली, २०६८ संसोधन सहित
- आर्थिक कार्यविधि नियमावली, २०६४
- श्रमजिवि पत्रकार सम्बन्धी नियमावली, २०५३
- सरकारी सम्पति तथा जिन्सी मालसामान लिलाम बिक्री सम्बन्धी कार्यविधि, २०७९
- रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) निवृत्तभरण (पेन्सन) कोष स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८१

**नीति, गठन आदेश तथा निर्देशिका सूची**

१. रेडियो प्रसार सेवा विकास समिति गठन आदेश, २०४१ संशोधन सहित
२. रेडियो नेपालको प्रसारण निर्देशिका र कार्यक्रम तथा समाचार मापदण्ड, २०७०
३. रेडियो नेपाल संगीत प्रशिक्षण, सम्बर्धन तथा अध्ययन अनुसन्धान निर्देशिका, २०७१
४. करार सेवा शर्त तथा मापदण्ड सम्बन्धी, सिफ्ट वा बुलेटिन बेशिस र सेवा करार वा ज्यालादारीमा जनशक्ति नियुक्ति निर्देशिका, २०७८
५. रेडियो नेपाल बैदेशिक भ्रमण व्यवस्थापन आन्तरिक कार्यविधि, २०७५
६. व्यापार निर्देशिका, २०७७
७. राष्ट्रिय आमसञ्चार नीति, २०७३
८. रेडियो नेपाल प्रसारण निर्देशिका तथा शैली पुस्तक, २०७९
९. रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) को आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०८१

## २. प्रगति

## २.१ विगत पाँच आर्थिक वर्षको वित्तीय विवरण (विनियोजन र खर्च)

| आर्थिक वर्ष | वार्षिक विनियोजन | वार्षिक खर्च | कैफियत |
|---|---|---|---|
| २०७६/०७७ | ५७,२२,७१,४००।- | ४३,०४,३५,०३६।०९ | |
| २०७७/०७८ | ५७,४७,९४,८००।- | ४७,३४,४८,६०४।७९ | |
| २०७८/०७९ | ५४,१४,००,०००।- | ४४,१३,५५,७१४।७२ | |
| २०७९/०८० | ६७,२२,३८,५३४।- | ५४३०७७६०५।- | |
| २०८०/०८१ | ६९५४२०३५४।- | ५१८१९४८५४।९३ | |

## २.२ आ.व. २०८०/८१ को वार्षिक विनियोजन, खर्च, वित्तीय र भौतिक प्रगति

**रू. हजारमा**

<table>
<tr><th>क्र. सं.</th><th>वार्षिक विनियोजन</th><th>वार्षिक खर्च</th><th>वित्तीय प्रगति</th><th>भौतिक प्रगति</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>४१९४४७।००</td><td>४०४२७४।</td><td>९६.३८</td><td rowspan="3">८४.१</td><td>नेपाल सरकारबाट प्राप्त अनुदान</td></tr>
<tr><td>२.</td><td>२७६१७३।३५</td><td>११३९२०।</td><td>४१.२४</td><td>रेडियो नेपालको आन्तरिक विनियोजन</td></tr>
<tr><td>कुल जम्मा</td><td>६९५४२०।३५</td><td>५१८१९४।</td><td>७४.५१</td><td></td></tr>
</table>

## २.३ आ.व. २०८०/८१ को मुख्य मुख्य कार्यक्रम र प्रगति

| क्र.सं. | कार्यक्रम | क्रियाकलाप | उपलब्धी/ प्रगति | कैफियत |
|---|---|---|---|---|
| १. | समावेशी प्रसारण | समावेशी सम्बन्धी कार्यक्रम र समाचार विभिन्न १८ भाषा सहित उत्पादन तथा प्रसारण | • समाचारतर्फ हालसम्म **६५७४** वटा समाचार उत्पादन र प्रसारण समावेशी कार्यक्रम उत्पादन तर्फ हालसम्म **१६९५** वटा कार्यक्रम उत्पादन र प्रसारण भएको। भएको।<br>• थप भाषामा समाचार एवम् कार्यक्रम प्रसारणका लागि बज्जिका, राजवंशी र बैतृ.डेली भाषाका जनशक्ति नियुक्ती गर्न विज्ञापनको सूचना गरिए बमोजिम नियुक्ती प्रक्रिया सम्पन्न भएको। का.स.मु. आन्तरिक र खुल्ला प्रतियोगिताको पदपुर्ति कार्य सम्पन्न भएको।<br>• समावेशी कार्यक्रम उत्पादनका लागि आवश्यक उपकरण खरिद गर्न स्पेशिफिकेसन अनुसार प्राप्त उपकरणहरू चेक जाँचको कार्य सम्पन्न भइ वितरण भएको।<br>• समावेशी विषयबस्तु उत्पादन सम्बन्धी तालिम र प्रदेश स्तरिय अन्तरक्रिया बहस कार्यक्रम लुम्बिनी प्रदेशको तुलसीपुर दाङमा सम्पन्न गरिएको।<br>• स्थानिय बहसमा आधारित समावेशी कार्यक्रमहरू उत्पादन गरी प्रसारण गर्नेक्रममा सातवटै प्रदेशमा स्थलगतरूपमा गई ३३ वटा कार्यक्रम प्रसारण गरिएको। | |
| २. | तारिणीप्रसाद कोइराला स्मृति सञ्चारग्राम सञ्चालन | कार्यालय सञ्चालन, बिजुली, खानेपानी मंसिर, टेलिफोन र इन्टरनेट लगायतका सेवा महसुल | १) सञ्चारग्रामको बिजुली, खानेपानी, टेलिफोन र इन्टरनेट लगायतको सेवा महसुल भुक्तानी गरिएको।<br>२) प्रादेशिक प्रसारण कार्यालय मधेश प्रदेशको वर्दिवासबाट बज्जिका, कोशी प्रदेशको सञ्चारग्राम बिराटनगरबाट राजवंशी भाषामा र सुदूरपश्चम प्रदेशको दिपायलबाट बैतडेली भाषामा समाचार र कार्यकक्रम प्रसारण शुरू भए पश्चात रेडियो नेपालबाट २४ भाषामा समाचार र २३ भाषामा कार्यक्रम प्रसारण भैरहेको। सञ्चारग्रामको उद्देश्य अनुरूप महानगर एफ.एम.रेडियोको प्रसारण एफ.एम. १०३ मेगाहर्ज निरन्तर रूपमा सञ्चालन गरी सञ्चारग्रामको उद्देश्य अनुरूपका कार्यक्रमहरू सञ्चालनमा ल्याइएको। | |

| क.सं. | कार्यक्रम | क्रियाकलाप | उपलब्धी/ प्रगति | कैफियत |
|---|---|---|---|---|
| | | | ३) सञ्चारग्राम विराटनगरमा ई-लाइब्रेरी स्थापना तथा कन्फ्रेन्स हल, रेडियोम्युजियमको लागि आवश्यक ऐतिहासिक सामग्री/उपकरण व्यवस्थापन र उपकरणहरूको जानकारी मुलक विवरण तयार पारी आम सरोकारवालाहरूका लागि खुल्ला गरिएको।<br>४) सञ्चारग्राम विराटनगरको संगीत स्टुडियोमा गीतसंगीत रेकर्डिङको शुरूवात गरेपश्चात अल्पसंख्यक मुडियारी समुदायको पहिलो भाषिक गीत रेकर्ड गरिएको।<br>५) सञ्चारग्रामको म्युजिक स्टुडियोलाई सञ्चालन गर्न २ जना प्राविधिक कर्मचारीलाई २१ दिने स्टुडियो सञ्चालन सम्बन्धी तालिम सम्पन्न गरिएको।<br>६) महानगर एफ.एम. मा नियमित विद्युत आपुर्तिका लागि ट्रान्समिटर जडान भएको स्थानमा नयाँ ३० KVA को जेनेरेटर खरिद गरी जडान गरिएको। | |
| ३. | सूचना तथा सञ्चार कार्यक्रम प्रसारण | कार्यक्रम उत्पादन तथा प्रसारण | सूचना तथा सञ्चार कार्यक्रम ५२ वटा उत्पादन गरी प्रसारण भएको। | |
| ४. | डिजिटल आर्काइभिङ्ग | नयाँ सिस्टममा डिजिटाइजेसन र मेटाडाटा अपडेट | असार महिनामा ४१७ वटा र हालसम्म गरी जम्मा ६५८० वटा अडियो कन्टेन्टलाई नयाँ आर्काइभ सिस्टममा डिजिटाइज्ड गरिएको। | |
| ५. | सम्झौता व्यापार प्रवर्द्धन | विभिन्न निकायहरूसँग द्विपक्षिय सम्झौता सम्पन्न गर्ने। | प्रादेशिक प्रसारण कार्यालयहरूमा कार्यक्रम/विज्ञापन प्रसारण वापत हालसम्म रू. १ करोड ३६ लाख ५ हजार को सम्झौता भएको। | |
| | | | केन्द्रीय प्रसारणका लागि सम्बन्धित निकाय सङ्घ संस्थाहरूसँग कार्यक्रम, सूचना, विज्ञापन प्रसारण तथा उत्पादन र अन्य गरी हालसम्म करिव रू. ६ करोड ५२ लाख ३३ हजारको सम्झौता भएको। | |

| क.सं. | कार्यक्रम | क्रियाकलाप | उपलब्धी/ प्रगति | कैफियत |
|---|---|---|---|---|
| ६. | प्रसारण पहुँच वृद्धि | ट्रान्समिटर सिष्टम तथा पावर सप्लाई सिस्टम खरिद। | ➢ ट्रान्समिटर तथा पावर सप्लाई सिस्टम खरिदका लागि बोलपत्र आह्वान भए बमोजिम प्राप्त बोलपत्रहरूको मुल्याङ्कन कार्य सम्पन्न भै प्रतिवेदन प्राप्त भए बमोजिम कुनै पनि बोलपत्रदाताको प्रस्ताव सारभुत रूपमा प्रभावग्राही नभएका कारण पुनः बोलपत्र आह्वान गर्ने प्रकृयामा रहेको।<br>➢ रेडियो नेपालको प्रसारण पहुँच बृद्धि गर्ने लक्ष्य अनुरूप कर्णाली<br>➢ प्रदेशको रूकुम पश्चिमको जन्तिवस्ने लेक, लुम्विनी प्रदेशको पाल्पा वगनास कालिका र सुदूरपश्चिम प्रदेशको बाजुरा कालाजाग्रामा ५००/५०० वाट क्षमताका नयाँ एफएम स्टेशन स्थापना भई सञ्चालनमा आएपश्चात ३३ स्थानमा एफएम रिले प्रसारण केन्द्र स्थापना भएका र मिडियम वेभका प्रसारण केन्द्र सहित हाल देशको ९४ प्रतिशत जनसंख्यामा प्रसारण पहुँच पुगेको छ।<br>➢ प्रसारण सेवा स्तरोन्नति अन्तर्गत सुदूरपश्चिम प्रादेशिक प्रसारणका लागि स्टुडियोमा नयाँ अडियो कन्सोल जडान गरिएको। त्यसैगरी सोही प्रदेशको खोडपे बैतडी, बझाङ, दार्चुला र उडितोला डोटी, गण्डकी प्रदेशको मुस्ताङ र कर्णाली प्रदेशको जुम्ला र जुफाल, डोल्पामा अवस्थित एफएम रिले प्रसारण केन्द्रहरूको उपकरणहरू आवश्यक मर्मत सम्भार गरी पहुँच वृद्धि गरिएको। | |
| | | | प्रसारण उपकरणको स्पेयर पार्टस खरिदका लागि स्पेशिफिकेसन स्वीकृत भई अति आवश्यक उपकरणहरू सोझै खरिद गरिएको। | |
| ७. | प्रसारण लिङ्क स्थापना )IP Connectivity( | प्रसारण सेवा स्तरोन्नती (आवश्यक उपकरण खरिद समेत) | प्रसारण सेवा स्तरोन्नतिका लागि आवश्यक उपकरण खरिदका लागि बोलपत्र आह्वान भए बमोजिम मुल्याङ्कन कार्य सम्पन्न भै खरिद सम्झौता भए अनुसार उपकरण प्राप्त भएको। | |
| | | IP Connectivity विस्तार Optical Fiber Digital interface समेत | नेपाल टेलिकमसँग सम्झौता सम्पन्न भए अनुसार IP Connectivity विस्तार, अप्टिकल फाइबर, डिजिटल इन्टरफेस समेतको कार्यका लागि अडियो इन्कोडर, डिकोडर र मिडिया कन्भर्टरहरू खरिद भएको। | |

| क.सं. | कार्यक्रम | क्रियाकलाप | उपलब्धी/ प्रगति | कैफियत |
|---|---|---|---|---|
| | | Transponder Band Width Lease | नेपाल टेलिभिजनसँग सेटेलाईट ब्याण्डविथका लागि सहकार्य गर्न लिखित सहमती पत्र प्राप्त भए अनुसार वेभगाइड उपकरण खरिद भई चेकजाँच कार्य सम्पन्न भएपश्चात जडान प्रक्रियामा रहेको। | |
| ८. | प्रादेशिक प्रसारण कार्यालय , दाङमा स्टुडियो सहितको भवन निर्माण | भवन निर्माणको बाँकी कार्य सम्पन्न गर्ने (स्टुडियो एकस्टिक सहित) | प्रादेशिक प्रसारण कार्यालय दाङमा स्टुडियो सहितको भवन निर्माण ठेक्का सम्झौता अनुसार भवन निर्माणको बाँकी कार्य भैरहे अनुसार प्रथम रनिङ विलको भुक्तानी भएको। स्टुडियो एकोस्टिकको बोलपत्र आह्वान भए बमोजिम प्राप्त बोलपत्रको मूल्याङ्कन कार्य सम्पन्न भै ठेक्का सम्झौता भएको। | |
| | | स्टुडियो उपकरण खरिद तथा जडान | स्पेशिफिकेसन र लागत अनुमान स्वीकृत भइ बोलपत्र आह्वान भै खरिद सम्झौता भए बमोजिम उपकरण प्राप्त भएको। | |
| ९. | अन्य | तालिम सञ्चालन | समाचारका विषयवस्तुलाई थप व्यवस्थित गर्न सो सम्बन्धी सफ्टवेयर खरिद भई सो सम्बन्धी तालिम सञ्चालन तथा कार्यक्रमहरूको Thumbnail निर्माण सम्बन्धी ३ दिने आधारभुत तालिम सम्पन्न गरिएको। | |
| | | | लुम्बिनी प्रदेशको तुलसीपुर दाङमा लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेशमा कार्यरत प्राविधिक जनशक्तिहरूलाई २०८१/०२/१० गते देखि २०८१/०२/१४ सम्म प्रसारण प्रविधि सम्बन्धी तालिम प्रदान गरिएको। | |
| | | | लेखा, लेखापरिक्षण, खरिद र जिन्सी व्यवस्थापन सम्बन्धी र अडियो आर्काइभिङ सम्बन्धी दक्षता अभिवृद्धि तालिम सम्पन्न गरिएको। | |
| | | पदपूर्ति प्रक्रिया | थप भाषामा समाचार एवम् कार्यक्रम प्रसारणका लागि राजवंशी र बैतडेली भाषाका जनशक्ति नियुक्ती गर्न विज्ञापनको सूचना गरिए बमोजिम नियुक्ति प्रक्रिया सम्पन्न भएको। आन्तरिक र खुल्ला प्रतियोगिताको प्रयोगात्मक र अन्तरवार्ता सम्पन्न गरी पदपूर्ति कार्य सम्पन्न भएको। | |

| क्र.सं. | कार्यक्रम | क्रियाकलाप | उपलब्धी/ प्रगति | कैफियत |
|---|---|---|---|---|
| | | प्रमाण पत्र वितरण | समावेशी विषयबस्तु उत्पादन सम्बन्धी तालिम र प्रदेश प्रसारण प्राविधिक दक्षता अभिवृद्धि सम्बन्धी तालिममा सहभागी जनशक्तिहरूलाई प्रमाणपत्र वितरण गरिएको। | |
| | | | ११ औ संगीत प्रशिक्षणमा सहभागी ९० जना प्रशिक्षार्थीलाई प्रमाण पत्र वितरण गरिएको। | |
| | | | रेडियो नेपालले सञ्चालन गरेको स्वर परिक्षामा उत्तिर्ण १२१ जना कलाकारहरू मध्ये लोकगीत तर्फ ७३ जना, आधुनिक तर्फ ३८ जना, बाद्यबादन तर्फ ७ जना र भजन तर्फ ३ जनालाई प्रमाण पत्र वितरण गरिएको। | |
| | | अन्तरक्रिया/छलफल | कानून न्याय तथा संसदिय मामिला मन्त्रालय र रेडियो नेपालको सहकार्यमा सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको। | |
| | | | रेडियो नेपालको ब्यापार प्रवर्धनका लागि व्यवसायी एवम् सरोकारवालाहरूसँग प्रदेश स्तरिय १ दिने अन्तरक्रिया कार्यक्रम लुम्बिनी प्रदेशको तुलसीपुर दाङमा सम्पन्न गरिएको। | |
| | | | रेडियो नेपालको कार्यक्रम र समाचारमा थप सुधार गर्न प्रसारण सँग सम्बन्धित विज्ञ र रेडियो नेपालका कार्यक्रम प्रस्तोता, संचालकहरू सहित समाचार तथा कार्यक्रम प्रसारण सम्बन्धी अन्तरक्रिया र छलफल सम्पन्न गरियो। | |
| | | | गीत संगीत र रेडियो नेपाल विषयक श्रष्टाहरू सँगको अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको। | |
| | | भाडा सम्झौता | बिबिसि विश्व सेवा सँग द्धिपक्षिय सम्झौता गरी एफ.एम. १०३ मेगाहर्जमा खुमलटार ललितपुरमा रहेको ट्रान्समिटर भाडाको सम्झौता गरिएको। | |
| | | कम्पाउण्ड वाल | २०७२ सालको भूकम्पबाट क्षतीग्रस्त भैसेपाटी प्रसारण केन्द्र ललितपुरको कम्पाउण्ड वाल तारवार गरिएको। | |
| | | श्रोता सर्वेक्षण | रेडियो नेपालका समाचार र कार्यक्रमको प्रभावकारिताको श्रोत सर्वेक्षण गर्न कार्यक्षेत्रगत शर्त तयार पारिएको। | |
| | | बालगीत प्रतियोगिता | बाल दिवस २०८० को उपलक्ष्यमा बाल मन्दिर नक्साल काठमाडौंबाट राष्ट्रिय | |

| क.सं. | कार्यक्रम | क्रियाकलाप | उपलब्धी/ प्रगति | कैफियत |
|---|---|---|---|---|
| | | | बालगीत प्रतियोगिता सम्पन्न गर्नुका साथै २०८०/०५/२९ गते १०:०० बजेको समाचारपछि प्रतक्ष्य प्रसारण गरिएको। | |
| | | मर्मत सम्भार/स्तरोन्नती | कर्णाली प्रदेशको जुम्लामा रहेको एफ.एम. स्टेशनको एन्टेनालाई सुदृढिकरण गरी प्रसारणलाई निरन्तरता दिइएको तथा जोमसोम मुस्ताङको रिले एफ.एम. स्टेशनको क्षमता बृद्धि गरी प्रसारण क्षमता विस्तार गरिएको। | |
| | | आधुनिक गीत प्रतियोगिता र शास्त्रीय गीत सम्मेलन | रेडियो नेपालको ७४ औं बार्षिक उत्सवको अवसरमा आधुनिक संगीत प्रतियोगिता र शास्त्रीय संगीत सम्मेलन सम्पन्न गरिएको। | |
| | | झन्कार पत्रिका प्रकाशन | ७४ औं वार्षिक उत्वसको अवसरमा रेडियो नेपालको मुखपत्र झंकारको नयाँ अंक प्रकाशन गरिएको। | |
| | | स्रष्टा सम्मान | रेडियो नेपालको ७४ औं वार्षिक उत्वसको अवसरमा गीत संगीत कला र प्रसारण क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउनु भएका २ जना स्रष्टालाई ताम्रपत्र सहित जनही नगद रू ५१,००१।- प्रदान गरी सम्मान गरिएको। | |
| | | सफ्टवेयर खरिद | समाचार सँग सम्बन्धीत विषयबस्तुलाई व्यवस्थित गर्न सफ्टवेयर खरिदका लागि दरभाउ-पत्र स्वीकृत भै खरिद सम्झौता र तालिम सम्पन्न भएको। | |

## २.४ बेरूजू फछ्र्यौटसम्बन्धी विवरण

रू. हजारमा

| क्र. सं. | २०७९/८० सम्मको जम्मा बेरूजूलगत | आ.व. २०८०/०८१ मा फर्छ्यौट रकम | फर्छ्यौटको लागि लेखी पठाइएको | फछ्र्यौट प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १. | २०१३२६।— | - | २९३८९।- | - | |

## २.५ अवसर र चुनौतीहरू

**चुनौतीहरू:**

- सञ्चार माध्यमको विविधिकरणका कारण समितिको विज्ञापन बजारमा विस्तार गर्न।
- आम्दानीको स्रोत सुनिश्चित नहुँदा निर्धारित योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्न।
- प्रसारण केन्द्रहरू स्थापना तथा नियमित संचालन गर्न।
- स्रोत अभावको कारणले सबैखाले नविनतम प्रविधि प्रयोग गर्न।
- नयाँ जनशक्तिलाई समितिमा टिकाई राख्न।
- सार्वजनिक प्रसारण सेवामा रुपान्तरण हुने क्रममा कर्मचारी व्यवस्थापन गर्न।
- ७.निबृत्त हुने कर्मचारीहरू बृद्धि हुंदै जांदा निबृत्तिभरणको स्रोत व्यवस्थापन गर्न।

**अवसरहरू:**

- सार्वजनिक प्रसारण संस्था PSB का लागि प्रयाप्त संरचना रहेको।
- सरकारी स्वामित्व र आधिकारिकता प्राप्त अग्रणी राष्ट्रिय प्रसारण संस्था भएको।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरू (ITU, ABU, AIBD, RNTC, RAPA, NHK) सँग निरन्तर सम्बन्ध रहनु।
- संघियतालाई समेत सम्बोधन गर्न सक्ने देशव्यापी प्रसारण संरचना रहनु।
- प्रयाप्त अचल सम्पति (जग्गा जमिन) र आधारभूत संरचना हुनु।
- AC NIELSON, BBC WORLD SERVICE TRUST आदिको प्रतिवेदन अनुसार सुधार हुने गुन्जाईस रहनु।
- रेडियो प्रसारणसँग सम्बन्धित प्रयाप्त श्रब्य सामग्री तथा अभिलेखहरू रहनु।
- देशै भरिका विविध भाषाहरूमा कार्यक्रम र समाचार प्रसारण हुँदै आउँनु। (समावेशीता)
- MEDIA CONVERGENCE को अवधारणा उपयोग गर्न सकिने प्रचुर सम्भावना रहेको।

## २.६ कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या र समाधानका लागि गरिएका प्रयासहरू

- चालु खर्चमा प्रयाप्त रकम अभावका कारण कर्मचारीहरूको पारिश्रमिक समेत समयमा भुक्तानी हुन नसक्दा थप निकासा माग गरि समस्या समाधान गरिएको।
- सवै प्रदेश सरकारहरूसँग कार्यक्रम सहितको आर्थिक प्रस्ताव गरे बमोजिम केही प्रदेश सरकारहरूबाट रेडियो नेपालका लागि बजेट अनुदान प्राप्त भएको।
- विगत आ.व. भन्दा यस आ.व.मा केन्द्रीय प्रसारण र प्रादेशिक प्रसारणमा विज्ञापन र प्रायोजित कार्यक्रम थप गरी समितिको आम्दानीमा वृद्धि गरिएको।

## ३.राजस्व र आय

### ३.१ प्राप्त राजस्वको वर्गिकरण र प्राप्त रकम

**रू. हजारमा**

| सि. नं. | राजस्वको वर्गीकरण | प्राप्त रकम | कैफियत |
|---|---|---|---|
| १. | सेवा सुविधा पारिश्रमिक र अग्रीम आयकर | ३२४५.४८ | |

### ३.२ आन्तरिक आयको वर्गीकरण र प्राप्त रकम

| सि. नं. | आन्तरिक आयको वर्गीकरण | प्राप्त रकम | कैफियत |
|---|---|---|---|
| १. | केन्द्रीय प्रसारणबाट प्राप्त विज्ञापन, कार्यक्रम प्रसारण, कार्यक्रम उत्पादन, स्टुडियो शुल्क र भाडा बापत | ६३०४३९२०.९२ | |
| २. | प्रादेशिक प्रसारणबाट प्राप्त आम्दानी | ८३२१४१९.३१ | |
| ३. | बैंक ब्याज, जग्गा भाडा र अन्य वापत | ७२२१०८३.९९ | |
| | **जम्मा रकम प्राप्त रकम रू** | ७८५८६४२४.२२ | |

# १६. एकीकृत डाटा व्यवस्थापन केन्द्र (राष्ट्रिय सूचना प्रविधि केन्द्र)

## १. परिचय

### १.१ पृष्ठभूमि

आ.व. ०८०।०८१ को बजेट बक्तव्यमा राष्ट्रिय सूचना प्रविधि केन्द्र खारेज गरी सो सम्बन्धि कार्य सूचना प्रविधि विभागले गर्ने विषय उल्लेख भएको र सोको कार्यान्वयनका लगि नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८०/१०/०९ गतेको निर्णय बमोजिम सूचना प्रविधि विभाग मातहत रहनेगरी एकीकृत डाटा व्यवस्थापन केन्द्र (राष्ट्रिय सूचना प्रविधि केन्द्र) को संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत भै यस केन्द्रको स्थापना भएको हो। एकीकृत डाटा व्यवस्थापन केन्द्र नेपाल सरकारको सूचना प्रविधि क्षेत्रको विकास र प्रबर्धन गर्न,नेपालमा सूचना प्रविधिको प्रयोगको विस्तारले सरकारको सूचना प्रणालीको निर्भरतालाई सम्बोधन गर्न, सूचना तथा सञ्चार प्रविधिको प्रयोगको निरन्तर विकास एवम् विस्तारबाट उपयुक्त अवसर सिर्जना गर्न तथा नीतिगत /संस्थागत चुनौतीहरू सम्बोधन गर्ने उद्देश्यका साथ स्थापना भएको हो।

मिति २०८१।०१।२० को मन्त्रिपरिषद् बैठकबाट राष्ट्रिय सूचना प्रविधि विकास समिति (गठन) आदेश, २०५८ र सो बमोजिम सञ्चालनमा रहेको राष्ट्रिय सूचना प्रविधि केन्द्र संवत् २०८१ साल साउन १ गतेदेखि लागू हुने गरी खारेज गरिएकोले राष्ट्रिय सूचना प्रविधि केन्द्रबाट सम्पादन हुदै आएका कार्यहरू सूचना प्रविधि विभाग मातहत संचालनमा रहेको एकीकृत डाटा व्यवस्थापन केन्द्र (राष्ट्रिय सूचना प्रविधि केन्द्र) ले गर्ने व्यवस्था गरिएको छ। निजामति सेवाका कुल ५९ पद रहने गरी स्वीकृत भएको यस केन्द्र र मातहतमा गरी ४३ जना प्राविधिक र १६ जना प्रशासनिक पद रहेका छन।

यस केन्द्रले सरकारी कार्यालयहरूमा रेकर्डको कम्प्यूटरीकरण गर्न र सामग्रीहरूको विकास र विस्तारमा मद्दत गर्दछ। नेपाल सरकारका लागि एक कार्यान्वयन गर्ने निकाय भएकोले एकीकृत डाटा व्यवस्थापन केन्द्र(राष्ट्रिय सूचना प्रविधि केन्द्र) ले विद्युतिय सरकार कार्यान्वयनको लागि केन्द्र बिन्दुको रूपमा काम गर्दछ। साविकको सरकारी एकीकृत डाटा केन्द्र सन् २००९ मा कोरियाली सरकारको अनुदानमा निर्माण भै स्थापना भएको परियोजना हो। हाल नेपाल सरकारका मन्त्रालय,विभाग तथा निकायहरूका लागि एक मात्र आधिकारिक सरकारी डाटा केन्द्रको रूपमा यसले कार्य गर्दछ र यसको डिजास्टर रिकभरी कार्यालय हेटौडामा संचालनमा रहेकोछ।

एकीकृत डाटा व्यवस्थापन केन्द्र(राष्ट्रिय सूचना प्रविधि केन्द्र)ले सरकारी एकीकृत ईमेल प्रणालीको सञ्चालन, व्यवस्थापन तथा प्राविधिक सहायता उपलब्ध गराउने, सरकारी निकायहरूको domain registration देखि वेभसाईट होस्टिङ सम्मको सम्पूर्ण कार्य गर्ने, सरकारी निकायहरूको विद्युतीय सेवालाई आवश्यक पर्ने सूचना प्रविधि पूर्वाधारहरू उपलब्ध गराउने, सिंहदरबार नेटवर्क पूर्वाधारको सञ्चालन/व्यवस्थापन गर्ने , सरकारी डाटा व्याकअप सम्बन्धी कार्य गर्ने , सरकारी निकायहरूमा परामर्श तथा प्राविधिक सहायता उपलव्ध गराउने लगायतका कार्य गर्दछ।

## १.२ निकायको स्वरूप र प्रकृति

एकीकृत डाटा व्यवस्थापन केन्द्र (IDMC) ले विशेष गरि निम्न कामहरू गर्ने गर्दछ

- डाटा केन्द्रको बाहिरी सुरक्षा
- पहुँच प्रतिबन्धित गर्दै
- नेटवर्क सुरक्षा
- सर्भर सुरक्षा

## १.३ केन्द्रको काम कर्तव्य र अधिकार

- ❖ विद्युतिय सरकार कार्यान्वयन
- ❖ डिजास्टर रिकभरी
- ❖ आकस्मिक योजना
- ❖ संकट व्यवस्थापन सुविधा र सेवा
- ❖ दिन-प्रति-दिन काम, अनुगमन, र रिपोर्टिङ

## १.४ केन्द्रले प्रदान गर्ने सेवाहरू

१. Domain Registration
२. Internet सेवा प्रदान गर्ने
३. Web Hosting
४. प्राविधिक परामर्श प्रदान गर्ने
५. Server Co-location
६. E-gatepass संचालन गर्ने
७. Singhadurbar optical Fiber Network
८. Email Account

## २. प्रगति

- विगत पाँच आर्थिक बर्षको वित्तीय विवरण
- आ व २०८०।०८१ को बार्षिक विनियोजन खर्च वित्तीय र भौतिक प्रगति
- आ व २०८०।०८१ को मुख्य मुख्य कार्यक्रम र प्रगति
- यस अवधिमा सम्पादित नवप्रवर्तनीय एवम् उल्लेखनीय कार्यहरू
- बेरूजू फछ्र्यौट सम्बन्धि विवरण
- अवसर र चुनौतीहरू
- कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या र समाधानका लागि गरिएका प्रयासहरू

N/A

## ३. राजस्व र आय

- प्राप्त राजस्वको वर्गिकरण र प्राप्त रकम
- आन्तरीक आयको विवरण

N/A

# १७. सुरक्षण मुद्रण केन्द्र

## १. परिचय

### १.१ पृष्ठभूमि

आधुनिक सार्वजनिक व्यवस्थापनका कार्यक्षेत्रहरूमा सुरक्षण मुद्रणलाई एक अति आवश्यक, विश्वसनीय र विशिष्ठ प्रविधि निर्देशित उधोग मानिएको छ। पासपोर्ट, स्मार्टकार्ड, बैक नोट, बैक चेक, हुलाक टिकट, स्टक प्रमाणपत्र, राजस्व टिकट, उत्पादन आधिकारिकता, प्रमाणपत्र सिक्का मुद्रा जस्ता उच्च महत्वका सुरक्षण वस्तु उत्पादन तथा छपाई गर्ने कार्य सुरक्षण कार्य हो। सुरक्षण मुद्रण कुनै पनि मुलुकको राष्ट्रिय अस्तित्वसँग गाँसिएको विषय हो। नेपाल सरकारले वि.सं. २०७३ साल कार्तिक ८ गते सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको मातहत रहने गरी सुरक्षण मुद्रण विकास समितिको गठन गरी बैंक नोट, पासपोर्ट, हुलाक टिकट, राजस्व स्टिकरलगायतका सम्पूर्ण सुरक्षण मुद्रणसँग सम्बन्धित, सामग्रीहरू नेपालमै छपाइ गर्नको लागि कार्यदिश दिएको छ। सूचना तथा सञ्चार मन्त्रालयका श्रीमान् सचिवज्यूको अध्यक्षतामा रहने समितिको कामकाज सुरक्षण मुद्रण केन्द्रको नामबाट हुने व्यवस्था रहेको छ।सुरक्षण मुद्रणसम्बन्धी आवश्यक नीतिगत कानूनी तथा संस्थागत व्यवस्था गरी मानव स्रोत विकासका साथै भौतिक पूर्वाधारको विकास मार्फत नेपालमा सुरक्षण मुद्रणको कार्य प्रारम्भ गरिने सम्बन्धमा चालु १५ औ योजनाले आवश्यक व्यवस्था गरेको छ। सुरक्षण मुद्रणमा नेपाललाई आत्मनिर्भर वनाई अन्तराष्ट्रिय बजारमा आकर्षण विन्दुकोरूपमा सुरक्षण मुद्रण केन्द्रलाई विकास गरी सुरक्षण मुद्रणलाई राष्ट्रिय आय, उत्पादनशील रोजगारी तथा बढी मात्रामा बैदेशिक मुद्रा आर्जन गर्ने स्रोतकोरूपमा विकास गर्न सकिने देखिन्छ।

### १.२ काम, कर्तव्य र अधिकार

(क) सुरक्षण मुद्रणसम्बन्धी नीति, योजना, वजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

ख) समितिको लागि आवश्यक पर्ने आर्थिक स्रोतको व्यवस्था गर्ने ,

(ग) सुरक्षण मुद्रणको लागि आवश्यक पर्ने भौतिक पूर्वाधार निर्माण गर्ने वा गराउने,

(घ) राहदानी, हुलाक टिकट, अन्तःशुल्क स्टिकर, बैंक नोट, स्मार्ट कार्ड, चेकबुक आदिको मुद्रणको लागि सुरक्षण प्रेसको स्थापना गरी सञ्चालन गर्ने,

(ङ) राहदानी र स्मार्ट कार्डहरूको पर्सनलाइजेसन गर्ने,

(च) समितिले प्रदान गर्ने सेवाको शुल्क निर्धारण गर्ने,

(छ) सुरक्षण मुद्रणसम्बन्धी आवश्यक अध्ययन अनुसन्धान गर्ने वा गराउने,

(ज) सुरक्षण मुद्रणसम्बन्धी तालीम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने वा गराउने,

(झ)अन्य आवश्यक कार्य गर्ने।

# २. प्रगति

## २.१ विगत ५ वर्षको वित्तीय विवरण (विनियोजन र खर्च)

| आर्थिक वर्ष | बजेट विनियोजन रू. | बजेट खर्च रू. |
|---|---|---|
| २०७५/०७६ | ५३४,७६४,७६४ | ३३६,३९५,१६३ |
| २०७६/०७७ | ५७२,६००,००० | ५०७,१५२,००० |
| २०७७/०७८ | ७९४,२७०,००० | ७७५,३९३,००० |
| २०७८/०७९ | १,००३,५७९,००० | ५१३,७४९,००० |
| २०७९/०८० | १,४९९,१००,००० | ८५५,८५०,१७८ |

## २.२ आ.व. २०७९/०८० को वार्षिक विनियोजन र खर्च (वित्तीय र भौतिक प्रगति समेत)

| विनियोजित बजेट रू. | बजेट खर्च | भौतिक प्रगति | वित्तीय प्रगति |
|---|---|---|---|
| १,४९९,१००,००० | ८५५,८५०,१७८ | ५५.३९ | ५७.९० |

## २.३ आ.व. २०७९/०८० को मुख्य मुख्य कार्यक्रम र प्रगति

| क्र.सं | मुख्य कार्यक्रम | प्रगति | कैफियत |
|---|---|---|---|
| • | गोदाम घर | ७० प्रतिशत भौतिक प्रगति भएको | |
| • | Design, Supply Installation, Testing, Commissioning of Low Voltage Power Distribution System | | |
| • | Industrial Elevator for Main Building Including associated Structure and Civil Works | निर्माण तथा जडान कार्य सम्पन्न भएको | |
| • | Laminated Clear Toughen glass and Metal Grill for Building Doors and Windows | | |
| • | वेब अफसेट मेशिन खरिद कार्य | मेशिन आपूर्ति कार्य सम्पन्न भएको जडान हुन बाँकी रहेको। | |
| • | Low Voltage सम्बन्धी उपकरण खरिद | कार्य सम्पन्न भएको। | |
| • | Procurement of Paper for printing | अन्तःशुल्क स्टिकर छपाईका लागि कागज. | |
| • | Procurement of Ink/Toner for Security Printing Machine | | |

| क.सं | मुख्य कार्यक्रम | प्रगति | कैफियत |
|---|---|---|---|
| • | हाइ सेक्यूरिटि प्रिन्ट प्रोडक्सन सिष्टम र SCADA Systemसम्बन्धी तालिम | मसि टोनर र On the Job Training दिने गरि खरिद सम्झौता भएको। | |
| • | Land Development and Retention Wall | निर्माण कार्य सम्पन्न भएको | |
| • | वातावरणीय प्रभाव मूल्यांकन | TOR/SD Report तयार भएको। | |

## २.४ बेरूजूफस्यौंटसम्बन्धी विवरण

| निकाय | २०७८/०७९ सम्मको जम्मा बेरूजूलगत | आ.व.२०७८/०७९ मा फर्छ्यौंट रकम | फर्छ्यौंट (%) |
|---|---|---|---|
| सुरक्षण मुद्रण केन्द्र | १०,९०,५४,००० | ० | ० |

## २.५ अवसर र चुनौतिहरू

- सुरक्षित छपाइसँग सम्बन्धित सामाग्रीहरू स्वदेश मै छपाइ हुनेहुदाँ ठूलो संख्यामा रोजगारी सिर्जना हुने।
- छपाइ कार्यको लागि बाहिरिने रकम वचत हुने।
- राष्ट्रिय महत्वका गोप्य सूचनाहरूको National Biometric Database तयार भई नेपालमै रहने।

क. आत्मनिर्भरतातर्फ उन्मुख हुन सहयोग पुग्ने।

ख. कोभीड जस्ता महामारीवाट सिर्जना हुने असहज परिस्थितिमा समेत सुरक्षण मुद्रणका क्रममा तयार हुने Database प्रयोग गरि Virtual माध्यमबाट भरपर्दो र प्रभावकारी तवरबाट सेवा प्रवाह गरी सुशासन प्रत्याभुत गर्न सकिने भएको हुँदा अहिलेको समयमा यसको सान्दर्भीकता अझ बढी देखिन्छ।

ग. सुरक्षण मुद्रणको लागि आवश्यक सुरक्षण मुद्रणसम्बन्धी ज्ञानभएका शीपयुक्त, उत्पादनशील तथा नैतिकवान कर्मचारी प्राप्त गर्नु।

घ. सुरक्षण मुद्रणका सम्बन्धमा निति निमार्ता, जनप्रतिनिधि, नागरिक समाज, प्रेस मिडिया तथा अन्य सरोकारवाला निकायहरूमा सकारात्मक दृष्टिकोणको विकास गराउनु।

ङ. मुद्रण कार्यमा पर्याप्त सावधानी अपनाउन नसकिएमा उत्पादित सामाग्री दुरूपयोग हुने सम्भावना रहनु।

च. सुरक्षण मुद्रणका सेवाहरूलाई विश्वसनीय र गुणस्तरिय वनाइ अन्तराष्ट्रिय बजारमा प्रतिस्पर्धिरूपमा उपलब्ध गराउनु।

## ३.राजस्व र आय

| सि.नं. | राजस्व शिर्षक | गैरकर | कैफियत |
|---|---|---|---|
| १ | अन्य प्रशासनीक सेवा शुल्क | रू. २९,४१३,२२२/- | |
| | **जम्मा** | **रू. २९,४१३,२२२/-** | |

# १८. नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

## १. परिचय

### १.१. पृष्ठभूमि

दूरसञ्चार क्षेत्रलाई खुला र प्रतिस्पर्धी बनाई निजी क्षेत्रको सहभागितामा मुलुकभर सर्वसुलभ र भरपर्दो दूरसञ्चार सेवा उपलब्ध गराउन तत्काल प्रचलित दूरसञ्चार नीतिअनुसार कम्पनी ऐन २०५३ अन्तर्गत नेपाल दूरसञ्चार संस्थानलाई नेपाल दूरसञ्चार कम्पनी लिमिटेडमा रुपान्तर गरिएको हो। कम्पनीमा परिणत भएपछि यस कम्पनीले नेपाल टेलिकमको नामबाट आफ्ना व्यावसायिक गतिविधिहरू सञ्चालन गर्दै आइरहेको छ। वि.सं. १९७३ देखि Open Wire Magneto System बाट मुलुकमा दूरसञ्चार सेवाको प्रारम्भ भएको हो। वि.सं. १९७४ देखि सर्वसाधारणले समेत टेलिफोन प्रयोग गर्न सक्ने व्यवस्था भएको थियो भने वि.सं. १९९१ मा टेलिफोन हेड अफिस कार्यालयको स्थापना भएपछि वि.सं. १९९२ देखि मात्र दूरसञ्चार सेवा निजी निवासमा समेत उपलब्ध हुन थालेको थियो।

औपचारिक रूपमा टेलिफोन लाइन वितरणको शुरूवात मोहन आकाशवाणीको नाममा वि.सं. २००५ देखि भएको थियो। वि.सं. २०१६ सालमा दूरसञ्चार विभागको स्थापना भई निरन्तर सेवा सञ्चालन गर्दै आएकोमा वि.सं. २०२६ सालमा विकास समिति ऐन २०१३ अन्तर्गत नेपाल दूरसञ्चार बिकास समिति स्थापना भएको र वि.सं. २०३२ साल आषाढ १ गते सञ्चार संस्थान ऐन २०२८ अन्तर्गत नेपाल दूरसञ्चार संस्थानको स्थापना भई दूरसञ्चार संस्थानको तर्फबाट दूरसञ्चार सेवाको सञ्चालन विकास तथा विस्तार हुँदै आएको हो ।

यसै सिलसिलामा वि.सं. २०६० साल माघ २२ गते तत्कालिन कम्पनी ऐन, २०५३ बमोजिम कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता नं. ८६९/०६०-६१ बाट नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको नाममा दर्ता भएको हो ।मिति २०६०/१२/२६ गतेको नेपाल राजपत्र भाग ३ को सूचना नं. १ बाट तत्कालिन नेपाल दूरसञ्चार संस्थान मिति २०६१ बैशाख १ गतेदेखि बिघटन भई तत्कालिन नेपाल दूरसञ्चार संस्थानको सम्पूर्ण सम्पति, दायित्व तथा कर्मचारीहरू नेपाल दूरसञ्चार कम्पनी लिमिटेडमा हस्तान्तरण हुने गरी सूचना प्रकाशन भएकोले सोही आधारमा तत् तत् कुराहरू कम्पनीमा हस्तान्तरण भई आएका छन् ।

### १.२ निकायको स्वरूप र प्रकृतिः

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडबाट कम्पनी ऐन २०६३, दूरसञ्चार ऐन २०५३, विभिन्न नियामक निकायबाट समय समयमा प्राप्त हुने नीति निर्देशन तथा मार्गदर्शन साथै कम्पनीको साधारण सभा,

सञ्चालन समितिका निर्णय र आर्थिक तथा कर्मचारी विनियमावली वमोजिम दूरसञ्चार सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कामकारवाही हुँदै आएको छ।

कम्पनी ऐन २०६३, कम्पनीको प्रवन्धपत्र तथा नियमावली वमोजिम साधारण सभा र ७ सदस्यीय सञ्चालक समिति रहेको छ । https://www.ntc.net.np/post/board-of-directors

## १.३ निकायको काम, कर्तव्य र अधिकारः

कम्पनी ऐन २०६३, दूरसञ्चार ऐन २०५३, कम्पनीको प्रबन्धपत्र, नियमावली बमोजिम नियामक निकायको निर्देशन, राज्यको आवश्यकता बमोजिम नेपाल दूरसञ्चार कम्पनी लिमिटेडवाट दूरसञ्चार सेवाको सञ्चालन र विकास सम्बन्धी कार्य हुँदै आएको छ। कम्पनीको प्रबन्धपत्र र नियमावली अनुसार कम्पनीको काम कर्तव्य र अधिकारहरू निम्न अनुसार रहेका छन् ।

**कम्पनीको उद्देश्यः**

- दूरसञ्चार सेवालाई व्यावसायिकरण गरी स्तरीय सेवा प्रदान गर्ने।
- दूरसञ्चार सेवा प्रदान गर्ने।
- दूरसञ्चार सेवा आदान प्रदान गर्ने गराउने।
- दूरसञ्चार सेवा विकास गर्न आधुनिक दूरसञ्चार प्रणालीको विकास एवम् विस्तार गर्ने।
- दूरसञ्चार सेवा सञ्चालन गर्न भू-उपग्रह स्थापना गर्ने, एण्टेना निर्माण तथा जडान गर्ने, स्वीचिङ्ग उपकरण निर्माण तथा जडान गर्ने, गराउने।
- ग्राहकलाई नेपाल राज्यभित्र तथा बाहिर दूरसञ्चार सेवा उपलब्ध गराउने।
- दूरसञ्चार प्रणालीको प्रयोगका लागि तार वा केबुल राख्ने, टावर, खम्बा, एण्टेना, लठ्ठा तथा अन्य उपकरणहरू निर्माण तथा जडान गर्ने र तिनीहरूको लागि आवश्यक अन्य संरचनाको निर्माण गर्ने।
- दूरसञ्चार सेवा विस्तारका लागि सम्भाव्यता अध्ययन गर्ने गराउने।
- दूरसञ्चार सेवा सञ्चालन तथा विकासका लागि आवश्यक अन्य कार्य गर्ने।

**कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरुः**

- कम्पनीले प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरी मात्र उपर्युक्त उद्देश्य कार्यान्वयन गर्ने।
- कम्पनीलाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिने र कम्प्युटर, टेलिफोन, टाईपराइटर, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने।

- कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरू निर्धारण गर्ने।
- कम्पनीमा लगानी भएको शेयरको रकम तथा त्यसबाट आर्जित रकम बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गर्ने।
- कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थाबाट धितो राखी वा नराखी कर्जा लिने।
- कम्पनीको नामबाट शेयर तथा डिवेन्चर खरिद गर्न तथा त्यसलाई बिक्री गर्न सक्ने ।
- देहायका अन्य आवश्यक कुराहरू गर्नेः

१) दूरसञ्चार सम्बन्धी उपकरण निर्माण गर्ने तथा खरिद गर्ने,

२) दूरसञ्चार प्रणालीको लागि आवश्यक संरचनाको निर्माण गर्ने,

३) दूरसञ्चार सेवालाई प्रभावकारी तथा सेवामुलक बनाउन अनुगमन, अध्ययन तथा विश्लेषण गर्ने गराउने,

४) दूरसञ्चार सम्बन्धमा भैरहेका नयाँ प्रविधिहरूको अध्ययन तथा बिश्लेषण गर्ने गराउने,

५) कम्पनीको निमित्त आवश्यक मेशिन, औजार, उपकरण, आदि खरिद गर्ने, आयात गर्ने, भाडामा लिने र त्यस्ता उपकरणहरू आवश्यकता अनुसार अरुलाई भाडामा दिने,

६) आवश्यक शुल्क लिई दूरसञ्चार प्रणाली प्रयोग गर्न दिने तथा अन्य संस्थाद्वारा निर्मित दूरसञ्चार प्रणाली आवश्यकता अनुसार प्रयोग गर्ने,

७) कम्पनीको निमित्त आवश्यक जग्गा, भवन वा यस्तै सम्पत्ति खरिद गर्ने वा प्राप्त गर्ने र त्यसमा आवश्यकता अनुसार निर्माण सुधार गर्ने,

८) कम्पनीले आफुले निर्माण वा जडान गरेका संरचनाहरूको निरीक्षण तथा जाँचबुझ गर्ने र आवश्यकता अनुसार मर्मत सुधार गर्ने,

९) ग्राहकलाई दूरसञ्चार सेवा उपलब्ध गराए बापत प्रचलित कानून बमोजिम सेवा शुल्क निर्धारण गराई त्यस्तो सेवा शुल्क असुल गर्ने,

१०) ग्राहकलाई दूरसञ्चार सेवा उपलब्ध गराए बापत धरौटी र जडान खर्च लिने,

११) कम्पनीले पाउने सुबिधा प्राप्त गर्ने,

१२) दूरसञ्चार प्रणालीको निर्माण वा जडानको क्रममा कम्पनीको तर्फबाट कसैलाई कुनै हानीनोक्सानी हुन गएमा त्यसको क्षतिपूर्ति दिने,

१३) कम्पनीलाई प्राप्त हक अधिकार तथा सम्पत्ति कम्पनीको हितको लागि बेच बिखन गर्ने, भाडामा दिने वा अन्य उपयुक्त व्यवस्था गर्ने,

१४) अन्य व्यक्तिलाई ठेक्कामा काम दिने वा लगाउने,

१५) दूरसञ्चार सम्बन्धी संरचना आदान प्रदान गर्न सम्झौता गर्ने,

१६) दूरसञ्चार सेवा सम्बन्धी निर्माण, जडान व्यवस्थापन वा परामर्श सेवा प्रदान गर्ने,

१७) कम्पनीको हितलाई ध्यानमा राखी सहायक कम्पनी स्थापना गर्ने, कम्पनी प्रवर्द्धन गर्ने वा अन्य कम्पनी प्राप्त गर्ने वा त्यस्ता कम्पनीको शेयर पूँजीमा लगानी गर्ने,

१८) कम्पनीको उद्देश्य अनुरूपको काम गर्ने व्यक्तिसंग मुनाफा बाड्ने सम्बन्धमा सम्झौता गरी काम गर्ने,

१९) प्रचलित कानूनको अधिनमा रही कम्पनीको शेयर बिक्री वा सार्वजनिक निष्काशन गर्ने,

२०) वण्ड वा डिवेन्चर जारी गर्ने वा अन्य उपयुक्त तरिकाबाट ऋण लिने,

२१) कम्पनीमा मौज्दात रहेको रकम बैंक, वित्त कम्पनी, धितोपत्र वा अन्य कम्पनीको पूँजीमा लगानी गर्ने, साथै विद्युत र उर्जा उत्पादन प्रसारण वा वितरण गर्न र Infrastructure Sharing गर्ने प्रयोजन समेतका लागि अन्य सेवा मूलक कम्पनी खोल्ने वा सोमा लगानी गर्ने।

२२) दूरसञ्चार सम्बन्धी उपकरण निर्माण वा खरिद गरी ग्राहकलाई बिक्री बितरण गर्ने,

२३) कम्पनीद्वारा आर्जित मुनाफाबाट शेयर होल्डरलाई लाभांश, अन्तरिम लाभांश वा बोनस शेयर बाड्ने,

२४) कम्पनीको हितको निमित्त कम्पनीको सम्पत्ति वा अधिकारहरूमध्ये केही वा सबै धितो बन्धक दिने, सट्टापट्टा गर्ने, बिक्री गर्ने वा अन्य उचित प्रबन्ध गर्ने,

२५) कम्पनीको आन्तरिक व्यवस्थापन र कार्य सञ्चालनको निमित्त आवश्यक विनियमहरू बनाई लागू गर्ने,

२६) कम्पनीलाई प्राप्त हुने सम्पूर्ण रकम बैंक वा बित्त कम्पनीमा खाता खोली जम्मा गर्ने र कम्पनीबाट भुक्तानी गर्नुपर्ने रकम भुक्तानी गर्ने,

२७) कम्पनीको उद्देश्य प्राप्तिका लागि आवश्यक र सहायक हुने अन्य किसिमका कामहरू गर्ने गराउने।

## १.४ निकायबाट प्रदान गरिने सेवाहरू/महाशाखा शाखागत कार्य बिभाजनः

कम्पनी ऐन २०६३, दूरसञ्चार ऐन २०५३, कम्पनीको प्रबन्धपत्र, नियमावली बमोजिम नियामक निकायको निर्देशन, राज्यको आवश्यकता बमोजिम यस कम्पनीबाट दूरसञ्चार सेवाको सञ्चालन र विकास सम्बन्धी कार्य हुदै आएको छ। कम्पनीबाट उपलब्ध गराइएका

सेवा सम्बन्धी विवरण कम्पनीको Website: www.ntc.net.np मा समेत उपलब्ध रहेको छ। कम्पनीबाट उपलब्ध गराइएका सेवा सम्बन्धी विवरण निम्न अनुसार रहेको छ।

**A. LAND LINE SERVICE (Voice)**

- Local/National/International Call
- Advanced Free Phone Service (Toll Free Service)
- Easy Phone (SIP) Service
- Call Forward/Call Holding/Wakeup/Locking Code
- Conference Call
- IVR Service

**B. GSM SERVICES**

1. Postpaid/Prepaid Mobile Service
2. e-SIM Service
3. International Roaming
4. Voice Over LTE (VoLTE)
5. SMS
6. Wireless Service (2G, 3G, 4G)
7. Friends & Family
8. Call Forwarding/Call Waiting/Call Hold
9. Corporate User Group (CUG)
10. Conference Call Service

**C. DATA SERVICES**

1. Leased Internet Service
2. ADSL Service (Unlimited Package/Volume Based Package)
3. 2G/ 3G/4G
4. WiFi Hotspot
5. FTTH Data
6. Namaste WiFi-Wireless Broadband

**D. VALUE ADDED SERVICES**

1. Missed Call Alert
2. Caller Ring Back Tone (CRBT)
3. Namaste Credit Service (Loan Service)
4. Music Streaming Service
5. Video Streaming Service
6. Infotainment Service
7. Bulk SMS
8. SMS Alert
9. Easy Call Card
10. Toll Free Number
11. Easy Phone (SIP) Service
12. IP TV (NTTV)

**E. PACKAGES/OFFERS**

1. Voice Pack
2. Data Pack
3. SMS Pack
4. Various Packs (Keep on changing)

**F. Enterprise/Corporate Level Services**

1. Toll Free Service (Advanced Free Phone Service)
2. Corporate User Group (CUG) Service
3. Bulk SMS Service
4. SMS Alert Service
5. Leased Internet/Intranet Service

**SMS Short Code मार्फत प्राप्त हुने सुविधाहरू:** https://www.ntc.net.np/post/useful-short-codes

| Service | Syntax |
|---|---|
| Outstanding Balance Query | Type "CB" and send to 1415 |
| Data Volume Query | Type "VL" and send to 1415 |
| Free Resource Query | Type "FR" and send to 1415 |
| Night call Package (CDMA only) | Type "Night" and send to 1415 |
| Friends and Family (FNF) Service Subscription | Type "FNFSUB*MDN" and send to 1415 |
| Friends and Family (FNF) Add Member | Type "FNFADD*and send to 1415 (1 MDN at a time) |
| Friends and Family (FNF) Modify Member | Type "FNFMOD*oldMDN*newMDN" and send to 1415 |
| Friends and Family (FNF) Delete Member | Type "FNFDEL*MDN" and send to 1415 |
| Friends and Family (FNF) Member Inquiry | Type "FNFINQ" and send to 1415 |
| For Help | Type "Help" and send to 1415 |
| Different Package Subscription (Voice/Data/SMS etc.) | Type sub code and send SMS to 1415.<br>(Visit NT website to view different sub_code) |
| Subscribe to NT Wi-Fi Hotspot | Connect to Available Hotspot to subscribe package.<br>Based on information send SMS to 1416 |
| NTPro Service | Type Sub ntpro and send SMS to 1428 |
| Caller Ring Back Tone (CRBT) Service | Type Sub and send SMS to 1455 to start service<br>Type Unsub and send SMT to 1455 to stop service |
| SEE Result Inquiry | Type SEE Symbol Number and Send SMS to 1600 |
| Credit Service (Loan Service) | Type Status and send SMS to 1477 |
| Security Code (For prepaid) | Type "SCODE" and send to 1415 |
| PUK Number (For Postpaid) | Type "PUK" and sent to 1415 |
| Missed Call Alert Service | Type sub and send SMS to 1400 to START |

| | |
|---|---|
| | Type unsub and send SMS to 1400 to STOP |

Note: MDN = NT phone number (CDMA, PSTN, GSM)

**IVR मार्फत प्राप्त हुने सुविधाहरू:**

| IVR Number | Charge | Service |
|---|---|---|
| 1412 | Free | Bill payment by using Recharge Card |
| 1415 | | Balance query/credit limit query/recharge/missing claim/cancel missing claim/first call activation/ PUK query/data volume query |
| 1607 | Airtime | PUK Number Inquiry |
| 1498 | Free | General Inquiry |
| 192 | Free | Fault Handling |
| 197 | Free | Number Inquiry |
| 198 | Free | Line Maintenance (PSTN, ADSL, VSAT & FTTH) |
| 1600 | Airtime | SEE Result Inquiry |
| 1455 | Airtime | Caller Ring Back Tone (CRBT) Service |

**USSD मार्फत प्राप्त हुने सुविधाहरू:**

| | |
|---|---|
| GSM Mobile Balance Inquiry | Dial *400# |
| 4G Activation | Dial *444# (If SIM change is required to upgrade to 4G, please visit nearest NT Office) |
| Package Subscription | Dial *1415# and follow instruction. |
| GSM Re Charge (Re Charge Card) | Dial *412*Pin Number# |
| Balance Transfer (Prepaid) | Dial *422*Security Code*Mobile Number*Amount (in Rs.)# |
| Missed Call Alert Service | Dial *1400# |
| Caller Ring Back Tone (CRBT) | Dial *1455# |
| SIM card Owner Query | Dial *922# |
| CMMC Survey | Dial *1419# |
| Education Packages (Happy Learning and e-Shikshya | Dial *1441# |
| SEE Offer | Dial *1600# |
| First Call Activation (FCA) | Dial *1414# |

**Website मार्फत उपलब्ध सेवाहरू**

| | |
|---|---|
| Re Charge from Re Charge Card | http://webrecharge.ntc.net.np |
| Package subscription | http://offer.ntc.net.np |
| Volume Query | http://offer.ntc.net.np/VolumeQuery.aspx |
| Gift Packages | http://offer.ntc.net.np/GiftPack.aspx |

**Special Codes:**

| | |
|---|---|
| 100 | Nepal Police |
| 101 | Fire Brigade |
| 102 | Ambulance |
| 103 | Traffic Police |
| 104 | Central Child Welfare Board |
| 105 | Army: Kathmandu, Lalitpur, Bhaktapur |
| 106 | Army Kendriya Sainik Prahari Gulmi |
| 107 | Commission for the Investigation of Abuse of Authority |
| 197 | PSTN Telephone Enquiry |
| 1098 | CWIN |
| 1103 | Traffic Police Lalitpur |
| 1111 | Hello Sarkar |
| 1144 | Tourist Police |
| 1177 | Metropolitan Police - Crime Division |

Mobile App **मार्फत उपलब्ध सेवाहरू**

| | |
|---|---|
| Download **'Nepal Telecom'** Mobile APP from android PlayStore or iOS Store.<br><br>Services on NT Mobile App | 1. Re Charge<br>2. Balance Transfer<br>3. Balance Query<br>4. Package Subscription<br>5. Volume Query<br>6. Gift Packages to Others<br>7. Bill Payment<br>8. Many More |

साथै, Corporate ईकाई तथा व्यावसायिक ईकाईहरूको कार्य विभाजन कम्पनीको Organization Structureअनुसार निर्धारित गरी कम्पनीको सञ्चालक समितिबाट स्वीकृत भएअनुसार तोकिने गरेको।

## १.५ सम्बद्ध ऐन, नियम, नीति, गठन आदेश तथा निर्देशिका, कार्यविधि र अन्य कानूनी व्यवस्था

**क) नेपालको संविधान (२०७२)**

**ख) दूरसञ्चार सेवा सम्बन्धी नीतिः**

- दूरसञ्चार नीति, २०६०
- दूरसञ्चार तथा सञ्चार क्षेत्रको दीर्घकालीन नीति, २०५९
- सूचना तथा सञ्चार प्रविधि नीति, २०७२
- रेडियो फ्रिक्वेन्सी नीति, २०६९
- दूरसञ्चार आर्थिक उदारिकरण र निजी क्षेत्र
- VOIP को नियमन सम्बन्धी विद्यमान व्यवस्था

**ग) दूरसञ्चार सेवा सम्बन्धी ऐन, नियम तथा विनियमः**

- नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रबन्ध पत्र

- नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको नियमावली
- नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको आर्थिक विनियमावली, २०७१
- नेपाल दूरसञ्चार कम्पनी लिमिटेड कर्मचारी विनियमावली, २०७८
- दूरसञ्चार ऐन, २०५३ र दूरसञ्चार नियमावली २०५४
- विद्युतीय कारोबार ऐन २०६३

**घ) आर्थिक कारोबार सम्बन्धी ऐन नियम तथा विनियम**

- सार्वजनिक खरिद ऐन, २०६४
- अख्तियार दुरूपयोग ऐन, २०४८
- भ्रस्टाचार निवारण ऐन, २०५९
- मूल्य अभिवृद्धि कर ऐन, २०५३ र मूल्य अभिवृद्धि कर नियमावली 2053
- आयकर ऐन, २०५८

**ङ) अन्य**

- कम्पनी ऐन, २०६३
- उपभोक्ता संरक्षण ऐन, २०५४ तथा उपभोक्ता संरक्षण नियमावली 2056
- वातावरण संरक्षण ऐन, २०५३ र वातावरण नियमावली, २०५४
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६5
- जग्गा प्राप्ति ऐन, २०३४
- अत्यावश्यक सेवा सञ्चालन ऐन, २०१४
- सुशासन ऐन, २०६४
- नेपाल टेलिकमको चालु आवधिक योजना
- मुलुकी देवानी संहिता, 2074
- मुलुकी फौजदारी संहिता, 2074
- मुलुकी देवानी कार्यविधि संहिता, 2074
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४

# २.प्रगति

## २.१ बिगत पाँच आर्थिक वर्षको वित्तीय विवरण

कम्पनीको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरू राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित हुदै आएकोछ भने उक्त विवरणहरू कम्पनीको website: https://ntc.net.np/about-us/annual-reports मा समेत प्रकाशित गरिदै आएकोछ। कम्पनीको बिगत पाँच आर्थिक बर्षको वित्तीय विवरण निम्न अनुसार रहेको छ|

**विगत ५ वर्षको आर्थिक विवरण (विनियोजन र खर्च)** रू. हजारमा

| सि.नं. | आ.व. | विनियोजन | खर्च | कैफियत |
|---|---|---|---|---|
| १ | २०७५/०७६ | ४७,१६७,७८६ | ४१,१५९,०५८ | |
| २ | २०७६/०७७ | ५०,१९६,१०० | ४६,०८६,५४१ | |
| ३ | २०७७/०७८ | ५०,१६९,७०९ | ४०,५९२,८६७ | |
| ४ | २०७८/०७९ | ४५,४३२,२८१ | ३८,७६४,८३२ | |
| ५ | २०७९/०८० | ४७,५४६,२०० | ३९,०६३,८३१ | |

## २.२ आ.व. २०८०/०८१ को वार्षिक विनियोजन, खर्च, वित्तीय र भौतिक प्रगति

आ.व. २०८०/०८१ को वार्षिक विनियोजित बजेट तथा प्रगतिको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

**(रू. हजारमा)**

| विवरण | चालु | पूँजीगत |
|---|---|---|
| विनियोजन | १४,२७,१९ | २५,७९,८५ |
| खर्च | १०,३०,५२ | ५,०४,७४ |
| प्रगति प्रतिशतमा | ७२.२१ | १९.५६ |

## २.३ आ.व. २०८०/०८१ को मुख्य-मुख्य कार्यक्रम र प्रगति

आ.व. २०८०/०८१ मा सञ्चालनमा रहेका मुख्य मुख्य कार्यक्रम र सोको प्रगति देहायको तालिकामा देखाईएको छः

| संचालनमा रहेका मुख्य कार्यक्रमहरू | | | |
|---|---|---|---|
| क्र.सं. | कार्यक्रमहरू | २०८१ असार मसान्त सम्मको प्रगति | कैफियत |
| १ | Long-Term Evolution (LTE)/4G Core Network | • Phase - I तथा Phase -II को Core उपकरणहरू जडान सम्पन्न भई संचालनमा आएको । <br>• २०७८ माघ २२ गते देखि VoLTE सेवाको व्यवसायिक संचालन सुरु भएको । | **हालसम्म ७७ जिल्लाको ७४२ स्थानीय** |

| संचालनमा रहेका मुख्य कार्यक्रमहरू | | | |
|---|---|---|---|
| क्र.सं. | कार्यक्रमहरू | २०८१ असार मसान्त सम्मको प्रगति | कैफियत |
| २ | 4G LTE (EUTRAN) – Network I | जम्मा ३,२९१ eNodeB मध्ये ३,२९१ वटै eNodeB हरूको जडान सम्पन्न भई सञ्चालनमा आएको। | **निकायहरूमा 4G LTE सेवा विस्तार भएको।** |
| ३ | 4G LTE (EUTRAN) – Network II | जम्मा ३,४४६ eNodeB मध्ये ३,४४६ वटै eNodeB हरूको जडान सम्पन्न भई सञ्चालनमा आएको। | |
| ४ | 5G Service Trial Program | नेपाल टेलिकम बबरमहल, सुन्धारा, पोखरा तथा बीरगंजमा ५G उपकरणहरू जडान सम्पन्न भई testing कार्य समेत सम्पन्न भएको। | |
| ५ | FTTH Network Expansion and Line Distribution | 1. २०,००,५९४ क्षेमताको FDCPort मार्फत १७,९१,४३९ लाईन क्षेमताको HomePass FTTH नेटवर्क विस्तार भएको।<br>2. ३,०६,०२५ Data, ३,६२,३६७ Voice र ४८,८५३ IPTV गरि कुल ७,१७,२४५ (FTTH Subscription) वितरण भएको। | **हालसम्म ७६ जिल्लामा FTTH सेवा विस्तार भएको।** |

## २.४ नवप्रवर्तनीय एवम् उल्लेखनीय कार्यहरू

| क्र.सं. | मुख्य मुख्य उपलब्धिहरू | |
|---|---|---|
| १ | FTTH सेवा | • कुल ५,१६,६५६ लाईन क्षमताको FTTH Network विस्तार भएको।<br>• साथै १,५१,७७६ FTTH Subscriber (Voice+Data+IPTV) लाईन जडान भएको।<br>• थप ३ जिल्ला (रुकुम पुर्व, डोल्पा र मुगु) मा FTTH सेवा विस्तार भएको।<br>• हाल सम्म जम्मा ७६ जिल्लामा FTTH सेवा विस्तार भएको। |
| २ | Highway Coverage | • Highway Coverage बिस्तारको सिलसिलामा २६ थान High Gain Antenna जडान भईसकेको र बाँकी जडानको क्रममा रहेको। थप Very High Gain Antenna and Accessories हरूको मुल्यांकन सम्पन्न भई POC को क्रममा रहेको। (हालसम्म ४२ थान High Gain Antenna जडान सम्पन्न भई सकेको) |
| ३ | Wireless सेवा | • ६६ वटा eNodeB संचालनमा आएको। (हालसम्म ७७ जिल्लाको ७४२ स्थानीय निकाय हरूमा 4G/LTE सेवा विस्तार भएको।)<br>• ९१ स्थानमा 2G उपकरणहरू जडान सम्पन्न भई संचालनमा आएको।<br>• जम्मा २०,४६,६२९ 4G ग्राहक थप भएको। (लक्ष्य ३०,५०,०००) |
| ४ | Optical fiber विस्तार | • जम्मा ४५० KM ADSS जडान कार्य सम्पन्न भएको।<br>• नेपाल दूरसञ्चार प्राधिकरणको ग्रामीण दूरसञ्चार विकास कोष प्रयोग गरी निर्माण सम्पन्न गरेको मध्यपहाडी लोकमार्गको दूरसञ्चार पूर्वाधार अप्टिकल फाइबर नेटवर्कको सञ्चालन शुभारम्भ भएको। |

नियमित आन्तरिक परिक्षण तथा अन्तिम लेखा परिक्षण समयमै हुने गरेकोले वेरुजु देखिएमा सम्वन्धित कार्यालयबाट असुल उपर गर्ने गरिएको।

## २.५ अवसर र चुनौतीहरू

कम्पनीको सेवा वितरणका लागि प्रयोगमा रहेको पूर्वाधार, कम्पनीका चालू आयोजना, भावी नीति तथा कार्यक्रम सञ्चालनका लागि कम्पनीमा उपलब्ध श्रोत साधनहरू समेतको क्षमता, दक्षता, समग्र पक्षको सबल तथा दुर्वल पक्षलाई मध्यनजर गर्दा कम्पनीले प्राप्त गरेका अवसरहरू तथा चुनौतिहरू देहाय अनुसार रहेका छन्। यी अवसर र चुनौतिहरू आगामी आ.व. मा समेत निरन्तर रहने देखिन्छन्।

**अवसरहरू**

- देशव्यापीरूपमा रहेको कम्पनीको दूरसञ्चार पूर्वाधार
- नेपाल अधिराज्यभित्र सबै भौगोलिक क्षेत्रमा कम्पनीको सेवाको पहुंच
- कम्पनीका सेवाहरूमा विविधिकरण
- Data Service मा बृद्धि
- VAS Service मा विविधिकरण
- Broad Band सेवाको बढ्दो माग
- FTTH सेवाको विस्तारसंगै 3 in 1 Service को मागमा उल्लेख्य वृद्धि
- Diversified, trained and skillful employees
- वित्तीयश्रोतको उपलब्धता
- लगानी विवधिकरणसंगै Namaste Pay को व्यावसायिक सेवाको सुरुवात

**चुनौतिहरू**

- तिब्र प्रतिस्पर्धा तथा प्रविधिमा आएको विकास (जस्तै-OTT को प्रयोग) को कारण कम्पनीको राजस्वमा नकारात्मक प्रभाव (विशेषत:- International interconnect revenue and roaming)
- सरकारी नीति नियमको पालना गर्नु कम्पनीको कर्तव्य भएको तर नीति नियमहरू पालना गर्दा प्रतिस्पर्धा गर्न व्यावहारिक समस्या भएको (विशेषत: खरिद सम्बन्धि ऐन तथा नियम)
- प्रविधिमा भएको निरन्तर विकासका कारण सेवामा आउने तिब्र परिवर्तनका कारण नवीन प्रविधिमा आधारित सेवा उपलब्ध गराउन चुनौति रहेको

- Market Saturation को कारणले वायरलेस सेवातर्फ नयाँ ग्राहकहरू आकर्षित गर्न चुनौती रहेको।
- Global business trends का कारण कम्पनीको Voice Business Data Business मा Shift भइरहेको
- ग्राहकको तिब्र परिवर्तित चाहना अनूरूपका सेवाहरू प्रदान गर्न कठिनाई

## २.६ कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या र समाधानका लागि गरिएका प्रयासहरू

| समस्या | समाधानका उपाय |
|---|---|
| RTDF कोषको प्रयोग गरि 4G सेवा नपुगेका अति दुर्गम तथा विकट स्थानहरूमा Microwave तथा Optical Fiber मार्फत 4G सेवा पुर्याउने र VSAT मार्फत संचालनमा रहेका अति दुर्गम तथा विकट स्थानका BTS Sites हरूलाई Microwave मार्फत प्रतिस्थापन गर्ने \| | • अति दुर्गम तथा विकट २१ स्थानहरूमा MICROWAVE तथा OPTICAL FIBER मार्फत सेवा संचालन गर्नको निम्ति आवश्यक अध्ययन तथा लागत अनुमान तयार गरि मिति २०८०/३/२१ मा (RTDF Fund) को खर्च उपलब्ध गराउनको निम्ति नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पत्राचार भएको \|<br>• कालिकालेकमा आवश्यक पुर्बाधार (Prefab Shelter, Tower, Fencing) निर्माणका लागि मिति २०८१/१/४ मा Contract सम्पन्न भई निर्माण भइरहेको \| ताप्लेजुंग जिल्लाको घुन्सा site मा 4G संचालनका लागि पाथिभरा site मा जग्गा प्राप्ति गर्ने कार्य सम्पन्न भई आवश्यक पुर्बाधार निर्माणको लागि वा.से.नि. मा पत्राचार भएको \| संखुवासभा जिल्लाको किमाथांका VSAT Replacement को लागि Microwave Repeater Station को सर्वेक्षण कार्य सम्पन्न भई सम्बन्धित कार्यको लागि वा.से.नि. मा पत्राचार भएको \|<br>RTDF कोष मार्फत सेवा विस्तार गर्ने आवश्यक पहल हुनु पर्ने \| |
| वन तथा निकुन्ज क्षेत्रहरूमा पूर्वाधार निर्माण, सेवा विस्तार तथा मर्मत संभार कार्यमा कठिनाइ \|<br>वन तथा निकुन्ज क्षेत्रहरूमा टावर, भवन निर्माण तथा अन्य पूर्वाधार सम्बन्धि कार्यको विभिन्न निकायहरू बाट स्वीकृति प्राप्त गर्नुपर्ने र धेरै वटा निकाय संग समन्वय गर्नुपर्ने भएकोले दूरसञ्चार नेटवर्क विस्तार कार्यमा तिब्रता ल्याउन नसकिएको। | • राष्ट्रिय योजना आयोगले 4G/LTE आयोजनालाई प्राथमिकता प्राप्त आयोजनाको रूपमा सिफारिस गरेको \| सम्बन्धित निकायहरूसँग थप समन्वयको लागि पहल जारी राख्ने।<br>• राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना तथा राष्ट्रिय गौरबको आयोजनाको लागि समाबेश भएका दूरसञ्चार सेवाको विस्तारको लागि सञ्चालित आयोजनाहरूको हकमा विश्व सम्पदा सूचिमा रहेका स्थान, राष्ट्रिय निकुञ्ज एवम् संरक्षित क्षेत्रमा समेत उक्त स्थानहरूको बिशेषता, सुन्दरता एवम् महत्वलाई जगेर्ना गर्दै अप्टिकल फाईबर नेटवर्क विस्तार गर्न एवम् टावर पूर्वाधार खडा गर्न नीतिगत व्यवस्थापनको लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिवज्यूको संयोजकत्वमा समित गठन भई राय-सुझावहरू सहितको प्रारम्भिक कार्ययोजना तयार भएको र सो कार्ययोजनामा आवश्यक थपघट/परिमार्जनको लागि सम्बन्धित सरोकार निकायहरू संग राय-सुझाव माग भएको \| |

| समस्या | समाधानका उपाय |
|---|---|
| १९ जिल्लामा नमुनाको रूपमा पूर्ण दुरसञ्चार सेवा पुर्याउने RTDF Fund को खर्च उपलब्ध गराउने । | • अध्ययन गर्न गठित कमिटिद्वारा पेश भएको प्रतिवेदन अनुसारको केहि अति दूर्गम तथा विकट Site हरूमा Wireless (2G/4G) तथा FTTH सेवा विस्तार गर्नको निम्ति RTDF Fund को खर्च उपलब्ध गराउन नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मार्फत NTA मा पहल हुनु पर्ने । |
| खानेपानी, बिद्युत, सडक लगायतका संरचना निर्माण एवम् मर्मत-सम्भार गर्दा भौतिक संरचनामा क्षति । PSTN, ADSL, FTTH underground cable (copper/optical) र पोलहरूमा क्षति भई पटक-पटक सेवाहरू अवरुद्ध भएको | • नेपाल टेलिकमको भौतिक संरचनामा क्षति न्युनिकरण गर्न तथा Underground network विस्तार कार्यको लागि सडक विभाग तथा भौतिक योजना मन्त्रालयसंग आवश्यक समन्वय भई राष्ट्रिय योजना आयोगमा छलफल भएको ।<br>• क्षतिपूर्ति वापतको रकम प्राप्त हुनुपर्ने र हालसम्म यस कम्पनिको पूर्वाधारमा भएको क्षति बापत कुनै पनि क्षतिपूर्ति प्राप्त नभएको । विकास निर्माणको लागि विस्तार हुने आयोजनाहरू जस्तै सडक, खानेपानी, विद्युत पूर्वाधारको निर्माण तथा विस्तारको क्रममा क्षती हुने दुरसञ्चार पूर्वाधारको लागि लाग्ने आर्थिक व्ययभार सोहि आयोजनाबाट समयमा नै प्राप्त हुने व्यवस्था हुनु पर्ने ।<br>• Utility Trench सम्बन्धी नीतिगत व्यवस्थापनको लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिवज्यूको संयोजकत्वमा समिति गठन भई राय-सुझावहरू सहितको प्रारम्भिक कार्ययोजना तयार भएको र सो कार्ययोजनामा आवश्यक थपघट/परिमार्जनको लागि सम्बन्धित सरोकार निकायहरू संग राय-सुझाव माग भएको । |
| Hotspot को प्रयोग सम्बन्धमा | कतिपय सेवा प्रदायकहरूबाट Email तथा Internet को अनुमतिपत्र मार्फत पनि देशभर Hotspot जडान गरि Voice Mobility सेवा संचालन गरिरहेको हुँदा Wireless सेवा प्रदायकहरूको राजस्वमा गम्भीर असर परेको हुँदा त्यस्तो Hotspot मार्फत Voice Mobility सेवा तुरुन्त बन्द गर्नको निम्ति पहल हुनु पर्ने । |
| सरकारी र सार्वजनिक जग्गामा प्रस्तावित Site हरू जडान गर्न घर/जग्गा सम्झौताको लागि स्वीकृतिको प्रक्रियामा धेरै समय लाग्ने ।<br>जडानको क्रममा स्थानीय तथा छिमेकीहरूबाट हुने अवरोधबाट पनि कतिपय site हरूको जडानमा ढिलाई हुने गरेको । | स्थानीय तहहरूबाट सहयोग तथा सहजीकरण हुनु पर्ने । |

| समस्या | समाधानका उपाय |
|---|---|
| केहि स्थानीय तहहरूले Mobile Tower स्थापना गर्दा थप स्थानीय कर लिने गरेको जसबाट Mobile/दूरसञ्चार पूर्वाधार निर्माणमा कठिनाइ तथा थप आर्थिक भार बढेको । | यस प्रकारको दोहोरो कर लिने व्यवस्था हटाउन आवश्यक पहल हुनु पर्ने । |
| Radiation Hazard को त्रासले गर्दा Site संचालन गर्न घर भाडा लिने लगायतका कार्यहरूमा कठिनाइ हुने गरेको । | NTA बाट Awareness Program संचालन गरी सहिअनुरूपको सूचनाहरू सम्प्रेषण गर्नु पर्ने । |
| OTT प्रयोग सम्बन्धमा | OTT सेवाको बढ्दो प्रयोगले Wireless Voice सेवामा नकरात्मकता असर परेको हुँदा सो सम्बन्धमा NTA मार्फत OTT प्रयोगमा नियमन हुनु पर्ने । |

## ३. राजस्व र आय

कम्पनीले प्रदान गर्ने सेवाहरूबाट कम्पनीले आर्जन गरेको राजस्वको विवरण देहायअनुसार रहेको छ।

| क्र.सं. | राजस्व शीर्षक | २०८०/०८१ वार्षिक लक्ष्य (रू. हजारमा) | प्रगति रकम (रू. हजारमा) | प्रगती (%) |
|---|---|---|---|---|
| १ | PSTN | 266,519 | 261,308.44 | 98% |
| २ | ADSL | 70,670 | 51,143.76 | 72% |
| ३ | FTTH | 4,640,481 | 2,339,801.90 | 50% |
| ४ | Lease | 358,336 | 298,680.82 | 83% |
| ५ | GSM | 37,365,007 | 27,909,024.41 | **75%** |
| ८ | Interconnection | 4,938,243 | **3,121,528.96** | **63%** |
| ९ | VAS | 2,103,000 | 644,515.27 | 31% |
| १० | Equipment Sales | 89,128 | 79,346.38 | 89% |
| | ***Total Operating Income*** | **49,831,384** | **34,705,349.92** | **70%** |
| ११ | Interest and other Income | 5,949,117 | 7,007,092.43 | 118% |
| | **जम्मा** | **55,780,501** | **41,712,442.35** | **75%** |

# १९. नेपाल दूरसञ्चार प्राधिकरण

## १. परिचय

### १.१ पृष्ठभूमि

तत्कालिन अवस्थामा नेपाल दुरसञ्चार संस्थान मार्फत मात्र टेलिफोन सेवा उपलब्ध भइरहेको पृष्ठभूमिमा दूरसञ्चार सेवामा स्वदेशी तथा निजी क्षेत्रको लगानी प्रबर्द्धन गर्दै आम जनतामा समक्ष दूरसञ्चार सेवा सर्वसुलभ दरमा उपलब्ध हुने गरि दूरसञ्चार सेवाको विकास, विस्तार र व्यवस्थित बनाउन नेपाल सरकारले दूरसञ्चार ऐन, २०५३ र दूरसञ्चार नियमावली, २०५४ बनाई लागु गर्यो। निजी क्षेत्रको सहभागिता मार्फत प्रतिस्पर्धात्मक वातावरण सृजना गरी दूरसञ्चार क्षेत्रको विकास तथा विस्तार गर्नका साथै दूरसञ्चार क्षेत्रलाई अझ व्यवस्थित र नियमित गर्ने उद्देश्यका साथ दूरसञ्चार ऐन, २०५३ लाई कार्यान्वयन गर्न नेपाल सरकारले दूरसञ्चार नियमावली, २०५४ जारी गरी मिति २०५४ फागुन २० गते अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सँगठित संस्थाको रूपमा नेपाल दूरसञ्चार प्राधिकरण (Nepal Telecommunications Authority) को स्थापना भएको हो। खुला बजार नीतिलाई आत्मसात गर्दै नेपाल राज्यभरका शहरी र ग्रामीण क्षेत्रमा दूरसञ्चार सेवालाई सर्वसुलभ र भरपर्दो बनाउन, यस क्षेत्रमा स्वदेशी एवम् वैदेशिक लगानीलाई प्रोत्साहन गर्दै नविनतम प्रविधिलाई भित्र्याउन र दूरसञ्चार सेवालाई प्रतिस्पर्धी, भरपर्दो र सर्वसुलभ बनाउने मुख्य उदेश्यका साथ प्राधिकरण गठन गरिएको हो। प्राधिकरण स्थापनाको २६ औ वर्षसम्म आइपुग्दा नेपाल दूरसञ्चार प्राधिकरणले नेपालको दूरसञ्चार क्षेत्रको विकास, विस्तार, सञ्चालन र प्रबर्द्धनका लागि महत्वपुर्ण भूमिका निर्बाह गर्दै आइरहेको छ। नेपालमा तुलनात्मक रूपमा छोटो अवधिमा दूरसञ्चार क्षेत्रले उल्लेखनीय प्रगति गरेको छ। यस क्षेत्रमा स्वदेशी र विदेशी सहितको निजी क्षेत्रको ठुलो परिमाणमा लगानी भएको छ। आ.व. २०८०/०८१ को अषाढ मसान्त सम्म २४ वटा नेटवर्क सेवा प्रदायक, २ वटा GSM Cellular Mobile, १ वटा आधारभुत दूरसञ्चार सेवा, १ वटा आधारभुत टेलिफोन सेवा, १० वटा भिस्याट प्रयोगकर्ता, ११० वटा ग्रामिण भिस्याट प्रयोगकर्ता, ११४ वटा इन्टरनेट (ईमेल सहित) सेवा प्रदायक, ३ वटा ग्रामिण इन्टरनेट सेवा प्रदायक, २ वटा GMPCS र १ वटा इन्टरनेशनल ट्रंक टेलिफोनको लागि अनुमतिपत्रहरू वहाल रही दूरसञ्चार सेवा प्रदान भएको छ। आ.व. २०६५/६६ सम्म कुल जनसंख्याको २२.९४ प्रतिशतमा टेलिफोन सेवाको पहुँच रहेको र इन्टरनेट प्रयोगकर्ता मात्र १.८७ प्रतिशतमा सीमित रहेकोमा आ.व. २०८०/०८१ को अषाढ महिनाको अन्त्यसम्म आइपुग्दा कुल जनसंख्याको १२४.२२ प्रतिशतमा टेलिफोन सेवाको पहुँच पुगेको छ भने इन्टरनेट प्रयोगकर्ता १४९.२३ प्रतिशत पुगेको छ। यस अवधिमा फिक्स्ड भ्वाइस/सेवाको घनत्व २.०५%, मोबाइल सेवाको घनत्व १२२.१६%, र अन्य सेवाको घनत्व ०.०१%, इन्टर्नेटतर्फ फिक्स्ड ब्रोडब्याण्डको (वायर/फाइवर) सेवाको घनत्व ४२.१२%, वायरलेस

सेवाको घनत्व ०.१०%, मोबाइल ब्रोडब्याण्ड सेवाको घनत्व १०७.०२% गरी जम्मा इन्टरनेट घनत्व १४९.२३% पुगेको छ।

नेपाल सरकारले अवलम्बन गरेको नीति अनुरूप प्राधिकरणले राष्ट्रव्यापी रूपमा ब्रोडव्याण्ड पूर्वाधार निमार्ण एवम् विस्तार गर्ने र दूरसञ्चार सेवालाई अझ गुणस्तरीय एवम् प्रभावकारी बनाई आम उपभोक्ताको सहज पहुँच सुनिश्चितता गर्ने कार्यलाई प्रभावकारीताका साथ अगाडी बढाईएको छ। सञ्चार प्रविधिको विकासलाई अन्य क्षेत्रमा समेत प्रयोग गरी यसको अधिकतम प्रयोग गर्दा समग्र देशको आर्थिक एवम् सामाजिक विकासमा यस क्षेत्रको महत्वपूर्ण योगदान रहने विश्वास लिईएको छ। यसको लागि नियामक नेपाल दूरसञ्चार प्राधिकरण, दूरसञ्चार सेवा प्रदायकहरू र नीति निर्माता एवम् सरोकारवालाहरू एक भई सहकार्य गर्दै सम्पूर्ण नागरिकमा ब्रोडब्याण्ड सेवाको पहुँचको सुनिश्चित गरिनु पर्दछ भन्ने अभिप्रायले अत्यावश्यक आधारभूत, सुरक्षित एवम् दिगो ब्रोडब्याण्ड नेटवर्कको विकास र विस्तारलाई उच्च प्राथमिकतामा राखी ग्रामिण दूरसञ्चार विकाश कोष समेतको परिचालन गरिदै आइएको छ।

नागरिकमा रहेको डिजिटल डिभाइड (नागरिकहरूबीच प्रविधिलाई अँगाल्न सक्ने र नसक्ने बिचको अन्तर) कम गर्न प्रत्येक नागरिकमा इन्टरनेट र मोबाइल फोनको पहुँच पुऱ्याउन र प्रविधि साक्षर बनाउन नेपाल दूरसञ्चार प्राधिकरणले विभिन्न कार्यक्रमहरू संचालन गर्दै आईरहेको छ। नेपालमा डिजिटल वस्तु तथा सेवाहरूको माग दिनानुदिन बढी रहेको, यसै प्रविधि मार्फत सार्वजनिक सेवा उपलब्ध गराउने क्रम बढी रहेको र यसको माग पनि त्यतिकै रूपमा अगाडी बढी रहेको अवस्थामा यस क्षेत्रको सन्तुलित विकाश गर्दै प्राकृतिक विपत्ति तथा अन्य कारणले सृजित विपत्ति/महामारीको अवस्थामा यसबाट उत्पन्न हुने जोखिम न्यूनीकरण गरी जनजीवनलाई सामान्यीकरण गर्न समेत दूरसञ्चार क्षेत्रको अहं भूमिका रहेने हुँदा त्यस तर्फ समेत समन्वयात्मक ढंगले कार्य अगाढी बढिरहेको छ।

सूचना प्रविधिको विकासक्रमसँगै यसबाट सृजना हुने विभिन्न अवसरले देशभित्र र विदेशमा समेत रोजगारीको अवसर बढ्न गई आम्दानीमा वृद्धि हुने वातावरण बनेको छ। फलस्वरूप राष्ट्रिय अर्थतन्त्र थप क्रियाशील हुन गएको र राजस्व वृद्धिमा समेत योगदान पुगेको छ। सार्वजनिक सेवा प्रवाह प्रक्रिया थप सहज, सुलभ र पारदर्शी बन्न पुगेको छ भने E-Learning, Telemedicine, E-Commerce, M-Commerce, लगायतका सेवाहरूमा भएको विकाश विस्तारले दूरदराजका आम नागरिकहरूले समेत स्वास्थ्य, शिक्षा जस्ता आधारभूत क्षेत्रमा सामाजिक तथा आर्थिक लाभहरू प्राप्त गर्ने अवसर सृजना भएको छ। स्थानीय तहका कार्यालय, सामुदायिक विद्यालय, स्वास्थ्य संस्था, धार्मिक तथा पर्यटकीय स्थलहरूमा ब्रोडव्याण्ड सेवा उपलब्ध गराई समग्र क्षेत्रमा इन्टरनेट सेवाको पहुँच विस्तार गर्ने कार्य भइरहेको छ।

नेपालको आफ्नै भू-उपग्रह स्थापना, सञ्चालन एवम् व्यवस्थापन गर्न आवश्यक कार्यविधि, सञ्चालन मोडालिटी तथा कानूनी व्यवस्था गर्ने कार्यहरू शुरू भएको छ। यसले गर्दा अन्तर्राष्ट्रिय दूरसञ्चार सङ्घबाट नेपाललाई प्राप्त अर्बिटल स्लटको उपयोग हुने र दूरसञ्चार सेवा सञ्चालनका लागि थप सहजता एवम् पहुँच विस्तार हुने विश्वास गर्न सकिन्छ।

प्रविधिको विकास र विस्तारसँगै यसको प्रयोगबाट सकारात्मक प्रभाव मात्रै परेको भने पक्कै छैन। यसको दुरूपयोग गरी साइबर अपराध लगायत विभिन्न खालका आपराधिक क्रियाकलापहरू बढ्दै गएका छन्। यस्ता आपराधिक क्रियाकलापहरू हुन नदिन आम नागरिकहरूमा सचेतना अभिवृद्धि गर्दै कानून कार्यान्वयन गर्न सम्बन्धित सरोकारवालाहरू र नेपाल दूरसञ्चार प्राधिकरणको समन्वय र सहकार्यको आवश्यकता देखिन्छ। साइबर अपराध लगायत विभिन्न खालका आपराधिक क्रियाकलापहरूलाई दूरुत्साहन गर्न प्राधिकरणले साइबर सुरक्षा सम्बन्धि नीतिको मस्यौदा तयार गरि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा सिफारिस गरिएकोमा नेपाल सरकारबाट राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० जारी भईसकेको छ।

नवीनतम प्रविधिको सहज उपयोगको वातावरण तयार गर्न, आम उपभोक्तालाई सर्वसुलभ एवम् गुणस्तरीय सेवा सुरक्षित रूपमा उपभोग गर्न पाउने अधिकारको प्रत्याभूति दिलाउन प्राधिकरणले प्रभावकारी रूपमा कार्य अगाडि बढाइरहेको छ। दूरसञ्चार सेवाको प्रयोगबाट प्राप्त गर्न सकिने लाभहरूलाई अन्य क्षेत्रमा समेत उपयोग गरी उत्पादकत्व बढाउन सकिने हुँदा सोही बमोजिम अन्य क्षेत्रहरूसँग समेत समन्वय एवम् सहकार्य गरी कार्य अगाडि बढाइएको छ। यसबाट दूरसञ्चार क्षेत्रको मात्र नभई समग्र आर्थिक तथा सामाजिक क्षेत्रको विकास भई आम नागरिकले प्रविधि मैत्री स्तरीय जीवनयापन गर्ने आधार सृजना हुदै गईरहेको छ।

## १.२ निकायको स्वरूप र प्रकृति

नेपालमा दूरसञ्चार क्षेत्रको विकासमा उदारीकरणको नीति लिई निजी क्षेत्रलाई समेत सहभागिता गराई प्रतिस्पर्धात्मक वातावरण सृजना गरी यस क्षेत्रको विकास तथा विस्तार गर्नका साथै दूरसञ्चार क्षेत्रलाई अझ व्यवस्थित र नियमित गर्न दूरसञ्चार ऐन, २०५३ बमोजिम अविछिन्न उत्तराधिकारवाला स्वशासित र सँगठित संस्था, नेपाल दूरसञ्चार प्राधिकरण (Nepal Telecommunications Authority) नियमनकारी निकाय रहेको छ।

## १.३ निकायको काम, कर्तव्य र अधिकार

दूरसञ्चार ऐन, २०५३ को दफा १३ बमोजिम प्राधिकरणको काम र कर्तव्य देहाय बमोजिम तोकिएको छ।

१. दूरसञ्चार सेवाको विकासको लागि नेपाल सरकारले अपनाउनु पर्ने नीति, योजना र कार्यक्रमको सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने।
२. दूरसञ्चार सेवा तथा सुविधा सर्वसुलभ र भरपर्दो बनाउने।
३. आधारभूत दूरसञ्चार सेवा र सुविधा नेपालभरका शहरी तथा ग्रामीण सबै क्षेत्रमा पुऱ्याउन आवश्यक व्यवस्था गर्ने।
४. दूरसञ्चार सेवा सञ्चालनमा स्वदेशी तथा विदेशी निजी क्षेत्रका लगानीकर्ताहरूलाई सहभागी बनाउने।
५. दूरसञ्चार सेवा र सुविधा सर्वसाधारण सबैलाई उपलब्ध गराउन त्यस्तो सेवा र सुविधा प्रदान गर्ने व्यक्तिहरूबीच समन्वय र स्वस्थ प्रतिस्पर्धा हुने व्यवस्था गर्ने।
६. दूरसञ्चार सेवा र दूरसञ्चारसम्बन्धी यन्त्र तथा उपकरणहरूको स्तर तोक्ने, गुणस्तर निर्धारण गर्ने तथा स्वीकृत गर्ने।
७. दूरसञ्चार सेवालाई नियमित र व्यवस्थित गर्ने।
८. दूरसञ्चार सेवा सञ्चालन गर्न अनुमतिपत्र दिने।
९. अनुमतिपत्र प्राप्त व्यक्तिले दूरसञ्चार सेवा उपलब्ध गराए बापत लिने शुल्क स्वीकृत र नियमित गर्ने।
१०. रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिद्वारा निर्धारित नीति अनुरूप फ्रिक्वेन्सीसम्बन्धी काम गर्ने।
११. दूरसञ्चारको क्षेत्रमा नयाँ प्रविधिको विकास तथा उपयोगबारे अनुसन्धान गर्ने, गराउने।
१२. दूरसञ्चार क्षेत्रको लागि दक्ष जनशक्ति विकास गराउने।
१३. उपभोक्ताहरूको हक हितको संरक्षण हुने गरी दूरसञ्चार सेवाको विकास र विस्तार गर्ने, गराउने।
१४. दूरसञ्चारका सम्बन्धमा नेपाललाई अन्तर्राष्ट्रिय ट्रान्जिटको रूपमा विकास गर्ने, गराउने।
१५. दूरसञ्चार सेवाको विकास र प्रवर्द्धनका लागि आवश्यक र उपयुक्त अन्य काम गर्ने।

**उपर्युक्त कार्यसम्पादन गर्न दूरसञ्चार ऐन, २०५३ ले प्राधिकरणलाई देहाय बमोजिमको अधिकार प्रदान गरेको छ।**

१. दूरसञ्चारसम्बन्धी यन्त्र, उपकरण तथा सुविधाहरूको गुणस्तर निर्धारण गर्ने।
२. अनुमतिपत्र प्राप्त व्यक्तिलाई आवश्यक आदेश वा निर्देशन दिने।
३. दूरसञ्चार सेवा प्रदायकहरू बीच र सेवा प्रदायक र ग्राहकबीच पर्ने विवाद समाधान गर्ने।
४. दूरसञ्चार सेवाको निरीक्षण र जाँचबुझ गर्ने।
५. अनुमतिपत्र जारी, नवीकरण, खारेज, संशोधन गर्ने एवम् ऐन बमोजिम कार्य नगरेमा सेवा प्रदायकहरूलाई दण्ड जरिवाना गर्ने।
६. सेवा प्रदायकलाई आवश्यक पर्ने विदेशी मुद्रा सटहीको सिफारिस गर्ने।
७. क्षतिपूर्ति निर्धारण गर्ने।
८. सेवा प्रदायकलाई अरूको घर जग्गा उपयोग वा प्राप्तिका लागि आवश्यकतानुसार नेपाल सरकारलाई सिफारिस गर्ने।
९. महसुल दर र अन्तरआवद्धता सम्बन्धमा निर्देशिका बनाई लागु गर्ने।
१०. प्राधिकरणलाई आवश्यक पर्ने विनियम बनाउने।
११. ग्रामीण दूरसञ्चार विकास कोषमा जम्मा गर्ने रकमको दस्तुर निर्धारण गर्ने।

## १.४ सम्वद्ध ऐन, नियम, नीति, गठन आदेश तथा निर्देशिका, कार्यविधि र अन्य कानूनी व्यवस्था

दूरसञ्चार क्षेत्रको नियमनकारी निकायको रूपमा नेपाल दूरसञ्चार प्राधिकरण दूरसञ्चार ऐन,२०५३ बमोजिम स्थापित निकाय हो। प्राधिकरणसँग सम्बन्धित ऐन, नियम, नीति, गठन आदेश तथा निर्देशिका, कार्यविधि र अन्य कानूनी व्यवस्थाहरूको सूची निम्नानुसार रहेको छ।

| दूरसञ्चार क्षेत्रसँग सम्बन्धित ऐनहरू |
|---|
| १. दूरसञ्चार ऐन, २०५३<br>२. उपभोक्ता संरक्षण ऐन, २०५४ |
| **दूरसञ्चार क्षेत्रसँग सम्बन्धित नियमावलीहरू** |
| १. दूरसञ्चार नियमावली,२०५४<br>२. दूरसञ्चार पूर्वाधार सम्बन्धी नियमावली, २०७४<br>३. उपभोक्ता संरक्षण नियमावली,२०७६<br>४. अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली, २०७९<br>५. अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन (पहिलो संशोधन) नियमावली, २०८० |

| **प्राधिकरणसँग सम्बन्धित विनियमावलीहरू** |
|---|
| १. सेवा प्रदायक तोक्ने सम्बन्धी (कार्यविधि) विनियमावली, २०६४<br>२. नेपाल दूरसञ्चार प्राधिकरण आर्थिक प्रशासन विनियमावली, २०७३<br>३. नेपाल दूरसञ्चार प्राधिकरण (उजुरी कारवाही सम्बन्धी कार्यविधि) विनियमावली, २०६८<br>४. नेपाल दूरसञ्चार प्राधिकरण (ग्रामीण दूरसञ्चार विकास कोष) विनियमावली, २०६८<br>५. नेपाल दूरसञ्चार प्राधिकरणको निरीक्षण तथा जाँच कार्यविधि सम्बन्धी विनियमावली, २०६८<br>६. नेपाल दूरसञ्चार प्राधिकरण (कार्य सम्पादन) विनियमावली, २०७६<br>७. दूरसञ्चार सेवाको गुणस्तर सम्बन्धी विनियमावली, २०७९<br>८. नेपाल दूरसञ्चार प्राधिकरणका कर्मचारीहरूको (सेवाका शर्त सम्बन्धी) विनियमावली,२०७६<br>९. नेपाल दूरसञ्चार प्राधिकरण खरिद विनियमावली, २०७३ |

| प्राधिकरणसँग सम्बन्धित विनियमावलीहरू |
|---|
| १०. मोबाइल डिभाइस व्यवस्थापन प्रणाली विनिमावली, २०७५ |
| ११. वाईफाई हटस्पट सञ्चालन सम्बन्धी विनियमावली, २०७५ |
| १२. दूरसञ्चार टावर निर्माण तथा संचालन सम्बन्धी विनियमावली, २०७६ |
| १३. नेपाल दूरसञ्चार प्राधिकरण (अनुमतिपत्र प्राप्त व्यक्तिको शेयर खरिद विक्री) विनियमावली, २०७६ |
| १४. दूरसञ्चार उपकरण आयात तथा बिदेशी मुद्रा सटही सिफारिस सम्बन्धी (कार्यविधि) विनियमावली, २०७६ |
| १५. मोबाइल टावरवाट सृजित विद्युतीय चुम्वकीय विकिरण (इ.एम.आर) वाट सर्वसाधारण तथा कामदारको सुरक्षा सम्बन्धी विनियमावली, २०७६ |
| १६. नेपाल दूरसञ्चार प्राधिकरणको इन्टरनेट (इमेल सहित) सेवा सञ्चालन सम्बन्धी विनियमावली, २०७७ |
| १७. साइबर सुरक्षा विनियमावली, २०७७ |
| १८. दूरसञ्चार सेवा प्रदायकले संकलन गरेको ग्राहकको फर्म लगायतका कागजात धुल्याउने विनियमावली, २०७७ |
| १९. दूरसञ्चारका पूर्वाधार सह-प्रयोग र सो को शुल्क निर्धारण सम्बन्धी विनियमावली २०७८ |
| २०. दूरसञ्चार सेवा गुणस्तर सम्बन्धी विनियमावली, २०७९ |
| २१. विद्युतीय अन्य अतिरिक्त सेवा (Digital Value Added Services (DVAS)) संचालन गर्ने सम्बन्धी (कार्यविधि) विनियमावली, २०८० |

| नीति |
|---|
| १. सूचना प्रविधि प्रयोग सम्बन्धी नीति, २०८० |
| २. दूरसञ्चार नीति, २०६० |
| ३. सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ |

| |
|---|
| ४. भू-उपग्रह नीति, २०७७<br>५. रेडियो फ्रिक्वेन्सी (बाँडफाँट तथा मूल्य सम्बन्धी) नीति, २०८० |
| **कार्यविधि, मापदण्ड तथा मार्गदर्शन** |
| १. सूचना प्रविधि प्रयोगशाला स्थापना तथा व्यवस्थापन कार्यविधि<br>२. सूचना प्रविधि सेवा केन्द्र स्थापना तथा व्यवस्थापन कार्यविधि<br>३. दूरसञ्चार क्षेत्रमा नयाँ प्रविधिको परिक्षण सम्बन्धी कार्यविधि, २०८०<br>४. ग्रामीण दूरसञ्चार विकास कोष प्रयोग गरी स्थानीय तह मार्फत ब्रोडव्याण्ड इन्टरनेटको पहुँच पुर्याउने सम्बन्धी कार्यविधि , २०७८<br>५. दूरसञ्चार सेवामा प्रयोग हुने Short Code र टोल फ्रि नम्बर व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७<br>६. प्राधिकरणको सेवा संचालन मार्गदर्शन, २०७७<br>७. भिडियो कन्फरेन्सीङ्ग सेवा सञ्चालन सम्बन्धी विशेष निर्देशिका<br>८. प्रि-पेड कलिङ्ग कार्ड (Prepaid Calling Card) सेवा संचालन सम्वन्धी विशेष निर्देशिका<br>९. दूरसञ्चारका पूर्वाधार सहप्रयोग सम्बन्धी निर्देशिका<br>१०. अनलाईन बालसुरक्षा निर्देशिका, २०७६<br>११. अन्तरआवद्दता सम्बन्धी निर्देशिका, २०७६<br>१२. दूरसञ्चार सेवाहरूको लागि शुल्क स्वीकृति सम्बन्धी निर्देशिका<br>१३. दूरसञ्चारका अन्य अतिरिक्त सेवा संचालन गर्ने सम्बन्धमा सामान्य निर्देशिका<br>१४. नेटवर्क सेवाको विशेष निर्देशिका<br>१५. भिस्याट सेवा प्रयोगकर्ताको लागि विशेष निर्देशिका |

# २. प्रगति

## २.१ विगत ५ वर्षको वित्तीय विवरण (विनियोजन र खर्च)

आ.व. २०७५/०७६ मा प्राधिकरण कोषमा रहेको रहेको नगद मौज्दात रू. २९ अर्ब ५३ करोड १० लाख ७१ हजार रहेको छ। आ.व. २०७९/०८० मा उक्त मौज्दातमा १९ अर्ब ८३ करोढ ३४ लाख ६५ हजार रहेको छ। आर्थिक ऐन, २०५३ को दफा ३६ (संशोधन भएको आर्थिक अध्यादेश, २०७८ को दफा ३९) मा "दूरसञ्चार ऐन, २०५३ को दफा ४४ बमोजिमको कोषमा जम्मा भएको रकम मध्ये प्राधिकरणको स्वीकृत वार्षिक कार्यक्रम बमोजिम खर्च भएको रकम र सो को ५० प्रतिशतले हुन आउने रकम बाहेकको अन्य रकम प्राधिकरणले प्रत्येक वर्ष साउन २५ गते भित्र संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।" भन्ने व्यवस्था भए बमोजिम प्राधिकरण कोषमा रहेको रकम प्रत्येक वर्ष नेपाल सरकारको संघीय सञ्चित कोषमा दाखिला गर्दै आएको छ। जसको कारण प्रत्येक वर्ष प्राधिकरण कोषमा रहेको नगद

मौज्दात घट्दो क्रममा रहेको छ। प्राधिकरणको कुल सम्पत्ती आ.व. २०७५/०७६ मा रू. ४२ अर्ब १५ करोड ९७ लाख ०१ हजार रहेकोमा आ.व. २०८०/०८१ मा कुल सम्पत्ती रू. ४१ अर्ब ६२ करोड ६६ लाख ३६ हजार रहेको छ। प्राधिकरणको कुल दायित्व आ.व. २०७५/०७६ मा ८ अर्ब ९३ करोड ३२ लाख ५५ हजार रहेकोमा आ.व. २०८०/०८१ मा रू. ६ अर्ब १७ करोड २५ लाख ७६ हजार रहेको छ। प्राधिकरणको वासलातमा रहेका मुख्य मुख्य शिर्षकहरूको विगत पाँच आर्थिक वर्षको संक्षिप्त विवरण निम्नानुसार उल्लेख गरिएको छ। आर्थिक वर्ष २०८०/०८१ को वासलातको विस्तृत विवरण अनुसूची- ४ मा रहेको छ।

| **विगत पाँच आर्थिक वर्षको वित्तीय विवरण** | | | | | | **रू. हजारमा** |
|---|---|---|---|---|---|---|
| **Headings** | २०७५-७६ | २०७६-७७ | २०७७-७८ | २०७८-७९ | २०७९-८० | २०८०-८१ **(Unaudited)** |
| Cash & Bank Balance | २९५३१०७१ | २१७५८०२३ | २७६४०९०६ | १९०२०५३२ | १९८३३४६५ | २७१४१८८० |
| Current Assets | ४२०६९७३३ | ४६०९३५६६ | ४२४१०७८७ | २९३०७५५२ | २६६६२३५१ | ३९४५०६७४ |
| Fixed Assets | ८९९६७ | २०५४४९ | ३९६८६९ | २१७५५३६ | २१७०३४२ | २१७५९६२ |
| Total Assets | ४२१५९७०१ | ४६२९९०१५ | ४२८०७६५६ | ३१४८३०८८ | २८८३२६९३ | ४१६२६६३६ |
| Current Liabilities | ५५८२२२३ | ७२७२५८६ | ६८०९३१० | ६४८६३५५ | ५८४१७८६ | ५२१२९५० |
| Provisions | ३३५१०३२ | ५४२८७०८ | ६४५८१० | २३८४०३० | ९५१०७५ | ९५९६२६ |
| Total Liabilities | ८९३३२५५ | १२७०१२९४ | ७४५५१२० | ८८७०३८५ | ६७९२८६० | ६१७२५७६ |
| Reserves & Surplus | ३३२२६४४५ | ३३५९७७२१ | ३५३५२५३६ | २२६१२७०३ | २२०३९८३३ | ३५४५४०६० |

विगत पाँच आर्थिक वर्षको वित्तीय विवरण




## २.२. आ.व २०८०/०८१ को वार्षिक विनियोजन, खर्च, वित्तीय र भौतिक प्रगति

दूरसञ्चार ऐन,२०५३ को दफा ४५ बमोजिम प्राधिकरणले कार्य संचालन गर्नको लागि प्रत्येक आर्थिक वर्ष आफ्नो बजेट तयार गर्न लगाई स्वीकृत गर्नु पर्ने व्यवस्था भए बमोजिम प्राधिकरण कोष तर्फ आ.व. २०८०/०८१ को लागि प्राधिकरणबाट स्वीकृत वार्षिक विनियोजनको ८.७४ प्रतिशत वित्तीय प्रगती भएको छ भने ग्रामिण दूरसञ्चार विकास कोष तर्फ स्वीकृत वार्षिक विनियोजनको ०.७८ प्रतिशत वित्तीय प्रगती भएको छ। आ.व २०८०/०८१ को वार्षिक विनियोजन, खर्च, वित्तीय प्रगतीको संक्षिप्त विवरण देहायवमोजिम रहेको छ।

| नेपाल दूरसञ्चार प्राधिकरण तर्फ | | | रू. हजारमा |
|---|---|---|---|
| शिर्षक | वार्षिक विनियोजन | वार्षिक खर्च | वित्तीय प्रगती |
| पुजिगत खर्च | ९५४५०० | ५६०० | ०.५९% |
| चालु खर्च | २०५५९०० | २५७५०० | १२.५२% |
| **जम्मा** | **३०१०४००** | **२६३१००** | **८.७४%** |
| | | | |

| ग्रामिण दूरसञ्चार विकास कोष तर्फ | | | रू. हजारमा |
|---|---|---|---|
| **शिर्षक** | **वार्षिक विनियोजन** | **वार्षिक खर्च** | **वित्तीय प्रगती** |
| पुजिगत खर्च | ८०५०००० | ६३००० | ०.७८% |
| चालु खर्च | | | |
| जम्मा | ८०५०००० | ६३००० | ०.७८% |

## २.३ आ.व. २०८०/०८१ को मुख्य मुख्य कार्यक्रम र प्रगति

दूरसञ्चार ऐन, २०५३ को दफा ४५ बमोजिम प्राधिकरणले कार्य संचालन गर्नको लागि प्रत्येक आर्थिक वर्ष आफ्नो बजेट तयार गर्न लगाई स्वीकृत गर्नु पर्ने प्रावधान रहेको छ भने दूरसञ्चार नियमावली २०५३ को नियम ३४ (ग) बमोजिम प्राधिकरणले तयार गरेको वार्षिक कार्यक्रम मन्त्रालयको सहमति लिई प्राधिकरणबाट स्वीकृत गराई कार्यान्वयन गर्नुपर्ने प्रावधान रहेको छ। आ.व. २०८०/०८१ को लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट सहमति प्राप्त भई प्राधिकरणबाट स्वीकृत भएका वार्षिक कार्यक्रमहरू मध्ये Outsourced/Call center सम्वन्धी नियम वनाउने सम्वन्धी वार्षिक कार्यक्रममा ४९% वित्तीय प्रगती भएको,ग्रामिण दूरसञ्चार विकास कोष परिचालन गरी संचालित परियोजनाहरूको परामर्शदाता मार्फत अनुगमन निरीक्षण तथा प्रमाणिकरण गर्ने सम्वन्धी वार्षिक कार्यक्रममा २३% वित्तीय प्रगती भएको, Software को निर्माण, Upgrade तथा Support, Maintenance का लागि AMC लगायतका कार्य गर्ने सम्वन्धी वार्षिक कार्यक्रममा २% वित्तीय प्रगती भएको, QoS Bylaw, २०७९ मा मोवाइल तथा फिक्स्ड ब्रोडव्याण्ड इन्टरनेट सेवा सम्वन्धमा उल्लिखित व्यवस्थाको Compliance तथा राज्यका मुख्य मुख्य स्थानहरू (सातै प्रदेश) मा BTS बाट उत्सर्जित EMR Level अनुगमन गर्ने सम्वन्धी वार्षिक कार्यक्रममा २% वित्तीय प्रगती भएको, अन्य क्षेत्रमा ५G दूरसञ्चार सेवाको प्रयोगलाई प्रोत्साहन दिन गर्नुपर्ने कार्यको सम्वन्धमा अध्ययन गर्ने सम्वन्धी वार्षिक कार्यक्रममा ३९% वित्तीय प्रगती भएको, ITU/APT/SATRC को सहकार्यमा गोष्ठी/तालिम आयोजना गर्ने तथा प्राधिकरणको वार्षिकोत्सव, विश्व उपभोक्ता अधिकार दिवस, WTISD मनाउनेसम्वन्धी वार्षिक कार्यक्रममा १०% वित्तीय प्रगती भएको, दूरसञ्चार सेवा तथा सूचना प्रविधि सम्वन्धमा सरोकारवालाहरू वीच विभिन्न विषयमा विभिन्न स्थानमा छलफल/अन्तरक्रिया आयोजना गर्ने सम्वन्धी वार्षिक कार्यक्रममा १% वित्तीय प्रगती भएको, नेपालको वायरलेस र वायरलाइन नेटवर्क कभरेजको देशव्यापी सर्भेक्षण साथै Impact Assesment र Gap विश्लेषण गर्ने सम्वन्धी वार्षिक कार्यक्रममा

४% वित्तीय प्रगती भएको, र MDMS र Data Center स्थापनाको लागि अस्थायी प्रि-फ्याब भवन निर्माण गर्न चावहिल स्थित जग्गामा निर्मित Prefab भवनको Landscaping तथा आन्तरिक सजावट गर्ने सम्वन्धी वार्षिक कार्यक्रममा ८% वित्तीय प्रगती भएको छ।

## २.४ बेरूजू फछ्यौंटसम्बन्धी विवरण

प्राधिकरणबाट असुल उपर गर्नुपर्ने प्रकृतिका वेरुजुहरू मध्ये आ.व. 2080/081 मा नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको अनुमतिपत्र/नविकरण दस्तुर वापतको रू.20 अर्ब असुल गरिएको छ। सैद्धान्तिक तथा नियमित गर्नुपर्ने वेरुजु फछ्यौंट गर्ने कार्य नियमित रूपमा हुदै आएको छ।

## २.५ निकायको आयसम्बन्धी विवरण

दूरसञ्चार ऐन २०५३ को दफा ४४ बमोजिम प्राधिकरणको आफ्नो एउटा छुट्टै कोष हुने र सो कोषमा नेपाल सरकारबाट प्राप्त रकम, अनुमतिपत्र दस्तुर तथा त्यसको नवीकरण, संशोधन, बिक्री वा हक हस्तान्तरण दस्तुर बापत प्राप्त रकम, विदेशी सरकार वा सङ्घ, संस्थाबाट अनुदान स्वरूप प्राप्त रकम र अन्य कुनै श्रोतबाट प्राप्त रकम प्राधिकरणको कोषका श्रोतहरू हुने व्यवस्था रहेको छ। यस अवधिमा प्राधिकरणको सञ्चालन आय रू. २४ अर्ब ११ करोड ८१ लाख २७ हजार रहेको छ। कुल संचालन आयमा ९९.२६ प्रतिशत हिस्सा अनुमतिपत्र दस्तुर तथा त्यसको नवीकरण, संशोधन, बिक्री वा हक हस्तान्तरण दस्तुर बापत प्राप्त रकमको रहेको छ। प्राधिकरण कोषमा रहेको रकमको व्याज आम्दानी पनि प्राधिकरणको आन्तरिक आयको अर्को श्रोत हो। आ.व. २०८०/०८१ मा प्राधिकरणले रू. १७ करोड ५१ लाख ३५ हजार ब्याज आम्दानी गरेको छ। प्राधिकरणको आन्तरिक आयको वर्गिकरण र प्राप्त रकमको संक्षिप्त विवरण निम्नानुसार रहेको छ।

| नेपाल दूरसञ्चार प्राधिकरण तर्फ | | | रू. हजारमा |
|---|---|---|---|
| **शिर्षक** | **वार्षिक लक्ष्य** | **यस आ.व.मा संकलित आय** | **वित्तीय प्रगती** |
| **सञ्चालन आय** | **४२३८३९३** | **२४११८१२७** | ५६९% |
| **अनुमतिपत्र दस्तुर** | ४१३०५७९ | २३९४०४५६ | ५८०% |
| **व्याज आम्दानी** | १०४२९४ | १७५१३५ | १६८% |
| **विविध** | ३५२० | २५३६ | ७२% |
| **गैर-सञ्चालन आय** | | | |
| **बैदेशिक अनुदान सहयोग** | ० | | |

| | | | |
|---|---|---|---|
| **जम्मा** | **४२३८३९३** | **२४११८१२७** | **५६९.०४%** |
| | | | |
| **ग्रामिण दूरसञ्चार विकास कोष तर्फ** | | | रू. हजारमा |
| **शिर्षक** | **वार्षिक लक्ष्य** | **यस आ.व.मा संकलित आय** | **वित्तीय प्रगती** |
| **ग्रामिण दूरसञ्चार विकास कोष आय (जरिवाना सहित)** | २३३३४८८ | १७४८५९८ | ७४.९३% |
| **व्याज आम्दानी** | ७३९४९३ | ५२०१०५ | ७०.३३% |
| **जम्मा** | **३०७२९८१** | **२२६८७०३** | **७३.८३%** |

## २.६ दूरसञ्चार क्षेत्रका अवसर र चुनौतीहरू

